# अध्याय एक

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तावित शोधकार्यको शीर्षक **विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धकारिता** रहनेछ ।

## १.२ शोधप्रयोजन

प्रस्तावित शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग एम्.ए दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ हुनेछ ।

## १.३ विषयपरिचय

विष्णु प्रभात नेपाली साहित्यका हास्यव्यङ्ग्य निबन्ध समालोचना, दर्शन र संस्कृतिका विविध विधामा कलम चलाउने प्रतिभा हुन् । वि.स. २०२७ मा 'सूर्य' कविता लेखेर साहित्य यात्रा सुरु गरेका विष्णु प्रभातको प्रथम प्रकाशित रचना भने 'म जगत हेर्दै थिएँ' हो । यो कविता पाल्पाबाट प्रकाशित 'श्रीनगर पत्रिका' (२०२९) मा छापिएका थियो । यही प्रकाशित रचनामार्फत उनको साहित्य लेखन औपचारिक रूपमा अगाडि बढेको देखिन्छ । वि.सं. २००९ वैशाख १० गते मदन पोखरा १ पाल्पामा बाबु ऋषिराम अर्याल र आमा मनकुमारी अर्यालको पहिलो सन्तानका रूपमा भएको हो ।बडाराजा पृथ्वीनारायण शाहको पालादेखि नै साहित्यकारको रूपमा चिनिदै आएको अर्ज्याल वंशमा विष्णु प्रभातको जन्म भएको हो । मार्क्सवादी साहित्यबाट प्रभावित विष्णु प्रभात आफ्ना रचनामा दार्शनिक ढ्डगले सामाजिक, राजनैतिक र मानवीय प्रवृत्तिप्रति तिखो व्यङ्ग्यगर्छन् । उनका निबन्धमा समाजको चौतर्फी सुधारको अपेक्षा पनि गरिएको हुन्छ ।

प्रगतिवादबाट प्रभावित समालोचक, शोधार्थी, दार्शनिक, निबन्धकार विष्णु प्रभातका निम्न कृति प्रकाशित छन् ।

क) चिन्तन र सौन्दर्य (साहित्य शास्त्र २०४६),
ख) मार्क्सवादी सिद्धान्त र व्यवहार (दर्शन २०४७)
ग) खुर्सानी पुराण (हास्यव्यङ्ग्य २०५१)

घ)	संस्कृतिमा विकल्पवाद (संस्कृति २०५२)
ङ)	प्रगतिशील लेखनको संक्षिप्त इतिहास (२०५२)
च)	खुच्चिङ (हास्यव्यङ्ग्य २०५३)
छ)	मातृत्त्व (समाजशास्त्र २०५३)
ज)	कम्युनिष्ट पार्टी र प्रजातन्त्र (राजनीति २०५५)
झ)	खुलदुली (हास्यव्यङ्ग्य २०५६)
ट)	खुलैखुला कुरा (हास्यव्यङ्ग्य २०५७)
ठ)	एघारौं अवतार (हास्यव्यङ्ग्य समीक्षा २०५८)
ड)	कलममाथिको कलम (समालोचना २०५८)
ञ)	सांस्कृतिक रूपान्तरणको प्रश्न (राजनीति २०५९)
ढ)	खुराक (हास्यव्यङ्ग्य २०६०)
ण)	खुसखुस कम्पनी (हास्यव्यङ्ग्य २०६०)
त)	अर्ज्यालवंशीय विद्वत् परम्परा (२०६०)

बहुमुखी प्रतिभाका धनी विष्णु प्रभातका बारेमा अध्ययन भएतापनि हास्यव्यङ्ग्य निबन्धमा अध्ययन अनुसन्धान हुन बाँकी रहेकाले यस शोधकार्यको विषय विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धकारिताको अध्ययनमा केन्द्रित हुनेछ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका विविध विधामा कलम चलाउने विष्णु प्रभात हास्यव्यङ्ग्य निबन्धकार हुन् । उनका ६ वटा निबन्ध सङग्रह प्रकाशित भएका छन् तापनि उनको हास्यव्यङ्ग्य निबन्धकारिताका बारेमा अध्ययन हुन सकेको छैन । प्रस्तावित शोधकार्यमा उनको हास्यव्यङ्ग्य निबन्धकारितामा केन्द्रित भई निम्न समस्याहरू उठाइने छ ।

क)	नेपाली हास्यव्यङ्ग्य परम्परामा विष्णु प्रभातको स्थान कस्तो छ ?
ख)	विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धको विकास कसरी भएको छ ?
ग)	विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धमा कस्ता प्रवृतिहरू रहेका छन् ?
घ)	विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धमा केकस्ता विषयवस्तु रहेका छन् ?

## १.५ शोधकार्यको उद्देश्य

विष्णु प्रभातका हास्यव्यङ्ग्य निबन्धलाई मूल समस्या मानी अध्ययन गरिने प्रस्तावित शोधकार्यको उद्देश्यहरू निम्न रहनेछन् ।

क) हास्यव्यङ्ग्यपरम्परामा विष्णु प्रभातको स्थान चर्चा गर्नु ;

ख) विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धको विकासलाई पहिल्याउनु ;

ग) विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धका प्रवृत्तिहरुलाई केलाउनु ;

घ) विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धको विषयवस्तु मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली हास्यव्यङ्ग्यसाहित्यमा स्थापित विष्णु प्रभातका “खुर्सानी पुराण”, “खुसखुस कम्पनी”, “खुलदुली”, खुलैखुला कुरा”, “खुराक”, “खुच्चिड” जस्ता हास्यव्यङ्ग्य निबन्ध प्रकाशित छन् । ती हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहहरूलाई विभिन्न व्यक्तिहरूले टीका टिप्पणी गरेका छन् । जुन निम्न अनुसार छन् ।

क) महेशकुमार चालिसे (२०५७) ले विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्ध सङ्गालो “खुलैखुला कुरा” को प्रकाशकीय आलेखमा विष्णु प्रभातको सङ्गालोको संक्षिप्त परिचय दिदै विष्णु प्रभातलाई तत्कालीन समाजमा विद्यमान विभिन्न सामाजिक कुरीति र कुसंस्कारप्रति तीव्र व्यङ्ग्यगर्ने सक्षम स्रष्टाका रूपमा चिनाएका छन् । उनले यहाँ विष्णु प्रभातको हास्यव्यङ्ग्यात्मक प्रवृत्तिको सामान्य चर्चा गरे पनि त्यसको विस्तृत अध्ययन विश्लेषण भने हुन सकेको छैन ।

ख) ताराकान्त पाण्डे (प्रलेस, २०५९, वर्ष ७, पूर्णाङक १३) ले ‘समकालीन प्रगतिवादी निबन्ध लेखन र त्यसका प्रवृत्तिहरू’ भन्ने लेखमा विष्णु प्रभातको ‘पुच्छर हल्लाउने संस्कृति’ निबन्धले अस्तित्व धान्न र ठूलो बन्न अन्धानुकरण गर्ने प्रवृत्तिप्रति प्रहार भएको बताउँदै त्यो प्रवृति राजनीतिमा समेत व्याप्त रहेको उल्लेख गरेर राष्ट्रमा भित्र्याइएको बहुलवादलाई पनि पुच्छरवादकै संज्ञा दिएका छन् ।

ग) रमेशप्रसाद भट्टराई (प्रलेस २०५९, वर्ष ७, पूर्णाङ्क १३) ले सामाजिक विसङ्गतिको चित्रण भन्ने लेखमा विष्णु प्रभातको ‘पुच्छर हल्लाउने संस्कृति’, ‘कान फुक्ने कला’, ‘तेल घस्ने खेल’ पालिस जस्ता निबन्धमा चाकरी प्रथा, अनैतिकता प्राशविक प्रवृति र मनुष्यको पीडाको चित्रण गरेका छन् भनी प्रभातको निबन्धकारिताबारो चर्चा गरेका छन् ।

घ) कृष्णचन्द्र सिंह प्रधान (२०६०) ले हास्यव्यङ्ग्य निबन्धकार विष्णु प्रभातको निबन्धसङ्ग्रह “खुराक” मा भूमिका लेखेका छन् । प्रधानले त्यस लेखमा विष्णु प्रभातलाई एक सबल हास्यव्यङ्ग्य निबन्धकारका रूपमा उल्लेख

गरेका छन् । उनले यहाँ प्रभातलाई प्रगतिशील साहित्यकारका रूपमा उभ्याँउदै उनका निबन्धात्मक अभिव्यक्तिमा राजनीतिक जागरुकता स्पष्ट देखिन्छ भन्ने निष्कर्ष दिएका छन् । 'खुराक' मा सङ्कलित सम्पूर्ण व्यङ्ग्यनिबन्धमा समाजका विभिन्न नकरात्मक संरचनाप्रति स्तरीय र मर्यादित ढङ्गले व्यङ्ग्यगरिएको धारणा उनले प्रस्तुत गरेको पाइन्छ ।

ङ) राजेन्द्र सुवेदी (२०६०) ले विष्णुप्रभातको "खुसखुस कम्पनी" मा भूमिकात्मक आलेख लेखेका छन् । सुबेदीले यहाँ प्रभातलाई एक सफल व्यङ्ग्यकारको रूपमा उल्लेख गर्दै "खुसखुस कम्पनी" निबन्धसङ्ग्रहको सामान्य विश्लेषण समेत गरेका छन् । उनले प्रभातको प्रस्तुत निबन्धसङ्ग्रहलाई आजकै वैयक्तिक स्वार्थको दौडधुपमा सारा समय व्यतीत गर्ने मानवीय दुर्वृत्तिलाई मूलकेन्द्रमै लेखकले प्रहार गर्ने प्रयत्न गरेको सृजनाका रूपमा चिनाएका छन् । उपरोक्त विवरण सान्दर्भिक रूपमा उल्लेख भएपनि समग्र निबन्धकारीताका सम्बन्धमा अध्ययन भएको पाइएन ।

## १.७ शोधपत्रको औचित्य

विष्णु प्रभात झण्डै चार दशक लामो साहित्यिक यात्रा तय गरी सकेका प्रगतिवादी साहित्यकार हुन् । उनको व्यक्तित्वको बारेमा यथोचित अध्ययन एव विश्लेषण हुन नसकेको कुरा माथिको पूर्व अध्ययनले पनि जानकारी दिन्छ । यस्तो अवस्थामा उनको हास्यव्यङ्ग्य निबन्धकारिताको अध्ययनमा विशेष केन्द्रित रहने प्रस्तावित शोधकार्यको लक्ष्य रहने छ । यसका साथै विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धकारिताका बारेमा अध्ययन र विश्लेषण गर्न चाहने जोसुकै पाठक एवं अध्येताहरूलाई समेत यस शोधपत्रले विस्तृत जानकारी र सहयोग पुऱ्याउने हुँदा यस कार्यको औचित्यपूर्ण प्रष्ट हुनेछ ।

## १.८ शोधपत्रको सीमाङ्कन

हास्यव्यङ्ग्यकार विष्णु प्रभातले नेपाली साहित्यमा हास्यव्यङ्ग्य निबन्ध, समालोचना, दर्शन र संस्कृति जस्ता विविध विधामा कलम चलाएका छन् । प्रस्तुत शोधपत्रमा विष्णु प्रभातको समग्र अध्ययन नगरी उनका प्रकाशित छ वटाहास्यव्यङ्ग्य निबन्ध संङ्ग्रह 'खुर्सानी पुराण' (२०५१), 'खुच्चिङ' (२०५३), 'खुलदुली' (२०५६), 'खुलैखुला कुरा' (२०५७), 'खुराक' (२०६०), र 'खुसखुस कम्पनी' (२०६०), मा सीमित रहेर हास्यव्यङ्ग्य निबन्धकारिताको मात्रै अध्ययन एंव विश्लेषण गरिएको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

९.१ प्रस्तावित शोधकार्य तयार गर्ने क्रममा पुस्तकालयीय अध्ययन पद्वतिका आधारमा सम्भवभए सम्मका, पुस्तक र पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । निबन्धकार विष्णु प्रभातसँग सम्बन्धित आवश्यक सूचना एवं सामग्री उनी सँगको प्रत्यक्ष कुराकारी र भेटघाटबाट पनि सङ्कलन गरिएको छ ।

९.२ यस शोधपत्रमा समाजपरक समालोचना प्रणालीका आधारमा विष्णु प्रभातका हास्यव्यङ्ग्य निबन्ध कृतिको विवेचना गरिएको छ । यस क्रममा विश्लेषणात्मक विधिहरु (१) विषयवस्तु, (२) उद्देश्य, (३) भाषाशैलीका आधारमा हास्यव्यङ्ग्य निबन्ध विधामा स्थापित विधातात्विक मान्यतालाई नै आधार बनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तावित शोधकार्यको संरचनालाई सुगठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनलाई निम्न लिखित परिच्छेदमा विभाजित गरिने छ ।

पहिलो अध्याय: शोधपत्रको परिचय

दोस्रो अध्याय : हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक परिचय र नेपाली निबन्ध साहित्यमा हास्यव्यङ्ग्य

तेस्रो अध्याय : विष्णु प्रभातको हास्यव्यङ्ग्यनिबन्धकारिताको अध्ययन

चौथो अध्याय : विष्णु प्रभातका हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहरूको विश्लेषण

पाँचौ अध्याय : हास्यव्यङ्ग्यनिबन्धकारका रूपमा विष्णु प्रभातको मूल्याङ्कन

छैटौं अध्याय : उपसंहार

# अध्याय दुई

## हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक परिचय र नेपाली निबन्ध साहित्यमा हास्यव्यङ्ग्य

### २.१ हास्य र व्यङ्ग्यको सैद्धान्तिक पक्ष

'हास्य' मानव जीवनको अभिन्न अङ्ग हो । हाँस्नुलाई मानिसको जन्मजात र प्राकृतिक गुण मानिन्छ । हँसाइविनाको जीवन अत्यन्त नीरस, उदासीन र असन्तोष जनक रहन जान्छ । यसैले विद्वान्हरू हास्यरहित जीवनलाई विविध व्यञ्जनयुक्त भोजनमा लवणको अभावद्वारा जस्तो बेस्वादी बताउँछन् । जीवनमा हाँस्यलाई एक जीवन शक्ति, जीवनरसको परिपोषक, दुःख सुख सहजता साथ झेल्न सक्ने क्षमता, आदिका रूपमा हेर्ने गरिन्छ । वास्तवमा हाँस्दा जति सजिलो हुन्छ, हँसाइका विषयमा अध्ययन चिन्तन गर्न त्यतिकै कठिनाइ देखा पर्दछ ।

हास्यसम्बन्धी धारणा पूर्वीय साहित्यमा पनि देखापर्दछ । पूर्वीय आचार्यहरूले साहित्यको रसका रूपमा हास्यलाई राखेर अध्ययन गरेको पाइन्छ । संस्कृत साहित्य चिन्तक भरत मुनिको समयदेखि आजसम्मको अन्तरालमा भएका चिन्तनहरू नै हास्यरस भित्र गरिएको अध्ययन हो ।[1]

व्यङ्ग्यसम्बन्धी धारणा चाहिँ पाश्चात्य साहित्यमा देखा परेको हो । हास्यकै एक भेदमा रूपमा व्यङ्ग्यलाई मानिए तापनि यसलाई हास्यभन्दा अलि पृथक रूपमा हेर्ने गरेको पाइन्छ । 'तिरस्कारपूर्ण, घृणास्पद तथा रोषपूर्ण कुरालाई हाँसो उठ्दो तथा घुमाउरो पाराले भनिने वा लेखिने कलालाई व्यङ्ग्यभनिन्छ ।'[2]

व्यङ्ग्यविसङ्गतिको बोध गराएर मानवलाई सङ्गति वा सुधारका निमित्त अप्रत्यक्ष व्यञ्जना प्रस्तुत गर्दैटुङ्गिन्छ भने हास्य विशुद्ध मनोरञ्जन गराएर मानवलाई सारा तनावबाट मुक्त बनाउने उद्देश्यले अघि बढ्दछ ।[3]

यथार्थ र आदर्शमा पाइने अन्तविरोध वा विसङ्गतिद्वारा नै व्यङ्ग्यको प्रादुर्भाव हुन्छ ।

---

१ भरतकुमार भट्टराई, **हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरुप** (कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर शोधपत्र (त्रि.वि : ने.के.वि., २०४४), पृ. ८ ।

२ कृष्णहरि बराल, **कवि भूपि : विश्लेषण र मूल्याङ्कन,** ते.सं. (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९), पृ ६९ ।

३ भरतकुमार भट्टराई, **पूर्ववत्,** पृ. ९१ ।

व्यङ्ग्यसिर्जनाका निम्ति परम आवश्यक तत्त्व विसङ्गति नै हो । यसलाई असङ्गति अनौचित्य, असम्बद्धता बेमेल, विषमता, असमानता, विरोधाभास आदि पर्यायवाची शब्दद्वारा बुझ्न सकिन्छ । विसङ्गतिहरू मानव र जीवनका भूलमा हुन्छन् । विसङ्गतिको संसार अतिसामान्य स्थितिदेखि लिएर गहन गम्भिर समस्याहरू र मानवीय यन्त्रणाहरूसम्म फैलिएको हुन्छ ।[४]विसङ्गति औचित्यमाथि अनौचित्यको प्रभाव समानताको मागमा विषमताको प्रभाव, सिलसिलामा बेसिलसिलाको प्रवेश, सत्यतामा असत्यतताको अतिक्रमण आदिले जन्मन पुग्छ ।[५]विसङ्गति जीवन र मनुष्यको बीचमा रहन्छ तापनि यो मानवगत वा जीवनगत उपलब्धी र प्राप्ति नभई अस्वीकार्य र अपेक्षणीय पक्ष हो । त्यसैले साहित्यमा प्रवृतिमाथि व्यङ्ग्यको शस्त्रास्त्र विसङ्गतिको उद्घाटन र चिरफारका निमित उपयोग गरिन्छ । जीवनका विविध पाटाहरूमा पाइने विसङ्गतिहरूयर्थात व्यक्ति, व्यक्तित्व, समाज, धर्म, नैतिकता, राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीति वा शासक वर्ग आदिमा पाइने विसङ्गतिहरूलाईव्यङ्ग्यकारले आफ्नो अन्तरचक्षुले अवलोकन गर्दछर त्यसलाई सार्वजनिक रूपले उदङ्ग्याइदिन्छ । यसरी जीवनका विविधरूपमा व्याप्त विसङ्गतिले जब कलाकारका चेतनामा दुन्दुभी बजाउन थाल्दछ, तब त्यो व्यङ्ग्यका माध्यमले कौशलपूर्वक विशिष्ट ढङ्गमा साहित्य कलामा अभिव्यक्त हुन पुग्दछ, अर्थात विसङ्गति वा मानवीय दुर्बलताहरूको घोर आलोचना गर्दै सुधारको उद्देश्यसमेत राखेर गरिने घुमाउरो प्रहारको कौशलपूर्ण विशिष्टताले साहित्यिक अभिव्यक्तिको रूप लिए पछि व्यङ्ग्यदेखा पर्दछ ।

## २.२ हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय मान्यता

पूर्वीय काव्यशास्त्रीहरूले हास्यलाई रस विशेषका रूपमा समेटदै यसको विवेचना गरेका छन् । त्यसैले पूर्वीय दृष्टिमा हास्य भनेको साहित्यका नौ रस मध्ये एक हो । शृङ्गार, करुण, वीर, भयानक आदि जस्तै यसको पनि रसस्वादनमा उल्लेख्य भूमिका रहन्छ । यस मान्यतामा हास्यलाईव्यङ्ग्यबाट पृथक गरेर नै हेरिएको छ । ‘पूर्वीय काव्यशास्त्रीहरूले विकृत भेषभुषा, शव्दावली, चेष्टा, क्रियाकलाप, आचरण बातचित र आश्चर्य-जनक चेष्टा आदिलाई नै हास्योत्पत्तिको कारण मानेका छन् । उनीहरूका वर्गीकरणमा हास्य स्मित वा हसित, बिहसित, उपहसित, अपहसित, परिहसित र अतिहसित गरी ६ किसिमका छन् । यी जम्मा ६ मध्ये भरतमुनिले पहिलो र दोस्रो उच्च, तेस्रो र चौथो मध्यम र पाँचौ र छैटौंलाई

---

४ भरतकुमार भट्टराई, **पूर्ववत्**, पृ. १०० ।

५ ललितकुमार अधिकारी, **मोहनराज शर्माका हास्यव्यङ्ग्य निबन्धको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिवि, कीर्तिपुर, ने.के.वि., २०६०), पृ. ७ ।

अधम अर्थात् नीच तहमा राखेर अध्याएको पाइन्छ ।[६]मर्यादित ढङ्गले अनुहार र ओठमा मात्र प्रकट हुने हास्य स्मित हो भने दाँतसमेत देखिने गरी हाँस्नु हसित हो । मधुर स्वरसमेत निस्केर प्रकटित हास्य बिहसित हो भने नाक फुलाएर आँखा घुमाएर एवम् काँध र शिर पनि हल्लिनुका साथै केही मात्रमा आँशु समेत आउने हाँसो अपहसित हो । यस्तै परिहासपूर्ण हाँसो परिहसित र आँखाबाट प्रशस्त आँशुसमेत आउने गरी चिच्चाएर तथा हातखुट्ट नै पछारेर हाँसिने हाँसो अतिहसित हो भनी उल्लेख गरिएको पाइन्छ ।[७]

पूर्वीय साहित्यशास्त्रीहरूले व्यङ्ग्यलाई ध्वन्यार्थको समानार्थीका रूपमा लिएका छन् । वास्तवमा 'ध्वनि' शब्दको प्रयोग व्यञ्जनाकै अर्थमा भएको पाइन्छ । संस्कृत साहित्यका सन्दर्भमा ध्वनि शब्दको परिभाषा गरेर यसलाई एउटा ठोस साहित्यिक सिद्धान्तको रूपमा प्रतिस्थापित गर्नमा आनन्दवर्द्धनको योगदान महत्वपूर्ण रहेको छ । उनका अनुसार जहाँ स्वर र शब्दले आफ्नो सोझो अर्थलाई त्यागेर भिन्न कुनै अर्थको बोध गराउँछ, त्यहाँ ध्वनि उत्पन्न हुन्छ । शब्दमा निहित वाच्यार्थ गुणीभूत भएर प्रतियमान अर्थको प्रकटीकरण गर्नु नै ध्वनि हो ।[८]यसैले व्यङ्ग्यको अस्तित्व पनि त्यहाँ हुन्छ जहाँ वाच्यार्थ गौण र प्रतीयमान अर्थ वा ध्वन्यार्थ प्रबल हुन्छ । यसरी व्यङ्ग्यार्थ भन्दा बाहिर ध्वनिको अस्तित्व पनि सम्भव हुँदैन । ध्वनिसिद्धान्तको सम्पूर्ण महल व्यङ्ग्यार्थमा अडेको हुन्छ र पूर्वीय दृष्टिमा शब्दले दिने सोझो अर्थभन्दा अर्कै भिन्न चमत्कारी अर्थ नै व्यङ्ग्यहो ।

पूर्वीयमान्यतामा हास्यव्यङ्ग्य सिद्धान्तलाई हेर्दा हास्य र व्यङ्ग्यको छुट्टाछुट्टै अस्तित्त्व स्वीकारिएको देखिन्छ । यस मान्यताअनुसार हास्यलाई मानसिक भन्दा शारीरिक रूपमा हेरिएको छ । हास्यको सैद्धान्तिक आधार प्रस्तुत गर्दा संस्कृत साहित्यका आचार्यहरूको दृष्टि कसरी हाँसिन्छ भन्नेतर्फ नै बढी ढल्केको छ । हास्यका कारण तत्त्वहरूको विस्तृत विवेचना भन्दा हाँसेपछि प्रकट हुने शारीरिक प्रतिक्रिया र मुखाकृतिलाई नै आधार मानेर हास्यको वर्गीकरण गरिएको हुनाले पूर्वीय या संस्कृत साहित्यको हास्य सम्बन्धी दृष्टिकोणले आजको हास्यलाई समेट्न सक्दैन । त्यसैगरी पूर्वीय व्यङ्ग्य सिद्धान्तले पनि आजको व्यङ्ग्यलाई समेट्न सक्दैन । आजको व्यङ्ग्यले कथनलाई केवल शिष्टरूपमा घुमाईफिराई मात्र प्रस्तुत गर्छ, यसले प्रवृतिगत आलम्बनमा पाइने विषयगत कमजोरीप्रति प्रहार गरेको हुँदैन ।

---

६ राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि, द्रष्टा दृष्टि** (काठमाडौं : साझा प्रकाशन, २०४३), पृ. १५ ।

७ पञ्चप्रसाद शर्मा, **भैरव अर्यालका निबन्धमा हास्यव्यङ्ग्य** (कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., ने.के.वि.), २०४४), पृ. ५ ।

८ **पूर्ववत्**, पृ. ६ ।

## २.३ हास्यव्यङ्ग्यसम्बन्धी पाश्चात्य मान्यता

पूर्वीय साहित्यशास्त्रका पहिला समालोचक भरतमुनि भनिएझैँ पाश्चात्य काव्यचिन्तकमध्ये अरस्तु सबभन्दा पहिला आचार्य हुन् । अरस्तुदेखि यता आधुनिक कालसम्म पाश्चात्य काव्यचिन्तनका सन्दर्भमा हास्सव्यङ्ग्यसम्बन्धी भएका चिन्तनहरूलाई यहाँ सङ्क्षिप्त रूपमा प्रस्तुत गरिन्छ ।

सुखान्त र दुःखान्त नाटक चर्चाको सन्दर्भमा अरस्तुले हास्यसम्बन्धी पनि चिन्तन गरेको पाइन्छ । मान्छेको यथार्थ जीवनभन्दा हीन जीवनको चित्रण गर्ने सुखान्त र यथार्थभन्दा भव्यतर जीवनको चित्रण गर्ने दुखान्तका बीचको अन्तर के छ भने दुःखान्तमा निम्नकोटिका पात्रको अनुकरण हुन्छ भने दुःखान्तमा आदर्श पात्रको । त्यो हीनताग्रस्त पात्र नै हास्यको आलम्बन बन्छ । अरस्तुको विचारमा हास्यको कारण लघुताभास हो भने अर्को चिन्तक हब्सका विचारमा गौरवको अनुभूतिद्वारा अदभूत प्रसन्नताको प्रकाशन नै हास्यको कारण हो ।[९]यिनको हास्य सम्बन्धी सिद्धान्तलाई उत्कर्ष सिद्धान्त भनिन्छ । अरुभन्दा आफूलाई ठूलो ठान्नु अरुलाई मूर्ख सावित गरेर आफू सज्जन भएको महसूश गर्ने र त्यस्तो ठानेर हास्नु नै उत्कर्ष सिद्धान्तको सार वस्तु हो ।[१०]हास्यबारे चिन्तन गर्ने फ्रान्सेली दार्शनिक वर्गसाद्वारा प्रतिपादित सिद्धान्त यान्त्रिक प्रक्रियाको सिद्धान्त हो । उक्त सिद्धान्तअनुसार हास्यको उत्पत्तिका लागि प्रमुखतम तीनवटा कारणहरू हुन्छन् । ती हुन् (क) हास्यको आलम्बन समाजप्रिय नहुनु (ख) हास्यको आलम्बनको अचेतता वा अनभिज्ञता (ग) यान्त्रिक प्रक्रिया जो नैसर्गिक प्रकृतिभन्दा भिन्न कार्य गर्न बाध्य हुँदा हास्य उत्पन्न हुन्छ ।[११]हास्योत्पत्तिको कारण पत्ता लगाउने सन्दर्भमा पाश्चात्य विद्वान्हरूले मनोवैज्ञानिक दृष्टिकोणबाट पनि अध्ययन गरेको पाइन्छ । मनोविज्ञानपरक अध्येताहरूमा म्याक्डोगल र फ्रायडको नाम अग्रपङ्क्तिमा आउँछ । हास्य सम्बन्धी आफ्नो धारणा राख्दै मान्छेलाई दुःखबाट छुटकारा दिने साधनका रूपमा हास्यलाई स्वीकार्दछन् म्याक्डोगल ।[१२]त्यस्तै अर्का मनोवैज्ञानिक फ्रायडका विचारमा मान्छेको जीवन सञ्चालन तत्व कामवासना वा यौन हो । उनी दमित कामवासनाको बाह्यप्रकटीकरणनै हास्य हो भन्ने निष्कर्ष निकाल्छन् ।[१३]

---

९ भरतकुमार भट्टराई, **पूर्ववत्**, पृ. २८ ।

१० भरतकुमार भट्टराई, **पूर्ववत्**, पृ. २९ ।

११ भरतकुमार भट्टराई, **पूर्ववत्**, पृ. २८ ।

१२ सागरमणी सुवेदी, **इतिश्री हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** (कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., ने.के.वि., २०५७), पृ. १४ ।

१३ विष्णुप्रसाद मिश्र, मनोरञ्जन कवितासङ्ग्रहको कृतिपरक अध्ययन (कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०५५), पृ. १३ ।

हास्यचिन्तनकै सन्दर्भमा मान्छेको शरीर विज्ञानसम्बन्धी अध्ययन र दृष्टिकोण पनि पाश्चात्य विद्वान्हरूले प्रस्तुत गरेका छन् । हास्यसिर्जना गर्नमा मान्छेको शरीर र मन दुवैको भिन्नाभिन्नै भूमिका रहन्छ । खास गरी मान्छेका ज्ञानेन्द्रिय र मनको समूहआलम्बनात्मक प्रयासका फलस्वरूप हास्यको उत्पत्ति हुन्छ । यसका लागि हेराइ, सुन्नाइ शब्दप्रयोग, आस्वादन, गन्ध, चिन्तन आदिको पारस्परिक सहयोगको आवश्यकता पर्दछ भन्ने ती शरीर वैज्ञानीक चिन्तनहरूको रहेको पाइन्छ ।[१४]

## २.४ हास्यव्यङ्ग्यसम्बन्धी नेपाली मान्यता

नेपाली साहित्यका विद्वान्हरूले पनि हास्यव्यङ्ग्यको विषयमा आ-आफ्नै किसिमका मतव्यक्त गरेको छन् । "मोहनराज शर्माले हास्य कामद र व्यङ्ग्यत्रासद हुन्छ भन्दै यी दुवै छुट्टिएमा कुनै पनि हानि नहुने, एकै साथ रहँदा सुनमा सुगन्ध हुने तर यी ज्यादाजसो फरक फरक नै रहन्छन् भन्ने विचार व्यक्त गरेका छन् भने कृष्णचन्द्र सिंह प्रधान व्यङ्ग्यहास्यबिना नाच्छ तापनि हास्य व्यङ्ग्यको आड नलिइकन प्रायः प्रकट हुन सक्दैन"[१५]भन्ने विचार व्यक्त गर्दछन् । यसैगरी हास्य रागमुलक र व्यङ्ग्य द्वेषमूलक हुन्छ र हास्यमा व्यङ्ग्यको अनिवार्य मिश्रण हुन्छ भन्ने राय कुमार बहादुर जोशीको देखिन्छ । वासुदेव त्रिपाठीको मत चाहि हास्य र व्यङ्ग्यलाई आ-आफ्नो प्रयोजन अनुरूप स्रष्टाले प्रयोग गर्दा फरक पनि हुन् सक्लान् तर हास्य र व्यङ्ग्यको दुर्बलता र सबलता चाँहि यी दुवैको आनुपातिक र सन्तुलित प्रयोगमा नै झल्कन्छ भन्ने रहेको छ ।[१६] उनका विचारमा व्यङ्ग्यशब्दले सामान्यार्थ छेडपेचका साथै पूर्वीय साहित्यशास्त्रको ध्वनिवादी व्यङ्ग्यार्थसमेतलाई आफूमा आत्मसात गरेको छ भन्ने देखिन्छ ।

यसरी नेपाली विद्वान्हरूले हास्यव्यङ्ग्यका बारेमा केही मौलिक दृष्टिकोण राखेको पाइए तापनि यिनीहरूले मूलरूपमा पूर्वीय र पाश्चात्य सिद्धान्तलाई नै आफ्नो सैद्धान्तिक आधार बनाएका छन् ।

## २.५ हास्य र व्यङ्ग्यको भिन्नता

साहित्यमा हास्य र व्यङ्ग्यअलग-अलग हुन्छन् । आचार्य भरतले यसको विवेचनाकागर्दाशृङ्गार, रौद्र, वीर र वीभत्स नमक रसहरूबाट क्रमशः हास्य, करुण, अदभूत, भयानक रसको उत्पत्ति हुने कुरा बताएका छन् । भरतका अनुसार हास्यरस

---

[१४] भरतकुमार भट्टराई, **पूर्ववत्**, पृ. ३८ ।

[१५] रोचक घिमिरे, "हास्यव्यङ्ग्य परिचर्चा", **रचना**, (वर्ष १५, अङ्क ४, २०३५), पृ. ३९ ।

[१६] पूर्ववत्, पृ. १३५ ।

शृङ्गारको अनुकुल थियो । आधुनिक मनोवैज्ञानिक म्याक डुगलका दृष्टिमा हास्य मानवलाई दुःखबाट छुटकारा दिलाउने एक प्राकृतिक विधान हो ।[१७] हास्योद्रेक अथवा हास्य अभिव्यक्तिका प्रमुख आधारहरू पाँच किसिमका हुन्छन् । शारीरिक, मानसिक, घटना वा कार्यकलाप, रहन-सहन र विशिष्ट पदावली । व्यङ्ग्यका बारेमा पनि साहित्यमा विशेष चर्चा पाइन्छ । खास गरेर पूर्वीय साहित्यमा समानार्थी रूपमा व्यङ्ग्यको प्रयोग भएको पाइन्छ । अभिधा र लक्षणा भन्दा पनि भिन्न व्यञ्जमा कृतिद्वारा बोध हुने बलाघातद्वारा अर्को गहिरो अर्थ झल्कने पारिएको एउटा कुरो भनेझैँ गरी अर्कौ कुरा भनिएको काव्य विशेष चाँहि व्यङ्ग्यहो ।[१८] पूर्वी काव्यशास्त्रमा व्यङ्ग्यकाव्य वा ध्वनि काव्यलाई उत्तरकाव्यको रूपमा लिइएको छ । वस्तु अलङ्कार र रस व्यङ्ग्यका रूपमा प्रकट भएर नै चमत्कारपूर्ण अर्थ दिन सक्छन् भन्ने पूर्वीयविद्वान्हरूको मत छ ।[१९] हास्य र व्यङ्ग्यलाई अलग रूपमा हेर्न सकिने केही आधारहरूछन् । हास्यमा सहानुभूतिपूर्ण अभिव्यक्ति हुन्छ भने व्यङ्ग्यमा ठट्यौली पाराले हाँस्ने काम हुन्छ । भावतत्व प्रधान भएको हास्यले मनोरञ्जनलाई वरण गर्छ तर व्यङ्ग्यमा सुधारको भावना बढी हुन्छ । यसैगरी असङ्गतको चित्रण गरेर हास्य शान्त हुन्छ तर व्यङ्ग्यमा भने विद्रोहका वाणी मुखरित हुन्छन् । यी दुवै पक्षलाई साथ-साथै मिसाएर हास्य-व्यङ्ग्य साहित्यको सिर्जना हुन्छ । अनि दुवै किसिमको आस्वाद यसबाट प्राप्त हुन्छ । हास्य नीति निरपेक्ष हुन्छ र व्यङ्ग्यचाँहि नीति सापेक्ष हुन्छ । हास्यले हाँस्ने र हँसाउनेतिर जोड दिएको हुन्छ भने व्यङ्ग्यले छेड हानेर मर्ममा कटु-प्रहार गर्ने काम गर्दछ। कुनै साहित्यकारले हास्य र व्यङ्ग्यदुवैलाई अन्तमिश्रण गरेर प्रयोग गरेका छन् भने कसैले हास्यलाई मात्र त कसैले व्यङ्ग्यलाई प्रधानता दिएका छन् ।[२०] अङ्ग्रेजीमा सेटाएर शब्दको अर्थ छेड हान्नु हुन्छ र 'सेटायरीकल' शब्दको अर्थ व्यङ्ग्योक्ति भन्ने हुन्छ । सोझो हिसाबले हेर्दा हास्य अलि हल्का खाले र व्यङ्ग्यभने जटिल पाराकै हुन्छ । हास्यले सामान्य रमाइलो मात्र गराउँछ भने व्यङ्ग्यले अलि बेइजतै हुने कुरो पनि निकाल्न सक्छ । सङ्क्षेपमा भन्ने हो भने सरल प्रवृत्तिको मान्छेले पनि सजिलै हास्य बुझन सक्दछ तर व्यङ्ग्यबुझ्न निकै उकालो पर्दछ । साहित्यमा हास्यलाई स्थान दिने साहित्यकार भन्दा व्यङ्ग्यलाई प्रधानता दिएर लेख्ने साहित्यकारहरूलाई सफल मान्नेगरिन्छ ।

## २.६ हास्यव्यङ्ग्य निबन्धका तत्त्वहरू

---

१७ नरनाथ लुइँटेल, **नेपाली हास्यव्यङ्ग्य,** (काठमाडौं : सिस्नुपानी नेपाल, २०५८), पृ. २७ ।

१८ बालकृष्ण पोखेल, **नेपाली बृहत शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., पाँ.सं., २०५८), पृ. १३४२ ।

१९ शिवराम चालिसे, **हास्यव्यङ्ग्यकार लाटोसाथी** (कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., ने.के.वि., २०६२), पृ. २७ ।

२० शिवराम चालिसे, **पूर्ववत्,** पृ. २७ ।

हास्य-व्यङ्ग्यस्वयम् परिपूर्ण स्वतन्त्र विधा नभएर साहित्यका जुनसुकै विधाहरूमा अन्तमिश्रण हुन सक्ने एउटा विशिष्ट शैली हो । पूर्वीय साहित्यका मान्यतामा व्यङ्ग्य ध्वन्यार्थलाई प्रकट गर्ने व्यञ्जनावृत्ति हो । त्यस्तै, पाश्चात्य दृष्टिकोण अनुसार हास्य भनेको मानवीय विकृतिजन्य तत्व हो भने व्यङ्ग्यभनेको मानवीय दुर्बलताहरू विसङ्गतिप्रतिको कटाक्ष हो । पूर्वीय र पाश्चात्य मान्यता अनुसार हास्य र व्यङ्ग्यसंयुक्त भइकन पनि छुट्टै अस्तित्व भएका तत्त्व हुन् भने पृथक अस्तित्व भइकन पनि यो संयुक्त शैली पनि हो । साहित्यमा यी दुवै एकै ठाँउमा उपस्थिति हुँदा हास्यव्यङ्ग्यको निर्माण हुन्छ । तर पनि यिनीहरूलाई छुट्टै विधागत मान्यता दिने प्रयास पनि नभएका होइनन् तर पनि पूर्ण निष्कर्षमा पुग्न सक्ने आधार भने तयार हुन सकेको देखिँदैन । त्यसैले अन्य विधाहरूको जस्तै यसले पनि आफ्नो सर्वमान्य सिद्धान्त निर्माण गर्न सकेको छैन ।

हास्यव्यङ्ग्य तत्त्व निर्माणका क्रममा जे-जस्तो प्रयास भए तापनि जबसम्म हास्य व्यङ्ग्यलाई स्वतन्त्र विधा स्वीकार्ने परिस्थितिको सिर्जना हुँदैन तबसम्म तत्त्वका सम्बन्धमा पनि निक्यौल गर्न सकिँदैन । व्यङ्ग्यको मुख्य उद्देश्य नै विसङ्गतिप्रति पटाक्षेप गर्नु हो । व्यङ्ग्यलाई भने अचेल हास्यव्यङ्ग्य विधाका रूपमा लिने गरिएको पाइन्छ । यहाँ यसै विधा सम्बन्धित तत्वको निरूपण गर्ने प्रयास गरिएको छ । यस्ता विसङ्गतिहरू आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, साँस्कृतिक, धार्मिक, प्रशासनिक आदि गरी विभिन्न प्रकारका हुन्छन् । यिनै विविध पक्षलाई साहित्यको कुनै पनि विधामा रही पटाक्षेप गर्ने काम व्यङ्ग्यले गर्दछ। यसरी पटाक्षेप गरिएका विषयवस्तुहरूमा कुनै विषयप्रधान हुन्छ भने कुनै पात्र प्रधान हुन्छ, त्यस्तै कुनै भाव प्रधान हुन्छ भने कुनै शैली प्रधान भएका हुन्छन् । आखिर जुनपक्ष प्रधान भए तापनि त्यस्ता पक्षहरूमा उपर्युक्त विसङ्गतिहरूनै रहने र व्यङ्ग्य कुनै छुट्टै विधा नभएकाले जुन विधासँग अन्तर्मिश्रण भएर आँउछ त्यसैको उपकरणलाई पनि यसले बोकेर आउने गर्दछ। यस अर्थमा निबन्धका अन्तर्मिश्रणमा आएको हास्यव्यङ्ग्य शैलीको तत्त्व निर्माणका क्रममा गोपीकृष्ण शर्माले निम्न पक्षलाई प्रस्तुत गरेकाछन् ।

क) विषयवस्तु,
ख) उद्देश्य,
ग) भाषशैली ।[२१]

## क) विषयवस्तु

[२१] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०५४), पृ. १९ ।

निबन्धकारका जानकारीमा रहेका संसारका कुनै पनि विषयहरू निबन्धका अन्तर्वस्तु बन्न सक्छन् जीवनजगतका यिनै अन्तर्वस्तु आफुले चयन गरेका कुनै पनि विषयको जस्ताको तस्तै तर निजत्त्वसाथ चित्रण गर्नुमा निबन्ध कलाको सार्थकता रहन्छ ।

**ख)  उद्देश्य**

अन्य विधामा झैँ निबन्ध पनि निश्चित उद्देश्य प्राप्तिका निमित्त लेखिन्छ । निबन्धकार आफू स्वतन्त्र रहेर सिर्जनामा आफ्ना धारणा अगाडि सार्दछ । मुख्यतया आत्मनिवेदन गर्ने, सूचना प्रस्तुत गर्ने, घटना वर्णन गर्ने जस्ता उद्देश्य निबन्धको हुन्छ । निबन्धमा विषयवस्तुभित्र अभिव्यक्त भावबाट उद्देश्य स्पष्ट हुन्छ । वैचारिक निबन्धकार प्रायः नवीन र अग्रगामी विचार लिएर प्रस्तुत हुन्छन् । कुनै निबन्धले समाजका विकृति, अन्याय, अन्धविश्वास आदि विरुद्ध लड्न सिकाउँछ । जुझारु, सङ्घर्षशील एवम् वर्गीय चेतना बढाउने उद्देश्यले पनि निबन्ध लेखिन्छ । यसरी विविध विषय समेट्दै निबन्धले एउटा विशेष उद्देश्य पूरा गरेको हुन्छ ।

**ग)  भाषाशैली**

साहित्यको भाषा आदेशात्मक हुनुहुँदैन । निबन्ध पनि साहित्य नै भएकोले कोमल भाषाको प्रयोग राम्रो हुन्छ । प्रतिपादन गर्नुपर्ने विषय नमिठो भए पनि मीठो भाषाको माध्यमबाट अभिव्यक्त गर्नु राम्रो हुन्छ । हास्यव्यङ्ग्य निबन्धको भाषा सहज, सरल, साङ्गीतिक भयो भने पाठकको हृदय छुन सक्छ र त्यो निबन्ध सफल मानिन्छ ।

वाक्य गठनका दृष्टिले शैलीलाई दुई किसिममा छुट्याउन सकिन्छ-सरल र अलङ्कृत शैली । जनजीवनमा पचिसकेका सरल शब्द र उखान टुक्काको पनि प्रयोग भएको भाषाद्वारा निर्मित निबन्ध सरल शैलीयुक्त हुन्छ भने शब्द र अर्थका विभिन्न चमत्कारयुक्त भाषा प्रयोग गरिएको निबन्ध आलङ्कारिक शैलीबाट बनेको हुन्छ । त्यस्तै प्रस्तुतिका आधारमा आत्मपरकता हार्दिकता, तार्किकता, व्यङ्ग्यात्मकता, साधारण कथन आदि पनि शैलीकै विविध रूप हुन् । कुनै बाह्याभिमुखी त कुनै केन्द्रभिमुखी शैलीमा पनि निबन्धहरू निर्मित भएका पाइन्छन् ।

## २.७ नेपाली हास्यव्यङ्ग्य निबन्धको पृष्ठभूमि

लिखित नेपाली साहित्यमा पाइने हास्यव्यङ्ग्यको पूर्व परम्परा खोज्दै जाँदा लोकसाहित्यमा पुग्न सकिन्छ । मौखिक परम्परामै बाँचिरहेको लोकगीत, लोककथा, लोकगाथा, उखान-टुक्का र गाउँखाने कथाजस्ता नेपाली लोकसाहित्यका विविध विधाहरूमा एकातिर लोकजीवनको खारिएको अनुभव, भोगाइ र रुवाइ पाइन्छ भने अर्कोतिर हास्यव्यङ्ग्यको प्राथमिक रूप पनि प्राप्त गर्न सकिन्छ । विहेबारीको प्रसङ्गमा माइतीतर्फका युवायुवतीहरूद्वाराजन्तीको उपहास गर्दै गाइने लोकटुक्काहरू यसका उदाहरण हुन् । यसले एकातिर वरपक्षलाई व्यङ्ग्य गरेको हुन्छ भने अर्कोतिर स्रोतालाई हाँस्न पनि बाध्य तुल्याउँछ ।

नेपाली भाषा एघारौँ शताब्दीमा जन्मेको भएपनि साहित्यिक लेखनको सुरुवात पृथ्वीनारायण शाहका समकालीन कवि शक्तिबल्लभको कविताबाट भएको देखिन्छ । नेपाली साहित्यको इतिहासमा हास्यव्यङ्ग्यको पहिलो प्रयोग पनि उनकै कवितामा भयो भनेर भन्न सकिने केही आधारहरू पाइन्छन् ।'तनहुंभकुण्डो' शीर्षक दिइएको त्यस कवितामा एकातिर आलम्बनको प्रस्तुति र उनका विरोधीहरूप्रति व्यङ्ग्य छ भने अर्कोतिर भाषिक प्रयोगको विचित्रताले हास्यको रूप लिएको छ । वास्तवमा शक्तिबल्लभ अर्ज्यालको 'तनहुँ भकुण्डो' कवितामा नजानिँदो व्यङ्ग्य छ तापनि नेपाली साहित्यमा सचेत हास्यको पहिलो अभिव्यक्ति उनकै नाटक 'हास्यकदम्ब' (१८५५) बाट भएको छ ।[२२] यो अर्ज्यालको आफ्नै संस्कृत नाटकको रूपान्तरण हो र यसमा शुरुदेखि अन्त्यसम्म हास्यकै सञ्चार छ । यस नाटकको नायक मतिहीन छ र उसलाई उल्टोउल्टो कुरा मात्रै मन पर्छ । त्यसैले यस नाटकका पात्रहरू पनि राम्रो भन्दा नराम्रो र अनुकूल भन्दा प्रतिकूल काम मात्रै गर्दछन् । विदुषक र अन्य पात्रहरूको हावभाव र क्रियाकलापको प्रस्तुतिबाट हास्य उमारिएको तथा नेपाली हास्यव्यङ्ग्यको कोशेढुङ्गाका रूपमा रहेको हास्यकदम्ब नाटकमा नजानिदो किसिमबाट राजनीतिक व्यङ्ग्य पनि प्रकट भएको छ ।

प्राथमिक कालको नेपाली साहित्यमा शक्तिबल्लभ पछि हास्यव्यङ्ग्यकारका रूपमा भानुभक्त देखा पर्दछन् । भानुभक्तका हास्यव्यङ्ग्यले भरिएको पक्षहरू निक्कै लोकप्रिय छन् । उनले आफ्नो जीवनमा जे जस्ता बाधा, व्यवधान र कठिनाई भोगे तिनैको अभिव्यक्ति हास्यव्यङ्ग्यात्मक कविताको माध्यमबाट गरेका छन् । उनका कवितामा हास्य र व्यङ्ग्यको मिश्रण पाइन्छ । भानुभक्त पछिका सन्तकवि ज्ञानदिलदासका कवितामा हास्य निक्कै कम र तिखो व्यङ्ग्य पाइन्छ । उनले

---

[२२] ललितकुमार अधिकार, **पूर्ववत्**, पृ. १३ ।

पुरेतवादी प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै कविता लेखेका छन् । भानुभक्तका कवितामा हास्य र व्यङ्ग्यको अनुपातिक मिश्रण पाइन्छ ।

नेपाली साहित्यको माध्यमिककालको प्रारम्भ १९४१ लाई मान्दा यसपछि हास्यव्यङ्ग्यले अरु बढी झाङ्गिने अवसर पाएको देखिन्छ । यस कालका प्रमुखप्रतिभा मोतीराम भट्टका साथै राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी आदि कविहरूले हास्यव्यङ्ग्यात्मक कविता लेखेका छन् । "सुन्दरी (१९६३) पत्रिकामा सोमनाथ सिग्देलको 'दिगम्बर विवाह' नामक अधुरो प्रहसन पनि छापिएको छ भने सङ्गीतचन्द्रोदय, प्रेमामृतवचनसङ्ग्रह, गफाष्टक शलोक सङ्ग्रह, सुक्ति-सिन्धुजस्ता यस कालका कविता सङ्ग्रहहरूमा शृङ्गरिकताका साथै हास्यव्यङ्ग्यको पनि समावेश छ ।"[२३] यति भएर पनि यस युगका सशक्तप्रतिभा मोतीराम भट्टकै मुक्तक तथा गजलहरू यस दृष्टिले निक्कै प्रसिद्व छन् । उनले विभिन्न भाषाको मिश्रित प्रयोगबाट उक्तिलाई चमत्कृत पार्दै हास्य उमारेका छन् भने तत्कालीन समाजका पण्डितहरूको अव्यवहारिक प्रवृत्तिमाथि चोटिलो प्रहार पनि गरेका छन् । यसै सन्दर्भमा 'गोर्खा हास्य मञ्जरी' (१८९५ ई) र शम्भुप्रसाद ढुङ्गेलको 'रत्नावली नाटिका' (१९७२) लाई पनि बिर्सन सकिँदैन । यसप्रकार के भनिन्छ भने प्राथमिक काल र माध्यमिक कालका हास्यव्यङ्ग्यात्मक कृतिहरूले निबन्धगत हास्यव्यङ्ग्यको पूर्वाधार तयार पारेका छन् ।

## २.८ नेपाली हास्यव्यङ्ग्य निबन्धको विकास प्रक्रिया

### २.८.१ पृष्ठभूमि

नेपाली सामाजिक परिवेशमा देखिएका विसङ्गत अवस्थाप्रति व्यङ्ग्य प्रहार गर्ने प्रवृत्ति परापूर्व कालदेखिनै चल्दै आएको पाइन्छ । साहित्यिक अभिव्यक्तिको सुरुवात हुनुभन्दा अगिदेखिनै लोकमानसमा मौखिकरूपमा हास्यव्यङ्ग्यको प्रयोग भएको देखिन्छ । ग्रामीण जीवनमा मेलापात जाँदा होस् या पँधेरीमा पानी भर्ने समयमा होस् गाउँका साथीसङ्गीहरू एक आपसमा कुरा गर्दै हाँस्ने गर्छन् रमाउने गर्छन् । कसैको क्रियाकलापलाई चियोचर्चो गर्ने नेपालीहरूको बानीमा हास्यव्यङ्ग्यको स्वरूप भेटिन्छ । नेपाली लोकसंस्कृतिसँगै जोडिएर आएको गाँउले जीवनमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आउने लोकसाहित्यका कथा, गाथा, नाटक, उखान-टुक्काजस्ता विधाहरूमार्फत हास्यव्यङ्ग्य अघि बढेको देखिन्छ ।

---

[२३] कृष्णचन्द्र सिंह प्रधान, "भूमिका - छायांकन", **रुपरेखा** (वर्ष ६, अङ्क ८, पूर्णाङ्क, पुष २०२२), पृ. ३९ ।

नेपाली साहित्यसृजनाले अढाईशतक पार गरिसकेको छ । सुवानन्द दासबाट थालिएको सिर्जनात्मक लेखन विभिन्न विधा र शैलीको उपयोग गर्दै यहाँसम्म आइपुगेको छ । हास्यव्यङ्ग्यरचना पनि सिर्जनात्मक लेखन सँगसँगै आँशिक रूपमा प्रयोग हुँदै आएको पाइन्छ । सुवानन्द दासको 'पृथ्वीनारायण' कवितामा भएको 'नाम रह्या गजानि धरम तरा भरले ते' नामक पङ्क्तिलाई व्यङ्ग्यको प्रथम उदाहरण मानेको पनि देखिन्छ ।[२४] शक्तिवल्लभ अर्ज्यालले १८५५ मा रचना गरेको र सोही सालको आसपासमा नेपालीमा अनुवाद गरेको 'हास्यकदम्ब' नामक नाट्यात्मक कृतिमा व्यङ्ग्यात्मक अभिव्यक्तिहरू प्रष्ट देखिन्छन् ।

प्राथमिक कालमा वीरकालीन कविताहरू धेरैजसो नेपाल र अङ्ग्रेजको युद्धको समयमा राष्ट्रप्रेमका लागि लेखिएका छन् । यस्ता कविताहरूमा शक्तिबल्लभ अर्ज्यालको 'तनहुँ भकुण्डो' राधावल्लभ अर्ज्यालको 'साँढ्याको कवित्त', गुमानी पन्तको 'धन्य गोर्खाली राजा' आदि पर्दछन् । यिनीहरूमा व्यङ्ग्यात्मक सङ्केतहरू भेटिन्छन् ।

नेपाल र अङ्ग्रेजको युद्धको समाप्तिसँगै भएको सुगौली सन्धिले उत्साहपूर्ण अभिव्यक्तिमा नकारात्मक प्रभाव पारेपछि कविहरू भक्तिभावतर्फ आकर्षित भएको देखिन्छ । भक्तिसाहित्यमा भानुभक्त आचार्य केन्द्रीय कविका रूपमा देखिएका छन् । उनले 'बिन्ती डिट्ठा विचारीसित .........', 'रोज रोज दर्शन पाउँछू .......', 'गजाधर सोतीको .......', 'जागिर छैन .......' जस्ता रचना मार्फत हास्यव्यङ्ग्यात्मक अभिव्यक्ति दिएका छन् । भानुभक्तले विनोदपूर्ण शैली, शालीन, स्वच्छ र परिहास युक्त व्यङ्ग्यको प्रयोग गरी हास्यव्यङ्ग्यलाई गति दिएको देखिन्छ ।[२५] भक्ति धाराअन्तर्गत निर्गुर्ण परम्पराका कवि सन्त ज्ञानदिलदासका कविता, गीत तथा भजनहरूमा पनि व्यङ्ग्यात्मक अभिव्यक्तिहरू पाइन्छन् ।

प्राथमिक कालमा गद्यात्मक सिर्जनाले पनि हास्य र व्यङ्ग्यको केही अभिव्यक्तिहरू दिएका छन्, जसअन्तर्गत शक्तिवल्भ अर्ज्यालको हास्यकदम्ब (१९५५) का बारेमा थोरै चर्चा माथि नै गरिसकिएको छ । पृथ्वीनारायण शाहको निबन्धात्मक कृति दिव्योपदेशमा अनायसै प्राप्त हुने व्यङ्यतत्व भेटिन्छ भने जे. ए. एटनको नेपाली भाषाको व्याकरणमा छापिएको 'तीन आहान' शीर्षकका तीन ओटा किस्सामा

---

[२४] कृष्णचन्द्र सिंह प्रधान, "नेपाली साहित्यमा हास्यव्यङ्ग्य : प्राप्ति र पर्यवेक्षण" **मधुपर्क** (वर्ष ३०, अङ्क ४, पूर्णाङ्क ३३९, २०५४), पृ. ५ ।

[२५] **पूर्ववत्**, पृ. ६ ।

पनि व्यङ्ग्य स्पष्ट देखिन्छ अनि हास्यको अंश पनि पाइन्छ ।[२६] यस कालमा उपर्युक्त रचनाहरूले हास्यव्यङ्ग्यलाई अगि बढाउन सहयोग गरेका छन् ।

नेपाली साहित्यको माध्यमिककाल शृङ्गार युगका नामले चिनिन्छ । यतिखेरका स्रष्टाहरूका रचनामा हास्यमिश्रित व्यङ्ग्यको स्वरूप भेटिन्छ । यिनीहरूले निजी जीवनपद्धतिका साथै अन्तर्राष्ट्रिय क्षेत्रसम्मका विसङ्गत अवस्थालाई हास्यव्यङ्ग्यमार्फत देखाएका छन् । यतिखेरका रचनामा मोतीराम भट्टका 'प्रशंसा पत्र', झयाल्याम् परिपश्यताम् , लक्ष्मीदत्त पन्तको 'नानी कसोरी भनूँ' कृष्णप्रसाद रेग्मीको 'कुखुरा कराए', रेवतीरमण उपाध्यायको 'भकभके गन्थन', गोपीनाथ लोहनीको 'कउन हो धर्म योगीको ?' पहलमानसिंह स्वाँरका 'लोभी पण्डित' 'दाह्रि पण्डित', 'मूर्ख स्रोता', शिखरनाथ सुवेदीको 'गयाका पण्डा' आदि पर्दछन् । यसै समयमा शम्भुप्रसाद ढुङ्गेल, लेखनाथ पौड्याल, सोमनाथ सिग्द्यालजस्ता स्रष्टाहरूले पनि हास्यव्यङ्ग्यात्मक सृजनामा चासो देखाएका छन् । वनारसबाट निस्कने सुन्दरी (१९६३) पत्रिकामा प्रकाशित सोमनाथ सिग्द्यालको अपूर्ण प्रहसन 'दिगम्बर विवाह' ले हास्यव्यङ्ग्यलाई प्रहसनमा पहिलो पटक उतार्‍यो भन्ने ठम्याइ पाइन्छ ।[२७] यही अवधिका सङ्गीत चन्द्रोदय, कविता, कल्पद्रुम, शिखरनाथ भाष्य, सुक्तिसिन्धु, विवाह लीला आदिमा हास्यव्यङ्ग्यका केही कविताहरू देखिन्छन् ।

माध्यमिक कालसम्मको सिर्जनामा विभिन्न विधामार्फत हास्यव्यङ्ग्यात्मक अभिव्यक्तिहरू अभिव्यक्त हुँदै आएका भए पनि निबन्धले नै छुट्टै रूपमा हास्यव्यङ्ग्यात्मक शैलीलाई भने अपनाएको थिएन । यस्तो अवस्था वि.सं. १९८२/८३ सम्म रहेको पाइन्छ । वि.सं १९८३ पछि भने भारतीय पत्रिकाहरूमा नेपाली हास्यव्यङ्ग्य निबन्धहरू देखिन थाले । यसैले हास्यव्यङ्ग्य निबन्धको सुरुवात हुनुभन्दा अगाडि अर्थात् वि.सं. १९८३ भन्दा अगिको समयलाई यहाँ पृष्ठभूमिका रूपमा राखिएको छ ।

### २.८.२ नेपाली हास्यव्यङ्ग्य निबन्धको विकास

वि.सं. १९८२/८३ मा भारतीय भूमिबाट लेखनको सुरुवात भएको नेपाली हास्यव्यङ्ग्य निबन्धले अहिलेसम्म धेरै वर्षहरू पार गरिसकेको छ । कविता, कथा, नाटकजस्ता विधाहरूमा प्रवेश पाएभन्दा पछि हास्यव्यङ्ग्यले नेपाली निबन्ध विधामा प्रवेश पाएको हो । हास्यव्यङ्ग्य निबन्धले राजनीतिक, सामाजिक, साँस्कृतिक

---

[२६] गणेश भण्डारी, "नेपाली हास्यव्यङ्ग्यात्मक साहित्यको उठान", **मधुपर्क** (वर्ष २७, अङ्क ११, पूर्णाङ्क ३१०, २०५१) पृ. ५६ ।

[२७] नरनाथ लुइँटेल, **नेपाली हास्यव्यङ्ग्य** (काठमाडौं : सिस्नोपानी नेपाल, २०५८), पृ. ५६ ।

परिवर्तनसँगै र आधुनिकताको विकाससँगै परिवर्तित अवस्थामा तत्-तत् प्रवृत्तिमाथि व्यङ्ग्य गर्दै आएको पाइन्छ । यसैले समग्रमा निबन्धको अध्ययन गर्नुभन्दा पहिले पृथक प्रवृत्तिका सन्दर्भ पहिल्याएर चरणगत रूपमा विश्लेषण गर्नु उपयुक्त ठहर्छ । हास्यव्यङ्ग्यको विशेष अध्ययनकर्ताहरूले आ-आफ्नै दृष्टिकोण प्रस्तुत गर्दै चरणगत रूपमा यसको अध्ययन गरेको पाइन्छ । अध्ययनकर्ताहरू हास्यव्यङ्ग्यको चर्चा गर्दा विशेषतः निबन्धमा मात्र सीमित नभई सम्पूर्ण विधाहरूमा आधारित भएकाछन् । प्रमोद प्रधानले भने हास्यव्यङ्ग्य निबन्धलाई मात्र चर्चा गर्दै यसमा पाइने प्रवृत्तिहरूको चरणगत अध्ययन गरेका छन् । उनको चरणविभाजन यस्तो छ ।[२८]

१) प्रारम्भिक वा पहिलो चरण (वि.सं. १९९० पूर्व)
२) विकासशील वा दोस्रो चरण (वि.सं. १९९१ देखि वि.सं. २०१६ सम्म)
३) आधुनिक वा तेस्रो चरण (वि.सं. २०१७ देखि हालसम्म)

साहित्यलाई सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक आदि पक्षहरूले निकै प्रभाव पारिरहेका हुन्छन् । यस्ता पक्षहरूको प्रभावले एक मोडबाट अघि बढिरहेको साहित्य अर्को मोडमा प्रवेश गर्दछ। यहाँ साहित्यिक अभिव्यक्तिमा परेको प्रभावबाट परिवर्तित शैली, शिल्प तथा प्रवृत्तिहरूको आँकलन गर्दै नेपाली हास्यव्यङ्ग्य निबन्धको चरणविभाजन यस प्रकार गरिएको छ :

१) पहिलो चरण (सुरुदेखि १९९१ सम्म)
२) दोस्रो चरण (१९९२ देखि २०१६ सम्म)
३) तेस्रो चरण (२०१७ देखि २०४६ सम्म)
४) चौथो चरण (२०४६ देखि यता)

### १) पहिलो चरण (सुरुदेखि १९९१ सम्म)

नेपाली हास्यव्यङ्ग्य निबन्धको पहिलो चरण वि.सं. १९८३ देखि वि.सं. १९९१ सम्म विस्तारित भएको देखिन्छ । यस समयमा भारतीय पत्रिकाहरूले हास्यव्यङ्ग्य निबन्धहरू प्रकाशित गरेका छन् । यस चरणमा देहरादुनबाट प्रकाशित हुने 'गोर्खा संसार' (१९८३) पत्रिकाले महत्वपूर्ण योगदान दिएको छ । यसमा प्रकाशित वेदनिधि शर्माको 'जातीय रोगको अचूक औषधि' तथा विद्यावतीका 'तरुणी औ तरुण कुन्न छन्ने' र 'उन्नतिका आवश्वयक अङ्ग' जस्ता निबन्धहरू सुरुआतमै सशक्त देखिन्छन् । वेदनिधि शर्माको निबन्धमा हास्य र व्यङ्ग्य दुवैको प्रयोग पाइन्छ

[२८] प्रमोद प्रधान, "नेपाली हास्यव्यङ्ग्य निबन्ध : इतिहासदेखि वर्तमानसम्म", **मधुपर्क** (वर्ष ४०, अङ्क १, पूर्णाङ्क ....., २०६४, २०६४, जेठ), पृ. ६ ।

भने विद्यावतीका निबन्धका देहरादुनेली भाषिकाको प्रयोग भएको प्रारम्भकालीन महत्वपूर्ण रचना मानिन्छन् ।[२९] हास्यव्यङ्ग्य निबन्धलेखनको सुरुवात गरेर यसलाई गति प्रदान गर्न यी निबन्धको भूमिका देखिन्छ ।

## २) **दोस्रो चरण (१९९२ देखि २०१६ सम्म)**

शारदा पत्रिकाको प्रकाशनसँगै यस चरणको सुरुआत हुन्छ । शारदा (१/३, १९९२) मा श्री भूँडेपंडितजी, गफशास्त्री, व्यङ्ग्यतीर्थ, हास्याचार्य आदि नाम प्रयोग गरेर प्रकाशित 'पंडितजीको चिठ्ठी' ले हास्यव्यङ्ग्यलाई उठाउन सहयोग गरेको छ । सम्पादकको नाममा लेखिएका चिठीको स्वरूप प्राप्त यो निबन्ध सम्बोधनात्मक एवं पत्रात्मक शैलीमा छ । यसैगरी शारदा (१/६,७,८,९ १९९२) मा नै प्रकाशित भएको सिलवाल पण्डितको 'वेदान्त विवादको मिसिल' मा ब्रह्माण्ड जिल्लाका प्राइभेट तवरसँग डुलफिर गरी विचार गर्ने काममा रहेका साक्षी अर्थात भित्रि पुलिस देहायका १२ ले सदर यमलोक ठाना कचहरीमा लेखिदिएका जाहेरीलाई हास्यव्यङ्ग्यको विषय बनाइएको छ । यसमा जीवको बयान, मनको बयान, विवेकको बयान, मायाको बयान, अहङ्कारको बयान आदि उपशीर्षक दिई बयानलाई सवालजवाफमा प्रस्तुत गरिएको छ । यस चरणबाट देखापरेका हरिनाथ खनाल, हृदयचन्द्रसिंह प्रधान, लक्ष्मीप्रसाद देवकोटा, बासुदेव शर्मा, लुइँटेल आदि स्रष्टाका निबन्धमा हास्यव्यङ्ग्यको प्रबलता पाइन्छ । यस चरणदेखि नै देखापरेका वासुदेव शर्मा लुइँटेल आदि स्रष्टाका निबन्धमा हास्यव्यङ्ग्यको प्रबलता पाइन्छ । वासुदेव शर्मा लुइँटेल जीवनभर (वि.सं. २०६३ सम्म) हास्यव्यङ्ग्य साहित्य प्रबध्नमा दत्तचित्त भई लागेका देखिन्छन् । 'भूतको भिनाजु' उपनामका लुइँटेल 'भूत छैन' हास्यव्यङ्ग्य निबन्ध वि.सं. २००६ मै प्रकाशित भएको देखिन्छ । केशवराज पिँडालीको 'खै-खै' निबन्धसङ्ग्रह प्रकाशित हुनुभन्दा अगाडि नै शारदा पत्रिकामा 'आधुनिक पत्नी,' 'यो हो चन्द्रज्योति', 'बागबजारको बाटो' जस्ता हास्यव्यङ्ग्यात्यमक निबन्धहरू प्रकाशित भएका थिए । यस्तै लक्ष्मीप्रसाद देवकोटाका 'कविराजको च्याङग्रे खच्चर' (२००२), कृष्णप्रसाद चापागाईको 'हजामदाई'(१९९८), 'खँदालबाजे'(२००२), सिद्धिचरण श्रेष्ठका 'टाङटाङ टुङटुङ', 'कटकानन्द काकालाई' जस्ता निबन्धले यस क्षेत्रलाई अगि बढाउन सहयोग गरेका छन् ।

राणाकालमा शासकहरूको भय, भौगोलिक विकटता, प्रकाशनको कठिनाइ आदि कारणले हास्यव्यङ्ग्यलाई प्रभाव पारेको भए पनि धेरै हास्यव्यङ्ग्यकारहरूले

---

[२९] ऐजन ।

देखाएको निर्भीकता र लगनशीलतालाई प्रशँसा गर्नुपर्छ । यी रचनाले शब्दबाट प्रस्फुटित हाँसोलाई पार गर्दै विचारद्वारा निर्मित प्रतिष्ठालाई प्राप्त गर्ने वातावरण दिएका छन् ।[३०] यी निबन्धहरू सामूहिक नभएर व्यक्तिगत, समष्टि नभएर व्यष्टि परिवेशमा निर्मित र हास्यव्यङ्ग्यमा मात्र सीमित देखिन्छन् ।

वि.सं. २००७ मा प्रजातन्त्रको बहाली भएपछि देशको एक सय चार बर्से निरङ्कुश जहानियाँ राणा शासनबाट मुक्ति पायो । यही मुक्तिसँग स्रष्टाहरूका अभिव्यक्ति पनि क्रमशः मुक्त हुँदै गए । यहाँ आइपुगेपछि निबन्धकारहरूले मनोरञ्जन र मनोविदोमा मात्र सीमित नभई राजनीतिक, सामाजिक, साँस्कृतिक विसङ्गतिका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा देखिएका विसङ्गतिजन्य कमजोरीतर्फ समेत व्यङ्ग्य प्रहार गर्न थाले ।[३१] लेखन तथा प्रकाशनको अनुकुलताले पत्रपत्रिकामा हास्यव्यङ्ग्य स्तम्भहरूको व्यवस्था हुन थाल्यो । हालखबरमा 'हाँस्नु हुन्छ भने', नयाँ समाजमा 'बाउँठे बाजेको चिठी', नेपाल समाचारमा 'यो हो उपत्यका' गोरखापत्रमा 'जुँगे दाइको चिठी', 'व्यङ्ग्य विनोद' साप्ताहिक समाचारमा 'तीतो मीठो', समीक्षामा 'झर्रोटर्रो' जस्ता हास्यव्यङ्ग्य स्तम्भहरूमा धेरै हास्यव्यङ्ग्य निबन्धहरू प्रकाशित भए । नयाँ समाज पत्रिकाले हरेक वर्ष हास्यव्यङ्ग्य गाइजात्रा अङ्क प्रकाशित गर्न थाल्यो भने रचना र अर्पण जस्ता साहित्यिक पत्रिकाले व्यङ्ग्य विशेषाङ्क निकालेर यस क्षेत्रलाई अझै अगाडि बढाउन सहयोग गरे । यस चरणका केही पुस्तकाकार कृतिको विवरण यस्तो छ ।

| लेखक | कृति |
|---|---|
| कृष्णप्रसाद चापागाइ | रसभरी चमचम (२००८) |
| हृदयचन्द्रसिंह प्रधान | जुँगा (२००९) |
| रुद्रराज पाण्डे | नेपाल आजाद सङ्घ (२००९) |
| लीलाध्वज थापा | दाह्री (२००९) |
| मुरलीधर भट्टराई | सोते थापा एण्ड लबर पाँडे र पुङमाङपुरेहित (२०१०) |
| केशवलाल कर्माचार्य | महिला सङ्घको आमसभा (२०१०) |

यस चरणका हास्यव्यङ्ग्य निबन्धहरूले निराशा तथा पलायनका भावहरू र आक्रोश तथा प्रतिशोधका घेरा तोड्दै जीवन, समाज र परिवेशका समष्टि वातावरणलाई बिम्बात्मक र प्रतीकात्मक ढङ्गबाट व्यङ्ग्य गर्न सक्षम बन्दै गएका

३० राजेन्द्र सुवेदी र हीरामणि शर्मा (सम्पा.), **नेपाली हास्यव्यङ्ग्य निबन्ध,** दो.सं. (ललितपुर : साझा प्रकाशन, २०५१), पृ. ८ ।

३१ **ऐजन** ।

देखिन्छन् ।[३२] व्यक्तिले जीवनभोगाइका क्रममा भोग्नुपरेका कृण्ठा र नैराश्यबाट उत्पन्न विसङ्गतिको जरोउखेलेर फ्याँक्न यस चरणका हास्यव्यङ्ग्य निबन्धहरू प्रयत्नशील देखिन्छन् । निरङ्कुशताको जन्जिरबाट मुक्त भएर स्वतन्त्रतापूर्वक लेखनीलाई अगाडि बढाउने अवसर पाएपछि हास्यव्यङ्ग्य निबन्धकारहरूले सरकार तथा शासनसत्ताका हिमायतीका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा धार्मिक, सांस्कृतिक, राजनीतिक प्रभावबाट उत्पन्न विसङ्गतिका पक्षमाथि व्यङ्ग्य गरेका छन् । यहाँसम्म आइपुग्दा हास्यव्यङ्ग्य निबन्धले एउटा गतिलो आधारशील निर्माण गरेको पाइन्छ ।

## ३. **तेस्रो चरण** (**२०१७ देखि २०४६ सम्म**)

नेपाली हास्यव्यङ्ग्य निबन्धको यो तेस्रो चरणको प्रारम्भ केशवराज पिँडालीको “खै-खै” (२०१७) कृतिबाट भएको मानिएको छ[३३] भने यसको व्याप्ति वि.सं. २०४६ सम्म पुगेको छ । नेपाली हास्यव्यङ्ग्य निबन्धको सबैभन्दा उर्वर अवधि यसैलाई मान्नुपर्छ । यही चरणका निबन्धकारहरू आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रका जीवन्त बनेर उपस्थित भइरहेका छन् । पञ्चायती व्यवस्थाको एकतन्त्रीय शासनका बाधाव्यवधानहरूको पर्वाह नगरी राष्ट्रका विभिन्न पक्षमा देखापरेका विसङ्गतिका दुर्गन्धलाई नष्ट गर्न हास्यव्यङ्ग्य निबन्धकारहरू सक्षम बनेका देखिन्छन् । सीमित लेखक र सामान्य हास्यव्यङ्ग्यलेखनको स्थितिबाट यस अवधिको प्रारम्भसँगै नेपाली हास्यव्यङ्ग्य निबन्धले एउटा फराकिलो मार्ग पहिल्याउनुका साथै विषयगत र शैलीगत विविधतासहित अगि बढ्ने अवसर पाएको देखिन्छ ।[३४] यस चरणको सुरुआतमै भैरव अर्याल सशक्त रूपमा देखापर्छन् । हास्यव्यङ्ग्यको उन्नत विकासमा अर्यालको महत्वपूर्ण भूमिका रहेको छ । यस चरणमा प्राप्त हास्यव्यङ्ग्यात्मक कृतिहरू यस प्रकार छन् :

| लेखक | कृति |
|---|---|
| केशवराज पिँडाली | खै-खै (२०१७)<br>फेरि उल्टै मिल्यो (२०३५)<br>व्यङ्ग्यै व्यङ्ग्य (२०४५) |
| भैरव अर्याल | काउकुती (२०१९)<br>जयभुँडी (२०२०)<br>गलबन्दी (२०२६)<br>इतिश्री (२०२८) |

---

[३२] राजेन्द्र सुवेदी र हीरामणि शर्मा, **पूर्ववत्**, पृ. १० ।

[३३] नरनाथ लुइँटेल, **पूर्ववत्**, पृ. ६३ ।

[३४] प्रमोद प्रधान, **पूर्ववत्**, पृ. ९ ।

| | |
|---|---|
| श्रीधर खनाल | तमरी संसार देखिन्न (२०२०)<br>उल्ली बिल्ली (२०३०) |
| वासुदेव शर्मा | चिठी चपेटा (२०२२)<br>चिठी बाट (२०३७)<br>चिठी बाट (२०४३)<br>काकाका कुरा (२०४५)<br>काकाबाटको बाँकी (२०४६)<br>कुराउनी (२०४६) |
| विष्णु नवीन | श्रीमती सित एक दिन (२०२२) |
| रामकुमार पाँडे | म अग्लो भएँ (२०१८)<br>ख्यालख्याल (२०२३)<br>सञ्चै छ ? (२०२५)<br>खप्पर ! (२०२६)<br>मोज गनोस (२०२७)<br>बाह्र मज्जा (२०३०)<br>बाबुको बिहे (२०३३)<br>सीङ र पुच्छर (२०३६)<br>रसरङ्ग (२०४२) |
| भीमप्रसाद लामिछाने | घुँएत्रो (२०२४) |
| ओमकुमार झा | जय फेसन जय मदिरा (२०२६) |
| घटोत्कच शर्मा | दमाहा (२०२४) |
| श्याम गोतामै | जदौ (२०२६)<br>मपाइँ (२०२७)<br>श्याम गोतामैका प्रतिनिधि हास्यव्यङ्ग्य (२०४६) |
| गोपालराज पन्त | सेतो शालिग्राम (२०२६)<br>कर्के आँखा (२०२८) |
| कुलमणि देवकोटा | गाईजात्रा (२०२९)<br>मुडुली बज्जै (२०३०) |
| विपिनदेव ढुङ्गेल | भीरको चिण्डो (२०३१) |
| हरि बन्दी | आ-आफ्नो महाभारत (२०३४)<br>उल्टोपट्टि (२०४६) |
| सूर्यबहादुर पिवा | मास्टरसाहेब (२०३५) |
| लोकेन्द्रबहादुर चन्द | बाह्रौ खेलाडी (२०३५) |
| दाताराम शर्मा | सिस्नु ९७ (२०३७) |

| | |
|---|---|
| मुक्तिकुबेर मास्के | धर्मराज यमको अदालत (२०३७)<br>भ्रष्टाचारी काजी (२०३९) |
| ध्रुवकृष्ण दीप | बासी भात (२०३९)<br>बत्तीस कुलक्षिणका बयान (२०४४) |
| मोहनराज शर्मा | मि.झप्पुसिंह डब्बल एम.ए. (२०३८)<br>पुछारको पातो (२०४०) |
| मुकुन्द आचार्य | नेताको रूपलाई चुरोटको धूप (२०४२)<br>पट्ठो बन्ने रहरमा (२०४६) |
| विश्व शाक्य | श्रीकृष्ण उवाच (२०३८) |
| कमलनाथ शर्मा | साँचो केमा ताल्यामा (२०३९) |
| नरेन्द्रराज पौडेल | घरभित्रको गाईजात्रा (२०४१)<br>बिहेको निम्तो (२०४४) |
| खगेन्द्र सङ्ग्रौला | फाटेको लगौटी टालेको दिमाग (२०४२)<br>जनआन्दोलनका छर्राहरू (२०४७) |
| चोलेश्वर शर्मा | म त अप्रिल फुल भएछु (२०४२) |
| होम सुवेदी | कालीपोके (२०४३) |
| तीर्थ भण्डारी | खिचडी (२०४४) |
| विमल निभा | चौथो कालम (२०४५) |
| कलाप्रेमी श्रेष्ठ | रङ्गीन चश्मा (२०४५) |
| बाल मुकुन्ददेव पाण्डे | दमाहा (२०२४) |

यस समयसम्मका हास्यव्यङ्ग्य निबन्धकारले व्यक्तिगत कमजोरीबाट समाजलाई पर्न गएको नकारात्मक प्रभावप्रति व्यङ्ग्य गरेका छन् । राजनीतिमा देखिएको खिचातानी, आर्थिक असमानता, आधुनिकताका नाममा देखिएका हुल्लडबाजी प्रवृत्तिप्रति पनि कटाक्ष प्रहार गरेको पाइन्छ । यसै समयमा विभिन्न कार्यक्रम र गोष्ठीहरूको आयोजना गरेर हास्यव्यङ्ग्य निबन्ध रचनातर्फ स्रष्टाहरूलाई आकर्षित गरियो । यसै बेला स्थापित कौवा प्रकाशनले हास्यव्यङ्ग्यको श्रीबृद्धिमा अहम् भूमिका निर्वाह गरेको छ । भैरव अर्याल र वासुदेव लुइँटेलले आफ्नो श्रम र सीप खर्चेर हास्यव्यङ्ग्यलाई अग्रगतितर्फ डोहोऱ्याउन उल्लेखनीय कार्य गरेको देखिन्छ । विभिन्न पत्रपत्रिकाले गाईजात्राको अवसरमा 'गाइजात्रा विशेषाङ्क' प्रकाशित गरी समसामाजिक विसङ्गतिलाई निसाना बनाइएको पाइन्छ । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले बर्सेनी गाइजात्रा महोत्सव मनाउने प्रथाको सुरुवात गरी यस क्षेत्रमा क्रियाशील जनाएको देखिन्छ ।

यस चरणमा वि.सं. २०३० पछि कतिपय पुराना सर्जकका साथ नयाँ प्रतिभा पनि देखिन थाले । यतिखेर पञ्चायती व्यवस्था अझ चरम अवस्थामा पुगेको थियो । राष्ट्रको राजनीतिले नर्भीक अभिव्यक्तिमा अङ्कुश लगाएको थियो । यस्तो अवस्थामा मुलुकको राष्ट्रिय विसङ्गति, एकतन्त्रीय शासनव्यवस्था र यस्तो व्यवस्थाबाट सिर्जित सामाजिक अस्तव्यस्तताप्रति लेखकहरूले व्यङ्ग्य प्रहार गरेको देखिन्छ ।

### ४) **चौथो चरण** (**२०४६ देखि २०६६ साल**)

वि.सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि देशमा नयाँ सोच र चाहनाहरूको उदय भयो । प्रजातान्त्रिक प्रक्रियामा आएपछि स्वतन्त्र जीवनको सुरुआत भयो । स्वतन्त्रताले गर्दा नै हास्यव्यङ्ग्य निबन्धकारहरूले हरेक क्षेत्रमा व्याप्त असामान्य अवस्थालाई पाठकसामु ल्याउन खुला वातावरण पाए । यसले गर्दा उनीहरूको शैली, शिल्पमा समेत परिवर्तन आयो । यस समयमा हास्य कम र व्यङ्ग्यको प्रभाव बढी हुन थालेको देखिन्छ र यसले राष्ट्रिय समस्याका रूपमा प्रकट भएका नवीन सवाल एवम् सन्दर्भहरूलाई बौद्धिक ढङ्गले गम्भीर तवरमा व्यङ्ग्यात्मक प्रहार गरेको पाइन्छ ।[३५] यसै समयमा निबन्धकारहरूले धार्मिक-आडम्बरी चरित्र, खस्कँदो मानवअधिकार आदि राष्ट्रिय अनि अन्तर्राष्ट्रिय विसङ्गतिप्रति व्यङ्ग्य गरेको देखिन्छ । हास्यव्यङ्ग्यकारहरू स्वतन्त्रताको कुरागर्दा खुला व्यङ्ग्यको प्रयोग गर्न समेत थालेको देखिन्छन् भने बढी स्वाधीनताको उपयोगबाट कतिपय हास्यव्यङ्ग्यमा साहित्यिक धर्म नै घटेको पनि देखिन्छ ।

वि.सं. २०४६ देखि २०६६ सम्मको दुई दशकमा देखा परेका हास्यव्यङ्ग्यकाहरूमध्ये अघिल्लो चरणमा कलम चलाएका सँगै प्रखर नवीन प्रतिभाहरू रेखा देखा परेका छन् । यस अवधिमा पुस्तकको सिर्जना लिएर आउने निबन्धकारहरू रहेका छन् ।

| | |
|---|---|
| रामकुमार पाँडे | तालबेताल (२०४९)<br>१०१ हास्यव्यङ्ग्य (२०५०)<br>व्यङ्ग्यको बम (२०५२)<br>छेडपैँच (२०५२)<br>छिल्लगी (२०५२)<br>ठट्टारमाइलो (२०५२)<br>गधा मोल्ने काम (२०५२)<br>रामरमिता (२०५२)<br>श्री पाँडेको सरकार (२०६२) |

[३५] नरनाथ लुइँटेल, **पूर्ववत्**, पृ. ६९ ।

| | |
|---|---|
| सूर्यबहादुर पिवा | घुएँत्रो (२०५२), मास्टर साहेब (२०३५)<br>झटारो (२०५५)<br>जिउँदो मान्छेको फेला (२०६१) |
| मुकुन्द आचार्य | प्रश्न सोझो, उत्तर बाउँठा (२०६३) |
| विश्व शाक्य | कस्तो गधा रहेछ (२०५६)<br>श्री पशुमहापुराण (२०५७)<br>ठेटनैठेटना (२०६१) |
| नरेन्द्रराज पौडेल | मङ्की स्टेट याने वानर राज्य (२०५१)<br>प्रमुख अतिथी हुनुको आतङ्क (२०६४) |
| खगेन्द्र सङ्ग्रौला | सङ्कटकालमा कुन्साङ काका (२०५९)<br>घोडा, इश्वर र मेरा बा(२०६०) |
| विमल निभा | छेउको वधशाला (२०६१) |
| कृष्ण चन्द्र सिंह प्रधान | सालिक, (२०२६) |
| भाउपन्थी | चोर ! चोर !! (व्यङ्ग्यसङ्ग्रह २०५२) |
| चट्याङ मास्टर | चट्याङ गीता (व्यङ्ग्य निबन्ध सङ्ग्रह भाग-५, २०६१) |
| लक्ष्मण गाम्नागे | लट्ठीचार्ज (२०६१) |
| मनोज गजुरेल | लुखास्त (२०५८)<br>हनुम्यान (हास्यव्यङ्ग्य सङ्ग्रह (२०६०) |
| नरनाथ लुइटेल | छेपन (२०५१)<br>सिङ् त पुच्छर (२०५३)<br>चम्चा चिन्टन (२०५५)<br>बाँदरका हातमा नरिवल (२०६०) |
| रुद्र खरेल | तेस्रो आँखा (२०६१)<br>तोरी आहुरेचोकमा एकछिन् (२०५२)<br>बिर्सिस्या कि ? (२०५८)<br>आषाठस्य प्रथम दिवसे (२०५९) |
| राजेन्द्र सुवेदी | खाली सिसी पुराना कागज |
| राजव | मानवीय बनौट (२०५१) |
| रश्मिकिरण निर्जीव | सोझा निजीविका बाङ्गा निबन्धहरू (२०४७) |
| हरिकला उप्रेती | गोर्खेलौरी (२०६१) |
| उत्तमकृष्ण मजडौयाँ | धरोधर्म हजुर (२०५४)<br>गृहलक्ष्मी भित्राएपछि (२०५४)<br>सुनको फुल पार्ने पोथी (२०५४) |

| | |
|---|---|
| डिल्लीराज अर्याल | रातमा सूर्य दिनमा तारा (२०५७) |
| गंगाप्रसाद उप्रेती | |
| चुढामणि खनाल | पोरवराज (हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह (२०५२) |
| आर.सि.रिजाल | कुकुरको पुच्छर हास्यव्यङ्ग्यसङ्ग्रह (२०५५)<br>कण्ठलगौँटी (२०५७) |
| मुन पौडेल | सफलताको तीन मन्त्र (२०५२)<br>बुद्धिजीवी र पुच्छर (२०५६) |
| बालमुकुन्ददेव पाण्डे | मेटिन नसकेका डोबहरू (२०६२) |
| चूडामणि रेग्मी | अरे ! उदेकलाग्दा कुराहरू र गजवारुटक (२०५६) |
| गोपालराज मैनाली | खुसुक्क भन्नुहोस फच्या ? (क्वाँटी सङ्ग्रह इ.स. १९९६) |
| विष्णु प्रभात | खुर्सानी पुराण (२०५१)<br>खुच्चिङ् (२०५३)<br>खुलदुली (२०५६)<br>खुलैखुला कुरा (२०५७)<br>खुराक (२०६०)<br>खुसखुस कम्पनी (२०६०) |
| अनिल कोइराला | चड्कन च्यूरा (२०६३)<br>फुरौला (२०६७) |

यस चरणमा कतिपय निबन्धकारहरू अगिल्लो चरणबाटै कृतिहरू प्रकाशित गरेर निरन्तरता दिने देखिन्छन् । यस्ता निबन्धकारहरूमा कृष्णचन्द्रसिंह प्रधान, श्याम गोतामे, श्रीधर खनाल, घटोत्कच शर्मा, मोराश, रामकुमार पाँडे, चोलेश्वर शर्मा, सूर्यबहादुर पिवा, हरि बन्दी, नरेन्द्रराज पौडेल, विमल निभा, होम सुवेदी, विश्व शाक्य आदि पर्दछन् । यस्तै कतिपय सर्जकहरू भने नवीन विचार र मान्यताका साथ यस चरणको सुरुआतसँगै देखापरेका छन् । यस्ता निबन्धकारमा रुद्र खरेल, राजेन्द्र सुवेदी, राजव, विष्णु प्रभात, उत्तमकृष्ण मजगैया, लक्ष्मण लोहनी, मुन पौडेल? रोहिणीविलास लुइटेल, खगेन्द्रप्रसाद लुइटेल, कमलप्रसाद उपाध्याय, नकुल काजी, नारायण ढकाल, लक्ष्मण गाम्नागे, मनोज गजुरेल, सुधा त्रिपाठी, हरिकला उप्रेती, गायत्री 'परिरोशनी' आदि पर्दछन् । यस समयमा समस्या तथा विसङ्गतिको आधारभूत तहसम्म नै पुगेर मनोरञ्जनात्मक ढङ्गबाट प्रहार गर्ने र तत्-तत् विसङ्गतिका नायकहरूका नालायक प्रवृत्तिको उच्छेदका निम्ति

व्यङ्ग्यबाण सत्कर्ममा हास्यव्यङ्ग्य निबन्धकारहरू जागरुक ढङ्गले जुटिरहेका देखिन्छन् ।[३६]

## २.९ निष्कर्ष

नेपाली साहित्यका हास्यव्यङ्ग्य निबन्धले अहिलेसम्ममा आफ्नो छुट्टै पहिचान बनाइसकेको छ । यसले सुरुआतदेखि नै समाज, संस्कृति र राजनीतिक क्षेत्र अनि विदेशदेखि लिएर जीवनका कतिपय विकृति र विसङ्गतिलाई समेत हास्यात्मक अवस्थाबाटै व्यङ्ग्य प्रहार गर्दै आइरहेको छ । राजनैतिक विसङ्गतिका पाटाहरू सामाजिक बेथितिका दुर्गन्धहरू, धार्मिक आडम्बरका कुचक्रहरू, जातीय विभेदका साङ्लाहरू, साँस्कृतिक चाडपर्वका नाम थिग्रिएका रुढिहरू, आर्थिक असमानताका कारण उत्पन्न शोषक र शोषित वर्गबीचको असमाञ्जस्यपूर्ण परिस्थिति, प्रशासनिक क्षेत्रमा देखिएका दूषित क्रियाकलाप, शैक्षिक क्षेत्रको व्यापारीकरण, साहित्यिक क्षेत्रका व्यभिचार आदि हरेक पक्षमाथि आक्रोशपूर्ण व्यङ्ग्य गर्न यस समयका समसामयिक हास्यव्यङ्ग्य निबन्धहरू सक्षम बनेका देखिन्छन् ।

[३६] पूर्ववत्, पृ. ७५ ।

# अध्याय तीन

## विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धकारिताको अध्ययन

### ३.१ विषयप्रवेश

नेपाली साहित्यको हास्यव्यङ्ग्य निबन्ध, समालोचना, दर्शन साहित्य र संस्कृतिका विविध विधामा कलम चलाउने विष्णु प्रभातको जन्म वि.सं. २००९ साल बैशाख १० गते माता मनकुमारी र पिता ऋषिराम अर्ज्यालका प्रथम पुत्रका रूपमा पाल्पाको मदन पोखरा-१ मा भएको हो । साहित्य क्षेत्रमा विष्णु प्रभातका नामले प्रख्यात भए पनि उनको खास नाम विष्णुप्रसाद अर्ज्याल हो । बाल्यकालदेखि नै केही रचनात्मक कार्य गर्न मन पराउने प्रभातले औपचारिक रूपमा आई ए, आई एड, बी.ए. (दर्शनशास्त्र २०५१), बी.एड. (इतिहास २०५०), एम.ए (नेपाली २०५२) तथा हास्यव्यङ्ग्यमा विद्यावारिधि शोधार्थी सम्मको अध्ययन गरेका छन् । जीवनमा जतिसुकै आरोह अवरोहहरू आइपरेतापनि प्रभात आफ्ना उद्देश्य, विचार र दृढतालाई कहिल्यै विचलित हुन दिएका छैनन् ।

विशेषगरी आधुनिक नेपाली प्रगतिवादी साहित्यको हास्यव्यङ्ग्य साहित्यमा कलम चलाउने विष्णु प्रभातको साहित्य लेखन औपचारिक रूपमा वि.सं. २०२९ सालबाट शुरु भएको हो । उनको पहिलो प्रकाशित रचना (कविताविधाको) 'म जगत हेर्दै थिँए' हो यो कविता पाल्पाबाट प्रकाशित श्रीनगर पत्रिका (२०२९) मा प्रथम पटक छापिएको थियो । सामाजिक उत्पीडनबाट उद्‌बोधित विष्णु प्रभात आफ्ना रचनामा दार्शनिक ढङ्गले द्वन्दात्मक भौतिकवादी सोचका साथ सिर्जनारत देखिन्छन् । सामाजिक राजनीतिक र मानवीय प्रवृत्ति प्रति व्यङ्ग्य गर्ने । उनका रचनामा समाज सुधारको अपेक्षा गरिएको हुन्छ । मार्क्सवादबाट प्रभावित समालोचक, कवि, दार्शनिक, एंव हास्यव्यङ्ग्य निबन्धकार विष्णु प्रभातका हालसम्म झण्डै बाइसवटा कृतिहरू प्रकाशित छन् । ती मध्ये 'मार्क्सवादी सिद्धान्त र व्यवहार' (२०४७), 'चिन्तन र सौन्दर्य' (२०४६), 'संस्कृतिमा विकल्पवाद' (२०५२), 'मातृत्व' (२०५३), 'खुर्सानी पुराण'(२०५१), 'खुच्चिङ्' (२०५३), 'खुलदुली' (२०५६), 'खुलैखुलाकुरा' (२०५७), 'एघारौँ अवतार' (२०५७), 'खुराक' (२०६०), 'खुसखुस कम्पनी' (२०६०), 'कलममाथिको कलम' (२०५७) जस्ता कृति विशेष उल्लेख्य रहेकाछन् ।

नेपाली हास्यव्यङ्ग्यलाई फलाउन फुलाउन र चम्काउन अर्ज्याल वशीय स्रष्टाहरूको योगदान उल्लेख्य रहेको छ । नेपाली हास्यव्यङ्ग्यको अक्षराम्भ

शक्तिवल्लभ अर्ज्यालबाट भएको हो भनेर अहिलेसम्मको शोध र अनुसन्धानबाट प्रमाणित भएको छ । केही समयको अन्तरालपछि अर्को अर्ज्याल कृष्णचन्द्रले 'हाँसो' नामक कृति लिएर देखा परेका थिए । भैरव अर्याल आफ्ना माफिएका र खिरिला कृति लेखेर नेपाली हास्यव्यङ्ग्य फाँटलाई बिर्सिनसक्नु गुन लगाएर गएका प्रतिभा हुन् । अर्यालवंशीय व्यङ्ग्य लेखन परम्पराको विंडो थाम्ने अर्को सशक्त हस्ताक्षरका रूपमा आफूलाई उभ्याउन सक्षम देखा परेका छन्-विष्णु प्रभात । उनी शिष्टतापूर्वक घोचपेच गर्दै सामाजिक विकृति र विसङ्गति औंल्याएर मानवमनको आडम्बर धुल्याइ गलत प्रवृत्तिमा सुधार ल्याउन हौस्याउनु प्रभातका व्यङ्ग्यको विशेषता हो र प्रभात आफ्नो यसै मान्यता अनुरूप कलम तिखारिरहेका छन् । आफ्ना हास्यव्यङ्ग्य रचनामा सामाजिक राजनीतिक, सांस्कृतिक, साहित्यिक आदि क्षेत्रका विकृति र विसङ्गतिलाई चोटिलो तर शिष्ट चड्कन दिन विष्णु प्रभात अत्यन्तै सफल देखिन्छन् ।

विभिन्न विधामा कलम चलाएपनि प्रभात हास्यव्यङ्ग्य निबन्ध विधामा तुलनात्मक रूपमा बढी सशक्त देखिन्छन् । विष्णु प्रभातका ६ वटा हास्यव्यङ्ग्य प्रकाशित छन् ।

## ३.२ नेपाली हास्यव्यङ्ग्य निबन्धमा विष्णु प्रभातको आगमन

विष्णु प्रभात नेपाली साहित्यको क्षेत्रमा पचासको दशकबाट मात्र हास्यव्यङ्ग्य निबन्धहरू लिएर देखापरेका निबन्धकार हुन् । नेपाली साहित्यको इतिहास पढ्दा के अनुभव हुन्छ भने प्राथमिक कालमा हास्यभन्दा व्यङ्ग्य साहित्य नै बढी सशक्त भएर आएको पाइन्छ । आधुनिक युगमा हास्यव्यङ्ग्य लेखनलाई अगाडी बढाउने काम प्रेमराज शर्मा, बोधविक्रम अधिकारी, हृदयचन्द्रसिंह प्रधान, वासुदेव लुइटेल, केशवराज पिंडाली, श्याप्रसाद शर्मा, भैरव अर्ज्याल, दाताराम शर्मा, भीमनिधि तिवारी, लक्ष्मीप्रसाद देवकोटा आदिले गरे । यसपछि यस क्षेत्रमा क्रमश श्याम गोतामे, श्रीधर खनाल, रामकुमार पाण्डे, बालमुकुन्ददेव पाण्डे, विष्णु नवीन आदि देखापरे यसैक्रममा समकालीन समसामयिक यथार्थका विकृति र विसङ्गतिलाई समातेर तीव्र व्यङ्ग्य गर्नेहरूमा खगेन्द्र संग्रौला, राजेन्द्र सुवेदी, रुद्र खरेल, गोपालराज मैनाली, विष्णु प्रभात, चूडामणि रेग्मी र नरनाथ लुइँटेल, मदनकृष्ण हरिवंश आदि प्रतिभाहरू देखिएका छन् । यसै परम्परामा भैरव अर्ज्यालकै व्यक्तित्वर प्रभाव परेका प्रगतिवादी हास्यव्यङ्ग्यकारको लाममा विष्णु प्रभात देखापरेका छन् । उनले हास्यव्यङ्ग्य साहित्यका पुस्तकाकार कृति आउनुअघि नै कलम चलाइसकेको पाइन्छ । तीसकै दशकदेखि पचासको दशक सम्म आइपुग्दा खुर्सानी पुराण (२०५१), हास्यव्यङ्ग्य सङ्ग्रह प्रकाशित गर्न पुग्दछन् । यसपछि वि.सं. २०५३ मा उनको

अर्को व्यङ्ग्य सङ्ग्रह 'खुच्चिङ्' प्रकाशित हुन्छ । यसबाहेक उनका अन्य चारवटा 'खुसखुस कम्पनी' (२०६०), 'खुलैखुला कुरा', 'खुलदुली' (२०५६), 'खुराक' (२०६०) नामका हास्यव्यङ्ग्य सङ्ग्रह प्रकाशित भएका छन् ।

निबन्धकार प्रभातले आफ्नो साहित्ययात्राका क्रममा तीसको दशकदेखि आजसम्म धेरै फुटकर निबन्ध र लेखहरूका साथै पुस्तकार कृतिहरू नेपाली साहित्यलाई प्रदान गर्दै आएका छन् । उनका यी निबन्धहरूमा दार्शनिक, सामाजिक, धार्मिक, आर्थिक, साँस्कृतिक र राजनीतिक विषयवस्तु समेटिएका छन् । यी विविध विषय केन्द्रित निबन्धहरूमध्ये मूलतः व्यङ्ग्य निबन्धमा नै बढी सक्रिय रहेका छन् । त्यसोत उनले भैरव अर्ज्यालकै विंडा समाएर हास्यव्यङ्ग्य समीक्षा पनि लेखेको छन्। समसामयिक राजनीतिक र सामाजिक जनजीवनमा देखिएका विसङ्गतिहरूप्रति तीव्र विरोध प्रकट गर्दै सुधारात्मक भाव व्यक्त गर्नु उनको व्यङ्ग्य लेखनको मूल प्रवृत्ति हो ।

## ३.३ विष्णु प्रभातका हास्यव्यङ्ग्य निबन्धहरूको चरण विभाजन

कविता लेखनबाट नेपाली साहित्यमा प्रवेश गरेका हास्यव्यङ्ग्य निबन्धकार विष्णुप्रभातको निबन्धयात्रा खुर्सानी पुराण (२०५१) बाट सुरुवात भई आजसम्म निरन्तर अघि बढिरहेको देखिन्छ । प्रकाशनका दृष्टिले उनको पहिलो हास्यव्यङ्ग्य निबन्ध घर्ती बूढाको अति हो र त्यो खुर्सानी पुराणमा सङ्कलित छ । खुर्सानी पुराण सुरुमै सङ्ग्रहको रूपमा आएको देखिन्छ । त्यसपछि पनि उनका थुप्रैनिबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् । उनको हास्यव्यङ्ग्य निबन्धको लेखनयात्रा त्यति लामो नदेखिएकाले पूर्वार्ध चरण र उत्तरार्ध चरणगरी २ काल खण्डमा विभाजन गर्न सकिन्छ ।

क) पूर्वार्द्ध चरणः २०५१ देखि २०६१ सम्म
ख) उत्तरार्द्ध चरणः २०६१ देखि यता ।

### क) पूर्वार्द्ध चरणः

२०५१ सालमा हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह 'खुर्सानी पुराण' प्रकाशन आएपछि विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धयात्राको प्रथम चरण । पूर्वार्ध कालको सुरुवात भएको देखिन्छ । यद्यपि उनका हास्यव्यङ्ग्य निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा २०५१ सालपूर्व नै प्रकाशित छन् तापनि निबन्धसङ्ग्रहनै प्रकाशनमा आएकोले उनको निबन्धयात्रा २०५१ सालदेखि गणना गर्नु उपयुक्त हुन्छ । यस चरणमा उनका 'खुर्सानीपुराण'निबन्धसङ्ग्रहका अतिरिक्त २०५३ सालमा 'खुच्चिङ' निबन्ध सङग्रह २०५६ सालमा 'खुलदुली' २०५७ मा 'खुलैखुला कुरा' र २०६० मा 'खुराक' शीर्षकका हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहहरू प्रकाशनमा आएका छन् ।

उपर्युक्त पाँचवटा निबन्धसङ्ग्रहहरूको अध्ययन गर्दा उनको नेपाली समाज, धर्म, संस्कृति, राजनीति आदि क्षेत्रमा देखा परेका विकृति र विसङ्गतिहरूको चित्रण गर्दै तीखो व्यङ्ग्य प्रहार गरेका छन् । नेपाली समाजको उन्नति नहुनुमा ठूला-बडा भनाउँदा या देशको बागडोर सम्हाल्न पुगेका नेतृत्ववर्गको असक्षमता नै प्रमुख कारण हो भनेर उनले त्यस्ता नेतृत्ववर्गप्रति आफ्ना निबन्धका माध्यमले औंला ठड्याउने काम गरेका छन् । नेपाली समाजको उन्नति र प्रगतिका लागि देश हाँक्ने नेतृत्ववर्ग, धर्मको ठेकेदार, सोझा पिडितवर्ग, व्यवसायी वर्ग सबैलाई खबरदारी गर्दै चरित्र सुधारको आह्वानसमेत यस चरणका निबन्धमा पाइन्छ ।

२०६० सालमा ४४ वटा निजात्मक व्यङ्ग्य निबन्धहरूको सङ्ग्रह 'खुराक' प्रकाशनमा  आएपछि निबन्धकार विष्णुप्रभातको हास्यव्यङ्ग्य निबन्धयात्राको क्रम झन् अघि बढ्द छ । त्यसपछि २०६० सालमै उनको अर्को कृति बाईसवटा निबन्धहरू सङकलित 'खुसखुस कम्पनी' शीर्षकको हास्यव्यङ्ग्य निबन्धसङग्रह प्रकाशित भएको देखिन्छ ।  यी बाहेक उनका अन्य सङ्ग्रहहरू प्रकाशनमा आइसकेका छैन् तर निरन्तर रूपमा कलम चलाई रहेकाले छिट्टैनै उनको अन्य निबन्धसङ्ग्रह नेपाली पाठकसामु आउने सम्भावना भने जीवित नै छ ।

उपर्युक्त दुई निबन्धसङ्ग्रहको अध्ययनगर्दा पूर्ववत् प्रवृत्तिहरू नै यी कृतिमा पनि छन् । निबन्धहरूको विषय पनि पूर्ववत् नेपाली समाज, राजनीतिक, धर्म, संस्कृतिलाई नै बनाएका छन् र उक्त क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिको भण्डाफोर गर्ने काम गरेका छन् । नेपाली राजनीतिमा आएको मोड प्रतिमोड आउनुमा नेपाली राजनीतिक कर्मीहरूको फोहोरीखेल विदेशी हस्तक्षेप, नेपालभित्र चलिरहेको माओवादी द्वन्द्व तथा गृहयुद्ध, कुनै पनि पदप्राप्तिका लागि गरिने अनैतिक चाकरी प्रथा आदिपक्षलाई उनले आफ्ना निबन्धमा उदाङ्गो पार्ने काम गरेका छन् ।

यसप्रकार २०५१ सालदेखि २०६१ सम्मको समयावधिमा प्रकाशित उनका ६ वटा निबन्धसङ्ग्रहहरूको प्रकाशनकाललाई आधारमानी २०५० को दशकलाई पूर्वार्धचरण र २०६१ पछि हाल सम्म को दशकलाई उत्तरार्ध चरणधारी उनको निबन्धयात्रालाई २ चरणमा विभाजन गर्न सकिन्छ । प्रभातका निबन्धहरू नेपाली समाजका सबै पक्षमा विद्यमान विकृति र विसङ्गतिको चिरफार गर्दै स्वस्थ समुन्नत समाज निर्माण गर्ने उद्देश्यमा केन्द्रित रहेको पाइन्छ ।

### ख. उत्तरार्द्ध चरण

२०६१ देखि यताको अवधिलाई उत्तरार्ध चरणमा राखेर हेर्नु उचित हुन्छ । कालक्रममका दृष्टिले र लेखनको मोड वा प्रवृतिका दृष्टि पछिल्लो काल लोकतान्त्रिक गणतन्त्रको काल देखा पर्दछ र उनका रचनामा पनि त्यसको प्रतिबिम्ब

पाइन्छ । यद्यपि यसकालको सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको भए पनि अनेकौ पत्रपत्रिकामा छरिएका उनका यी निबन्धहरूले त्यसो भन्ने आधार प्रदान गर्दछन् । यस चरणका उनका हास्यव्यङ्ग्य निबन्धमा - अल्छिलाग्दाको टिपोट, नयाँ किसिको बिर्ता, पानी प्रेम, भैरवकी जप, लीलामा लहरिंडा, सामान्यकुरा, तराजु दक्षिणआधुनिकता बादरको पुच्छर, मान्छेका कुरा, मलाई यस्तै लाग्छ, को ठूलो ? मान्छे $\Longrightarrow$ स्वास्नी र लोग्ने तपाई के गर्दै हुनुहुन्छ ? जस्ता रहेका छन् । यी निबन्धमा उनको लेखनमा केही नवीनता थपिएको पाइन्छ । दार्शनिक प्रवृतिमा समेत व्यङ्ग्यात्मक अभिव्यक्ति दिनु, सानो भन्दा सानो कुरालाई विराटपनमा घुमाउनु र विषयगत विविधतालाई कायम राख्नु जस्ता विशेषता देखा पर्दछन् । यो सिर्जनात्मक निरन्तरता जारी रहेको चरणका रूपमा रहेको छ ।

## ३.४ निष्कर्ष

नेपाली साहित्यको हास्यव्यङ्ग्य निबन्ध, समालोचना, दर्शन र संस्कृति जस्ता विविध विधामा कलम चलाउने प्रभातको जन्म वि.सं. २००९ साल बैशाख १० गते माता मनकुमारी र पिता ऋषिराम अर्यालको प्रथम पुत्रका रूपमा पाल्पाको मदन पोखरा १ मा भएको हो । आधुनिकनेपाली साहित्यको प्रगतिवादी घाटामा हास्यव्यङ्ग्य सिर्जनामा कलम चलाउने प्रभातको साहित्य लेखन औपचारिक रूपमा वि.सं. २०२९ सालमा ‘म जगत हेर्दै थिएँ’ कविताबाट भएको हो । उनले थुप्रैविधामा कलम चलाए पनि हास्यव्यङ्ग्य निबन्धमा धेरै फस्टाएको छ ।

२०५१ सालमा प्रकाशित ‘खुर्सानी पुराण’ निबन्धसङ्ग्रहबाट हास्यव्यङ्ग्यकार व्यक्तित्त्वमा उदाएका प्रभातको यसपछि पाँच ओटा हास्यव्यङ्ग्य सङ्ग्रह प्रकाशित हुन पुग्दछन् । ‘खुच्चिङ्’(२०५३), ‘खुल्दुली’(२०५६), ‘खुलैखुला कुरा’ (२०५७), ‘खुराक’(२०६०), ‘खुसखुस कम्पनी’ (२०६०) नामक । यिनै ६ वटा सङ्ग्रहलाई आधार मानेर प्रभातका हास्यव्यङ्ग्य निबन्धहरूको चरण विभाजन गरिएको छ । २०५१ देखि २०६० सम्म पूर्वाध चरण र २०६१ देखि यता उत्तरार्ध चरण । उनका हास्यव्यङ्ग्य निबन्धहरूमा सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक, साहित्यिक आदि क्षेत्रमा भएका विकृति विसङ्गतिलाई शिष्ट तरिकाले उदाङ्गो पार्ने काम गरिएको छ ।

# अध्याय चार

## विष्णु प्रभातका हास्यव्यङ्ग्य निबन्धको विश्लेषण

### ४.१ विषय प्रवेश

विष्णु प्रभात नेपाली साहित्यको क्षेत्रमा हास्यव्यङ्ग्य निबन्धहरू लिएर देखापरेका प्रगतिवादी निबन्धकार हुन् । उनका ६ वटा हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहहरू प्रकाशित भएकाछन् । खुर्सानी पुराण (२०५१), खुच्चिङ् (२०५३), खुलदुली (२०५६) खुलैखुला कुरा (२०५७), खुराक (२०६०) र खुसखुस कम्पनी (२०६०) हुन् । प्रभातले आफ्ना निबन्धमा दार्शनिक विषयवस्तु सँगै सामाजिक, आर्थिक, राजनैतिक, मानवीय विषय पक्रेर व्यवहार र चिन्तनमा देखा पर्ने अस्वाभाविक प्रवृत्ति, विकृति र विसङ्गतिप्रति आफ्नो निबन्धबाट व्यङ्ग्य प्रहार गरेका छन् । उनका निबन्धहरूको विश्लेषण यसरी गर्न सकिन्छ ।

### ४.२ "खुर्सानी पुराण" (२०५१) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको विश्लेषण

'खुर्सानी पुराण' (२०५१) प्रभातको हास्यव्यङ्ग्य निबन्धतर्फको पहिलो प्रकाशित कृति हो । यस निबन्धसङ्ग्रहमा उनका सत्रओटा निबन्धहरू सङ्ग्रहित छन् । ती हुन क) पिरोलिने साथीहरू ख) धर्तीबूढाको अर्ती ग) माथि माहात्त्म्य घ) स्वर्गको कोसेली जुङ्गाको लडाई ङ) महादेवको लीला ज) भाते युगका कुरा झ) पुच्छर हल्लाउने संस्कृति ञ) माथि पुग्ने रहर ट) देखाउनका निम्ति ठ) एक्काइसौं शताब्दीका पुरेत ड) पुतपुतेको देशमा ढ) ओम् वासुदेवाय नमोनयः ण) आधुनिक कलाका तीनरूप त) नजन्मेको मान्छेको मानव अधिकार र खुर्सानी पुराण । यस कृतिको प्रकाशक भैरव प्रकाशन, गोकर्ण, काठमाडौं रहेको देखिन्छ ।

खुर्सानी पुराणमा सङ्कलित सत्रओटा निबन्ध मध्ये शोधार्थीलाई उत्कष्ट लागेका तीन निबन्धहरू (सबभन्दा प्यारो वस्तु, माथि पुग्ने रहर र पुच्छर हल्लाउने संस्कृति) लाई निबन्धगत तत्त्वका आधारमा विश्लेषण गरिएको छ भने सङ्ग्रहमा सङ्कलित अरु सबै निबन्धलाई शीर्षक दिएर समष्टिमा विश्लेषण गरिएको छ ।

#### ४.२.१ सबभन्दा प्यारो वस्तु

खुर्सानी पुराण निबन्धसङ्ग्रहको पाँचौं क्रमाङ्कमा राखिएको निबन्ध 'सबभन्दा प्यारो वस्तु' हो । यस निबन्धमा नाकको बिम्ब प्रस्तुत गर्दै 'मान्छे इज्जतबाट मात्र सर्वप्रिय बन्न सक्छ' भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

## क) विषयवस्तु

'सबभन्दा प्यारो वस्तु' शीर्षक राखिएको निबन्धमा सबभन्दा प्यारोवस्तु भनेर नाकलाई सङ्केत गरिएको छ । नाक इज्जतको विम्व हो । समाजमा देखापरेका विकृति विसङ्गतिप्रति व्यङ्ग्यगर्दै । यसमा सामाजिक विकृतिले पुरोहितवर्ग पनि अछुतो छैन भन्दै टुप्पी पाल्ने पुरोहित र फेसनका पछि दौडने वर्गप्रति व्यङ्ग्य गरिएको छ । निबन्धमा प्यारो वस्तुका विभिन्न उदाहरण दिँदै प्रभातले नाकलाई नै 'सबभन्दा प्यारो वस्तु' भनी सङ्केत गरेका छन् । नाक राख्ने नाममा ढाँट छलकपट अँगाल्ने प्रवृत्तिलाई निबन्धको विषयवस्तु बनाइ उनले व्यङ्ग्य गरेका छन् । विकृति र विसङ्गतिलाई अगाँली कमाएको नाकलाई प्रभातले नक्कली नाकको सञ्ज्ञा दिएका छन् भने इमान्दारीपूर्वक गरिएको कामबाट कमाइएको इज्जत र प्रतिष्ठालाई सक्कली भनेका छन् । नाक राख्ने सन्दर्भमा पृथ्वीनारायण शाहले कीर्तिपुरेका नाक इज्जत काटी आफ्नो प्रतिष्ठा कायम गरेको छोटो चर्चा उनले यसमा गरेका छन् । इज्जत र प्रतिष्ठा जोगाउनका निम्ति अनैतिकता र विकृतिलाई त्यागी स्वस्थ्य समाजको निर्माण गर्न सम्पूर्ण नेपाली एक जुट हुनुपर्छ भन्ने भाव यस निबन्धको विषयवस्तु बनेको छ ।

## ख) उद्देश्य

'सबभन्दा प्यारो वस्तु' निबन्ध नेपाली समाजकै विकृति विसङ्गतिचित्रणमा आधारित भएर लेखिएको छ । मानिस आफू ठूलो बन्नलाई जे जस्तो काम गर्न पनि तयार हुन्छ । नचाहिने काम गर्दा आफ्नो इज्जत प्रतिष्ठा गुमेको थाहा पाउँदैन कसरी आफू ठूलो मान्छे हुने भन्ने मात्र सोच्दछन् । त्यसको लागि ढौट, छल, कपट, गर्न किन नपरोस नाक(इज्जत)फाल्न पनि तयार हुन्छन् । पैसा पछि दौडँदै आफ्नो प्रतिष्ठा इज्जत गुमेको थाहा पाउँदैनन् । यस्तो आफ्नो प्रतिष्ठा, इज्जत गुमाउनेगरी केही काम गर्नु हुदैन, इज्जत र प्रतिष्ठा, जोगाउनका निम्ति अनैतिकता र विकृतिलाई त्याग्नु पर्दछ । यस्तो गर्न सकियो भने स्वस्थ समाजको र देशको निर्माण गर्न सकिन्छ भन्ने सन्देश दिने उद्देश्य यस निबन्धमा रहेको छ ।

## ग) भाषाशैली

प्रस्तुत निबन्ध नौ अनुच्छेदमा रचना गरिएको छ । यस निबन्धमा प्रभातले विकृतिपूर्ण समाजप्रति व्यङ्ग्य गरेका छन् । सरल भाषाशैलीको प्रयोग गरिएको निबन्धलाई आकर्षण बनाउन अनुप्रासमय शब्द र प्रतीकात्मक शब्दको प्रयोग भएको छ । ठग्ने, हग्ने, मान्छे, भान्छे जस्ता अनुप्रास र अनुहारमा भयङ्कर प्वाल

परेको छ जस्ता प्रतिकात्मक शब्दले यो निबन्धको भाषाशैली रोचक बनेको छ । अभिव्यक्त भावलाई चमत्कारपूर्ण र प्रभावकारी तुल्याउन यस्ता उखान-टुक्काको विशेष भूमिका रहन्छ । यहाँ 'आगो ताप्नु मूढाको अर्ती लिनु बूढाको', डाँडा माथिको जुन' 'आफ्नो टाउको जान्छ भने मितको टाउको बेलै सरी' लगायतका उखान टुक्काहरूको प्रयोगले सबभन्दा प्यारो वस्तु निबन्धको भाषाशैलीलाई आर्कषण बनाएको छ ।

### ४.२.२ 'माथि पुग्ने रहर'

खुर्सानी पुराण निबन्धसङ्ग्रहको दशौं क्रमाङ्कमा राखिएको निबन्ध 'माथि पुग्ने रहर' हो । यस निबन्धमा आजकालका मानिसहरू साम, दाम, दण्ड, भेद प्रयोग गरेर भए पनि माथि पुग्न प्रयासरत देखिन्छन् यसो गर्नु गलत हो । आफ्नो हैसियत उच्च पार्न अनैतिकता तर्फ मोडिने व्यक्तिप्रति व्यङ्ग्य गरिएको छ ।

#### क) <u>विषयवस्तु</u>

'माथि पुग्ने रहर' निबन्ध मानव प्रवृत्तिप्रति व्यङ्ग्य गरेर लेखिएको निबन्ध हो । यहाँ देवकोटाको प्रश्नोत्तर कविताको एक हरफ 'उद्देश्य के लिनु, उडी छुनु चन्द्र एक' भन्ने उद्‌गारलाई आधार बनाई 'माथि पुग्ने रहर' निबन्ध लेखिएको आभाषा छ । देवकोटाले मानिसहरू काम नगरी चन्द्रमामा अथवा माथि पुग्न खोज्छन् । यसो गर्नु गलत हो भनेका छन् । मान्छे सधै अगाडि बढ्न चाहन्छ, त्यसैले माथि जाने उच्च आकाङ्क्षा बोकेका आजका मान्छेहरू साम, दाम, दण्ड, भेद प्रयोग गरेर भए पनि माथि पुग्न प्रयासरत देखिन्छन् । यसरी माथि पुग्ने प्रवृत्तिले समाजमा विकृति ल्याएको कुरातर्फ ध्यानाकर्षण गराई व्यङ्ग्य गरिएको छ । माथि पुग्ने रहरले मान्छे द्यौता र दानवका रूपमा विभाजित हुन्छ भन्दै माथि पुग्ने रहर प्रतिस्पर्धायुक्त बनेको छ र यो ज्यादै ऊ शान्तिपूर्ण छ भन्दै आजका मन्त्रीहरू पनि यही रहरले माथि पुगेको यथार्थ प्रस्तुत गरिएको छ । कुर्सीको सानसौकत महत्वपूर्ण नै ठानी अझै माथि जाने रहर पुगेको छैन मेरा साथीहरूलाई भन्ने व्यङ्ग्योक्ति प्रस्तुत गरिएको छ । यो रहरले कुनै पनि पार्टीका मानिसहरूलाई अछुतो राखेको छैन भन्दै नियममुताबिक हिँडने मानिसहरू बिरलै टुप्पोमा पुग्दछन् भनी चिनियाँ लेखक ल्यु सुनको अभिव्यक्ति उनले दिएका छन् । माथि जानुको अर्थ पद र सत्तामात्र नभएर घर गृहस्थीमा बाबुआमा दाजुभाइको बढाइ गरी आफूलाई माथि पुऱ्याउने परम्परा पनि हाम्रो समाजमा देखापरेको कुरा निबन्धमा व्यक्त गरिएको छ । आज हाम्रो समाजमा तपाई र मपाइवादको होड चलेको छ । यसरी माथि जाने तपाईंवाद र

तपाईंवादले कतिञ्जेल माथि पुऱ्याउँछ भन्दै सबै माथि जान चाहने भए तल को बस्ने ? भन्ने प्रश्न निबन्धकारले गरेका छन् ।

माथि पुग्ने रहरले मानिसमा अनैतिकता झुट छल-कपट बढ्दै गएकाले मानिसको भविष्य अनिश्चित छ, अन्धकारमय छ । त्यसैले भविष्य सपारी माथि जान चाहनेले झुट, छल र कपटलाई त्यागी निस्वार्थ, इमान्दार र परिश्रमी बन्नुपर्छ भन्ने कुरा प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ ।

### ख) उद्देश्य

प्रस्तुत निबन्धमा प्रभातले मानिस आफ्नो हैसियत उच्च पार्न अनैतिकतातर्फ मोडिईरहेका छन् । माथि जाने उच्च आकाङ्क्षा बोकेका मानिसहरू साम, दाम, दण्ड भेद प्रयोग गरेर भए पनि माथि पुग्न प्रयासरत देखिन्छन् यसरी माथि पुग्ने प्रवृत्तिले समाजमा विकृति ल्याएको छ । यस्तो विकृतिले मानिसको भविष्य अनिश्चित छ, अन्धकार छ । राम्रो भविष्य बनाउन छल, कतट नगरी इमान्दारीपूर्वक काम गर्नु पर्छ इमान्दारीले काम गऱ्यो भने भविष्य राम्रो हुन्छ होइन भने भविष्य अन्धकार हुन्छ भन्ने सन्देश दिने उद्देश्य निबन्धमा रहेको छ ।

### ग) भाषाशैली

प्रस्तुत निबन्ध प्रथम पुरुष शैलीमा लेखिएको छ । संरचनात्मक दृष्टिले सत्र अनुच्छेदमा संरचित छ । सरल भाषाशैली प्रयोग गरिएको यस निबन्धमा लेखकले थुप्रै ठाँउमा व्यङ्ग्य प्रहार गरेका छन् । आफ्नो हैसियत उच्च पार्न अनैतिकता तर्फ मोडिने व्यक्तिप्रति व्यङ्ग्य प्रकट गरेका छन् ।

'नमरी स्वर्ग देखिन्न' जस्ता थुपै उखान-टुक्काको प्रयोगले निबन्ध रोचक बनेको छ । निबन्धको बीचमा आएका सुन्दर र मार्मिक उखान-टुक्काले भाषामा मिठास थपेको छ । यसमा वामपन्थी जस्ता थुप्रै अनुप्रास अलङ्कारको प्रयोगले निबन्धको अभिव्यक्ति रोचक बनेको छ ।

## ४.२.३ पुच्छर हल्लाउने संस्कृति

खुर्सानी पुराण निबन्धसङ्ग्रहको नवौं क्रमाङ्कमा राखिएको निबन्ध 'पुच्छर हल्लाउने संस्कृति' हो । यस निबन्धमा आफ्नो अक्कल प्रयोग गर्नुका सट्टा अरुको नक्कलमा बाँच्ने हुतिहारा मानवलाई व्यङ्ग्य गरिएको छ । आफ्नो स्वार्थका लागि

मात्र सेवामा जुट्ने व्यक्तिको कार्यव्यापारप्रतिको व्यङ्ग्यात्मक प्रस्तुति यस निबन्धमा रहेको छ ।

## क) विषयवस्तु

यस निबन्धमा पुच्छर हल्लाउने संस्कृति आजको मानवीय प्रवृत्ति हो भनी व्यङ्ग्य गरिएको छ । समाजमा मानवका दुष्प्रवृत्तिले ल्याएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै आज पुच्छरे प्रवृत्ति यति व्यापक छ जसले आफ्नो विचारलाई एकातिर पन्छाएर अरुकै विचारमा समर्थन गर्ने मानव प्रशस्त भेटिन्छन् भन्ने चर्चा गरिएको छ । पुच्छरे प्रवृत्ति सामूहिकताको निशानी नभएर लाचारी संस्कृति हो भन्दै मानिसको सह-अस्तित्व मानिसले नै टुक्र्याएको वर्तमानमा निर्धाहरू बलिया बाङ्गाको पुच्छर नबने बाँच्नै मुस्किल भएको यथार्थको चर्चा गरिएको छ । आज हामी बाध्यता वश नै पुच्छरे प्रवृत्तिको सिकार भएका छौँ भन्ने प्रभातको विचार निबन्धमा प्रकट भएको छ । पश्चिमी नक्कलको गुणगानमा बुद्धिजीवीहरू भिड्दैछन् भनी पश्चिमी सभ्यताको सिको गर्ने नेपाली परिपाटीप्रति व्यङ्ग्य गरिएको छ । साधना र तपस्या नगरी मन्त्रीका पछि लागे जागिर र भत्ता तोकिन्छ भन्दै पुच्छर हल्लाउने संस्कृतिमा रात काट्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । पुच्छरे संस्कृति भनी वाम पार्टीका पछाडि गाँसिने पुच्छरप्रति पनि सङ्केत गरिएको छ । पुच्छर गाँस्ने कलामा सर्वसाधारण व्यक्ति विशेष मात्र साधनारत नभइ बडे-बडे नेतागणदेखि गणतान्त्रिक पार्टीहरू समेत गच्छेअनुसार जुटेको चर्चा गरिएको छ ।

संक्षिप्तमाभन्नुपर्दा राल कढुवाहरू नै आजभोलि बढुवामा परेका भए तापनि समयले सधै उस्तै स्थिति दोहोऱ्याउँदैन । पुच्छर हल्लाउने संस्कृतिको विकल्प अवश्य खोजिनेछ र यस्ता प्रवृत्तिको अन्त्य गरी स्वस्थ राष्ट्र राष्ट्रनिर्माण गरिने कुराको दह्रो अठोट प्रभातले लिएको मात्र नभै पाठलाई पनि दिएकाछन् ।

## ख) उद्देश्य

'पुच्छर हल्लाउने संस्कृति' निबन्ध मानवीय दुस्प्रवृत्तिप्रति व्यङ्ग्य गरेर लेखिएको निबन्ध हो । यस निबन्धमा धेरै विकृति र विसङ्गति प्रति प्रहार गरिएकाछन् । आफ्नो स्वविवेक प्रयोग गर्नुका सट्टा अरुको इसारामा नाचेर अरुको चाकडी गरेर, पछि लागेर ठूलो जागिर खान चाहने । मानिसहरू आफ्नो स्वविवेक मिहिनेत प्रयोग गर्दैनन चाकडी र चाप्लुसीको पछि लागि रहन्छन् । आफ्नो स्वार्थका लागि मात्र सेवामा जुट्दछन् जो पहुँचवाला छ त्यो माथि पुग्दछ जस्को पहुँच छैन त्यो जहाँको त्यहीँ रहन्छ । यस्तो गर्नु गलत हो यसले देश अन्धकारमा धकेलिन्छ यस्तो प्रवृत्तिको

अन्त्यगरी स्वस्थ्य राष्ट्र निर्माण गर्नु पर्छ पुच्छरे प्रवृत्ति त्याग्नु पर्दछ भन्ने सन्दे दिनु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ग) भाषाशैली

लामा छोटा गरी दश अनुच्छेद तथा आठ पृष्ठमा संरचनात्मक आयाम लिएको 'पुच्छर हल्लाउने संस्कृति' निबन्ध प्रथम पुरुष शैलीमा लेखिएको छ । यस निबन्धको भाषा-सरल सहज र आर्कषक छ यस निबन्धका वावय गठन सबै छोटा छरिता छन् । प्रश्नवाचक, विस्मयादिबोधक जस्ता वावय गठन भएको यस निबन्धमा अनुप्रासमय वाक्य ढाँचाले भाषामा मिठास थपेको छ । झुक्ने, लुक्ने, भुक्ने, नाङ्गा, बाङ्गा जस्ता अनुप्रासमय शब्द र गुँजने, पैदा जस्ता आगन्तुक शब्दको प्रयोगले निबन्ध रोचक बनेको छ ।

## ४.२.४ धर्तीबूढाको अर्ती

प्रस्तुत निबन्धमा समाजमा देखापरेको सामाजिक विकृतिप्रति व्यङ्ग्य गरिएको छ । लोकपरम्परालाई आधार बनाई अर्ती दिने र लिने सदियौंदेखि चल्दै आएको वास्तविक यथार्थलाई निबन्धको शीर्षक दिइएको छ । धर्तीबूढालाई निबन्धको मुख्य पात्र बनाएर आफ्नो कामलाई राम्रो र नराम्रो भनी छुट्याउँदै समाजप्रति व्यङ्ग्य गरिएको छ । हाम्रो देशमा रहेको अशिक्षा, अज्ञानता र यथास्थितिलाई निबन्धको विषयवस्तु बनाई त्यसलाई तोड्न सङ्घर्ष गर्नुपर्ने कुरा प्रस्तुत गरिएको छ ।

निबन्धको मूल भाव मान्छेले इमान्दारीपूर्वक गरेका कुनै पनि काम नराम्रो हुदैन व्यवहार गर्दै जाँदा मानिस पूर्ण हुन्छ र उसमा परिपक्वता आउँछ, मान्छेले आँटिलो भएर जायज काममा लागि हक अधिकार प्राप्त गर्न आवाज उठाउन पछि हट्नु हुँदैन, जबसम्म लडेर अधिकार खोजिदैन तबसम्म हक र अधिकार प्राप्त गर्न सकिन्न भन्ने निष्कर्ष निकालिएको छ । निबन्ध एघार अनुच्छेदमा विभाजित प्रश्नोत्तर शैलीमा संरचना गरिएको छ । निबन्धमा प्रथम पुरुष शैली अगाँल्नुका साथै आत्मपरक अभिव्यक्ति पाइन्छ । उखान-तुक्काको शीर्षक दिएर वर्तमान युगको चित्रण गर्नु लेखकको अभीष्ट रहेको छ ।

## ४.२.५ महादेवको लीला

सामान्य सरल भाषामा संरचित प्रस्तुत निबन्ध हास्यभन्दा व्यङ्ग्य चित्रणतर्फ केन्द्रित छ । प्रस्तुत निबन्धमा सामाजिक विकृतिप्रति व्यङ्ग्य गरिएको छ । हाम्रो

समाजमा देखापरेको जानाजानी गल्ती गर्ने र यसको दोष भगवानलाई लगाउँदै जे भयो भगवानकै लीला हो कसैले टारेर टर्दैन भन्ने परिपाटीलाई प्रभातले व्यङ्ग्य गरी निबन्धको विषयवस्तु बनाएका छन् । समाजमा वर्षौंदेखि चल्दै आएको बम्बईका कोठीहरूमा बेचिएपश्चात् पनि कसैको ध्यान नगएको यथार्थ घटनालाई निबन्धमा प्रस्तुत गरिएको छ । यतिमात्र नभई राष्ट्रियतालाई खतरामा पारी फोहोरी राजनीतिक गर्ने व्यक्तिहरूप्रति व्यङ्ग्य गरिएको छ । शिवले छलछामको खेल खेलेझैं आज हरेक मान्छे छलकतट गर्न खप्पिस रहेको कुरा निबन्धमा चर्चा गरिएको छ । आजका मान्छे मुख र पेटका निम्ति विभिन्न प्रकारको लीला रच्दछन् भन्दै पञ्चहरूले मुखको महत्त्वलाई जोड दिए भने प्रजातान्त्रिक सरकारले पेटको महत्त्वलाई जोड दिएको छ भन्ने कुरा प्रस्तुत गरिएको छ । भ्रष्टाचार गर्नु स्वाभाविक हो भन्दै भ्रष्टाचार गरी राष्ट्रलाई खोक्रो बनाउने जनप्रतिनिधि र कर्मचारीप्रति निबन्धकारले चोटिलो व्यङ्ग्य गरेका छन् ।

प्रस्तुत निबन्धममा प्रथम पुरुष शैली अगाँली व्यङ्ग्य प्रहार गरिएको छ । सात अनुच्छेदमा संरचित यस निबन्धमा वर्णनात्मक पद्धति अपनाइएको छ । महादेवको लीला रच्दै समाजमा विकृति ल्याउने व्यक्तिहरूका बिरुद्धमा उठ्ने बेला आएको सङ्केत प्रभातले गरेका छन् । अब पनि यसरी नै चुप लागेर बसेमा राष्ट्र खतरामा पर्नेछ । त्यसैले सहने बेला होइन, नेपाली जनतामाथि फोहरी राजनीति गरी समाजमा विकृति फैलाउने सामाजिक प्रचलनको अन्त्य गर्नुपर्ने भाव व्यक्त गरिएको छ ।

### ४.२.६ भाते युगका कुरा

'भाते युगका कुरा' निबन्ध सामाजिक विकृति र विसङ्गति प्रति व्यङ्ग्य गरेर लेखिएको छ । समाजमा देखापरेको जसको शक्ति उसको भक्तिले गर्दा हात हालाहाल, लुटपाट र लडाइँका प्रतिदिन घट्ने घटनाहरूलाई प्रभातले निबन्धको विषयवस्तु बनाएका छन् । विभिन्न किसिमका विध्वशकारी हतियारको आविष्कार गर्दै । प्रमुख हात पार्ने काम भएको भए पनि आज हरेक मानिस भातका निम्ति बाँचेका छन् । देश र जनताको उन्नति गर्नुभन्दा भोज-भतेर र मोज-मज्जा गर्न रमाउने मानिसलाई उनले निबन्धको विषय बनाई शीर्षक नै'भाते युगका कुरा' भनी आजको युगलाई 'भाते युग' भनेका छन् । आज बातबातमा भातको कुरा उठ्छ र भातकै निम्ति लात खानुपरेको छ भने यो भन्दा मौलिक उपयुक्त एंव सुहाउदो युगको नाम अर्को हुन सक्दैन भन्दै मर्मश्पर्शी व्यङ्ग्य गरेका छन् । निबन्धको मूल भाव व्यक्तिगत स्वार्थमा लागेर सार्वजनिक सम्पत्तिको बेवास्ता गर्ने आजको समाज

र मान्छे भातको द्वन्द्वयुद्धमा झुन्डिएको कुरा प्रभातको यो निबन्धमा व्यक्त गरिएको छ् ।

भात, बात, लात, जस्ता अनुप्रासमय शब्दहरूको प्रयोग गरिएको प्रस्तुत निबन्धमा घुमाउरो पाराले व्यङ्ग्य गरिएको छ । "जसको लामो हात मान्छे उसको साथ" जस्ता नयाँ उखन-टुक्काको प्रयोग गरिएको छ । आठ अनुच्छेदमा बाँडिएको यस निबन्धमा सामाजिक विकृतिका प्रशस्त उदाहरण दिई विवेचनात्मक शैली अपनाइएको छ ।

### ४.२.७ एक्काईसौं शताब्दीका पुरेतहरू

प्रस्तुत निबन्धमा सामाजिक व्यवस्थाप्रति व्यङ्ग्य गरिएको छ । निबन्धमा पत्रकारिता जगतमा भएका विकृति र भ्रमले समाजमा सृजना गरेको नकारात्मक प्रभावको विश्लेषण गरिएको छ  वर्तमान समाजमा भित्रभित्रै कुरालगाई आफ्नो दुनो सोझ्याउने हाम्रा समाजका सदस्यहरूको खराब प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यस्तो प्रवृत्तिले कुनै पार्टी, सरकार, व्यक्ति वा विचारलाई भित्र-भित्रै घुन लगाई व्यक्तिकै इमान्दारिता, नैतिकता, नीति र आदर्श पनि खाएको हुन्छ भन्ने यथार्थलाई विषयवस्तु बनाइएको छ । सञ्चार जगत् पनि नाफाखोरी हुँदै गएकोले समाजमा दिनप्रतिदिन विकृति बढेको छ । पत्रकारले प्रचार गरेको घुनकलाले मान्छेलाई सपार्ने नभई समाजलाई स्वर्गबाट चिप्ल्याएर नर्कमा खसाल्नतिर लागेको भनै दुःख व्यक्त गर्दछन्र छाडा गीतदेखि टेलिभिजनका अश्लील चलचित्र तथा प्रचार सामग्रीसम्मले समाजमा विकृति र विसङ्गतिलाई प्रोत्साहन दिइरहेको तथ्य उनले अघि सारेका छन् । पत्रकारिताले पस्केका नाङ्गो अङ्ग प्रदर्शन कर्मले परम्परा भङ्ग गर्दैन किनकि यो त आधुनिक पुरेतको आम्दानी-कला हो भनी कठोर व्यङ्ग्य गर्दछन्। वर्तमान खस्कँदो मर्यादाहीन तथा अश्लील पत्रकारिता जगत्लाई उनले निकै व्यङ्ग्य गरेका छन् ।

निबन्धको मूल भाव पत्रकारिता जगतले ल्याएको विकृति र विसङ्गतिको अन्त्य गरी जनतालाई साँचो र सुन्दर, शिष्ट र सरल ढङ्गले सुनाएर लोकतन्त्रको जगेर्ना गर्नुपर्ने रहेको छ । पत्रकारिता जगत्मा आएको मर्यादाहीन, स्तरहीन, उच्छृङ्खल प्रवृतिको विषाक्त घुनलाई समूल नष्ट गरेर स्वच्छ र स्वस्थ पत्रकारिता अपनाउनु आजको आवश्यकता हो भन्ने प्रभातको भनाई छ । बाह्र अनुच्छेदमा बाँडिएको लघु आकारको यस निबन्धमा पुरेतलाई पत्रकारको रूपमा लिइएको छ । प्रशस्त उदाहरणका साथै सरल भाषा शैली प्रयोग गरिएको प्रस्तुत निबन्धमा प्रथम पुरुष शैली अँगालिएको छ ।

### ४.२.८ पुतपुतेको देशमा

प्रस्तुत निबन्धमा यातायातका साधनका रूपमा प्रयोग हुँदै आएको वर्तमान विक्रम टेम्पोले वातावरणमा पारेको नकारात्मक प्रभावप्रति व्यङ्ग्य गरिएको छ । विक्रम टेम्पोले वातावरणीय ह्रासका साथै मानिसका जीवनमा पारेको नकारात्मक प्रभावको चर्चा नै यस निबन्धको मुख्य विषय हो । कुनै समयमा सगरमाथा वा मन्दिरै मन्दिरको देश भनेर चिचिनने यो राष्ट्र आज विक्रम टेम्पोको धुँवाले कालाम्यै भएको छ । त्यसैले यस राष्ट्रलाई ‘पुतपुतेको देश’ भन्नु उपयुक्त हुन्छ भनी रचनाकारले शीर्षकको सार्थकता देखाएका छन् । भत्केका सडकहरूले मर्मत सम्भारसम्बन्धी काम गर्नेसम्बन्धित निकाय कानमा तेल हालेर बसेको देखी यस्तो व्यवस्था रहेसम्म राष्ट्रको कुनै क्षेत्रमा विकास नहुने कुरा व्यक्त गरिएको छ । विक्रम टेम्पोबाट निस्कने धुँवालाई नियन्त्रण गर्नुका सट्टा टेम्पोको बृद्धि गरी देशलाई प्रदुषित बनाएको आक्षप लेखकले सत्तासीन पार्टीलाई लगाएका छन् । काठमाडौंका तीन सहर यस किसिमको प्रदुषणबाट मुक्त नभएको हुँदा नेपाललाइ पुतपुतेको देश भनी नाम दिनु अत्युक्ति नहोला भन्ने विचार निबन्धमा प्रकट भएको छ । जनताको वातावरण प्रदूषण नियन्त्रणको सुझावलाई सरकारले महिलाहरूको पैतृक सम्पत्तिमा समान हकको मागलाई रछको टोकरीमा फालेझैं बेवास्ता गरेको आरोप उनले लगाएका छन् । देशको प्रशासन व्यवस्था चुस्त दुरुस्त र जनताको सेवामा भन्दा कमाउनेतिर लागेको देखर प्रभातले राष्ट्रको भविष्यप्रति चिन्ता प्रकट गरेका छन् । यसरी भत्केबिग्रेका वस्तुहरू बनाउनु वा मर्मत गर्नुको सट्टा निस्फिक्री भएर बस्ने सम्बन्धित निकायप्रति व्यङ्ग्य गर्दै यस्तो स्थितिले आफूमा जाँगर हराएको कुरा व्यक्त गर्दै निम्नलिखित उद्गार व्यक्त गरेका छन् ।

“अर्जेलबाजे कहाँ पुगे खै खै थाह छैन,
भूतको भेना कहाँ लागे मलाई थाहा छैन ।
तितौराका तिवारी दाइ श्याम गोतामे
पुतपुतेको देश हेर्दा भए कालाम्य ।”

यसरी प्रस्तुत निबन्धमा वायु प्रदूषण र प्राकृतिक प्रदूषण नियन्त्रण गर्न ठूल-ठूला भाषण गोष्ठी सेमिनार गर्ने मात्र होइन, व्यवहारमा प्रयोग गरिनुपर्छ भन्ने निचोड निकालिएको छ । प्रस्तुत निबन्ध तेह्र अनुच्छेदमा विभक्त छ । प्रथम पुरुष शैली अँगलिएको यस निबन्धमा ठाँउ-ठाँउमा अङ्ग्रेजी शब्दको (मर्निङ्गवाक) प्रयोग गरिएको छ ।

### ४.२.९ ओम् वासुदेवायः नमोनम

प्रस्तुत निबन्ध सामाजिक व्यङ्ग्यमा आधारित निबन्ध हो । धार्मिक प्रवृत्तिको मानिस होस् वा राजनीतिक व्यक्ति, लेखक होस् वा बुद्धिजीवी नै किन नहोस्सबैसँग विभिन्न प्रकारको विकृति अल्झेको कुरा प्रभातले यसमा प्रस्तुत गरेका छन् । काठमाडौँमा आफ्नो घरमा आएका पाहुनालाई 'ल तपाई एकछिन् बस्तै गर्नोस है, म खाना खाएर आउँछु ! भन्ने ज्यादै सङ्कुचित विचारप्रति उनले व्यङ्ग्य गरेका छन् । मान्छेलाई बाँच्न र हाँस्न चाहिने पहिलो कुरा खान्की हो मान्छे किन जन्मन्छ ? खान ! यसरी जन्मेदेखि मर्ने बेलासम्म उसको मूल काम नै खानु हो । पहिले मानिस हल्ला गर्दै खान्थे भने अहिले मानिस बाठो भइसकेको छ, त्यसैले कर्मचारीले घुस लुकेरै खान्छन् मन्त्रीले कमिसन लुकेरै खान्छन् भन्दै समाजमा व्यापक रूपमा फैलिएको घुसप्रथाप्रति व्यङ्ग्य गरिएको छ । यस निबन्धमा उनले हल्ला गरेर खाने मान्छेलाई कौवाको संज्ञा दिएका छन् । आजभोलि बेनियमका कुरामा पनि रीत पुऱ्याएर काम गर्ने कला दलदलका नेतासँग छ भन्दै भोट र नोट बटुल्न ठूला बडा व्यक्ति सिपालु रहेको कुरा व्यक्त गरिएको छ । नेताहरू जसको सभामा गयो त्यही बनिदिएकोमा व्यङ्ग्यगर्छन विशेषगरी जस्तै मजदुरको सभामा म मजदुर हुँ, पत्रकारको सभामा म पत्रकार हुँ भनी जता गयो त्यतै ठिक्क पार्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् ।

यो निबन्ध प्रथम पुरुष शैलीमा लेखिएको छ । कथ्य नेपाली भाषाको ( नेपालले, हन्तकाले, दमाहा) प्रयोग गरिएको यस निबन्धमा प्रश्नोत्तन शैली अगाँलिएको छ । कथ्य नेपाली भाषाको प्रयोगले निबन्धलाई बढी यथार्थ पार्ने प्रयास गरिएको छ । यसमा भात, बात, हात, लात जस्ता थुपै अनुप्रासको प्रयोग गरिएको छ ।

### ४.२.१० नजन्मेको मान्छेको मानव अधिकार

प्रस्तुत निबन्धमा 'गर्भपतनलाई कानुनी मान्यता देऊ !' भन्ने आजको समसामयिक विषयप्रति व्यङ्ग्य गरिएको छ । यस विषयलाई लिएर नजन्मेको मान्छेको अधिकारसम्बन्धी कानुन बनाउँदा जन्मन चाहने प्रत्येक मान्छेले सग्लो र सिङ्गो रूप पाउनुपर्छ । रगतको डल्लो त हो नि ! भनेर भ्रुणहत्या गर्ने परम्पराप्रति उनले व्यङ्ग्य गरेका छन् । समाजमा व्यापक रूपमा फैलिएको बलात्कार र वेश्यावृत्तिलाई अन्त्य गरी, अबैध सन्तान भए मात्र गर्भपतन गर्न पाउने व्यवस्था लागू गर्नुपर्दछ भन्ने प्रभातको भनाइ छ । नेपालमा हाल फोहोर फ्याँक्ने कन्टेनरमा

प्लष्टिकका थैलीमा बन्द भएका बालबालिका भेटिएको यथार्थ चित्रण गर्दै सम्बन्धित निकायलाई यस्तो परिपाटिको अन्त्य गर्न आग्रह गरिएको छ । डाक्टर, वैद्य, सुसारे र सुँडेनी सबैलाई गर्भपतन गराउन सहयोग गर्ने आरोप लगाई औषधि उपचारका रूपमा ज्यान मास्ने र लिने नर्सिङ होमप्रति यस निबन्धमा व्यङ्ग्य गरिएको छ । नेपालीहरूको विदेशी सामान प्रयोग गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै विश्वले बहिष्कार गरेको प्लाष्टिकको झोलाले नेपालमा व्यापक रूपमा ठाँउ ओगटेको सन्दर्भ पनि उल्लेख गरिएको छ । राणा कालमा खुलेको एक मात्र विराटनगर जुटमिल बन्द भएकोमा सम्बन्धित सबैको ध्यानाकर्षण गरिएको छ ।

प्रभात भन्छन् "नजन्मेको मान्छेको अधिकार सुनिश्चित गर्ने हो भने गर्भपतनलाई मान्यता दिने कानुन जलाउनु पर्छ । बहुविवाहलाई स्वतन्त्रता दिनुपर्छ । नारीलाई पुनःविवाह गर्न नदिने विधुवा विवाहप्रतिको बन्देजलाई रछ्यानमा हालेर पुर्नपर्छ" भनी उनी समाज सुधारको अपेक्षा गर्दैछन् । पन्ध्रअनुच्छेदमा संरचित प्रस्तुत निबन्ध प्रथम पुरुष शैलीमा लेखिएको छ । यसमा हुर्कन, फुर्कन, अंशमारा, वँशमारा जस्ता थुप्रै अनुप्रास र एकजना अत्तर लगाएका तम्तम्याइलो अनुहार भएका मान्छेले बोल्न शुरु गरे जस्ता प्रतिकात्मक शब्दले यो निबन्धको भाषाशैली रोचक बनेको छ ।

### ४.२.११ खुर्सानी पुराण

सामाजिक व्यङ्ग्य प्रधान यस निबन्धसङ्ग्रहको अन्तिम निबन्ध खुर्सानी पुराणकै नामबाट यस व्यङ्ग्य सङ्ग्रहको नामाकरण गरिएको छ । तरकारी र अचारलाई ट्वाक्क पार्न प्रयोग गरिने वस्तु खुर्सानीलाई निबन्धको शीर्षक दिई त्यसको उत्पत्तिबारे रोचक जानकारी दिइएको छ । आज पुराण लेख्ने समय नभए पनि छलछाम गरी बलीको बोको बनाउने वर्तमान प्रवृत्तिप्रति व्यङ्ग्यगर्दै खुर्सानीका बारेमा गफ गरेका छन् । छलछामको इतिहास देवताकै पालादेखि चलेको उल्लेख गर्दै बलीपूजा गर्नेदेखि बलीराजको घमण्डी संस्कार आजको मान्छेमा छ । अहङ्कार सर्वव्यापी बनेको छ । प्रत्येक मान्छे आफ्नो स्वार्थ सिद्ध ठार्न तल्लीन रहेका छन् । खुर्सानीको हरेक अर्थ प्रस्तुत गर्दै टिमुर्किएको मान्छेलाई जनाउन 'कस्तो जिरे खुर्सानी जस्तो' भन्नदेखि लिएर बाहिर-बाहिर सज्जन भित्रको दुर्जनलाई जनाउन पनि खुर्सानी जस्ता भलादमी भनी निबन्धकारले व्यङ्ग्य गरेका छन् । पुलिसको रक्षा गर्ने साधन नै खुर्सानी हो भन्दै अन्तरिम सरकार (२०४७) का गृहमन्त्रीले महिलामाथि हुने बलात्कार रोक्न झोलामा खुर्सानीको धुलो आत्मरक्षाकालागि बोक्ने सल्लाह दिएक प्रति कठोर व्यङ्ग्य छ । महिलाहरूले गृहमन्त्रीको भनाईलाई बेवास्ता

गरी नटेरेको कुरा प्रभातले प्रस्तुत गरेका छन् र महिला समानताको पक्ष पोषण गरेका छन् ।

प्रस्तुत निबन्धमा साना मान्छेलाई हेला गर्दा ठुलाठालू पनि सङ्कटमा पर्दछन् र आफ्नो थातबास समेत छाडेर भाग्नुपर्छ । त्यसैले प्रभातले आमनेपाली जनतालाई खुर्सानीको सन्देश भनेकै जतिसक्दो चाँडो हामीले आफ्नो संस्कारबाट साना ठूलाको भेदभावलाई त्यागी स्वस्थ समाजको सिर्जना गर्नुपर्छ भन्ने निचोड यस निबन्धमा दिएका छन् । प्रथम पुरुष शैलीमा लेखिएको यस निबन्धमा दश अनुच्छेदको प्रयोग गरिएको छ ।

### ४.२.१२ पिरोलिने साथीहरू

प्रस्तुत निबन्धमा समसामयिक राजनीतिकमा देखापरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । निबन्धमा प्रभातले मान्छेमा काम गर्ने दुई तरीका प्रस्तुत गरेका छन् । एउटा कुरा बुझेर काम गर्ने, अर्को काम गर्दै कुरा बुझ्ने । काम गर्दै कुरा बुझ्नु नै उपयुक्त ठान्दै नमरी स्वर्ग देखिन्न भनेझैँ मान्छेले नपरी केही काम गर्न सिक्दैन भन्ने व्यङ्ग्योक्ति निबन्धमा पाइन्छ । मान्छेले कुरा बुझेर काम थालेको भए आजको युगमा आइपुग्न ज्यादै कठिन हुने थियो भन्दै आज मान्छे अस्तित्वकै लागि सङ्घर्ष गर्छ, आन्दोलन गर्छ भनी जुम्राको उदाहरण दिएर काम र कर्तव्य नगरी अर्काको भरमा बाँचेका मान्छेप्रति प्रभातले यस निबन्धमा व्यङ्ग्य गरेका छन् । यस निबन्धमा हाम्रो समाजमा चलिआएको धनीहरूले गरीबमाथि गरेको अन्याय र अत्याचारको चित्रण गर्दै यस्ता शोषकको अन्त्य नगरेसम्म समाजमा गरीबहरूले आफ्नो शिर ठाडो पार्न नसक्ने यथार्थ प्रस्तुत गरिएको छ । अत्याचारले सीमा नाघेपछि क्रान्ति अवश्य हुन्छ भन्ने सङ्केत दिँदै व्यावहारिक जीवनमा आइलाग्ने कुराबाट मानिस पारङ्गत हुन्छ तर कितावी ज्ञान हासिल गरेर होइन भन्ने आशय प्रभातको रहेको छ । अन्त्यमा आफ्नै संसारमा रमाउनेहरूलाई वस्तुगत संसारमा ओर्लन समय लाग्छ भन्दै म खाउँ मै लाऊँ भन्ने जैविक प्रवृत्तिप्रति उनले सुधारको अपेक्षा साथ व्यङ्ग्य गरेकाछन् । यो निबन्ध प्रथम पुरुष शैलीमा लेखिनुका साथै दश अनुच्छेदको प्रयोग गरिएको छ ।

### ४.२.१३ स्वर्गको कोसेली-जुङ्गाको लडाई

प्रस्तुत निबन्ध प्रश्नोत्तर शैलीमा लेखिएको छ । निबन्धमा मनुवा र सुम्निमाले संवादात्मक शैलीमा कुरा गरेका छन् । निबन्धमा जुँगालाई शक्तिको प्रतीक मानिनुका साथै लडाइँलाई विनाशको प्रतीक मानिएको छ । प्रस्तुत निबन्धमा

विश्वमा देखापरेका राजनीतिक व्यवस्थाप्रति प्रभातले व्यङ्ग्य गरेका छन् । उनले सृष्टिको सुरुवातदेखि नै चल्दै आएको म ठूलो हुँ भन्ने होड आज पनि कायमै रहेको कुरा निबन्धमा देखाएका छन् । आज राष्ट्र-राष्ट्र बीचमा देखिएको शक्तिसङ्घर्ष र राजनीतिमा देखापरेको अस्वस्थ प्रतिस्पर्धा आदि सबै स्वर्गबाट प्राप्त भएको कोसेली स्वरूप हरेक वर्गले ग्रहण गरेको कुरा देखाइएको छ । जुँगाको लडाइँलाई शक्तिको प्रतीकका रूपमा लिइएको छ । निबन्धमा अस्वस्थ शक्तिसङ्घर्षप्रति व्यङ्ग्य गरेका छन् । यस्तो प्रतिस्पर्धाले आज कैयौँ राष्ट्रहरू उद्योगतिर ढल्कदै छन् भने सर्वसाधरण जनताका घरपरिवार समेत यसबाट अछुतो नरहेको कुरा निबन्धमा प्रस्तुत गरिएको छ ।

जुँगाको लडाइँ वास्तवमा नेपालको दुर्भाग्य हो भन्दै प्रभातले नेपालको इतिहासमा यही लडाइँले कैयौँ भाइभारदारको कोतपर्व र भण्डारखाल पर्वमा टाउको उडाइएका घटनाहरूको चर्चा गरेका छन् । जुँगाको लडाइँ आजको राजनीतिमा व्यापक चलेको छ भन्दै जनता र राष्ट्रको हितमा प्रतिस्पर्धा नभएर व्यक्तिगत स्वार्थका निम्ति कुर्सीमा पुग्ने प्रतिस्पर्धा हो भनिएको छ । यस्तो प्रतिस्पर्धको अन्त्य नभएसम्म जुँगाको लडाइँले प्रश्रय पाइनै रहनेछ । जुँगाको लडाइँ भनेको अस्वस्थ प्रतिस्पर्धा हो । यसबाट हालसम्म कुनै समाज र राष्ट्रले उन्नति गर्न नसकेको यथार्थ प्रस्तुत गर्दै यस्तो राजनीतिले देश र जनता उद्योगतितिर लाग्ने छन् भन्ने सङ्केत दिइएको छ । स्वस्थ प्रतिस्पर्धा गर्न जुँगाको लडाइँको अन्त्य गरेर मात्र सबैको कल्याण हुन सक्छ भन्ने विचार प्रभातले दिएका छन् ।

### ४.२.१४ मंङ्गलाचरणको चक्करमा

बाह्र अनुच्छेदमा विभाजित प्रस्तुत निबन्धमा प्रथम पुरुष शैली प्रयोग गरिएको छ । निबन्धको शीर्षक कुनै मङ्गल काम गर्दा गरिने भगवान्‌को स्तुतिबाट निर्धारण गरी त्यसको गलत प्रयोगप्रति व्यङ्ग्य गरिएको छ । “मङ्गलाचरणको चक्करमा” आजको राजनीतिक व्यवस्थाप्रति व्यङ्ग्य गरिएको निबन्ध हो । यस निबन्धमा कुनै पनि काम थाल्नुअघि गरिने इष्टदेवता वा भगवान्‌को स्तुति आज ठूला-बडा रिझाउन गरिने चाकरीको रूपमा प्रस्तुत गरिएको छ । आफ्नो उन्नति गर्न चाहनेले ठूला-ठूला व्यक्तिहरूको महिमा गाउनु आज अनिवार्य छ भन्दै आफूले यस्तो काम नजान्दा जहाँको त्यहीँ रहेको व्यङ्ग्योक्ति प्रभातले प्रस्तुत गरेका छन् । समाजमा इज्जत र प्रतिष्ठा कमाउनु छ भने यो कला सिक्नु आवश्यक छ भन्ने व्यङ्ग्यत्मका दृष्टिकोण प्रस्तुत गर्दै लेखनाथ पौडेलले आफ्ना कृतिहरूमा मंङ्गलाचरण शैली अपनाएकाले नै रथयात्राका भाग्यमानी बने भनी व्यङ्ग्य गरिएको छ । उक्त

शैली समाजका हरेक क्षेत्रमा व्यापक रहेको चर्चा गर्दै मङ्गलाचरण शैली अपनाउन नजान्ने मान्छेले देवकोटाले पाएको पगरी “पागल” पाउनेछन् भन्ने व्यङ्ग्योक्ति प्रस्तुत गरिएको छ । निबन्धमा इमान्दारीपूर्वक काम गर्ने मानिस यथास्थितिमा रहेको र नेता वा सरकारको महिमा गाउन खप्पिस भएकाहरू राष्ट्रिय राजदूत पदमा नियुक्ति भएको वास्तविकताको चित्रण गर्दै प्रशंसा र महिमा गाएको भरमा पदनिर्धारण गरिने व्यवस्थाप्रति प्रभातले असन्तुष्टि व्यक्त गरेका छन् ।

निबन्धका अन्त्यमा राजेश्वरीले राज्य चलाइ बस्छु, सती जान्न भनी पुकार गर्दा उनको विचारको सुनुवाई नै नभएझैँ हुनजान्छ भन्दै विवेकलाई बन्धकी राखेर बैभव बटुल्ने वीर सामु निर्वैयक्तिक निष्ठामा निहुरेको निधीसँग कमण्डलु बाँकी हिँडनुबाहेक के नै बिकल्प रहन्छ भन्ने चिन्तनपरक अभिव्यक्ति उनले प्रस्तुत गरेका छन् ।

## ४.२.१५ आधुनिक कलाका तीनरूप

आधुनिक कलाका तीनरूप निबन्ध बाल्य अवस्थामा भोगेका केहस संस्मरणहरूलाई समेटदै लेखिएको छ। यो निबन्ध राजनीतिक व्यङ्ग्य प्रधान छ । प्रभातले बिर्को नभएको भाँडोमा बुझो लगाउने भन्ने शब्दलाई व्यङ्ग्यात्मक शैलीमा मिलाई विभिन्न सन्दर्भ प्रयोग गरेका छन् । आधुनिक कलाका तीन रूप टाल्ने, बुझो लगाउने र चुकुल ठोक्ने चर्चा गर्दै यी तीनको अर्थ क्रमशः फाटे भत्केको टाल्ने कुनै पनि सामान पोखिनबाट जोगाउन लगाइने बुझो बिर्को र चुकुलको अर्थ भित्रभित्रै जे गरे पनि कसैले थाहा नपाउन् भनी लगाइने छेस्किनी हो । यी ती कला आज अनिवार्य भएको चर्चा गर्दै चुकुल ठोक्ने सजिलो उपाय नेतालाई भोट, हाकिमलाई नोट र कारिन्दालाई खोट देखाउन सके जस्तोसुकै काम पनि सजिलै बन्न सक्छ भन्ने व्यङ्ग्योक्ति निबन्धमा पाइन्छ । जनताद्वारा नेताहरूले गरेका गल्तीलाई सच्चाउन धर्ना दिँदा भित्र बसेर ज्यान जोगाउने नेताहरू प्रशस्त भेटिन्छन् भन्दै आजभोलि व्यापक रूपमा फैलिएको मुख टाल्ने प्रवृत्तिप्रति उनी चिन्तित देखिन्छन् । यस रचनामा सामान्य जीवन यापन गर्ने मान्छेका समस्याहरू समाधान गर्ने मानिसको कमी भएको चर्चा गर्दै समाजमा फैलिएका विकृतिप्रति चिन्ता व्यक्त गरिएको छ । आमाले बच्चालाई दुध खुवाएर चुपचाप गराए जस्तै सत्तापक्षले विपक्षीद्वारा गरिएको बकबक बन्द गर्न विदेश पठाई बुझो लगाइएको यथार्थ प्रति व्यङ्ग्य गरिएको छ । यो परम्परा इतिहासदेखि आजसम्म निरन्तर कायम रहेकाले यसले समाज र राष्ट्रलाई अधोगतितर्फ धकेल्छ भन्ने भाव निबन्धमा प्रस्तुत भएको छ ।

प्रस्तुत निबन्ध सात अनुच्छेदमा विभाजित छ । आत्मपरक अभिव्यक्ति भएको यस निबन्धमा ठाउँ ठाउँमा अङ्ग्रेजी भाषा, चिकेन, किपक्वाइट जस्ता शब्दहरूको प्रयोग गरिएको छ । टालो, बुझो, जस्ता झर्रा नेपाली शब्दहरूको प्रयोग गर्नुका साथै सरल भाषामा निबन्धको रचना गरिएको छ ।

### ४.२.१६ माथि महात्म्य

'खुर्सानी पुराण' निबन्धसङ्ग्रहको दोस्रो क्रमाङ्कमा रहेको निबन्ध हो 'माथि महात्म्य' । यो निबन्ध प्रभातको अरू निबन्ध रचनाहरू जस्तै मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको निबन्ध हो । प्रस्तुत निबन्धमा कुनै पनि काम आफूलाई थाहा हुँदाहुँदै पनि मलाई थाहा छैन भनी कर्तव्यबाट पन्छिन् खोज्ने प्रवृतिप्रति व्यङ्ग्य गरिएको छ । काठमाडौ शिवजीको बस्ती हो । त्यसैले यहाँ नशालु पदार्थको कुनै अभाव छैन भन्दै जहाँतही देखिने नशालु पदार्थको सेवन र यसले ल्याएको विकृतिप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै निबन्धमा सुन चोर्नेदेखि मूर्ति चोरसम्म यहाँ छन् र ती को हुन् ? भन्ने थाहा भए पनि उनीहरूबाट फाइदा लुटिरहेका व्यक्तिहरू वास्तविकता लुकाएर पन्छिने् तथा सोझा सिधा फँस्ने परम्परा फैलिएकोमा प्रभातले दुःख व्यक्त गरेका छन् । आज मानिस कर्तव्यबाट च्यूत हुँदै गइरहेको छ । व्यक्तिगत स्वार्थमा दिनरात मान्छे तल्लीन छ । कसैलाई साझा सवालहरू कोटयाउने फुर्सद छैन भन्दैनिबन्धमा राष्ट्रको भविष्यप्रति चिन्ता व्यक्त गरिएको छ । हरेक मानिसमा आफूबाट हुने काम पनि अरूलाई देखाइदिएर पन्छिने् प्रवृत्ति बढ्दै गएर हरेक कामलाई झुलाने भोलिवादको व्यापकता रहेको चर्चा गरिएको छ ।

भोलिवादको प्रक्रिया रही रहेमा देश संङ्कटमा पर्नुमा साथै अझ विकराल स्थितिको सिर्जना हुनसक्ने आशंङ्का व्यक्त गरिएको छ । निबन्धको मूल भाव सम्पूर्ण नेपालीहरूले प्रयास गरेमा मात्र राष्ट्रको विकास हुनसक्छ, अन्यथा नेपाल र नेपालीको अस्तितव खतरामा पर्न जानेछ भन्ने रहेको छ । प्रस्तुत निबन्ध सरल भाषा शैलीमा लेखिएको छ र सात अनुच्छेदमा विभाजित छ । निबन्धका ठाँउ-ठाँउमा प्रश्नोत्तर शैलीको प्रयोग गरिएको छ । निबन्धमा कथा भन्ने र सुन्ने हाम्रो परम्परालाई अँगालिएको छ । कतै कतै आजाद जस्ता उर्ड भाषाको पनि प्रयोग गरिएको छ ।

### ४.२.१७ देखाउनका निम्ति

मानवीय प्रवृतिप्रति व्यङ्ग्य गरिएको यस निबन्धमा प्रभातले अर्कालाई देखाउनका निम्ति र व्यक्तिगत स्वार्थमा गरिने काम भनी कामलाई दुई भागमा

वर्गीकरण गरी चर्चा गरेका छन् । देखाउनका निम्ति सच्चा मनले गरिने काम प्रेरणाको बिन्दु हुनसक्छ तर आज यसको ठीक विपरीत मान्छेले व्यक्तिगत स्वार्थका लागि काम गरेको तथ्य निबन्धमा प्रस्तुत गरिएको छ । भित्र-भित्रै अनैतिक काम गरी आफूलाई आदर्श व्यक्तित्वका रूपमा देखाउने स्वास्थ्य संस्था, धार्मिक, शैक्षिक क्षेत्रमा दिइएको चन्दाका भरमा सफल हुने आजका भद्रभलादमी प्रति व्यङ्ग्य गरिएको छ । मानिस सर्वश्रेष्ठ प्राणी भएर पनि अरूको सेवा गर्न सक्दैन तर मानिसद्वारा निर्मित कुर्सी टेबल जस्ता निर्जीव वस्तुले निस्वार्थ सेवा गरेको छ भन्दै निबन्धमा मानिसको असामाजिक प्रवृतिलाई प्रहार गरिएको छ । मानिसले आफूमा भएको ज्ञान, विवेक, तर्क र तथ्यको प्रयोग नगरी अज्ञानतालाई आफ्नो ठान्छ भावनालाई राम्रो मान्छ र मौनतालाई महत्व दिंदै हरेक काममा झुटले सिँगारपटार गर्छ भन्ने आरोप प्रभातले लगाएका छन् । आफूलाई सर्वश्रेष्ठ ठान्ने मानव अस्तित्वको सङ्घर्षमा निराश भई कायरता पूर्वक आत्महत्या गर्छ बलत्कार जस्तो नीच कर्म गर्छ भन्ने भाव निबन्धमा व्यक्त गरिएको छ ।

निबन्धमा समाजमा जमिन्दार भनाउँदाहरूले गरीब किसानमाथि गरेको शोषणप्रति व्यङ्ग्य गरिएको छ । मान्छेमा लोभ र षडयन्त्र बढ्दो छ भने देखाउने र चपाउने दुई दाँत भए जस्तै मानवीय प्रवृत्ति पनि देखाउने र चपाउने भएको कुरा चर्चा गरिएको छ । यसरी निजी स्वार्थको साँधुरो घेराभित्र रहेका मानवलाई त्यसबाट निस्किएर फराकिलो समाजको सिर्जना गर्न प्रभातले आग्रह गरेका छन् । संवादात्मक अभिव्यक्ति भएको प्रस्तुत निबन्धमा अति उच्च आदरार्थी आइसिन्छ, चपाइसिन्छ, गरिसेला जस्ता शब्दहरूको प्रयोग गरिएको छ । प्रथम पुरुष शैलीमा लेखिएको यस निबन्धमा गुडन्ते, बुडन्ते र उडन्ते जस्ता अनुप्रासमय शब्दहरूको प्रयोग गरिएको छ ।

## ४.३ खुच्चिङ् (२०५३) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको विश्लेषण

'खुच्चिङ्' (२०५३) प्रभातको हास्यव्यङ्ग्य निबन्ध तर्फको दोस्रो कृति हो । यस निबन्धसङ्ग्रहमा उनका बाइसओटा निबन्धहरू प्रकाशितछन् । ती हुन (क) जिल्याउन सिकौं(ख) कान फुक्ने कला (ग) पालिस (घ) प्रो-पदावलीको महिमा (ङ) निजीकरणको अभियान (च) झण्डा हल्लाउनेको समर्थनमा (छ) सजिलोका निम्ति ( ज) बुद्धिमान् गोठालाको कथा (झ) भुरे-पार्टी जिन्दाबाद (ञ) नेता प्रशिक्षण भेला ( ट) संसदीय संगोष्ठी (ठ) पारदर्शिता (ड) भूतपूर्वमा भौँतारिदा (ढ) तेल घस्ने खेल (ण) कुराउनी कुरा (त) लण्ठूराजको पगरी (थ) योग्य मानिसको खोजी (द) विष्णुमतिका बकुल्लाहरू(ध) भविष्यका मन्त्रीहरू(न) मित्रता (प) उत्पातउत्पातका

विद्वान्हरू र (फ) सत्र पार्ने दाउमा । यस कृतिको प्रकाशक कल्पवृक्ष प्रकाशन काठमाडौँ रहेको देखिन्छ ।

खुच्चिङ्मा सङ्कलित बाइसओटा निबन्ध मध्ये शोधार्थीलाई उत्कृष्ट लागेका तीन निबन्धहरू (कान फुक्ने कला, योग्य मानिसको खोजी र नेता प्रशिक्षण भेला) लाई निबन्धगत तत्वका आधारमा विश्लेषण गरिएको छ भने अरू सङ्ग्रहमा सङ्कलित सबै निबन्धलाई शीर्षक दिएर विश्लेषण गरिएको छ ।

### ४.३.१ कान फुक्ने कला

'खुच्चिङ' निबन्धसङ्ग्रहको दोस्रो क्रमाङ्कमा राखिएको निबन्ध 'कान फुक्ने कला' हो । यस निबन्धमा प्रभातले कान फुक्ने कलाको प्रयोग पहिला हाम्रा पुर्खाले एकता र बन्धुत्वको विस्तारका निम्ति गरेका थिए भने आज भोलि चुक्ली लगाएर उच्च ओहदामा पुग्नको लागि कान फुक्ने गर्दछन्भन्ने कुरा देखाउन खोजेका छन् ।

#### क) विषयवस्तु

प्रस्तुत निबन्ध मानवीय दुस्प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । प्रभातले कानफुक्ने कलालाई चुक्लीखोर प्रवृत्तिको संज्ञा दिएका छन् । चुक्लीखोर प्रवृत्ति ज्यादै व्यापक छ । आजका नेता हाकिम जि.एम. कसैद्वारा फुकिएको वा चढाइएको भेटबाट प्रभावित भइ तुरुन्तै त्यस्ता व्यक्तिहरूको काम पूरा गरिदिने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । वास्तवमा कान फुक्ने कलाको प्रयोग हाम्रा पुर्खाहरूले एकता र बन्धुत्वको विस्तारका निम्ति गरेका थिए । कानफुक्ने कलाको तात्पर्य बौद्ध दर्शनको शून्य जस्तै गतिशील छ तर आज मान्छेले एकता र बन्धुत्वलाई त्यागेर व्यक्तिगत स्वार्थका निम्ति कानफुक्ने कलालाई स्विकारेको पाइन्छ । यसरी यस कलाले कुनै नेता र हाकिमलाई मात्र गलत कार्य गर्न उत्साहित गरेको नभएर यसले एउटा परिवारभित्र भै-भगडा सिर्जना गरेको विसङ्गतिको यथार्थ चित्रण निबन्धमा प्रस्तुत गरिएको छ । यस कलाले मानिसलाई अभिमानी बनाएको छ । समाजमा कलहको बीऊ रोपिदिको छ भन्दै उनले समाज परिवार र राष्ट्र नै कलहबाट खण्डित हुने स्थितिको सिर्जना हुन बेर लाग्ने छैन भन्ने अभिव्यक्ति प्रस्तुत गरेका छन् । यस्तो विकृतिले व्यक्ति परिवार समाज र राष्ट्रलाई नै अधोगतितर्फ धकेल्छ । कान फुक्ने कला मानवीय तहबाट माथि पुगेर ईश्वरीय कला बन्न पुगेको छ । यस प्रवृत्तिबाट कोही मुक्त नरहेको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । यस कलाले विश्वलाई नै सर्लक्क खाएको छ भन्दै घरभित्र होस् वा देश, महादेशका बीच

होस् कान फुक्ने कलाकोतात्पर्यनै विसङ्गत व्यवहार हो र त्यसबाट विभिन्न युद्ध र कलह पैदा गराएको छ भन्नेविषयवस्तु यस निबन्धको रहेको छ ।

### ख) उद्देश्य

प्रस्तुत निबन्धमा मानिसले आफू उच्च ओहदामा पुग्नकालागि चुक्ली लगाएर वा कान फुकेर आफू माथि पुग्न खोज्छ र कान फुक्ने कलाले गर्दा आजका मान्छे एकातयासले लडिरहेका छन् भन्ने दर्शाइएको छ । यसरी यस कलाले नेता र हाकिम मात्र गलत कार्य गर्न उत्साहित नभएर यसले सबै परिवारभित्र झै-झगडा सिर्जना गरेको छ । राष्ट्रलाई सङ्कटमा पारेको छ र मान्छेलाई स्थार्थी बनाएको छ । यहाँ कान फुक्ने कला वा चुक्लीखोर प्रवृत्तिको अन्त्य नगरेसम्म मान्छेले मान्छेप्रति सद्व्यवहार गर्न सक्दैन र विश्वमा युद्ध र कलहको अन्त्य सम्भव छैन भन्दै शान्ति चाहने हरेक व्यक्तिले कान फुक्ने कलालाई त्याग्नु पर्छ भन्ने सकारात्मक सन्देश दिनु नै यस निबन्धकोउद्देश्य रहेको छ ।

### ग) भाषाशैली

सरलभाषाशैलीको प्रयोग गरेर लेखिएको प्रस्तुत निबन्धमा एक ठाँउमा संस्कृत भाषा (सर्वे भवन्तु सुखिन) को प्रयोग गरिएको छ । अनुच्छेदका ठाँउठाँउमा प्रश्नार्थक वाक्य (के फुक्ने ? कान किन फुकिन्छ ? को प्रयोगगर्दै फुक्दै, थुक्दै, भुक्ने, लुक्ने, डुल्ने, भुल्ने, फल्ने जस्ता थुप्रै अनुप्रास अलङ्कारको प्रयोगले निबन्ध उत्कृष्ट बनेको छ ।

“आगो फुक्नु ढुङ्ग्राले किला ठोक्नु भुङ्ग्राले” जस्ता नवीन उखानले गर्दा यो निबन्धको भाषाशैली चिताकर्षक बनेको छ । जम्मा पाँच पृष्ठमा संरचित ‘कान फुक्ने कला’ निबन्ध लामा छोटा गरी जम्मा तेह्र अनुच्छेदमा विभाजन गरिएको छ । सबै भन्दा छोटो चार हरफको अनुच्छेद र सबै भन्दा लामो तेइस हरफको अनुच्छेद रहेको छ ।

### ४.३.२ योग्य मानिसको खोजी

खुच्चिङ् निबन्धसङ्ग्रहको सत्रौं क्रमाङ्कमा राखिएको निबन्ध ‘योग्य मानिसको खोजी’ हो । यस निबन्धमा प्रभातले पढेर उच्च शिक्षाको प्रमाणपत्र लिँदैमा योग्य मानिस बन्न गाह्रो छ । आज योग्य मानिस नातावाद र कृपावादबाट छानिन्छन् भन्ने सामाजिक विसङ्गतिलाई यस निबन्धमा व्यक्त गर्नु भएको छ ।

## क) विषयवस्तु

'योग्य मानिसको खोजी' निबन्ध मानवीय दुस्प्रवृत्तिप्रति व्यङ्ग्य गरेर लेखिएको छ । यस निबन्धमा योग्य मानिसको खोजी भनेको मुसाको कथा नभएर जननिर्वाचित माननीयहरू मध्येखोजी गरिएको योग्य मानिसको चर्चा छ । योग्यताको निर्धारण गर्दा आवश्यक भाँडाकुँडा निश्चित गरिनु पर्दछ । टाठा बाठाले ठगी खाने भाँडो आज हाम्रो देशमा रहेको गरिबी भएको चर्चा गरिएको छ । महिला विकास तथा वातावरण संरक्षण, मानव अधिकार आदिका नामबाट लिइएको अनुदान र त्यसका भरमा चलेका गैरसरकारी संघ संस्थाप्रति लेखकले सङ्केत गरेका छन् । आज यी विविध विषयमा-गैरसरकारी संस्था बने, गोष्ठी भए, सेमिनार गरिए, कार्यपत्र प्रस्तुत गरिए ठूला-ठूला पाँचतारे होटलका बिलसँगै प्रतिवेदन तयार गरेर दातृसस्थामा पुगेपछि हरिया डलर हात पर्छन् तब देश विकास कसरी हुन्छ ? आजको मान्छे पैसाका निम्ति अनेकौं राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका गैर सरकारी संस्था खोलेर देश विकासका नाममा ठगीखाने प्रवृत्तिमा लिप्त हुन्छ । सच्चा नागरिकले त्यस्तो खराव प्रवृति नत्यागेसम्म राष्ट्र समृध्द नबन्ने तथ्य यस निबन्धमा व्यक्त गरिएको छ । पढेर उच्च शिक्षाको प्रमाणपत्र लिँदैमा योग्य मानिस बन्न अब गाह्रो छ । योग्य मानिस मन्त्री र नेताको कृपादृष्टिमा छानिने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । आज योग्य मानिस नातावाद र कृपावादबाट छानिन्छ । योग्यता र दक्षताका आधारमा योग्य मान्छे वामपार्टीले छान्द छन् भन्ने धारणा पनि गलत भएको छ । यस्तो परम्परा रही रहेमा वास्तविक योग्य मान्छे ओझेलमा पर्ने र योग्यताहीन मानिसले महत्वपूर्ण पद पाउँदा राष्ट्रलाई हुने क्षतिप्रति प्रभात चिन्तित देखिन्छन् यही विषयवस्तु यस निबन्धमा रहेको छ ।

## ख) उद्देश्य

यस निबन्धमा आजका मान्छेप्रति व्यङ्ग्य गरिएको छ । आजभोलिको जमानामा योग्य मानिस पाउन गाह्रो छ । यहाँ राम्रो दक्ष मानिस माथि पुग्न सक्दैन । यहाँ योग्य मानिस त नेता र मन्त्रीको कृपादृष्टिबाट छानिने गर्दछन्। पढ्रेर उच्च शिक्षाको प्रमाणपत्र लिँदैमा योग्य मानिस बन्न अब गाह्रो छ । आज योग्य मानिस नातावाद र कृपावादबाट छानिन्छन् । यस्तो परम्परा रही रहेमा वास्ताविक योग्य मान्छेले मौका पाउँदैन र योग्यताहीन मानिसले महत्वपूर्ण पद पाउँछन् । यसलेगर्दा राष्ट्रलाई ठूलो क्षति हुन्छ । यहाँ नातावाद र कृपावादको अन्त्यगरी योग्यता र दक्षताको पहिचान सहित असल मान्छे खोज्नु पर्छ भन्ने यस निबन्धको उद्देश्य रहेको छ ।

## ग) भाषाशैली

प्रस्तुत निबन्ध तृतीय पुरुष शैलीमा लेखिएको छ । विवरणात्मक पद्धतिमा लेखिएको यस निबन्धमा वस्तुपरक अभिव्यक्ति पाइन्छ । 'नयाँ पुरेतका तीन घर्के तीलक' जस्ता उखान टुक्काको प्रयोगले यो निबन्धको भाषाशैली व्यङ्ग्यात्मक भएको छ । यहाँ  औगात, सौगात, खानु, लाउनु, आउनु, जानु, जस्ता अनुप्रास अलङ्कारको प्रयोगले यस कथनमा मिठास थपेको छ । जम्मा दुई पृष्ठमा संरचित 'योग्य मानिसको खोजी' निबन्ध लामा छोटा गरी पाँच अनुच्छेदमा विभाजन गरिएको छ । सबै भन्दा छोटो नौ हरफको अनुच्छेद २ र सबै भन्दा लामो उन्तिस हरफको ५ अनुच्छेद रहेको छ ।

## ४.३.३ नेता प्रशिक्षण भेला

खुच्चिङ् निबन्धसङ्ग्रहको दशौं क्रमाङ्कमा राखिएको निबन्ध 'नेता प्रशिक्षण भेला' हो । यस निबन्धमा राजनीति भित्र भएका विकृति-विसङ्गतिप्रति व्यङ्ग्य गरिएको । यहाँ नेताहरूले चुनावको बेला कार्यकर्ताहरूको जमघट गराई आगामी सरकार हाम्रो हुनेछ , जसरी भए पनि जित्नुपर्छ भन्ने भाषण गर्दछन्। पछि कसैको वास्ता गर्दैनन् भन्ने तथ्य देखाइएको छ ।

## क) विषयवस्तु

यस 'नेता प्रशिक्षण भेला' निबन्धमा राजनैतिक क्षेत्रका अनेकौं विकृति र विसङ्गतिहरूलाई उदाङ्गो पार्ने प्रयास उनले गरेका छन् । वर्तमान राजनैतिक अस्थिरताका कारण कारण हरेका पाँच वर्षमा एकपटक हुने चुनाव बेला न कुबेला भईदिएर चुनाव एउटा नशाका रूपमा परिणत भएको छ । चुनाव भन्ने वित्तिकै नेता र कार्यकर्ताहरूको जमघट भई नेताहरूले आगामी सरकार हाम्रो हुनेछ , जसरी भए पनि जित्नुपर्छ, भन्ने भाषण दिंदै कार्यकर्ताहरूबाट आफूलाई जिताउन मिठो बोल्ने गरेको विसङ्गति चित्रण गरिएको छ । कार्यकर्ताहरू यसको समर्थनगर्नेको पल्टन बनेको छन् र आफ्नो वरिपरि थपडीवाल मान्छे तयार गर्नु राष्ट्रिय मान्यता प्राप्त दलको कर्तव्य बनेको कुरा दर्शाइएको छ । आजका नेताले मध्यम वर्गीय बुद्धिजीवीलाई पक्ष वा विपक्षमा खडा गरी नोटद्वारा किन्छन् भन्दै यसरी पढेलेखेका बुद्धिजीवी पनि पैसामा बिक्नु नेपालको दुर्भाग्य भएको चर्चा प्रभातले गरेका छन् । चुनावमा आफ्ना कार्यकर्ताहरूलाई धाँधली गर्न नेताहरूले दिएको निर्देशनको उल्लेख गर्दै परिवर्तनका नाउँमा उपयोगी वस्तुहरू भत्काउने र बिगार्ने काम नगर्नेआग्रह सबैलाई गरिएको छ । कार्यकर्ताहरूको प्रश्न सुनेर जब नेताहरू आच्छु आच्छु

हुन्छन् त्यसबेला नेता प्रशिक्षण भेला आवश्यक छ भन्दै नीतिगत व्यवहार राम्रो भएका नेताहरूको समर्थन गर्ने गल्ती कहिल्यै गर्नुहुदैन भनी भ्रष्ट र अनैतिक नेताहरूको पछि लाग्ने व्यक्तिहरूप्रति व्यङ्ग्य गर्दछन्। जनताद्वारा संसद्मा पुगेका नेताहरूलाई उल्टै उपहार लिई चाकडीमा जाने प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै आज कार्यकर्ता प्रशिक्षण भेलाभन्दा नेता प्रशिक्षण भेला आवश्यक छ, किनकि कार्यकर्ताद्वारा सानो काम बिग्रन्छ तर नेताद्वारा बिगारिएको कामबाट ठूलो नोक्सान हुनेहुँदा मुलुक सपार्न चाहनेले नेतालाई प्रशिक्षण दिनुपर्ने आग्रह गरेका छन् । निबन्धको विषयवस्तु यस्तै यस्तै रहेको छ ।

**ख) उद्देश्य**

नेता प्रशिक्षण भेला निबन्धमा राजनैतिक क्षेत्रमा भएका विकृति र विसङ्गतिहरूलाई उदाङ्गो पार्ने प्रयास गरिएको छ । यस निबन्धमा नेताहरू ठूला-ठूला भाषण गर्दछन्जितेर गएपछि जनताको चाहना के हो ? हामीले देश र जनताका लागि के गर्नुपर्दछ भन्ने कुरा भुल्दछन् आफ्नो स्वार्थ मात्र हेर्दछन् । चुनावमा जित्नका लागि धाँधली गर्न नेताले दिएको निर्देशनको उल्लेख गर्दै कार्यकर्ताहरूले परिवर्तनका नाउँमा उपयोगसी वस्तु भत्काउने बिगार्ने काम गर्दछन्। यस्तो गर्दा देशलाई हानि हुने कुरा बुझ्दैनन् । राजनैतिक पार्टीका नेताहरू र कार्यकर्ताहरूमा भएका कमी कमजोरीको उल्लेख गर्दै तिनका सुधार भए मात्र देश सप्रने छ , हामी सबै सपार्ने तर्फ लाग्नु पर्छ बिगार्ने तर्फ होइन भन्ने सन्देश दिनु यस निबन्धको उद्देश्य रहेको छ ।

**ग) भाषाशैली**

तृतीय पुरुष शैलीमा लेखिएको प्रभातको ‘नेता प्रशिक्षण भेला’ व्यङ्ग्य निबन्ध हो । सरल भाषाशैलीको प्रयोग गरिएको निबन्धमा लामा छोटा गरी सात अनुच्छेदको प्रयोग गरिएको छ । यस निबन्धमा बीचबीचमा अनुप्रासमय शब्द र अनुकरणात्मक शब्दले रोचकताथपेको छ । झम्मै, टम्मै, डम्मै, सम्मै जस्ता अनुप्रासमय शब्दहरू साथै रमरम, झमझम र खुसुक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ ।

**४.३.४जिल्याउन सिकौं**

प्रस्तुत निबन्धमा मानवीय प्रवृतिप्रति व्यङ्ग्य गरिएको छ । अरूलाई जिल्याएर आफू अघि बढ्ने प्रवृत्ति आजका मानिसका मात्र नभएर पौराणिक

कालदेखि नै चलिआएको हो भन्ने कुराको उदाहरण प्रभातले दिएका छन् । यो परम्परबाट आज कोही अछुतो छैन भन्दै कोही काम गरेर नाम चिल्याउने दाउमा छन् भने कोही पैसाले किनेर आफू चिल्लिने परम्परा पनि कायम रहेको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । जिल्याउने प्रवृति आकाशभन्दा पनि व्यापक छ भनी यस्तो प्रवृत्तिप्रति उनले व्यञ्जना प्रहार गरेका छन् । समाजमा चलेको यस प्रवृत्तिले मानिसको योग्यता र दक्षतालाई जिल्याएर लिखित परीक्षामा एक नम्बरमा नाम निकालेको अधिकृतलाई अन्तवार्तामा फ्याँकी अर्कै आफन्तलाई चिल्याएको यथार्थ घटना निबन्धमा प्रस्तुत गरिएको छ । यसरी समाजको खराब प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गर्दै आफ्नो काम गराउनु वा बनाउनु छ भने अरूलाई जिल्याउन सिक्नै पर्छ अन्यथा योग्यता र दक्षताको कदर यहाँ हुँदैन भन्ने व्यङ्ग्योक्ति यस निबन्धमा पाइन्छ ।

समाज जबसम्म अरुलाई जिल्याएर आफू चिल्लिने रोगबाट मुक्त हुँदैन तबसम्म राष्ट्रको विकास सम्भव छैन । निबन्धमा ठट्यौलो पाराले खाउँ मै लाउँको स्वार्थी प्रवृत्तिले मान्छेको वर्तमान प्रगति तर्फ भन्दा उधोगतितिर लागेको चर्चा गर्दै यस्तो प्रवृत्ति त्याग्न प्रभातले सबैसँग आग्रह गरेका छन् । सात अनुच्छेदमा संरचित 'जिल्याउन सिकौं' निबन्ध वर्णनात्मक पद्धतिमा लेखिएको छ । निबन्धमा तृतीय पुरुष शैली अँगाल्नुका साथै वस्तुपरक अभिव्यक्ति पाइन्छ ।

### ४.३.५ पालिस

पालिस प्रभातको खुच्चिङ् सङ्ग्रहको तेस्रो व्यङ्ग्य निबन्ध हो । यो निबन्ध "खुच्चिङ" सङ्ग्रहमा प्रकाशित हुनु अघि "रातो थुँङ्गा"(२०५२) मा फुटकर रचनाकोरूपमा देखापरेको थियो । यो मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको निबन्ध हो । प्रस्तुत व्यङ्ग्य निबन्ध रातो थुँगामा प्रकाशित पठनीय रचना हो । यस निबन्धमा उनले पालिसको अर्थ चाकडी र चाप्लुसी लगाएका छन् । आफ्नो काम फत्ते गराउन कसैसँग गरिएको चाकडी र चाप्लुसीको उल्लेख लेखकले प्रस्तुत निबन्धमा गरेका छन् । दैनिक उपभोग गरिने खाद्य वस्तुदेखि व्यक्ति र समाजमा पनि हरेक ठाउँमा पालिस लगाइने यथार्थलाई निबन्धमा प्रस्तुत गरिएको छ । कर्मचारीले काम राम्रो देखाउन कानूनको पालिस लगाउनु, नेताले ओहोदा हात पार्न जनतालाई विश्वास दिलाई भोट हात पार्नु यी सबै पालिसका रूप हुन् । हरेक क्षेत्रमा अरूलाई प्रभावित पार्न सक्ने शक्ति पालिसमा विद्यमान रहेको कुरा निबन्धमा चर्चा गरिएको छ । पालिस व्यापक छ भन्दै उनले पालिसको रूप जस्तो भए पनि त्यसको विशेषता सम्बन्धित वस्तु वा व्यक्तिलाई मालिस गर्नु हो भनी व्यङ्ग्य गरेका

छन् । पालिसलाई भ्रान्तिको साधन भन्दै आज अन्य सम्पूर्ण काम छोडेर नाम वा दाम दुवै कमाउन जान्नुपर्ने कला पालिस हो भनी चाकडी र चाप्लुसीका लागि हाकिम र नेताहरूका घरमा धाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यसरी काम र कर्तव्य भुलेर बिना परिश्रम नेता र हाकिमका चाकडीमा सामेल भई ठूला-ठूला पदमा आसीन हुन पाउने खराब प्रवृत्तिले योग्यताको कदर नगरी मानिसलाई विकृतितर्फ धकेलेकोमा उनी चिन्तित देखिन्छन् ।

सोझा सिधा चाकडी गर्न नजान्ने मान्छेलाई समाजमा बस्न कठिन हुने स्थितिको सिर्जना नहोस् भन्दै स्वस्थ समाजको सिर्जना गरी सर्वसाधारणको जीवन सरल बनाउने आग्रह उनले सबै वर्गसँग गरेका छन् । यस निबन्धमा सात अनुच्छेद रहनुका साथै तृतीय पुरुष शैली अँगालिएको छ । वस्तुपरक अभिव्यक्ति भएको यस निबन्धका ठाँउ-ठाँउमा "मान्छे हेरी कुरा नारी हेरी चुरा" जस्ता नयाँ उखान टुक्काको प्रयोग गरिएको छ । वाक्यगठन सामान्य भएको प्रस्तुत निबन्धमा सुपर र सुभर जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ । ठाँउ- ठाँउमा आगन्तुक शब्दको प्रयोग हुनुका साथै वर्णनात्मक पद्धति अपनाइएको छ ।

### ४.३.६ प्रो-पदाबलीको महिमा

'प्रो-पदाबलीको महिमा' प्रभातको खुच्चिङ् निबन्धसङ्ग्रहको चौथो व्यङ्ग्य निबन्ध हो । प्रस्तुत निबन्धमा प्रभातले नेपालको समसामयिक राजनीतिप्रति व्यङ्ग्य गरेका छन् । यस निबन्धमा शैक्षिक क्षेत्रमा गरिएको राजनीतिकरणप्रति व्यङ्ग्य गरेका छन् । प्रो.को अर्थ मुखी भएकोले आज हरेक राजनीतिज्ञहरूमा ठूला-ठूला पदलाई आफू मुखी बनाउने होड चलेको यहाँ उल्लेख गरिएको छ । प्राज्ञहरूको समस्या प्राज्ञहरूकै क्षेत्रमा सम्मानित प्रतिभाले मात्र समाधान गर्छ । त्यस्तो व्यक्तित्व फेला नपरुञ्जेल खास विषय र क्षेत्रसँग असम्बन्धित व्यक्तिले सही काम गर्न सक्दैन । प्राज्ञिक क्षेत्रमा राजनैतिक नियुक्ति गरेर वाञ्छित लक्षमा पुग्न सकिँदैन सम्बन्धित क्षेत्रकै विशेषज्ञ भएमात्र काम चल्छ त्यसरी नै मन्त्रीमण्डल भित्र चुनिने बित्तिकै सम्बन्धित विषयमा कुनै ज्ञान नभए पनि विभिन्न मन्त्रालय सम्हाल्ने परम्पराप्रति व्यङ्ग्य गरिएको छ । बुद्धिजीवीको वर्गीकरणलाई हेर्दा नेपाल सरकारको शिक्षा व्यवस्थाले तीन खाले बुद्धिजीवीहरू उमार्ने गरेको पाइन्छ । त्यसमध्ये पहिलो शासन चलाउनेहरू, दोस्रो श्रमजीवी मजदुरहरू वा सानापदका कर्मचारी र सिपाहीहरूछन् भने तेस्रो दर्जामा प्रायःआईमाईहरूको बाहुल्य छ । एउटी महिलागृहविज्ञानमा एम.ए.गरी प्रोफेसर बनेकी भए पनि आखिर उसको हैसियत भान्छेकै भेटिन्छ । आईमाईलाई पेवाको रूपमा घरधन्दा जिम्मा लगाउने परम्परामा लेखकले सुधारको

चाहना राखेका छन् । तृतीय पुरुषशैली प्रयोग गरिएको यस निबन्धको भाषा सरल रहेको छ । दुई अनुच्छेदमा संरचिर प्रस्तुत निबन्धमा वस्तुपरक अभिव्यक्ति पाइन्छ ।

### ४.३.७ निजीकरणको अभियान

निजीकरणको अभियान निबन्ध खुच्चिङ् निबन्धसङ्ग्रहको पाचौँ क्रमाङ्कमा रहेको छ । प्रस्तुत निबन्धमा मानिसको स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । प्रजातन्त्रको पुनःस्थापना पश्चात् सरकारले लिएको उदार नीति र निजीकरण अभियानको दुरूपयोगप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । "राजाको काम कहिले जाला घाम" भन्ने उखान ठग प्रवृतिका कर्मचारीको चरित्र दर्शाउन सक्षम छ र आजका सन्दर्भमा ज्यादै पनि सान्दर्भिक छ । आजका मान्छे आफ्नो हरेक काम लगन र मेहनतसाथ गर्छ, कुनै कुराको दुरूपयोग गर्दैन तर सरकारी काम र सम्पत्तिमा भने मनपरी गर्दैछन् काममा कुनै उत्तरदायित्त्व नरहेको जिम्मेवारीबाट पन्छिदै गएको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । प्रत्येक व्यक्ति आज व्यक्तिगत स्वार्थको होडमा अघिबढेको यथार्थ प्रस्तुत गर्दै पुरानो ज्यालादारी भाषणका सट्टा नयाँ पारदर्शी निजी प्रवचन सुरु भएको कुरा व्यक्त गरिएको छ । आज कामको मूल्याङ्कन गरी पद र तक्मा दिने नभई सत्तापक्षको बखान गर्न सकेमा पद र तक्मा पाउने यथार्थता निबन्धमा प्रस्तुत गरिएको छ । बहुदलमा घुसखोरी, भ्रष्टाचार र कमिशन लिने दिने परम्पराको अन्त्य सम्भव छैन । निर्वाचनमा हुने धाँधली गरीब असहायमाथि दिइने दबाव र मतदान केन्द्र कब्जा गर्ने आदि कुकर्मबाट भोट निजीकरणको अभियान सम्पन्न गर्दै आफू माथि पुग्ने नेताहरूको अभियान प्रस्तुत गर्दैजनता माथि गिर खेल्ने नेताहरूको प्रवृत्तिलाई टुङ्ग्याउनु प्रभातको अभीष्ट देखिन्छ । आजका नेता संसदमा गएर जनताको पीर-मर्का र समस्या समाधानको बाटो खोज्नुभन्दा निजी स्वार्थसिद्ध गर्न लागेका छन् । त्यसैले निजीकरण र उदारीकरण राष्ट्रिय अर्थतन्त्र दह्रो बनाउन होइन कमिशन हात पार्न र धन कमाउन गरिएका कुकृत्प हुन् भन्ने विचार निबन्धमा व्यक्त छ ।

निजीकरणको समस्या विश्व अभियानको रूपमा व्यापक छ । निजीकरणको नाममा नेताद्वारा राष्ट्रिय ढुकुटी निजीकरण गरी पेट भर्ने काम हुनु हुँदैन । यसबाट राष्ट्र संङ्कटमा नपरोस् भन्दै मानिसले आफ्नो स्वार्थका लागि निजीकरण अभियान त्याग्नु युक्तिसंङ्गत हुन्छ भन्ने निचोड प्रभातले निकालेका छन् । प्रथम पुरुष शैलीमा लेखिएको निबन्ध पाँच अनुच्छेदमा संरचित छ । प्रस्तुत निबन्धमा आत्मपरक अभिव्यक्ति पाइन्छ ।

### ४.३.८ झन्डा हल्लाउनेको समर्थनमा

प्रस्तुत निबन्ध राजनीतिमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरेर लेखिएको छ । निबन्धमा सत्ता पक्ष, प्रतिपक्ष तथा राजनीतिक पार्टीहरू झन्डा हल्लाई सरकारका काममा दबाब दिन्छन् । डन्डा र झन्डाको एकता आजमात्र नभएर परम्परदेखि चलिआएको उल्लेख गर्दै पञ्चायत कालमा राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई राजाको डन्डा रा.प. स. चिन्ह दिइन्थ्यो भने आज मान-सम्मान दिँदा झन्डा अर्थात जागिर दिइन्छ । झन्डा र डन्डाको भरमा शासन चलाउन अब सम्भव छैन । डन्डा नै सबै कुरा हो भन्ने सोचाइको तापमान सिद्धिएर ठन्डा दिमाग हुदाँ प्रायः सबैले डन्डा लुकाएर सम्झौताको बाटो अँगाल्नु पर्छ । आज बलियाले निर्धालाई दातृराष्ट्रले चन्दा दिँदा हल्लाउने डन्डा वा भातृत्वको विखण्डन भएर उठाइने डन्डा होस्, दवैको लक्ष्य एउटै हुन्छ, त्यो हो अर्को पक्षलाई आफ्नो अधिनमा पार्नु । त्यसैले झन्डा र डन्डा हल्लाउनेका बीच एकता भई भागबन्डा हुने गर्दछ। झन्डा विभिन्न किसिमका भए पनि आज एकले अर्कोको विरोध गर्नुपर्दा कालो झन्डाले प्रश्रय पाएको छ । जसले जस्तो झन्डा हल्लाए पनि लेखक आफू पर रहेर कर्तुतकर्मीहरूको मनमा ढयाङ्ग्रो ठोक्न कलम चलाइ तिनीहरूका कमी कमजोरीप्रति सजग गराउन चाहन्छन् । झन्डा र डन्डा हल्लाउनेको कचिङ्गलबाट मानव सभ्यतालाई मुक्त गर्न यिनीहरूका विरुद्धमा मोर्चा कसौँ र लडौँ भन्ने आह्वान प्रभातले गरेका छन् । परम्परागत रूपमा डर, धाक र हैकमका भरमा शासन गर्ने गलत प्रवृत्तिको अन्त्य गर्दै राष्ट्रमा स्वस्थ प्रवृत्तिको सुधार होस् भन्ने चाहना निबन्धमा प्रस्तुत गरिएको छ । दश अनुच्छेदमा संरचित प्रस्तुत निबन्धमा प्रथम पुरुष शैली अँगालिएको छ । निबन्धमा आत्मपरक अभिव्यक्तिका साथै वर्णनात्मक पद्धति अपनाइएको छ । भाषा सरल र सुबोध छ । झन्डा, डन्डा, ठन्डा, बन्डा जस्ता अनुप्रासमय शब्द यस रचनामा प्रयोग गरिएका छन् ।

### ४.३.९ सजिलोका निम्ति

यो निबन्ध प्रभातको खुच्चिङ्ग सङ्ग्रहको सातौँ क्रमाङ्कमा रहेको निबन्ध हो । प्रस्तुत रचनामा प्रभातले मानिसले हरेक काम गर्दा खोज्ने सजिलो प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । मान्छे भोको पेट केही गर्न सक्दैन भन्दै घुस दिने र लिने सामाजिक प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । कर्मचारी र नेतालाई केही भेट दिएमा आफ्नो काम सजिलै बन्छ यो एउटा प्रकृतिको नियम जस्तै भइसकेको छ मानिसका हाम्रो गलत प्रवृत्तिप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ । वास्तवमा आधुनिक सभ्यता भन्नु नै सजिलोका निम्ति अँगालिएका उपायहरूको कुटुरो हो । सजिलाका निम्ति

गरिने कामबाट ख्वाउने र खाने दुवैलाई फाइदा हुन्छ भने यस्तो काम किन नगर्ने भनी घुस लिने र दिने दुवैप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ ।

घुस दिनु र लिनु दुवै सामाजिक विकृति वा जघन्य अपराध हो । यस्तो विकृति वा अपराधले राष्ट्रलाई निल्न सक्छ । त्यसैले यस्तो विकृतिबाट राष्ट्रलाई मुक्त गर्नु अनिवार्य भईसकेको छ भन्ने सुधारात्मक सन्देश निबन्धमा प्रस्तुत गरिएको छ । प्रथम पुरुष शैलीमा लेखिएको प्रस्तुत निबन्धमा आत्मपरक अभिव्यक्ति पाइन्छ । यो निबन्ध नौ अनुच्छेदमा संरचित छ ।

### ४.३.१० बुद्धिमान गोठालाको कथा

प्रस्तुत निबन्ध 'खुच्चिङ्' निबन्धसङ्ग्रहको आठौं क्रमाङ्कमा रहेको निबन्ध हो । यस रचनामा मानिसको संङ्कुचित विचारधाराप्रति प्रभातले व्यङ्ग्य प्रहार गरेका छन् । वर्तमानमा पनि पहिलेकै जस्तो मान्छेमा एक अर्काको डाहा गर्ने जङ्गली स्वभाव कायम रहेको छ । एउटा गोठालाको उदाहरण दिएर मानिसले सर्वश्रेष्ठ प्राणी हुँ भनी आफ्नो यथार्थ छोडेर अघि बढ्दा जसरी गोठालो एक्लियो त्यसरी नै आफ्नो व्यक्तिगत स्वार्थमा लागेका नेताहरू पनि एक्लिन सक्ने कुराको सङ्केत दिइएको छ । मान्छेले जङ्गली प्रवृत्ति त्यागेर बन्धुत्वको भावना ग्रहण गरेमा मात्र समाजमा बस्नुको सार्थकता भेट्टाउँछ । मान र सम्मान पाउँछ । समाजले दिएको मान सम्मान र प्रतिष्ठालाई गलत ढङ्गले प्रयोग गर्दै मानिसमा अहंको विकास भयो । यसले मानिसलाई व्यापकताबाट सङ्कुचित घेरामा बाँध्दै ल्यायो र अब ऊ हामीको ठाँउमा "म" को प्रयोग गर्न थाल्यो यसरी परिवार र समाजले दिएको सम्मानलाई निजी स्वार्थमा लागेका आजका मान्छेबाट राष्ट्रले के पाउन सक्छ?भन्ने चिन्ता निबन्धमा प्रकट गरिएको छ । हरेक मानिसलाई स्वार्थको रोगलेसमातेको समाजमा विकृतिद्वारा समाजको आदर्श नैतिकता बिथोलिन गएको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । मानिसले अरूको अस्तित्वलाई समभावले हेर्न सकेन र समय हुँदै पछि फर्केर नहेरे ऊ एक्लो हुनजान्छ । अगुवाहरूले गर्दै आएको आफू बुद्धिमान ठान्ने प्रकृयालाई निरन्तरता दिने हो भने नेपाली जनताको भविष्य के होला ? भनी लेखकले चिन्तनपरक अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

प्रस्तुत निबन्धमा हाम्रो समाजमा जरा गाडेर बसेका गलत प्रवृत्तिलाई नत्यागेसम्म हाम्रो उन्नति असम्भव छ भन्ने सन्देश प्रभातले दिएका छन् । प्रथम पुरुष शैलीमा संरचित 'बुद्धिमान गोठालाको कथा' तेह्र अनुच्छेदमा विभाजित छ । आत्मपरक अभिव्यक्ति भएको प्रस्तुत निबन्धको एक ठाँउमा संस्कृत भाषा (

"अहँब्रह्मस्मि') को प्रयोग गरिएको छ । अनुच्छेदका ठाँउ-ठाँउमा प्रश्नार्थक वाक्य ( म को हुँ ? म के गर्दै छु ?) को प्रयोग गरिएको छ । सरल र सुवोध भाषा शैली भएको यस निबन्धमा लोककथालाई आधार बनाइएको छ ।

### ४.३.११ भुरे-पार्टी जिन्दाबाद

'भुरे-पार्टी जिन्दावाद' निबन्ध प्रभातको खुच्चिङ' निबन्धसङ्ग्रहको नवौं क्रमाङ्कमा रहेको छ । प्रस्तुत निबन्धमा प्रजातन्त्रको पुनः स्थापना च्याउझैं उम्रिएका राजनैतिक पार्टीहरूलाई लक्षित गर्दै व्यङ्ग्य प्रहार गरिएको छ । यस्ता पार्टीहरूले जनताको इच्छा र चाहनालाई पूरा गर्न नसक्ने कुरा यो निबन्धमा गरिएको छ । हामीले जनताको सेवामा समर्पित तीन पार्टीहरू कांग्रेस, कम्युनिष्ट र पञ्च भए पनि मूल रूपमा संवैधानिक भौतिक र नैतिक हिसाबले प्रतिस्पर्धा गर्न सके शक्ति भनेकै वामपन्थी हुन् भन्दै वामपन्थीहरूको जनप्रवाह देखेर आत्तिएको शक्ति पनि पञ्च कांग्रेसकै शक्ति हो भनि चर्चा गरिएको छ । यसैले भुरेपार्टीहरूको समर्थन गरेर आफ्नो अमूल्य मतको दुरुपयोग नगर्न जनतालाई उनले सचेत गराएका छन् । आज आम जनता वाम एकतातर्फ भए पनि आपसी कलहले वामपन्थीलाई विभाजित गरेको छ । कुनै पनि पार्टीलाई राम्ररी नचिनी त्यसको समर्थनमा लाग्नु उचित नभएको कुरा गरिएको छ । व्यक्तिगत स्वार्थको समर्थनबाट बनेको पार्टीले जनताको चाहना पूरा गर्दैन । यो आजको राजनैतिक यथार्थ हो । वाम झगडालाई केन्द्रबिन्दु बनाई आफ्नो प्रतिद्वन्द्वी नै नचिनी आपसमा जुध्नु वामपन्थीहरूको दुबुद्धि हो । वाम पार्टीहरूको विखण्डनप्रति प्रभातले असन्तोष व्यक्त गरेका छन् । पार्टीलाई संसदमुखी होइन, नीतिमुखी बनाई पार्टी सञ्चालनका निम्ति केही सक्षम नेता र कार्यकर्ताहरू चुनावी कार्यनीति चलाउने कमानीका रूपमा सुरक्षित रही संसदीय मोर्चामा जानेहरूलाई आवश्यक सर-सल्लाह र टेवा पुऱ्याउनु पर्छ । बहिष्कारवादीहरूले चर्को स्वरमा आवाज उठाए पनि सम्बन्धित पक्षले आवश्यक ध्यान नपुऱ्याएको स्वष्ट रहेको चर्चा गरिएको छ ।

कुनै पनि पार्टीलाई समर्थन गर्नु अघि राजनैतिक पार्टीहरूका अतीत र वर्तमान केलाए र हेर्नुपर्छ । काम र बोलीमा भिन्नता देखिएमा उनीहरूलाई पछार्नुपर्छ । यति गर्न सकिएन भने नेपाली राजनीति सधै यस रोगबाट पीडित वा ग्रसित भई राष्ट्र अधोगतितर्फ लाग्ने कुरा निबन्धमा प्रस्तुत गरिएको छ । वस्तुपरक अभिव्यक्ति भएको प्रस्तुत निबन्ध "भुरेपार्टी जिन्दावाद" मा तृतीय पुरुषशैली अँगालिएको छ र सरल भाषा हुनु साथै विवरणात्मक पद्धति अंगालेको देखिन्छ ।

### ४.३.१२ संसदीय सगोष्ठी

'संङ्दीय संगोष्ठी' निबन्ध प्रभातको 'खुच्चिङ्' निबन्धसङ्ग्रहको एघारौं क्रमाङ्कमा रहेको निबन्ध हो । राजनीतिप्रति व्यङ्ग्य गरिएको यस निबन्धमा सांसद्हरूको चुनावमा गरेका अनेकौं किसिमका अनैतिक र भ्रष्ट राजनीतिको उल्लेख गरिएको छ । चुनावमा धाँधली र अनैतिक कार्य गर्न कार्यकर्ताहरूलाई प्रोत्साहन दिने व्यक्ति नै आज सांसद बन्न सक्छ  भन्दै सत्ता पक्ष, विपक्षी र घुसखोरी वर्ग जसले आज राजनीतिलाई कुर्सीका निम्ति खिचातानीको स्थितिमा पुऱ्याएका छन् । नोट नै आज सबैसर्वा भएको छ भनी, नेताका नोटद्वारा किनिने जनताप्रति प्रभातले असन्तोष व्यक्त गरेका छन् । सांसद बन्न योग्यता दक्षता होइन, पैसा हुनुपर्छ भन्ने आजको यथार्थता निबन्धमा प्रस्तुत गरिएको छ । प्रस्तुत निबन्धमा नातावाद र कृपावादको उल्लेख गर्दै आफ्नो मान्छे भए कुनै पनि काम गराउँदा वा गर्दा लाइनमा बस्नु नपर्ने अन्यथा घण्टौं घण्टा कुर्नुपर्ने परिस्थितिको चित्रण गरिएको छ । सांसद बन्न सजिलो होला तर सांसद बनेपछि झेल्नुपर्ने समस्याहरू धेरै छन् भन्दै वामपन्थीहरूले दिने गरेका भाषण आधापेट खानुपर्ने कुराको एकातिर चर्चा गरिएको छ भने अर्कोतिर नेताका चाकडीमा गई पैसाद्वारा आफ्नो काम फत्ते गराउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । सांसद्हरू अधिवेशनहलभित्र निदाउने, सत्तापक्षप्रतिको आक्रोशमा कुर्सी र माइक भाँच्ने जनताप्रति जवाफरेही नहुने संसदीय प्रणालीप्रति लेखकले व्यङ्ग्य गरेका छन् । सत्तापक्ष र विपक्षले जनताको काम गर्नुभन्दा एक, अर्कोलाई दोषारोपण गरी आफ्नो सुविधाको मात्र कुरा संसदमा उठाउने प्रवृत्तिप्रति पनि उनले व्यङ्ग्य गरेका छन् । उनले नारी स्वतन्त्रताका निम्ति विधेयक पारित गरिनु राम्रो हो तर नराम्रो काम पनि महिलाहरूलाई "वीराङ्गना" भनी सम्मानित गरिनु गलत हो भन्दै चेलीबेटी बेचविखन र देहव्यापार गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । आफ्नो मात्र दुनो सोझ्याउने संसदीय अधिकारको कुरा गर्दै सडक सङ्घर्षमा उत्रिने सांसद्हरूप्रति पनि घोचपेच गरिएको छ ।

सार्वजनिक सम्पत्तिको तोडफोड गरेर जनताप्रति अन्याय भएको देखाउँदै यस्तो प्रवृत्तिबाट प्रजातन्त्र दिगो रहँदैन भन्ने सन्देश निबन्धकारले दिएका छन् । बाह्र अनुच्छेमा संरचना गरिएको प्रस्तुत निबन्धमा पात्रहरूको प्रयोगका साथै पशुपन्क्षी र ऋृतुहरूको छोटो चर्चा गरिएको छ ।

### ४.३.१३ पारदर्शिता

'पारदर्शिता' निबन्ध 'खुच्चिङ' निबन्धसङ्ग्रहको बाह्रौं क्रमाङ्कमा रहेको छ । यस निबन्धमा सामाजिक । राजनैतिक व्यङ्ग्य गरिएको छ । प्रस्तुत निबन्धमा आज बढ्दै गइरहेको फेसनप्रति व्यङ्ग्य गर्दै ठिटा ठिटीहरूले भित्री आकृति देखिने गरी लुगा लगाउनु पनि पारदर्शिता कै उदाहरण हो भनि व्यङ्ग्य गरेका छन् । निबन्धमा चुनावका बेला नेताहरूले दिएको झुटो आश्वासन र प्रलोभनको चर्चा गर्दै आफू सत्तामा पुगे पश्चात् यी सबै कामहरूमा पारदर्शिता नआएको कुरा उल्लेख गरिएको छ । आजका नेता कुरा एउटा काम अर्को गर्छन्, भन्दै जनतालाई कुनै पनि प्रकारको सुविधा दिनुका सट्टा समय-समयमा खाद्यान्नमा हुने गरेको कृतिमत अभावको चर्चा प्रभातले गरेका छन् । मन्त्री बन्न शक्तिकेन्द्र गर्ने चाहार्ने चाकडीबाजको लाइनदेखि ढाँटछल गर्ने कुलतका लाइन र चोरी चाकरीका चतुष्पदी लाइन हाम्रा सामु छयाङ्गै देखापरेको चर्चा गरिएको छ । प्रजातान्त्रिक अभ्यास गरिरहेको यस मुलुकमा अस्वस्थ प्रतिस्पर्धाले गर्दा जनमुखी सरकार पाउन मुश्किल परिरहेको यथार्थ उल्लेख गर्दै विद्यमान राजनैतिक कर्मीहरू र नेताहरूप्रति निबन्धमा तीखो व्यङ्ग्य गरिएको छ । विगतलाई नियाल्दा सन् १९६० मा प्रजातन्त्र खोसिने थिएन र सन १९६५ मा असमान सन्धि गरिने थिएन भन्दै यी सबै कुरामा उच्च तहका राजनीतिज्ञ तथा शासकहरूकै दोष देखापरेको कुरा उल्लेख गरिएको छ । राजनीतिक मूल्य र मान्यतालाई एकातिर पन्छाएर देश र जनतालाई तहस नहस पार्ने काममा मात्र पारदर्शिता आएको कुराप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ । "एक घर मूल्याहाले दश घर बिगार्छ" भनेझैँ एउटा नेता बिग्रिँदा सयौं कार्यकर्ता निराश बन्ने हुँदा नेताहरूले आफ्नो सिद्धान्त त्यागेर कार्यकर्ताहरूलाई रणभुल्लामा नपार्न आग्रह गरिएको छ । नौ अनुच्छेदमा संरचित प्रस्तुत निबन्ध प्रथम पुरुष शैलीमा लेखिएको छ । "कुरा काटनु ठूलाको अचार खानु मूलाको" जसता नवीन उखान तुक्काको प्रयोग गरी निबन्धमा सामान्य काम चलाउ भाषा प्रयोग गरिएको छ ।

### ४.३.१४ भूतपूर्वमा भौँतारिँदा

'भूतपूर्वमा भौँतारिँदा' निबन्ध प्रभातको 'खुच्चिङ' निबन्धसङ्ग्रहको तेह्रौं क्रमाङ्कमा रहेको निबन्ध हो । उनले यस निबन्धमा समाजमा देखापरेका विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । भूतपूर्व शब्दले बितेको वा पहिलेको बुझाए पनि आज यसको अर्थ बेवारिसे बनेको छ । बेवारिसे हुनबाट बँच्न आफ्नो वंश विस्तार गर्न मानिस लालायित हुन्छ । भूतपूर्वमा "अ" थपिँदा अभूतपूर्व हुन्छ, त्यसको अर्थ अपूर्व रहेको चर्चा गरिएको छ । आज विभिन्न भन्सार कार्यालयहरूमा सुन र ऊन

बेवारिसे अवस्थामा रहेको चर्चा गर्दै प्रभातले बच्चासमेत नाली र कन्टेनरमा बेवारिसे अवस्थामा फेला परेको यथार्थ प्रस्तुत गरेका छन् । जागिरेलाई बढुवा, बेरोजगारीलाई काम पाइनसक्नु हुन्छ भन्दै भूतपूर्वको परिभाषा व्यापक बनाइएको छ । त्यसैले भूतपूर्व हुनु संसारकै रीत हो भनी चर्चा गरिएको छ । मनोरञ्जनका नाउँमा समाजमा विकृति फैलाउने एउटा सरल साधन सिनेमा भएको चर्चा गर्दै चुम्बकले फलाम चुमे जस्तै सिनेकर्मीहरूले उत्तेजनालाई अँगालो हालेर अङ्ग प्रदर्शन गरेका दृश्यलाई नै चलचित्रको आदर्श बनाइएकोमा उनी दुःख व्यक्त गर्दछन्। सिनेमाका माध्यमबाट संस्कृतिको निर्माण भन्दा विकृति भित्रिएकोमा त्यसलाई रोक्न प्रयत्नशील हुनुपर्छ भन्ने आशय निबन्धमा प्रस्तुत भएको छ । समाजमा देखापरेको अर्को विकृति आजका मान्छेको मौलिक कर्तव्य नै कुर्सीका लागि जोडतोडमा साथ लाग्ने वर्गहरूप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । कुर्सी सबैलाई प्यारो हुन्छ, त्यसैले भूपीले "घुम्ने मेचमाथि अन्धो मान्छे" भेट्टाए भन्दै अन्धोलाई त कुर्सीको लोभ हुन्छ भने अरूको त कुरै नगरौं भनी व्यङ्ग्य गरिएको छ । अन्त्यमा प्रभातले व्यक्तिगत स्वार्थका निम्ति कुर्सी तानातान प्रवृत्तिको अन्त्य गरेर निस्वार्थ भावले देश र जनताको हित हुने कार्य गर्न सम्पूर्ण जनता एक हुनुपर्छ भनी आह्वान गरेका छन् ।

प्रस्तुत निबन्ध आठ अनुच्छेदमा संरचित छ । प्रथम पुरुष शैलीमा लेखिएको यस निबन्धमा आत्मपरक अभिव्यक्ति पाइन्छ । "मरेपछि डुमै राजा" "जताकाफल पाक्यो उतै चरी नाच्यो !" जस्ता उखान टुक्काको प्रयोगले निबन्धमा रोचकता थपेको छ ।

### ४.३.१५ तेल घस्ने खेल

'तेल घस्ने खेल' प्रभातको 'खुच्चिङ' निबन्धसङ्ग्रहको चौधौँ क्रमाङ्कमा रहेको निबन्ध हो । प्रस्तुत निबन्धमा मानिसको आफ्नो काम सपार्नका निम्ति प्रयोग गरिने खुसामदलाई "तेल घस्ने खेल" भनी व्यङ्ग्य गरिएको छ । तेल घस्नुको अर्थ विगतमा जे जस्तो भए पनि आज खुसामद चाकडी र चाप्लुसीका निम्ति यो खेलको प्रयोग भएको छ । निबन्धमा तेल घस्ने खेल हरेक क्षेत्रमा व्याप्त छ । तेल घस्नुलाई चिल्याउनु वा चेप्टयाउनुको अर्थमा समेत लिइएको छ । मसाजका नाममा ग्राहकलाई घस्ने तेल होस् वा प्रतिष्ठाको निम्ति नेतालाई घस्ने तेल ती तेल घस्ने काममा लागेकाहरू सधै भरी अरूलाई भिडाएर आफू मोटाउन पाए मात्र रमाउँछन् । साँच्चै भन्ने हो भने मानव सभ्यताको मेलका निम्ति ज्यादै महत्वपूर्ण तत्व "तेल" हो चाकडी चाप्लुसी जस्ता परम्परागत अद्वितीय शक्ति प्रदर्शन गर्न सक्षम यस खेलमा आज नयाँ परिकार आएको छ । आज कोसेली पातबाट तेल घसिन्छ भन्दै

"तँ कुटे झैँ गर म रोए झैँ गर्छु" भन्ने नेपाली उखानलाई अघि सार्दै प्रभातले साउतीद्वारा कमिशनका चिल्ला कार, घर घडेरी सुपर उपहार र स्वादिला रङ्गीन बहारको बाजीमा यो खेल खेलिने कुरको चर्चा गरेका छन् । तेल घस्न सफल खेलाडीहरू नै आजका भाग्यमानी हुन् भन्ने व्यङ्ग्योक्ति निबन्धमा पाइन्छ ।

वास्तवमा चिल्लो घस्ने काम जसरी गरिएको भए पनि यो अर्न्तराष्ट्रिय तह मै व्याप्त छ भन्दै इन्जिनमा तेल हाल्ने ग्रीज दल्ने कामलाई समेत उदाहरण बनाएको छ । यसका निम्ति सबैले सचेत हुने बेला आएको छ भन्दै तेल घस्ने कलामा निपुण नभए आजका मान्छेले यस संसारमा जीउन मुश्किल पर्ने भएको छ कुरा उल्लेख छ । यसरी समाजमा बढ्दै गएको चाकडी, चाप्लुसीको अन्त्य गरेर स्वस्थ समाजको सिर्जना गर्नु पर्छ भन्ने सन्देश दिनु यस निबन्धको मूल भाव रहेको छ । छ अनुच्छेदमा संरचित "तेल घस्ने खेल" प्रथम पुरुष शैलीमा लेखिएको छ । निबन्धमा तोरी र छोरी जस्तो अनुप्रासमय शब्दको प्रयोग ठाँउठाँउमा गरेको पाइन्छ । "घिउ न तेल पका बूढी सेल" जस्ता उखान टुक्काको प्रयोगले भनाईलाई रोचक बनाइएको छ । आत्मपरक अभिव्यक्ति भएको प्रस्तुत निबन्धमा सरल भाषाको प्रयोग गरिएको छ ।

### ४.३.१६ कुराउनी कुरा

'कुराउनी कुरा' निबन्ध प्रभातको खुच्चिङ् निबन्धसङ्ग्रहको पन्ध्रौँ क्रमाङ्कमा रहेको निबन्ध हो । यस निबन्धमा 'कुराउनी' लाई पर्खाउनेको प्रतीकको रूपमा प्रयोग गरिएको छ । विसङ्गत व्यवहारप्रति व्यङ्ग्य गरिएको यस निबन्धमा कुनै पनि काम गर्दा पर्खाउने नेपालीहरूको परम्परा नै बसेको चर्चा गरिएको छ । कुराउनीको परम्परागत अर्थ दूधबाट निस्किएको वस्तु भए पनि यस निबन्धमा हरेक काममा भोलि भनी पर्खाउने प्रवृत्तिलाई प्रतिकको रूपमा लिइएको छ । यसलाई एक किसिमको बडप्पन र चाकडीको अवशेष मान्न सकिन्छ । "अरूलाई फुकेर उडाइदिने आफू सधैं अटल रहने आजका नेतालाई खरानी र चङ्गा झैं उडाउन जति सजिलो छ त्यति सजिलो सिद्धान्त उडाउन छैन ।" यसो भनेर प्रभातले सिद्धान्त उडाउने नेताहरूलाई सचेत गराएका छन् । सर्वसाधारणको विश्वासमा बाँधिएको सिद्धान्तलाई सहजै समाप्त पार्न सकिए पनि दृढ विश्वासमा बाधिएको सिद्धान्तलाई सहजै समाप्त गर्न सकिँदैन । त्यसैले समय साधना र सतप्रयासका साथै विषयवस्तुको सट्टाभर्नाका रूपमा नयाँ विकल्प दिन सक्नु पर्छ भन्ने आशय व्यक्त गरिएको छ ।

कुराउनी र कुराउनेका बीच भावनात्मक सम्बन्ध छ । कुराले काम चल्दैन भन्दै आफ्नो काम फत्ते गर्न व्यापक मात्रामा कुराउनीको कोशेली बनेर फैलिएको घुसखोरी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । वास्तमा कुराउने कुरा भनेको भानुभक्तले भोगेको भोलिवादकै आधुनिकरूप हो । घुस र चाकडी विना काम बन्न गाह्रो भएको यथार्थ विसङ्गति चित्रण गर्दै यस्तो घुसखोरी प्रथामा सुधारात्मक पाइला चाल्नु सबैको दायित्व हो भन्ने निचोड प्रभातले दिएका छन् । सात अनुच्छेदमा संरचित यस निबन्धमा प्रथम पुरुष शैली अपनाइएको छ । आत्मपरक अभिव्यक्ति भएको यस निबन्धमा वर्णनात्मक पद्धति अपनाइएको छ । सरल भाषा प्रयोगभएको छ र यस निबन्धमा ठाँउ ठाँउमा झण्डैका ठाँउमा धन्नै-धन्नै जस्ता पश्चिम नेपालमा बोलिने शब्दहरूको प्रयोग गरिएको छ ।

### ४.३.१७ लण्ठुराजको पगरी

'लण्ठुराजको पगरी' खुच्चिङ् निबन्धसङ्ग्रहको सोह्रौं क्रमाङ्कमा रहेको निबन्ध हो । राजनीतिक विसङ्गति प्रति व्यङ्ग्य गरिएको यस निबन्धमा लण्ठुराजको पगरी भनी आजको सन्दर्भमा अवसरवादीलाई दिइने उपनामको उल्लेख गरिएको छ । निबन्धमा कुर्सीको राजनीति गर्ने व्यक्तिहरूप्रति व्यङ्ग्य गर्दै संसदीय राजनीतिमा पार्टी भनेको कुर्सीमा पुग्ने भऱ्याङ हो भनिएको छ । जीउले पुच्छर फ्याँकेर पनि आफ्नो रक्षा गर्नुपर्छ भनी नेताहरू सत्ता जोगाउन प्रयत्नशील रहेका देखिन्छन् । पञ्चायतले उठाएको विकासका कदमहरू प्रति व्यङ्ग्य गर्दै तिनीहरू आज पनि फिट भएको चर्चा निबन्धमा गरिएको छ । राष्ट्रिय सहमतिमा बनेको सरकार संसद र राजनीति गर्ने पार्टीहरू बीच मेलमिलाप र अफ्ठेरो परिस्थितिमा आय आर्जनको सजिलो माध्यम राजनीति भएको कुरा उल्लेख गरिएको छ । आजको विश्व प्रतिस्पर्धात्मक छ । सम्पत्ति नभएका तर शीप सक्षम र योग्य मानिसको मनोनयनमा मन खुम्च्याउनेनेताहरू वास्तवमा खुबी नभएका लण्ठुराज हुन् । भाषणमा गाँउको विकासलाई पहिलो प्राथमिकता दिइनेछ भनी बजेट छुट्टयाइए पनि सम्पूर्ण बजेट शहरमा खर्च गरी जनतालाई भुल्याउने नीति "आफ्नो गाऊँ आफै बनाऊँ" भएको कुरा प्रतिलेखकले व्यङ्ग्य गरेका छन् । व्यक्तिगत स्वार्थकानिम्ति भाषणद्वारा कार्यकर्ताहरूलाई चुनावी प्रचार गराउन गाँउ पठाउने र काम पूरा भएपछि गाँऊतर्फ फर्केर नहेर्ने नेताहरूको प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ । एकातिर योग्यता र दक्षताको कदर गरिने छ भनी नारा र भाषण गर्ने नेताहरूछन् भने अर्कोतिर असल कार्यकर्ताहरूले पद र प्रतिष्ठा खोज्दैन भन्दै आफू पदबाट नहट्ने र कार्यकर्ताहरूलाई"लण्ठुराज" बनाउने प्रवृत्तिप्रति प्रभातले असन्तुष्टि व्यक्त

गरेका छन् । नेताहरूले सम्पत्ति विवरण सुनाउँदैमा प्रजातन्त्र बलियो हुँदैन । यसमा निम्ति नेताहरूले उपलब्धिमूलक काम गर्नुपर्छ नेपालका राजाले कुँवरहरूलाई दिएको पगरी थर बनेको उल्लेख गर्दै आज दामका खातिर मान कमाउन चाहने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । ठूला-ठूला ठेक्का पट्टा हात पार्नु, अकुत कमिसन कुम्ल्याउने मान्छेलाई दिइएको लण्ठुराजको पगरी सानो भएको चर्चा गरिएको छ ।

अन्तमा मान र पदवीलाई त्यागेर निस्वार्थ भावले उन्नतिमा लागौँ भन्ने सन्देश यस निबन्धले दिन खोजेको पाइन्छ । चार अनुच्छेदमा संरचित यस निबन्धमा तृतीय पुरुष शैली अँगालिएको छ । निबन्धमा सरल भाषाका साथै विवरणात्मक पद्धति अँगालिएको छ ।

### ४.३.१८ विष्णुमतीका बकुलाहरू

'विष्णुमतीका बकुलाहरू' निबन्ध 'खुच्चिङ' निबन्धसङ्ग्रहको अठारौँ क्रमाङ्कमा रहेको निबन्ध हो । यस निबन्धमा विष्णुमतीलाई फोहरी राजनीतिको प्रतीकका रूपमा प्रयोग गरिएको छ । यहाँ विष्णुमती भनेर नेपालको राजधानी काठमाडौं माझमा बग्ने एउटा नदीलाई दुर्गन्धको प्रतीकका रूपमा लिइएको छ । हिँउदमा यो नदी पानी बिनाको भए पनि वर्षातको भेल थपिँदा ठूलै देखिन्छ । अघिपछि यो नदी ढलमतीको रूपमा रहेको खोल्सो जस्तै देखिन्छ भन्ने प्रभातको भनाइ छ । विष्णुमतीलाई ढलमतीको संज्ञा दिंदै नेपालको राजनीति छलकपटद्वारा चलेको चर्चा गर्दछन् छलकपट राजनीतिमा लामो समयदेखि इतिहास बनेर रहेको कुरा उल्लेख गरिएको छ । राणाशाहीको जन्म, पञ्चायत र निर्दलीय पञ्चायतपछिको दलीय प्रजातन्त्र पनि छल-राजनीतिककै देन हो । एउटा राजनैतिक पार्टीभित्रको होड बेजोडसँग मच्चिएर नेताहरू एक आपसमा चरित्र हत्या समेत गर्न पछि नपरेको विसङ्गत यथार्थ प्रस्तुत गरिएको यस रचनाले जीवनको सम्पूर्ण समय राजनीतिमा खर्च गरेका मानिसलाई किनारा लगाई प्रजातन्त्रको पुनःप्राप्ति पश्चात् पार्टीको छाता ओढ्न आउने अवसवादीहरू प्रति व्यङ्ग्य गर्दै प्रभातले दुःख व्यक्त गरेका छन् । विष्णुमतीको फोहोर पानीमा माछा ढुक्ने बकुल्लाहरू जसरी माछा माछाको कल्पनामा रमाउँदा रमाउँदै भ्यागुतामा चित्त बुझाउँछन् यसरी नै आज नेपाली जनता पनि नेताहरूको फोस्रो भाषणका भ्रममा बाँच्न विवश भएको कुरा निबन्धकारले प्रस्तुत गरेका छन् । प्रभातद्वारा प्रस्तुत निबन्धमा पाँच अनुच्छेदको प्रयोग गरिएको छ । तृतीय पुरुष शैलीमा लेखिएको यस निबन्धमा आत्मपरक अभिव्यक्ति पाइन्छ ।

### ४.३.१९ भविष्यका मन्त्रीहरू

'भविष्यका मन्त्रीहरू' निबन्ध 'खुच्चिङ्' निबन्धसङ्ग्रहको उन्नाइसौं क्रमाङ्कमा रहेको निबन्ध हो । प्रस्तुत निबन्धमा बहुदलीय राजनैतिक प्रणालीप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो काम सपार्नु वा बनाउनु छ भने भलादमी भनाउँदाहरूलाई उपहार चढाउन पनि नभुल्नु पर्ने कुरातर्फ निबन्धमा संङ्केत गरिएको छ । नौनीले हातगोडा नरम पारेजस्तै भविष्य सपार्ने आजको हतियार घुसप्रथाको अप्रत्यक्ष विरोध यहाँ गरिएको छ । अर्कोको काँध चढेर पुरुषार्थ देखाउने वा राम्रो बन्ने आजको प्रवृत्ति प्रति प्रभातले व्यङ्ग्य गरेका छन् । खुकुरी र तरवारका सट्टा आज एटम बम र क्षेप्यास्त्रको चलन आएकाले विश्व नै हतियार उत्पादनमा जोडतोडका साथ लागे जस्तै संगठन र कार्यकर्ताहरूनेताका हतियार हुन् भन्ने व्यङ्ग्य गरिएको छ लडाईं जितेपछि हतियारको काम नभएझैं सत्तामा पुगेपछि आफ्नै संगठन र कार्यकर्ता नचिन्ने स्वार्थी नेताहरूको प्रवृत्तिप्रति असन्तोष व्यक्त गरिएको छ । उनले नेपालीहरूको विदेशिने प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै स्वदेशमा मान-सम्मान नपाएर होला विदेशमा गई नेपालीहरूवीर बन्छन् भनी व्यङ्ग्य गरेका छन् । निबन्धमा प्रधानमन्त्री र उपकुलपतिको नितान्त निजी कुरालाई सार्वजनिक गराई तथ्यको उद्घाटन गर्ने पत्रकारलाई उल्लूको दर्जा दिने र आफू चोखिने परम्पराप्रति असन्तुष्टी व्यक्त गरिएको छ । निबन्धमा नेपाली उखान "नानी पाउनु कहिले कहिले कोक्रो बुन्नु अहिले" भनेझैं चुनाव हुन अघि नै भावी प्रधानमन्त्री तोक्ने चलनप्रति पनि व्यङ्ग्य गर्दै भविष्यवाणी चुनावी रणनीति भएको चर्चा गरिएको छ ।

हामीले राजनीतिका क्षेत्रमा भएको विकृतिलाई यसरी नै कायम रहन दिएमा एकदिन यसले राष्ट्रलाई खत्तम पार्नेछ, त्यसैले कुर्सीको मोह छोडेर देश विकास गर्नतर्फ लागौं भन्ने सन्देश रचनाकारले दिएका छन् । छ अनुच्छेदमा संरचित प्रस्तुत निबन्ध प्रथम पुरुष शैलीमा लेखिएको छ । वर्णनात्मक पद्धति अपनाइएको यस निबन्धमा आत्मपरक अभिव्यक्ति पाइन्छ ।

### ४.३.२० मित्रता

'मित्रता' प्रभातको खुच्चिङ् निबन्धसङ्ग्रहको बीसौं क्रमाङ्कमा रहेको निबन्ध हो । मित्रताको अर्थ निस्वार्थ भाव या सहयोगी भावना भन्ने बुझिन्छ । आज यसका ठीक विपरीत मित्रताको हात बढाउन पैसाबिना सम्भव नभएको अवस्था प्रति व्यङ्ग्य गरिएको छ । आज थोरै मान्छे मात्र त्यस्ता छन् जसले मित्रतामा धनी/गरीब भन्दैनन् आज मान्छेले समाजवादमा होइन् व्यक्तिवादमा जोड दिँदै छ

भन्ने यथार्थ कुरा निबन्धमा व्यक्त गरिएको छ । आजको मित्रता अपनत्वमा सीमित छ । आफ्ना नाता कुटुम्बलाई प्राथमिकता दिने संस्कृति जन्मिएको छ भन्दै प्रभातले नेपालीहरूले नैतिकता र सदाचारले पैसाका सामु शिर झुकाएको कुराप्रति व्यङ्ग्य गरेका छन् । आज कृष्ण र सुदामाको जस्तो मित्रता पाउन कठिन छ भन्दै उनले मित्रतामा स्वार्थ र अनैतिकता सवार भएको चर्चा गरेका छन् । पैसामुखी मित्रताप्रति असन्तुष्टि व्यक्त गर्दै मित्रताको आधार पैसालाई बनाउनु हुँदैन भन्ने सन्देश दिइएको छ ।

मित्रता किनबेच भएमा मित्रताको नाममा यो एउटा कलङ्क हुनेछ भन्दै यस्तो कलङ्कबाट मुक्त हुन निस्वार्थ भावको मित्रताको आह्वान पनि गरिएको छ । प्रस्तुत निबन्ध छ अनुच्छेदमा संरचित छ । प्रथम पुरुष शैलीमा लेखिएको यस निबन्धमा “छन् गेडी सबै मेरा छैनन् गेडी सबै टेडा” जस्तो उखान टुक्काको प्रयोग गरी निबन्धको थालनी गरिएको छ ।

### ४.३.२१ उत्पात-उत्पातका विद्वान्हरू

‘उत्पात-उत्पातका विद्वान्हरू’ निबन्ध प्रभातको ‘खुच्चिङ्’ निबन्धसङ्ग्रहको एक्काइसौं क्रमाङ्कको निबन्ध हो । योनिबन्ध सामाजिक व्यङ्ग्य प्रधान निबन्ध हो । निबन्धमा वर्तमान शासन व्यवस्थाले विभिन्न उद्योग व्यवसायमा लगाउँदै आएको करको चर्चा गर्दै यसबाट सर्वसाधारणले भोग्नु परेका समस्या र लाचारी व्यक्त गरिएको छ । नेपालीहरूको कुनै पनि कुरा बढ्दा खुसी हुने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यस्तै काम पटयाउने धुनमा प्रशसानमा रहेको भ्रष्टाचार र अनैतिकतालाई बढावा दिन घुसको मात्रा बढाइदिन्छौँ भनी व्यङ्ग्य गरिएको छ । अर्कोतिर हाम्रा देशमा रहेको भुटानी शरणार्थी समस्याको टुङ्गो लगाउन नसकेकोमा सरकारका कमजोरीप्रति व्यङ्ग्य गर्दै जो कोहीलाई प्रवेश गराउन सीमा खोलिएको कुरा उनले व्यक्त गरेका छन् । विज्ञानका क्षेत्रमा आएका नयाँ-नयाँ कुराहरूले विश्वमा ल्याएको उत्पातका बारेमा चर्चा गरिएको छ । विद्वान्हरूका बीच विज्ञानका क्षेत्रमा देखापरेका तँछाड-मछाड प्रवृत्तिले आफ्ना कुरा सबै राम्रा र अरूका कुरा नराम्रा भन्ने प्रवृत्तिको विकास भएकोमा प्रभातले चिन्ता व्यक्त गरेका छन् । निबन्धमा खण्डन (कुरा काट्ने) र मण्डन (ढाकछोप) गर्ने प्रवृत्ति रहेको छ भन्दै यस प्रवृत्तिको भरमा नाम, दाम र काम गरिरहेका व्यक्तिहरूप्रति संङ्केत गरिएको छ । अंङ्ग्रेज निबन्धकार विलियम ह्यजलिटले वर्णन गरिसकेका, देवकोटाले नेपाली पाठक सामु अनुवाद पस्किई सकेको हुँदा भावात्मक सम्बन्धप्रति अलिकति नजर पुगोस् भनी उनले आफ्नो कलम चलाएको चर्चा गरेका छन् । यसै प्रसङ्गमा पश्चिमी

सभ्यताको "कुकुरदेखि सावधान" भनी सूचनापाटी मूल ढोकामा झुण्ड्याउनु आजको ठालूपन हो भन्दै कार र सोफामा कुकुर राख्नेहरूको हैसियत ज्यादै भद्दा र ढोडी छ भन्ने व्यङ्ग्योक्ति निबन्धमा पाइन्छ ।

पश्चिमी सभ्यताको सिको गर्ने, आफ्नो सभ्यता र संस्कृति बिर्सने आजको नेपाली समाजलाई वास्वविकतामा ओर्लन प्रभातले सन्देश दिएका छन् । प्रथम पुरुष शैलीमा लेखिएको प्रस्तुत निबन्धमा "अड्को पड्को तेलको धुप" जस्ता उखान तुक्काको प्रयोग गरी भनाइलाई रोचक बनाइएको छ । ठाँउ ठाँउमा अङ्ग्रेजी शब्द ( डेभलपमेन्ट) को प्रयोग गरिनुका साथै आत्मपरक अभिव्यक्ति प्रस्तुत भएको छ ।

### ४.३.२२ सत्र पार्ने दाउमा

"सत्र पार्ने दाउमा" निबन्ध प्रभातको खुच्चिङ निबन्धसङ्ग्रहको अन्तिम निबन्ध हो । योगवीर प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको यस निबन्धमा अङ्कको विभिन्न ढङ्गले प्रयोग गरिने कुरा चर्चा गरिएको छ । परम्परागत भनाइलाई उद्धत गर्दै आफ्नो काम पट्याउन वा शक्ति हत्याउने सबै प्रवृत्तिको चर्चा निबन्धमा गरिएको छ । उनले मानवीय सत्यतालाई ओकल्दै अङ्कको खेलमा प्रायः सबै मानिसहरू अल्झिएको चर्चा गरेका छन् । पुराना कुरालाई नियालेर हेर्दा पहिले मानिसहरू सत्ता वा सत्र पल्टन्छ भनेर आशावादी देखिन्थे । दुई अङ्क आजका सन्दर्भमा व्यावहारिक भएको चर्चा गर्दै उनले आजका दुई जीब्रे प्रवृत्ति भएका मानिसप्रति व्यङ्ग्य गरेका छन् र आधुनिक युगमा सातका बदला दुई अङ्कले सबैलाई हुन्छ भन्दै पौराणिक कालका शिव र पार्वतीका दुई सन्तानको उल्लेख गरिएको छ । आज पनि दुई सन्तान ईश्वरको वरदान भन्ने भनाइसँग सहमत हुँदै प्रायः जसो मानिसहरूले दुई अङ्कलाई अगाँलेको चर्चा निबन्धमा गरिएको छ । सधै परम्परागत विचारमा अडिनु हुँदैन किनकि मान्छे असन्तुष्ट प्राणी हो । उसले सातका बदलामा आजको परिस्थिति अनुसार दुई अङ्क सत्र प्रयोग गर्न प्रभातले सबैलाई सल्लाह दिएका छन् । छ अनुच्छेदमा संरचित "सत्र पार्ने दाउमा" निबन्ध तृतीय पुरुष शैलीमा लेखिएको छ ।

यसरी 'खुच्चिङ' निबन्ध सङ्ग्रह भित्रका सम्पूर्ण निबन्धहरूलाई हेर्दा मानिसहरूको प्रवृत्ति सामाजिक, आर्थिक सांस्कृतिक र समसामायिक नेपालको राजनीतिमा देखिएका विसङ्गति र विकृतिप्रति व्यङ्ग्य पाइन्छ । उनका निबन्धहरूमा समाजमा भएका र देखापरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यात्मक पाराले सुधारको अपेक्षा वा आग्रह गरिएको पाइन्छ भने कतै कतै सोझै व्यङ्ग्य गर्ने काम गरिएको पनि पाइन्छ । उनका निबन्धहरू दार्शनिक पक्षमा बाहेक परम्परागत

लेखनभन्दा धेरै भिन्न छैनन् ।दार्शनिकतामा भने उनी प्रगतिशील रेखा पर्दछन् । उनले समाजको विग्रँदो परिस्थितिदेखि मन भित्र उब्जिएका तीता अनुभूतिहरूलाई भाषाको मिठो अभिव्यक्ति दिएर यी निबन्धहरू सिर्जना गरेको देखिन्छ ।

## ४.४ 'खुसखुस कम्पनी' (२०६०) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको विश्लेषण

'खुसखुस कम्पनी' (२०६०) प्रभातको हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको पाँचौं हास्यव्यङ्ग्य कृति हो । यस निबन्धसङ्ग्रहमा उनका सत्रवटा निबन्धहरू सङ्गृहीत छन्, ती हुन्- (क) रातो मूला, (ख) मान्छे मार्ने सजिलो तरिका, (ग) भैरव अर्यालको भजमने यात्रा, (घ) बारमा बरालिँदा, (ङ) हावा खुस्केपछि, (च) स्वार्थजीवी भव सब !( छ) आदेश र आदेश बमोजिमका आदेशहरू, (ज) पोथी खाद्यान्न, (झ) कोटीकरणको परिभाषा र साहित्य, (ञ) कविहरूको आत्मस्वीकृति, (ट) जेमराजको पार्टीप्रवेश, (ठ) लामखुट्टे र भ्यागुताहरू, (ड) खाद्यान्न र मताधिकार, (ढ) मोटेनाथहरू, (ण) चैते स्वस्थानी, (त) नशा, नसामा दौडेपछि, (थ) बल्छी, (द) विकासे ढोका, (ध) पाँच ओटा चाहिने कुरा, (न) पाँचओटा फाल्तू कुरा, (प) वासुदेव लुइँटेल : जिउँदै स्वर्ग गएका मान्छे सप्रने र बिग्रने कुरा । यस कृतिको प्रकाशक साझा प्रकाशन रहेको देखिन्छ ।

'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहमा सङगृहीत बाइसओटा निबन्ध मध्ये शोधार्थीलाई उत्कृष्ट लागेका तीन निबन्ध (रातो मूला, मान्छे मार्ने सजिलो तरिका, पोथी खाद्यान्न) हरूलाई निबन्ध तत्वका आधारमा र बाँकी निबन्धहरूलाई शीर्षक दिएर विश्लेषण गरिएको छ ।

### ४.४.१ रातो मूला

'रातो मूला' निबन्ध प्रभातको 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहमा सङ्गृहित पहिलो क्रमाङ्कमा रहेको निबन्ध हो । यस निबन्धमा प्रभातले रातो मूलाको माध्यमबाट आडम्वरी क्रान्तिकारी मान्छेहरूको ढोंगी प्रवृत्तिहरू झल्काएका छन् ।

#### क) विषयवस्तु

रातोमूला निबन्ध दैनिक जीवनमा देखापर्ने मान्छेका व्यवहार संस्कारहरूलाई प्रतीकात्मक रूपमा प्रयोग गरी लेखिएको व्यङ्ग्य निबन्ध हो । यसमा मान्छेका स्थिर नभई बदलिई रहने विचारलाई 'रातो मूला' को संज्ञा दिइएको छ । रातो मूला बाहिरबाट हेर्दा रातो नै देखिन्छ तर त्यसको टुप्पो हरियो र फेदको गुदी सेतो हुन्छ अनि बोक्रादेखि भित्र सम्म सेतै हुन्छ । यसको देखिने भाग मात्र रातो हुन्छ । यस्तै

मान्छेको पनि अभिव्यक्ति मात्र राम्रा र सुन्दर हुन्छन् । तिनका व्यवहार र सोचाई अभिव्यक्ति भन्दा १० गुणा नीच हुन्छन् भन्ने कुरा यस निबन्धमा व्यक्त भएको छ ।

रातो मुलाले बोक्रे क्रान्तिकारीलाई दर्शाउँछ । भित्र सेतो बाहिर रातो हुने यो मुलाको स्वभाव पनि गजबको हुन्छ, बाहिर बोक्रा मात्र पिरो । मान्छेले आफू उच्च देखिन कस्ता कस्ता आदर्श छाँट्छ क्रान्तिकारी गफ चुट्छ एकै दिनमा संसार बदलिदिने जस्तो आभाष गराउँछ तर यस्तो क्रान्तिकारी व्यक्ति यथार्थमा रातो मूला जस्तो मात्र हो उसले केही गर्न सक्दैन, न उसले आफूलाई क्रान्तिकारी बनाइरहन सक्छ, न त समाजमा कुनै ठूलो परिवर्तन नै गर्न सक्छ । ऊ क्षण क्षणमा परिवर्तन भइरहेको हुन्छ । छेपाराले रङ फेरे जस्तो उसले विचारहरू परिवर्तन गरिरहन्छ । आफ्ना विचारमा अडिग रहने क्षमता तिनमा हुँदैन केवल बोक्रे क्रान्ति मात्र गर्छन् । यथार्थमा उनीहरू समाजमा कुरीति र भ्रष्टाचारमा गाँजिएका छन् भन्ने सङ्केत रातो मूलाको प्रतीकबाट र लेखकले प्रष्ट पारेका छन् । सम्भ्रान्त वर्ग र गरिब वर्गको सङ्केत गरेको कुरा निबन्धकारको अभिव्यक्तिले गरेका छन् । यी दुवै वर्ग एकअर्कामा शोषक र शोषित बनेको कुरा दर्साउँदै लेखकले व्यङ्ग्य गरेका छन् । धनीले धर्मका आडमा पाप र पुण्य, स्वर्ग र नर्कका बखान गरेर कज्याउने परम्परा यथावत रहेको छ । यसलाई न त रातो मूला (क्रान्तिकारी) ले फेर्न सक्छ न त सेता मूला सुधारबादीले नै । क्रान्तिका नाममा धेरै सङ्घर्ष भएर केही राजनीतिक परिवर्तन भए पनि मान्छेका संस्कार फेरिएका छैनन् । क्रान्तिकारी भनिएका पनि पुरानै संस्कारको सिकार भएको कुरा लेखकले ‘रातो मूला’ निबन्धमा प्रस्तुत गरेका छन् ।

## ख) उद्देश्य

यस निबन्धमा प्रभातले समाजका ठूला-ठूला क्रान्तिकारी योद्धा देखापरे पनि सामाजिक संस्कारको जालोमा तिनीहरू फँसिरहेका छन् र आफ्नो विचारमा अडिग रहन सकेनन् भन्ने कुरा देखाएका छन् । मान्छेहरू आफू उच्च देखिन कस्ता कस्ता आदर्श छाँट्छन्, क्रान्तिकारी गफ चुट्छन् एकैछिन्मा संसार बदलिदिने जस्तो आभाष गराउँछन् तर यस्तो गर्दैनन् यिनीहरूको सबैकुरा बोक्रा मात्र हुन् भित्री गुदी सेतो भएको रातो मुलाझैं हुन् । उस्लेन आफूलाई परिवर्तन गर्छ न त समाजलाई भन्ने दर्शाएर व्यङ्ग्यले यस निबन्धको उद्देश्य भनेको मान्छे आफ्नो कुरा र विचारमा अडिग हुन पर्छ देखावटी रातो भएर हुँदैन भाषणले मात्र हुँदैन भाषण गरे जस्तो व्यवहार जीवनमा उतार्नु पर्छ भन्ने अभिप्राय स्थापित गर्नेरहेको छ ।

## ग) भाषाशैली

तीन पृष्ठ तथा सात अनुच्छेदको संरचना गत आयाम लिएको ‘रातो मूला’ निबन्धको भाषा सरल, सहज र आकर्षक छ । ‘कस्तो मूला रैछ’, ‘त्यस्ता मूलाको के कुरा गर्नु’, जस्ता जनबोलीलाई जस्ताको तस्तै प्रयोग गरिएको छ भने रुन्चे, पिलन्धरे, गान्टे, भान्टे, रातो, सेतो जस्ता अनुप्रासमय शब्द संगै ‘मुर्खसँग दैब पनि डराउँछ’ जस्तो उखान टुक्काको प्रयोगले यो निबन्ध रोचक र आकर्षण बनेको छ ।

## ४.४.२ मान्छे मार्ने सजिलो तरिका

‘मान्छे मार्ने सजिलो तरिका’ निबन्ध प्रभातको ‘खुसखुस कम्पनी’ निबन्धसङ्ग्रहको दोस्रो क्रमाङ्कमा रहेको निबन्ध हो । यस निबन्धमा प्रभातले मान्छेलाई कसरी मार्न सकिन्छ, विषयवस्तुलाई लिएर व्यक्तित्वको अवसानबाट मान्छे मर्छ भन्ने सङ्केत गर्दै निबन्ध लेखेका छन् ।

## क) विषयवस्तु

यस ‘मान्छे मार्ने सजिलो तरिका’ निबन्धमा मान्छेलाई मार्ने प्रक्रिया अहिले मात्र होइन पहिलेदेखि नै चल्दै आएको र यो आधुनिक जमानामा अझ बढ्दै गएको कुरा उल्लेख गरेका छन् । मान्छे मार्ने काम आज मात्र नभएर पूर्वीय मिथकको सार भनिएको गीतामा मार्ने कार्यको चर्चा गरिएको छ । त्यसमा कृष्णले सज्जन मानिसलाई दुःख दिने प्राणीलाई मार्नु धर्म हो भन्ने कुरा अर्जुनसँग गरेका छन् । थुप्रै मिथकमा पनि युद्धमा वीरगति प्राप्त गर्ने व्यक्तिलेसिधै स्वर्गलोकमा प्रवेश पाउँछ भनेर समाजमा भ्रम छरिएको छ । यसले मानिसको व्यक्तित्व विघटन गएर भरे तुल्य बनाउनु पर्यात छ भन्ने धारणा अघि सारेको छ ।

यो निबन्धले मान्छे मार्ने तरिका पहिले, अहिले र पछिसम्म नै चलिरहन्छ र मार्ने प्रक्रियामा फरकपन आउँछ भनेकोछ । पहिले दण्ड थियो, पछि डण्डा आयो यस्तै हुँदै बन्दुकको आविष्कार अहिले एकै पटकमा लाखौँलाई स्वर्ग पठाउने आणविक हतियार बनिसकेका छन् । यी हतियारले पनि मान्छे मार्ने कार्य गरेका छन् ।परन्तु मान्छे मार्ने तरिका शरीर हत्या नगरी व्यक्तित्व समाप्त पार्ने तरिकालाई उनले सजिलो छ भनेका छन् । मान्छेलाई यी कुनै तरिका नअपनाई पनि मार्न सकिन्छ । मान्छेलाई मान्छेले गर्ने व्यवहार भन्दा उच्चस्तरको व्यवहार गरिदिने हो भने त्यो मान्छेको दम्भ मर्छ । मान्छेलाई उचाल्ने र खसाल्ने काम गर्दा नै त्यसको उत्थान वा पतन हुन्छ । त्यसलाई आधुनिक हतियारको प्रयोग गर्नु पर्दैन भन्ने

व्यङ्ग्य यस निबन्धले गरेको छ । प्रभात बैगुनीलाई गुणले मार्ने तरीका अंगाल्न चाहान्छन् । वास्तवमा मान्छेलाई ईश्वरको कोटीमा राखेर प्रशंसा गऱ्यो भने त्यो मान्छे नभई ईश्वर बन्छ र मान्छे भन्दा तल्लो कोटीमा राखेर गाली गऱ्यो भने त्यो पशुतुल्य बन्छ । यी दुइटै मान्छे मार्ने तरिका हुन् भन्ने निष्कर्ष निबन्धले दिएको छ ।

**ख)  उद्देश्य**

यो 'मान्छे मार्ने सजिलो तरिका' नामको निबन्धमा प्रभातले मान्छेलाई कसरी मार्ने भन्दा पनि कसरी बचाउने ? भन्ने कुरा देखाएका छन् । सामाजिक सद्भाव कायम गराउन भनौं या नीति नियम पालना गराउन प्रहरीलाई दिइने डण्डाको आधुनिक रूप नै पेस्तोल हो । पेस्तोलले भौतिक रूपमा मान्छे मार्न सजिलो भएको छ तर मानिसलाई गर्ने व्यवहार पेस्तोलबाट हुँदैन बोलीवचन र व्यवहारले मान्छे पलपल मरिरहेका हुन्छन् । आधुनिक हतियारको प्रयोग गर्न पर्दैन । मान्छेलाई पशुतुल्य, व्यवहार गऱ्यो भने मान्छे आफै मर्दछ, त्यसलाई मार्न पर्दैन । मान्छेलाई मान्छे भएर बाँच्न दिनु पर्दछ भने सन्देश दिनु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**ग)  भाषाशैली**

तीन पृष्ठ तथा लामा छोटा गरी दश अनुच्छेदमा संरचनात्मक आयाम लिएको "मान्छे मार्ने सजिलो तरिका" निबन्धको भाषा सरल, सहज र आकर्षण रहेको छ । जनबोलीको भाषा प्रयोग भएको यस निबन्धमा-वाग्मतीलाई ढलमती बनाउन हो, वा देउघाटलाई लेउघाट बनाउन होस्, बुद्धको बस्तीमा युद्ध चलेपनि, जनकका मन्दिरमा जनक ढले पनि जस्ता अनुप्रासीय सक्ति कथन अनि 'जसले पाप गर्छ उसले जप लगाउँछ', जस्ता उखान टुक्काको प्रयोगले प्रस्तुतिमा मिठास थपेको छ । यस निबन्धमा संस्कृतका 'न राज्यँ नैव राजासीत् न दण्डो न च दाण्डिक' जस्ता शब्दले निबन्ध रोचक तुल्याएको छ ।

**४.४.३ पोथी खाद्यान्न**

प्रस्तुत 'पोथी खाद्यान्न' निबन्ध प्रभातको 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहको आठौं निबन्ध हो । यसमा नारी र पुरुषबीचका असमानताका बारेमा वर्षौंदेखि चल्दै आएको वाक्युद्धको विषयलाई उर्वरा शक्ति र खाद्यान्नको तहसम्म पुऱ्याएर व्याख्या गरिएको छ ।

## क) विषयवस्तु

प्रस्तुत निबन्धमा भालेहरूमा देखिएको पोथीपन र उसले उपभोग गर्ने पोथी खाद्यान्नका सम्बन्धमा टिप्पणी गरिएको छ । प्रकृतिमा भालेको साम्राज्य छ । हालसम्म भएका युद्ध होस् वा रामायणको लङ्कामा भएको युद्ध होस् यी सबै भालेपन भएका युद्ध हुन् । परम्पराले पनि भालेपनलाई बल, वैभव र शौर्यको स्रोत मानेको छ भने दुर्बल, निर्धनता उपकारको प्रतिमूर्तिलाई पोथीपन मानेको छ । यही कोणबाट देवकोटा, लेखनाथ, घिमिरे, कालीदास पोथी स्रष्टा र कोइराला र सम र रिमाललाई भाले स्रष्टाको कोटीमा राखिएको छ । खाद्यान्न स्तरलाई पनि भाले र पोथीमा विभाजित गर्दै गहुँ, धान, चुरोट र रक्सीलाई पोथी खाद्यान्नमा राखिएका छन् । अझ टमाटरलाई त पोथी खाद्यान्नको राष्ट्रपति नै मानिएको छ । यस्तै गरेर जौ, मकै, कोदोलाई भाले खाद्यान्नको दर्जा दिइएको छ । आलु र पिँडालुलाई उभयलिङ्गको दर्जा दिइएको छ । यस प्रकारका वर्गीकरण स्वंय रमाइलो हास्योत्पारक र व्यङ्ग्यात्मक रहेको छ ।

जाँड रक्सी र चुरोट पोथी खाद्यान्नको ज्यादै ठूलो साम्राज्य छ । जसको प्रयोगले मान्छेको सिर्जना क्षमता अत्यन्त तीब्र हुन्छ र स्वर्ग, मर्त्य, पाताल एकै ठाउँमा आउने, ठूला ठूला योजना कार्यान्वयन हुने, पुराण राजनीति दर्शन शास्त्र मुखाग्र हुने गरी छताछुल्ल हुन्छ । यिनै विषयवस्तु यस निबन्धमा रहेको छ ।

## ख) उद्देश्य

'पोथी खाद्यान्न' निबन्ध नारी र पुरुष बीचका असमानताका बारेमा वर्षौंदेखि चल्दै आएको वाक्‌युद्धको विषयलाई उर्वरा शक्ति र खाद्यान्नको तहसम्म पुऱ्याएर व्याख्या गरिएको छ । भालेहरूमा देखिएको पोथीपन गौण छ, हाम्रो समाजमा भालेहरूको साम्राज्य छ । हालसम्म जे जे भए भाले भाले प्रवृत्तिले गर्दा भए । खाद्यान्नलाई पनि पोथीकै दर्जा दिएर रमाउने तरीका पनि पाइन्छ । अब यस्तो हुनु हुँदैन भन्ने सन्देशदिने उद्देश्य यस निबन्धमा पाइन्छ ।

## ग) भाषाशैली

'पोथी खाद्यान्न' निबन्धको भाषाशैली सामान्य प्रकारको रहेको छ । यसमा आलु, पिँडालु, टमाटर जस्ता सामान्य शब्दहरूको चयन गरिएको छ । जेलिफिस, पुंकेश जस्ता केही अप्रचलित शब्दहरूपनि यसमा छन् । मिथकदेखि विज्ञानसम्म र कालिदासदेखि देवकोटासम्मको उदाहरण प्रस्तुत गर्दै निबन्धलाई व्यापक बनाइएको

छ । तीनपृष्ठ तथा लामा छोटा गरी नौं अनुच्छेद रहेको यस निबन्धमा रममरम, झमझम जस्ता अनुप्रास संगसंगै सरल र सरल शब्दले निबन्ध रोचक बनेको छ ।

### ४.४.४ बारमा बरालिँदा

यो निबन्ध विष्णु प्रभातको 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहको चौथो निबन्ध हो । यसमा नेपाली समाजमा रहेको बार बार्ने चलनको चर्चा गर्दै बार शब्दका सम्बन्धमा चौतर्फी विवेचना गर्ने प्रयन्त गरिएको छ ।

बारका अर्थ धेरै तरिकाले लगाउन सकिन्छ रेष्टुरेन्ट एन्ड बार, किसानले खेतवारीमा लाउने बार, घरको सुरक्षमा लगाइने पर्खालको बारदेखि लिएर मोजमस्तीको साधनसम्म जनाउने कुरा प्रभातले उल्लेख गरेका छन् । तर यी सबै बार केवल देखावटी मात्र हुन् । यी सम्पूर्ण बारलाई देखाएर आफ्नो छवीलाई ढाकछोप गर्दै आएको छ नेपाली समाजले भन्ने कुरा लेखकले यस निबन्धमा प्रस्तुत गरेका छन् । यो कुरा निबन्धको सुरुवातमै यसरी गरिएको छ : 'नदिने बराजुले बुधबार बार्छन्' । यहाँ बाट शब्दले दिनमन्त्री सँगै छुच्चो प्रवृतिलाई पनि प्रहार गरिएको छ ।

नेपाली समाजको चलनचल्तीमा रहेको बार बार्ने चलमा प्रत्येक व्यक्तिले कुनै एक दिनलाई नराम्रो मानी उक्त दिन आर्थिक कारोबार नगर्ने विशेषष्ताको सेरोफेरोमा यो निबन्ध घुमेको छ । बारको शुभ-अशुभ जस्तो सूक्ष्म विषयलाई लिएर नेपाली समाजमा रहेका अन्धविश्वासप्रति व्यङ्ग्य प्रस्तुत गरिएको यस निबन्धमा, 'न शूद्राय मतिं दद्यात्' जस्ता संस्कृत सूक्तिको प्रयोग भएको छ । छोटो आयामको यस निबन्धको मुख्य उद्देश्य समाज र संस्कृतिका विकृति र अन्धविश्वासप्रति व्यङ्ग्य प्रहार गर्नु रहेको छ ।

### ४.४.५ हावा खुस्केपछि

यो निबन्धमा सभ्य र सुसंस्कृत व्यवहार भएका मानिसलाई तिरस्कृत गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । सोझा र सीधा कुरा गर्नेलाई कसैले वास्ता नगर्ने र जो जो अव्यावहारिक र अतार्किक कुरा गर्छन्, तिनीहरूलाई नै विश्वास गर्ने प्रवृत्ति प्रति प्रहार छ । यसै कुरालाई प्रभातले यो निबन्धको विषयवस्तु बनाएका छन् ।

हाम्रो समाजमा यस्ता हावा खुस्केका मान्छे धेरै छन् । हावामा महल बनाइदिने कुरा गर्छन् । यसैप्रति मानिसहरू विश्वास गर्दछन्। उनीहरूकै पिछा लाग्छन् । यो प्रवृत्ति सर्वसाधारणमा मात्र होइन ठूला ठूला नेताहरूमा पनि प्रशस्त

पाइन्छ । यी सबै हावा खुस्केका हुन् । हावा नखुस्की कोही पनि नेता बन्न र भत्ता पकाउन सक्दैन भन्ने चर्चा यस निबन्धमा गरिएको छ । साथै नक्कली प्रमाणपत्रको बिगबिगीलाई पनि यहाँ चर्चा गरिएको छ । 'हावा खुस्कनु' भन्ने नेपाली टुक्कालाई शीर्षक चयन गरेर हावासँग सम्बन्धित व्यञ्जनात्मक यथार्थवादी शब्दहरू आयु, वायु आदिको चर्चा गर्दै सरल शैलीमा यो निबन्धको रचना भएको छ । समग्रमा समाजका विकृति र विसङ्गतिलाई हावा खुस्केकाहरूप्रतिको व्यङ्ग्यमार्फत चित्रण गर्ने कार्य यस निबन्धमा गरिएको छ ।

**४.४.६ स्वार्थजीवी भव सब ।**

यो निबन्ध विष्णु प्रभातको 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहको सङ्गृहित निबन्ध हो । यसमा मिथकदेखि विज्ञानसम्म देवतादेखि दानवसम्मले गरेका सम्पूर्ण कार्य स्वार्थसँग सम्बन्धित छन् भन्दै "स्वार्थजीवी भव सब !" शीर्षक दिइएको छ स्वार्थविनाको कोही छैन, मिथकका देवताले पनि आफ्नै स्वार्थका लागि युद्ध लडेका हुन् । अहिलेका नेता, राजनेता पनि आ-आफ्नै स्वार्थसँग गाँसिएका छन् भन्दै यस संसारमा निस्वार्थी प्राणी कुनै छैन ! भन्ने निष्कर्ष उनले यस निबन्धमा व्यक्त गरेका छन् ।

लेखक स्वयम् बाँच्नको लागि स्वार्थ बोकेर साहित्य लेखेको कुरा व्यक्त गर्दै भन्दछन्- "यदि ईश्वर कतै छ भने त्यो स्वार्थमय संसारका रूपमा कण-कणमा व्यप्त छ । सोझै भन्दा आजको कर्म, धर्म र इश्वर नै स्वार्थ हो ।" यस संसारका प्रत्येक प्राणी स्वार्थी छन् । बच्चाले आमाको दुध पाएन भने रुन थाल्छन् यहीँबाट नै मान्छेका स्वार्थको बीजारोपण हुन्छ । पछि भयानक स्वार्थी बन्छ । स्वार्थकै कारण महाभारत र रामायणका युद्ध भएका थिए । ती स्वार्थ हिटलर मुसोलोनीमा पनि प्रकट भएको इतिहासले बताउँछ ।

सबै स्वार्थी बनेको विषय प्रस्तुत गर्दै यस निबन्धमा निबन्धकारले संसारमा कोही निस्वार्थी नभेटेको कुरा व्यक्त गरेका छन् । विषयगत प्रस्तुति बोलीचालीमा प्रयोग हुने शैली रहेको छ । मिथकीय दृष्टान्त प्रस्तुत गर्दै निबन्धलाई अझ रोचक र घोचक बनाएका छन् । 'मरेपछि डुमै राजा' जस्ता उखानले निबन्धलाई अझ मिठास थपेको छ । सामाजिक प्राणीमा पाइने विकृतिलाई व्यङ्ग्य गरेको छ ।

### ४.४.७ आदेश र आदेश बमोजिमका आदेशहरू

नेपाली शासन प्रणालीमा चलन चल्तीमा रहेको 'आदेश' शब्दलाई मूल विषय बनाएर लेखिएको यस निबन्धमा माथिल्लो तहका पदाधिकारीले दिने आदेशले तल्ला तहका कर्मचारीमा उत्पन्न हुने डर, त्रास र बाध्यतालाई व्यङ्ग्यात्मक रुमपा प्रस्तुत गरिएको छ । आदेश जुनसुकै तहको भए पनि त्यसको पालना अनिवार्य गर्नुपर्ने भएकाले विवेकको प्रयोग गर्न नपाइने बाध्यतालाई चिरफार गरिएको छ । विवेकको प्रयोग गर्ने अवस्था तल्लो तहका कर्मचारीलाई नभएको प्रशासनिक सँयन्त्रप्रति यसरी व्यङ्ग्य गरिएको छ-

"आदेश जुन तहको भए पनि त्यसको परिपालना हुनै पर्छ र यो हाम्रो परम्परादेखिको धर्म हो । आफ्ना विवेकमा जे जस्तो ठहर रहेको भए पनि आदेश पालना गर्नैपर्छ । जहर पिएर विवेक पचाउनुपर्छ ।"

आदेश हाम्रो संस्कार बनिसकेको र त्यस्तो संस्कार हाम्रा धर्मग्रन्थहरूले निर्माण गरेको कुरा दशरथले कैकेयीको आदेशमा रामलाई बनबास पठाएका थिए, रामका आदेशमा हनुमानले लाङ्का ध्वस्त पारेका थिए, युधिष्ठिरका आदेशले ………… गएको दृष्टान्त दिई स्पष्ट पारिएको छ । प्रजातन्त्रको आगमन भइसकेपनि त्यसको वास्तविक उपभोग सर्वसाधारणले गर्न नपाएको चर्चा यसमा उल्लेख्य छ । हान् ठोक भन्ने वित्तिकै साधारणका टाउकामा डन्डी बर्सिने चर्चा गर्दै "प्रजातन्त्रमा व्यक्तिको स्वतन्त्रता सर्वोपरि हुने हुँदा व्यक्तिवाद नै आधुनिक युगको वेद हो ।" भनी व्यङ्ग्य गरिएको छ । हाम्रा शहीदहरू पनि आदेश बमोजिम नै मारिएको र त्यस्ता अनेकन व्यक्तिको हत्या पनि आदेश बमोजिम नै भएको चर्चा यस निबन्धमा गरिएको छ ।

### ४.४.८ कोटीकरणको परिभाषा र साहित्य

प्रस्तुत निबन्धमा वर्गीय विभेदलाई मुख्य विषय बनाइएको छ । साहित्यको विभाजन मौलिक रूपमा गरेको छ । आर्थिक दुर्बलताका कारण राणाहरूका कोठीमा पुगेका अवला नारीदेखि व्यक्तिगत खुसीमा रचिएका साहित्यलाई यसले व्यङ्ग्य गरेको छ । कोटीकरणको परिभाषा र साहित्यको कोटीकरण गरी दुई उपशीर्षकमा रचिएको यो निबन्धमा मार्क्सवादी झलक पाइन्छन् ।

कोटीकरणको परिभाषा उपशीर्षकमा राणा, साहु महाजन हुँदै फ्रान्सेली क्रान्तिको सन्दर्भसमेत जोडेर ती उच्च वर्गका शोषणको चित्रण यसमा गरिएको छ

।फ्रान्सेली क्रान्ति फ्रान्सका हुने खाने र हुँदा खाने बीचको द्वन्द्वले निम्त्याएको थियो । यस्तै गरेर राणा कालमा सर्वसाधारणका छोरी राणाका कोठीमा पुगेको र पाउनसम्म दुःख पाएको प्रसङ्ग यसमा उल्लेख छ । नेपाली साहित्यदेखि लिएर मिथकसम्म पनि कोटीकरण गर्ने प्रचलन छ । जलका देवता, धनका देवता, मनका देवता, वनका देवता लगायत पौराणिक कथामा यस्ता देवता ३३ कोटी पुऱ्याइएको छ । यस्ता कोटीकरण समय र स्थान अनुसार फरक-फरक भएकाले २१ औं शताब्दीको सन्दर्भमा लेखकले साहित्यमा कोटीकरण नयाँ तरिकाले गरेका छन् ।

साहित्य सबैको हित गर्ने विषय होइन भन्दै व्यङ्ग्य गरेको यो निबन्धको मान्छेलाई नाङ्गिन सिकाउने गुरु पनि साहित्य नै हो भन्दै जसले ठग्न सक्छ, ढाँट्न सक्छ, उसैको पूजा हुन्छ ! सोझा-साझाको स्थान छैन भन्ने दृष्टान्त दिएको छ । साहित्यमा अहिलेसम्ममा धेरै वाद जन्मिसके र तिनले आ-आफ्नै ढाँचा अनुरूप साहित्यको व्याख्या गरे भन्दै यस निबन्धमा लेखकले निम्न अनुसार साहित्यलाई वाद्‌विहीन बनाएर वर्गीकरण गरेका छन् ।

१) झोल साहित्य
२) खोल साहित्य
३) नोल साहित्य
४) पोल साहित्य
५) अनमोल साहित्य

यहाँ झोल साहित्यलाई सोम रस अथवा रक्सीसँग सम्बन्धित, खोल साहित्यलाई अर्ती, उपदेश, आत्मा परमात्मासँग सम्बन्धित, विखण्डन, विद्रोह र विसङ्गति निम्त्याउने साहित्य नोल साहित्य, यथार्थ नै सबथोक हो भन्दै परम्पराको विरोध गर्ने पोल साहित्य र मान्छेलाई मान्छेका रूपमा चयन गर्ने साहित्य अनमोल साहित्य हो भनिएको छ । यस निबन्धमा साहित्यिक समाजका विकृति र विसङ्गतिलाई व्यङ्ग्य गर्दै साहित्यको आधुनिक वर्गीकरणलाई बेञ्जनात्मक ढङ्गले परिभाषित गर्न खोजिएको छ ।

## ४.४.९ कविहरूको आत्मस्वीकृति

कविहरूको आत्मस्वीकृति निबन्ध विष्णु प्रभातको 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहको दशौं निबन्ध हो । यस निबन्धमा कविता सम्मेलन र कविहरूका विभिन्न शैली तथा लयात्मक कविताको माध्यमबाट साहित्यकारहरूलाई व्यङ्ग्यको विषय बनाइएको छ । यसमा भानुभक्त, सोमनाथ, लेखनाथ, लक्ष्मीप्रसाद, सिद्धिचरण,

मोहन कोइराला, बालकृष्ण सम तथा मोदनाथप्रश्रितका काव्य प्रवृत्ति र सामाजिक प्रवृत्तिलाई पद्यात्मक रूपमा प्रस्तुत गरिएकोछ ।

गोष्ठीमा उपस्थित प्रत्येक कविले आफ्ना बानी व्यहोराको आफै आलोचना गर्नु र आफ्ना सिर्जना तथा लवाइ खवाइका बारेमा वर्णन गर्नुमा रमाएको यस निबन्धमा गद्यात्मक शैली भन्दा पद्यात्मक शैली बढी छ । भाषाशैलीका दृष्टिले यो निबन्धमा भानुभक्त, सोमनाथ, लेखनाथ, लक्ष्मीप्रसाद, सिद्धिचरण, मोहन कोइराला, बालकृष्ण सम तथा मोदनाथका काव्य शैली र शब्द नै अनुकरण गरिएकाले तिनै कविको भाषाशैली छ । नेपाली कविताको एक युगको झल्का दिने र त्यस कालका काव्य प्रवृत्ति यस निबन्धमा पाइन्छ र स्रष्टाको आत्मस्वीकृतिमा सत्य उद्‌घाटित गर्ने काम यस रचनाको विशेषता बनेको छ ।

### ४.४.१० जेमराजको पार्टी प्रवेश

प्रस्तुत निबन्धमा पूर्वीय मिथकको परिवेश निर्माण गरेर नेपाली राजनीतिकदलका विकृति र विसङ्गतिलाई विषय बनाइएको छ । प्रजातन्त्रको पुनर्बहाली पछि काङ्ग्रेसको फुट प्रवृत्ति र एमालेका नेता मदन भण्डारी र जीवराज आस्रितको हत्याको घटनालाई मुख्य रूपमा उठाइएको छ ।

रामायण र महाभारतको प्रत्यक्ष प्रभाव रहेको नेपाली समाजमा राजनीति पनि पाप र धर्म स्वर्ग र नर्कको डरले ग्रसित छ भन्दै साधारण जनता प्रति सहानुभति यस निबन्धले व्यक्त गरेको छ । स्वर्ग र नर्क लोकका रूपमा दुई पाटीलाई उभ्याएर तिनका विसङ्गतिलाई चित्रित गर्ने कार्य, काङ्ग्रेसले सत्ता पुगेका बेला पार्टी फुटाएको र एमालेले आफ्नै प्रभावशाली नेताको हत्या गरेको चर्चा यसमा गरिएको छ । यो निबन्ध भैरव अर्यालका नामबाट आफ्ना भतिजालाई राजनीतिको जानकारी गराउन पत्रात्मक रूपमा लेखिएको छ । भाषाशैलीका दृष्टिले हेर्दा सरल बोलचालको शैली छ भने यमराज, स्वर्ग, नर्क, पाप, पुण्य जस्ता आदिम विश्वासमा अडेका मिथकीय बिम्बात्मक शब्द र पार्टी, नेता, महासचिव जस्ता आधुनिक समाज प्रचलित शब्द पनि त्यतिकै छन् । हिङ नभएपनि हिङ बाँधेको टालो जस्ता उखान टुक्काको प्रयोग सन्दर्भअनुसार गरिएकोले यो निबन्ध रोचक बन्न पुगेको छ ।

### ४.४.११ लामखुट्टे र भ्यागुताहरू

प्रस्तुत निबन्ध 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहको बाह्रौं क्रमाङ्कमा रहेको छ । यस निबन्धमा प्रभातले मान्छेहरूको स्वभाव, बानीव्यवहारलाई लामखुट्टे र भ्यागुतासँग तुलना गरेर व्यङ्ग्य प्रहार गरेका छन् । लामखुट्टे भनेको अरूलाई दुःख दिएर सताएर आफ्नो पेट भर्ने एउटा भँवरोझैं भुन्भुनाउँदै हिँड्ने किरा हो । यहाँ लामखुट्टेका माध्यमबाट हाम्रो देशका नेता, ठूलाबडाहरूलाई व्यङ्ग्य गरिएको छ । हाम्रो समाजका लामखुट्टे पनि एउटै कोटीका छैनन् । कोही, छिटोछिटो आफ्नो काम फत्ते गर्न विभिन्न शक्तिकेन्द्रमा लामालामा पाइला चाल्दै धाउनेहरू अथवा भनौं सुलसुलेहरूकोही, समाजका बहुसङ्ख्यक जनसमुहको श्रम चुसिखाने जुकाहरू जस्ता शोषकहरू छन् । यी दुवै थरी मिलेर लामखुट्टेमानवको समाज बनेको हुन्छ । मनुष्यको अनुहारमा रहेका लामखुट्टेको स्वभाव ठ्याक्क मिल्न जान्छ । हाम्रो समाजमा रहेका ठूला बडाहरूअरूको रगत पसिनामा रमाएर आफ्नो पेट भर्ने गर्दछन् तत्पर भन्ने कुरा यस निबन्धमा रहेको छ ।

यहाँ भ्यागुताहरू भनेर मान्छेको बानी व्यवहारसँग तुलना गरेर व्यङ्ग्य गरिएका छन् । भ्यागुताहरूको विशेषता नै भुँडी फुलाएर टरटराउनु हो । डम्म खान पाउने परिवेशमा रमाउनु, उफ्रनु र कराउनु भ्यागुताहरूको काम हो । हाम्रो देशका नेताहरू कुर्सीको लागि तानातान गर्दछन् । जब कुर्सी पाउँछन् । अरूको वास्ता गर्दनन् । आफ्नो पेट भरेर डम्म परेर बस्छन् र भाषण टरटराउँछन् । यस निबन्धमा मान्छेको स्वभावलाई किराफटेङ्ग्राको स्वभावसँग तुलना गरेर व्यङ्ग्य प्रहार गरेका छन् । सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्ध कतै कतै उखान टुक्काको प्रयोगले रोचक बनेको छ भने कतै कतै अनुप्रासयुक्त वाक्यले मिठास थपेको छ ।

### ४.४.१२ खाद्यान्न र मताधिकार

यो 'खाद्यान्न र मताधिकार' शीर्षकको निबन्ध गोरखापत्रमा प्रकाशित र 'खुसखुस कम्पनी' सङ्ग्रहमा सङ्गृहीत निबन्ध हो । यसमा खानेकुरा र मताधिकार दुवै मान्छेका मौलिक हक हुन् । मान्छेलाई खाना, बास र कपडा अनिवार्य भएजस्तै मताधिकार पनि आवश्यक कुरा हो भन्ने भनाइ प्रभातको छ । जसरी खाना भएन भने मान्छेको जीवन चल्न सक्तैन त्यसैगरी मताधिकार वा आफ्नो विचार राख्ने मञ्च वा आफ्नो विचार प्रस्तुत गर्ने स्वतन्त्रता भएन भने मान्छेले उन्नति प्रगति गर्न सक्तैन भन्ने भनाइ प्रस्तुत निबन्धमा रहेको छ । जसरी रोटीको लागि मान्छेले सङ्घर्ष गर्छ त्यसरी नै मतअधिकारको लागि मान्छेले आन्दोलन, सङ्घर्ष र विद्रोह

गरेको छ भन्दै प्रभात खाद्यान्न र मतअधिकार दुवै समान आवश्यकता हुन् भन्ने व्यक्त ठम्याइ गर्दछन् ।

सरल भाषाशैलमिा लेखिएको यो निबन्ध राजनैतिक सञ्चेतना युक्त रहेको छ ।

### ४.४.१३ मोटेनाथहरू

प्रस्तुत 'मोटेनाथहरू' शीर्षकको निबन्ध विष्णुप्रभातद्वारा लेखिएको र उनको 'खुसखुस कम्पनी' सङ्ग्रहमा सङ्गृहित रचना हो । मार्क्सवादबाट प्रभावित प्रभातले समाजलाई दुई वर्गमा विभाजित गरेर लुखुरेनाथ र मोटेनाथहरू बनाएका छन् । समाजका दुई वर्गहरू हुन् शोषणनाथ र शोषितनाथ । मोटेनाथहरू बादर जस्तो अनुहार रातो रातो नै हुने भएपनि बाँदरले आफ्नो घर नबनाउने र अरूको घर पनि भत्काउने जस्तो गर्दैन, मोटेनाथको चरित्र अरूको घर भत्काउने आफ्नो घर प्रत्येक शहरमा बनाउने हुन्छ भन्दै घुस्याहा बदमासलाई घोचपेच गरेका छन् । नाच्न जान्दैन आँगन टेडो भनेझैँ वर्ग सङ्घर्षको नाममा सबै पूँजीपति वर्गलाई मोटेनाथको कोटीमा राखेर तल्लोस्तरको व्यङ्ग्य गरेका छन् । जसरी छेपारीले रङ्ग फेर्छ त्यसरी नै मोटेनाथहरूपनि कुरा फेरिरहन्छन् भन्दै प्रभातले घुस्याहा, शोषक र नव धनाढ्यहरूको अमानवी प्रवृति माथि व्यङ्ग्य गरेका छन् ।

सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा उखानटुक्काको प्रयोग र अनुप्रास उक्त शब्दको प्रयोगले निबन्ध रोचक र घोचक बनेको छ ।

### ४.४.१४ चैते स्वस्थानी

यो निबन्ध प्रभातको एक सामाजिक, राजनैतिक र साँस्कृतिक विषयको व्यङ्ग्यात्मक निबन्ध हो । यो निबन्ध 'खुसखुस कम्पनी' शीर्षकको सङ्ग्रहमा सङ्गृहीत रहेको छ । चैते बाँदर होस् वा राजनीतिमा प्रयोग हुने चैते काङ्ग्रेस वा चैते कम्युनिष्ट जो हिजो पञ्चायतमा भरपुर फाइदा उठाएर बहुदलवादीलाई अराष्ट्रिय तत्व भन्दथे उनै आज बहुदलमा आएर 'चैते' भएका छन् । प्रभातले चैते स्वस्थानी भनेर राजनीतिमा नयाँ शब्दको प्रयोग गर्दै यो एउटा प्रवृत्तिलाई समेट्न खोजेका छन् । जसरी जयनेपाल सिनेमाघरमा चलेको स्वस्थानी नामक चलचित्रमा देखाएको कथाले एकाग्र बनाएर स्रोत दर्शकलाई एकोऱ्याउँछ, त्यसैगरी ती चैते राजनीतिक भाषणले एकोऱ्याउँछ र त्यो चैते स्वस्थानी छद्मभेषी हुन्छ भन्दै प्रभातले नामकरण गरेका छन् ।

सरल र सहज भाषामा लेखिएको, उखानको प्रयोग भएको, अनुप्रास मिलेका शब्द रहेको प्रस्तुत निबन्ध राजनीतिमा चैते प्रवृत्तिलाई तिखो शूल बन्दै राजनीतिक शब्द भण्डारमा नवीन शब्दको आगमन समेत भएको छ ।

### ४.४.१५ नशा, नसामा दौडेपछि

प्रस्तुत निबन्ध नशाले जीवन बचाए जस्तै नशाले जीवनको यथार्थबोध गराउँदैनबरु गराउँछ भन्दै एउटा नशाको बारेमा व्यङ्ग्यात्मक ढंङ्गले लेखिएको रचना हो । यो उनको खुसखुस कम्पनी शीर्षक निबन्धसङ्ग्रहमा सङ्ग्रहित रचना हो ।

नशा मादक पदार्थको होस् वा लागू पदार्थ, बारीमा फल्ने चरेस, अफिम, गाँजा र भाङमा प्रतिबन्ध छ उत्पादन गर्न पाइँदैन तर पशुपतिनाथमा जोगीलाई शिवरात्रीमा भने गाँजा बाँडिन्छ । सरकार एकातिर गाँजा खेती बन्द गर्ने भन्दै गरिब किसानको गाँजा नष्ट गर्दछभने त्यही सरकार फेरी परम्पराको नाममा गाँजा बाँड्छ । यति मात्र होइन, लामा, धामी, गुरुङ, कान्छाहरू लागु पदार्थ ओसारपसार गरेको निउँमा पक्डाउ पर्दछन् भने ठमेल र नगरकोटका होटलमा सहजै नसालु पदार्थ पाइन्छ । हाम्रो गाउँ घरको भाङ धतुरो चरेस, गाँजा उत्पादनमा प्रतिबन्ध लाग्छ भने बहुराष्ट्रिय कम्पनीका नशाजन्य पेय पदार्थ भने प्रत्येक उत्सवमा प्रयोग गरिन्छ भन्दै व्यङ्ग्य गरिएको छ ।

प्रस्तुत निबन्धमा हाम्रो सामाजिक परम्परा राजनीतिक रवैयाप्रति व्यङ्ग्य गरिएको छ । धुम्रपान भएपनि नशा हो, मद्यपान भएपनि नशा हो । नशा नशा नै हो । कही गाँजाप्रतिबन्ध लगाउने त कतै सरकारी तवरलनै बाँड्ने । हाम्रो स्थानीय उत्पादनमा प्रतिबन्ध लगाउने अनि बहुराष्ट्रिय कम्पनीका उत्पादन भित्र्याउने यस्तो प्रवृत्तिप्रति प्रभातले व्यङ्ग्य गरेका छन् ।

### ४.४.१६ बल्छी

विष्णुप्रभातद्वारा लेखिएको बल्छी शीर्षकको निब्न्ध 'खुसखुस कम्पनी' सङ्ग्रहमा सङ्ग्रहित राजनीतिक परिपाटीलई व्यङ्ग्य गरिएको सोह्रौं कृति हो । 'बल्छी' शब्द सामान्य अर्थमा माछा मार्न प्रयोग गरिने फलामको झुक्याउने अङ्कुशे हो । तर वर्तमान परिस्थितिमा बल्छी शब्दले समस्त राजनैतिक, सामाजिक, आर्थिक विकृतिलाई व्यङ्ग्यात्क ढंङ्गले समेट्न खोजेको छ । व्यापारीमा कमिसन बल्छी बन्दछ भने कर्मचारी तन्त्रमा घुस बल्छी बन्छ । यही बल्छी रूपी घुस र कमिशनको

चक्करमा देश, विदेशीको बल्छीमा र सरकारी कर्मचारी र सरकार दलालको बल्छीमा फस्तै गएर देश खोक्रो भएको कुरा प्रस्तुत निबन्धमा प्रभात व्यक्त गर्छन् ।

सरल भाषा शैलीमा लेखिएको प्रस्तुत निबन्धमा उखान टुक्काको प्रयोगले भाषा रसिलो बनेको छ भने अनुप्रास युक्त शब्दले श्रवणमाधुर्य बढाएको छ । यो एक राष्ट्रवादी व्यङ्ग्यात्मक निबन्धको उत्कृष्ट नमुना बनेको छ ।

### ४.४.१७ विकासे ढोका

प्रस्तुत निबन्ध प्रभातको 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहमा सङ्गृहीत एक निबन्ध हो । यस निबन्धमा प्रभातले विकासे ढोका भनेर कुनै घर भित्र पस्नको लागि बनाइएको ढोका नभएर हाम्रो देशलाई विकासोन्मुख बनाउने ढोकाहरूको बारेमा चर्चा गरेका छन् । विकास गर्ने नाममा भ्रष्टाचार, घुसखोरी, कमिसन मात्र हुन्छ देशमा विकास हुँदैन भन्ने कुराप्रति प्रभात चिन्ता व्यक्त गर्दछन्। आज भोली प्रत्येक घरआँगमनमा छिर्न्का निम्ति सर्वप्रथम मूल ढोका खोलिनुपर्छ । त्यसैले देशविकासका निम्ति पनि ढोका खुल्नुपर्छ अथवा खुला ढोका हुनुपर्छ । विकासको ढोका खुलेपछि विकसित समाजतिर बढ्न पाइन्छ । बुद्धिको ढोका खुलेपछि मान्छे बुद्ध हुन्छ । बुद्धको ढोका खुलेपछि मान्छे युद्धप्रिय बन्दछ । शान्तिको ढोका खुलेपछि अशान्ति भाग्छ, क्रान्तिको ढोका खुलेपछि मान्छे क्रान्तिमा लाग्छ । त्यसो हुँदा सिर्जनाको होस् वा स्वाभिमानको, तिर्सनाको होस् वा अभिमानको, ढोका नखुलीकन मान्छेको कुनै पनि सीपको, समृद्धिको प्राप्ति असम्भव छ । त्यसैले हामी र हाम्रो मुलुकको प्रगतिका निम्ति विकासको ढोका खुल्नै पर्छ भन्ने कुरा यस निबन्धको विषयवस्तु बनेको छ ।

### ४.४.१८ पाँचओटा चाहिने कुरा

प्रस्तुत निबन्ध प्रभातकै 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्ध हो । यस निबन्धमा प्रभातले पाँचओटा चाहिने कुराको विश्लेषण गरेका छन् । पाँचओटा चाहिने कुरा मानिसलाई मात्र होइन अन्य जीव र वनस्पतिलाई समेत चाहिन्छ भनेर प्रभातलेहावा, पानी, घाम, काम र मामको महत्त्व व्यक्त गर्दछन् ।

हावाविना मानव, जानव र वनस्पतिको अस्तित्व रहन सक्दैन । त्यसैले यो पृथ्वीका प्रत्येक बासिन्दालाई निरन्तर चाहिने कुरामा पर्दछ । पानी मानव जीवनमा नभइ नहुने कुरा हो । खानपानमा पानी, स्नान ध्यानमा पानी, सिँचाइ र संरचनामा पानी, जलक्रीडा या यात्रामा पानी । पानी नहुने हो भने मान्छेले, जन्तुले, वनस्पतिले

आफ्नो जीवन धान्न सक्ने थिएन । त्यसैले पानी हाम्रो आँखाको नानी हो । 'घाम' पनि मान्छेलाई नभई नहुने अर्को तत्व हो । प्रत्येक काममा घामको उपस्थिति आवश्यक भइदिन्छ । त्यसैले 'पोले पनि घामै जाती' भन्ने उखान चरितार्थ छ । 'काम' भनेर श्रमको अर्थमा लिइन्छ । श्रमले नै हाम्रा हातहरू मुक्त भए । अनुभवहरू सङ्गृहीत भए । ज्ञानको ढोका खुल्यो । नयाँनयाँ सभ्यताका सिँढी थपिँदै गए । त्यसैले काम हाम्रो जीवनको अभिन्न आवश्यकता बनेको छ । माम पनि जिजीविषाको मूल आधार बनेको छ । सबै कुरा केवल मामको खातिर गरिन्छ । यस निबन्धमा प्रभातले हावा, पानी, घाम, काम र माम हाम्रो जीवनमा चाहिने पाँच कुरा हुन् भन्ने धारणा व्यक्त गरेका छन् । यो निबन्धले पञ्चम तत्त्व विश्लेषण गरेकै पाँच आवश्यकता दर्शाएको छ ।

### ४.४.१९ पाँचओटा फाल्तू कुरा

प्रस्तुत निबन्ध प्रभातको 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहमा सङ्ग्रहित उन्नाइसौं निबन्ध हो । यस निबन्धमा प्रभातले ईश्वर, आत्मा, स्वर्ग, नर्क र धर्मलाई फाल्तू कुरा भनेर विश्लेषण गरेका छन् ।

प्रभातले यस निबन्धमा दुनियाँमा पाँचओटा फाल्तू कुराहरूछन्- ईश्वर, आत्मा, स्वर्ग, नर्क र धर्म भन्दै यिनीहरूको परम्परागत अर्थ जो छ त्यो बिलकुल अमानवीय छ भनी व्याख्या गरेका छन् । यी पाँचओटै कुराहरूको सम्बन्ध र सरोकार हाम्रो संसारसँग छैन । त्यसैले यिनीहरूलाई अलौकिक वस्तु मानिन्छ । हामी ती अलौकिक वस्तुको अस्तित्व लौकिक रूपमा सावित गर्न अनेक कथाकुथुङ्ग्री रच्दछौ यो सबै भ्रम हो । यसमा अल्झेर हामीले आफ्नो समय खेर फाल्नु हुँदैन भन्ने कुरा यस निबन्धको अभिप्राय देखा पर्दछ । महाकवि देवकोटाका 'पाँचवटा चाहिने कुरा' भन्ने निबन्धको जवाफझैं लाग्ने अठारौं रचना र यो उन्नाइसौं रचना तत्त्वदर्शी विवेचना बन्न पुगेको छ र यसले प्रभातको दार्शनिक दृष्टिकोण व्यक्त गर्दछ ।

### ४.४.२० वासुदेव लुइँटेल : जिउँदै स्वर्ग गएका मान्छे

प्रस्तुत रचना प्रभातको 'खुसखुस कम्पनी' निबन्ध सङ्ग्रहमा सङग्रहीत छ । निबन्धकार प्रभातले नेपाली साहित्यका प्रसिद्ध हास्यव्यङ्ग्यकार वासुदेव शर्मा लुइँटेलकोवैचारिकता र अन्य समालोचकले उनीमाथि गरेका टीकाटिप्पणीलाई यसको विषयवस्तु बनाएका छन् । प्रभातले वासुदेव लुइँटेललाई आफ्नो युगको एक कर्मठ तथा त्यागी व्यक्तित्वका रूपमा चिनाएका छन् । नेपाली समालोचकहरूले

विभिन्न ढङ्गबाट वासुदेव शर्माका बारेमा टीका टिप्पणी गरेका छन् । जुन अर्धसत्य रहेका छन् । कसैले पनि उनको प्रतिभा शक्तिको आँकलन गर्न सकेका छैनन् भन्ने कुरा प्रभातले व्यक्त गरेका छन् । प्रभातले वासुदेव शर्मा लुइँटेललाई एक कर्मठ र त्यागीका रूपमा चिनाउँदै भरियाले समेत दिनको डेढ दुईसय रुपियाँ मजदुरी लिने बेलामा उनी ४० रुपियाँमा दैनिक काममा लागेको कुरा व्यक्त गरेका छन् । त्यसै गरी जीवन भरी परिश्रम गरी आर्जन गरेको धन हास्यव्यङ्ग्य प्रतिष्ठानलाई दिनु जस्ता घटनाको प्रशंसा गरेका छन् । आजको युगमा 'अरू सबै मर मेरै भुँडी भर !' भन्ने विचारधारा भएका मानिसका भीडमा अरूका लागि केही गर्नुपर्छ भन्ने भावना राख्ने व्यक्ति भएकाले उनी महान् विभूति हुन् । भन्दै लुइँटेललाई जिउँदै स्वर्ग पुग्न सफल भएका व्यक्तिका रूपमा प्रस्तुत गरेका छन् ।

### ४.४.२१ सप्रने र बिग्रने कुरा

प्रस्तुत निबन्ध प्रभातको 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहमा सङ्ग्रहित अन्तिम निबन्ध हो । यस निबन्धमा प्रभातले सप्रने र बिग्रने कुरालाईव्यञ्जनात्मक तरीकाले व्यक्त गरेका छन् ।

यस निबन्धमा प्रभातले सप्रनका निम्ति त निश्चित मापदण्ड पूरा गर्नुपर्छ, बरु बिग्रन सजिलो छ । बिग्रने कुरा भनेको आफ्नो अधीनमा हुन्छ । सप्रने कुरा जति अर्काको अधीनमा भन्दै कटु व्यङ्ग्इ गरेका छन् ।  त्यसैले सप्रनुभन्दा बिग्रनु सजिलो छ । सप्रने र बिग्रने कुरा दुई भिन्न कुरा हुँदै होइनन् किनभने एउटा सप्रँदा अर्को बिग्रँन्छ र अर्को बिग्रदा अझ अर्को सप्रन्छ भन्दै समका तुलनीय हुन पुगेका छन् । अड्डाको राजस्व बिगारेर अधिकृतहरू सप्रन्छन् । मुलुक बिगारेर नेताहरू सप्रन्छन् । कोही राष्ट्रिय उपाय अपनाएर सप्रन्छन् कोही अन्तर्राष्ट्रिय उपाय अपनाएर सप्रन्छन् । सपार्ने कामसँग बिगार्ने काम जोडिएको हुन्छ भन्ने कुरा प्रभातले यस निबन्धमा व्यक्त गर्दछन् ।"एकको प्राण जानाले अर्काको प्राण बाच्दछ" भन्ने सम र सप्रने र विग्रने कामको द्वन्दात्मक सम्बन्ध दर्शाउने प्रभात तुलनीय छन् ।

सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा झल्केझैं, ढल्केझैं जस्ता अनुप्रासमय शब्दहरूको प्रयोग तथा 'कौन पुछे खेसरीका दाल' जस्ता टुक्का शब्दको प्रयोगले निबन्ध रोचक बनेको छ ।

### ४.४.२२ भैरव अर्यालको भजमने यात्रा

यो निबन्ध प्रभातको खुसखुस कम्पनीकै तेस्रो निबन्ध हो । स्वर्गवासी भैरव अर्याललाई स्वर्गबाट काठमाडौं झारेर काठमाडौंको विकृति विसङ्गति र बढ्दो अव्यवस्थित सहरीकरण र त्यसबाट उब्जेका समस्यालाई छिमतने प्रयत्न यस निबन्धभित्र गरेकाछन् । स्वर्गवासी भैरव अर्याललाई अलकापुरी कान्तिपुरीनगरी हेर्ने इच्छा जागेर दातारामलाई साथी बनाई घुमेको र अव्यवस्थित कान्तिपुरी घुम्दाका कठिनाइ र झेल्नुपरेको दुःख यसमा व्यक्त गरेका छन् । यसमा काठमाडौंका सडकपेटीमा पसल थाप्नेहरूले गर्दा पैदलयात्रीलाई पुगेका अप्ठ्याहरू व्यक्तगर्न विष्णु प्रभातले स्वर्गवासी दाताराम र भैरव अर्याललाई काठमाडौंको परिवेशमा उतारेका छन् । सडकपेटीमा राखिने पसल र निर्माण सामग्रीको कारण यी दुई स्वर्गवासी मृर्त्युलोकको कान्तिपुरी यात्रामा कहिले मोटरसाइकलसँग ठक्कर त कहिले भारी बोक्नेसँग ठक्कर खाँदै इन्द्रचोकको हुलमा छिर्न पुग्छन् । इन्द्रचोकमा घरको झ्यालबाट मिल्काएको फोहोर पानीले पैदलयात्री निथ्रुक्क भएको हुन्छ । सभ्य बन्दै गएको नगरको आवरण अनि पुरानै संस्कारका ती बासिन्दाको भद्रगोल स्थितिलाई दाताराम र भैरवले राम्ररी आवलोकन गरेका छन् । त्यसपछि यी दुई स्वर्गवासी पर्यटक अव्यवस्थित सहरीकरणका बारेमा कुरा गर्न महानगरपालिका पुग्छन् र त्यहाँका कर्मचारीको झर्किलो व्यवहार खाँदै भूगोल पार्कतिर लागेका देखिन्छन् ।

काठमाडौंको अव्यवस्थित बसोबास र त्यसले निम्त्याएका कठिनाइ यस निबन्धमा चित्रात्मक रूपमा प्रस्तुत गरिएको छ । यस निबन्धको भाषाशैली आकर्षक छ । संवादात्मक शैली र 'ए हराम होइन, यी त दाताराम पो त' जस्ता वाक्य विकृत गराएर हास्य उत्पन्न गराइएको छ ।

'खुसखुस कम्पनी' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहलाई समग्रमा हेर्दा प्रभातले यस सङ्ग्रहका निबन्धहरूमा सामीजक, राजनैतिक, आर्थिक, साँस्कृतिक विकृतपूर्ण समाजको विरोधमास र विसङ्गतिलाई उदाङ्गो पार्ने काम आफ्ना निबन्धका माध्यमबाट गरेका छन् । उनका रचनामा व्यङ्ग्य बढी सक्रिय रहेको छ । समसामयिक राजनीतिक र सामाजिक जनजीवनमा देखिएका विसङ्गतिहरूप्रति तीव्रविरोध प्रकट गर्दै सुधारात्मक भाव व्यक्त गर्नु उनका निबन्धको विशेषता रहेको छ । रचनाका माध्यमबाट जनतालाई शेषण, अन्याय र अत्याचारका विरुद्ध लड्न आग्रह गर्नु पनि उनका निबन्धको विशेषता हो । दार्शनिकतामा उनको लेखन द्वन्द्वत्मक भौतिकवादी रहेको छ ।प्रस्तुतीकरणको भाषाशैली सरल र सुबोध रहेका

उनका व्यङ्ग्य निबन्धका ठाउँ ठाउँमा प्रयोग भएका उखान टुक्काको प्रयोगले उनका निबन्धमा रोचकता थपेको छ ।

## ४.५ 'खुलैखुला कुरा' (२०५७) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रसहको विश्लेषण

'खुलैखुला कुरा' प्रभातको हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको चौथो कृति हो । यस निबन्ध सङ्ग्रहमा उनका सत्रओटा निबन्धहरू सङ्गृहीत छन् । ती हुन् : (क) हात्तिछाप सङ्कट, (ख) मानिस बाँध्ने साङ्लाहरू, (ग) ढल्कासन शास्त्र : एक नवीनतम खोज, (घ) येनकेन प्रकारेण सत्ता रमणी बैभव !, (ङ) खुलैखुला कुरा, (च) बुद्धिको खेती, (छ) खाओवाद जिन्दावाद, (ज) सबै ईश्वरका सन्तान, (झ) सान्त्वनाको स्वस्थानी, (ञ) ओम स्वाहा ! ओ म ! स्वः हा !!, (ट) कवि भानुभक्तलाई मरणोपरान्त पनि कैद !, (ठ) लम्पसारवाद र छुचुन्द्रोवाद, (ड) पिँडालु समीक्षा, (ढ) गोजेरो भर्ने पजेरो गफ, (ण) सलाई कोर्ने रहर, (ट) चड्कन च्यूरा गोरख पाण्डे र (ठ) भैरव अर्याल । यस कृतिको प्रकाशक श्रीमती जनक चालिसे रहेको देखिन्छ ।

'खुलैखुला कुरामा' सङ्कलित सत्रओटा निबन्ध मध्ये शोधार्थीलाई उत्कृष्ट लागेका तीन निबन्धहरू (हात्तीछाप सङ्कट, मानिस बाँध्ने साङ्लाहरू र ढल्कासन शास्त्र : एक नवीनतम खोज) लाई निबन्ध तत्वका आधारमा विश्लेषण गरिएको छ भने सङ्ग्रहमा सङ्कलित अरु सबै निबन्धलाई शीर्षक दिएर विश्लेषण गरिएको छ ।

### ४.५.१ हात्तिछाप सङ्कट

विष्णु प्रभातको 'खुलैखुला कुरा' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको पहिलो क्रमाङ्कमा रहेको निबन्ध हो 'हात्तिछाप सङ्कट' । नेपाली समाजमा देखापरेको टड्कारो समस्यालाई यस हास्यव्यङ्ग्यमा देखाउने प्रयास भएको छ । आजको युगमा मानिसलाई आफ्नो दैनिक जीवन धान्नका लागि अर्थ नै सहारा बनेको छ । यो अर्थ भनेको रुपियाँ पैसा हो, त्यो आर्जन गर्न मानिसहरूलाई कति समस्या परेको छ, यिनै प्रसङ्गहरू निबन्धमा रहेका छन् ।

#### क) विषयवस्तु

'हात्तिछाप सङ्कट' हास्यव्यङ्ग्यको शीर्षकलाई सार्थक गर्दै विषयवस्तु व्यक्त भएको छ । नेपाली समाजको समकालीन परिवेशलाई विषयवस्तु बनाइएको छ । नेपाल राष्ट्रको अवस्थिति त्यहाँका मानिसको शैक्षिक, आर्थिक, सामाजिक, राजनैतिक अवस्थाका बारेमा यस पाठमा बयान गरिएको छ । यहाँका मानिसमा सबभन्दा बढी आइपर्ने समस्या हात्तीछाप सङ्कटकै समस्या हो भन्ने भाव यस पाठको मूल

विषयवस्तु हो । आजको युगमा मानिसलाई आफ्नो दैनिक जीवन धान्नको लागि अर्थ नै सहारा बनेको छ । अर्थ भनेको रुपियाँ पैसा हो । नेपालको सबैभन्दा ठूलो वा महङ्गो रुपिया हजार रुपियाँको नोट हो । जसमा हात्तिको चित्र छापिएको हुन्छ, त्यसैले लेखकले हजारको नोटलाई'हात्तीछाप' भनेको हुनुपर्छ । अर्थ आर्जनका जुन सुलभ उपाय अन्य देशले पाइराखेका छन्, त्यस्तो उपाय नेपालका मानिसले भूपरिवेष्ठित राष्ट्र भएको नाताले पाउन सकेका छैनन् । त्यसकारण नेपालका जनतालाई 'हात्तिछाप सङ्कट' ले गाँजेको छ । यस पाठको एउटा अंशबाट पनि यो कुरा प्रष्ट हुन्छ, जस्तैः

> "मेरा सामुन्नेमा भने सधैं एउटै सङ्कट आइरहन्छ र सताइरहन्छ । अब तपाइँ आफै भन्नुस्, बेलामौकामा आइलाग्ने अप्ठेरो भए पो हर्ज-गर्ज टारिदेऊ न ! भन्दै कुनै साथीभाई गुहार्नु । वर्षैपिच्छे, महिनैपिच्छै र अझ दिनदिन र छिन्छिन् भरि उही सङ्कटले थिच्न थालेपछि कोसँग के भन्ने ? ......... म जसरी नै छट्पटाइ रहेका धेरै नेपालीहरू भोग रोग अशिक्षाबाट पीडित भई अकालै मरिरहेका छन्, 'हात्तिछाप सङ्कटबाट' मुक्ति दिने कुनै भगवान्को उदय वा अवतार कतै भइरहेको देखिँदैन ।

यहाँ उनले भगवान्लाई मुक्तिदाताको विम्वमा ठडयाएका छन् । ईश्वरको अस्तित्त्व नमान्ने प्रभातको यो विम्व प्रयोग रमाइलो मान्नु पर्दछ ।

## ख) उद्देश्य

कुनै पनि कृतिको लेखन त्यसै हुँदैन केही न केही प्रयोजन वा उद्देश्य अवश्य हुन्छ । लेखकले यस निबन्धको लेखनमा नेपालको समसामयिक परिस्थितिलाई नै प्रेरक बनाएको देखिन्छ । नेपालको समाजमा व्याप्त अशिक्षा, आर्थिक कमजोरी, असमान सामाजिक स्थिति आदिले देशको उन्नतिमा बाधकको भूमिका खेलेको छ । राष्ट्रका राजनेताहरू आफ्नो स्वार्थमा निर्लिप्त छन् । हाकिम, कर्मचारीहरू आफ्नो दूनो सोझ्याउनमा तत्पर छन् । यस्तो परिस्थिति देशको लागि निकै खतरनाक रहेको देखिन्छ । अतः यस्तो परिस्थितिलाई सुधार्नु पर्छ देशको उन्नति होस् र राष्ट्रलाई प्रगतितिर लैजाने नेतृत्वको जन्म होस् भन्ने कामना यस निबन्धमा रहेको पाइन्छ र लेखनको हेतु पनि पाठकहरूमा त्यही प्रभाव उत्पन्न होस् भन्ने देखिन्छ ।

## ग) भाषाशैली

भाषा कुनै पनि विचारको बाहक हो र शैली भनेको विचारअनुसार भाषा व्यक्त हुने तरिका हो । त्यसैले यी दुवै सँगसँगै रहेका हुन्छन् । विचार अनुसार भाषाशैलीको प्रयोग पनि भिन्न भिन्न हुने गर्दछन् । यो कृति हास्यव्यङ्ग्य भएकाले हास्यव्यङ्ग्यात्मक किसिमको भाषाशैली रहेको छ । आत्मपरक शैलीमा विषयवस्तु वर्णित भएका छन् । यस क्रममा तत्सम, तद्भव, झर्रा नेपाली र आगन्तुक शब्दहरूको प्रयोग भएका छन् । तत्सम शब्दहरू महाप्रलय, सङ्कट, शुभमुहुर्त, मोक्ष आदि । तद्भव शब्दहरू भाइ, हात्ती, भोक आदि । झर्रा शब्दहरू : थोपर्ने, पुख्यौंली थाप्लो, बज्रने आदि । आगन्तुक शब्दहरू : होटल, बोतल, हैकम, रक-पप आदि । संरचनात्मक दृष्टिले नौ अनुच्छेदमा संरचित रहेको छ ।

## ४.५.२ मानिस बाँध्ने साङ्गाहरू

'मानिस बाँध्ने साङ्लाहरू' प्रभातको 'खुलैखुला कुरा' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको दोस्रो क्रमाङ्कमा रहेको निबन्ध हो । यस निबन्धमा मानव जीवन के-कस्ता बन्धमा फसेको हुन्छ भन्ने उल्लेख गरिएको छ । नेपालका मानिस आर्थिक समस्या, शैक्षिक अभाव, रोग व्याधि आदिमा जकडिएका छन् । त्यसैलाई लेखकले प्रतीकात्मक रूपमा साङ्ला भनेका छन् । यिनै विषयवस्तु निबन्धमा रहेका छन् ।

## क) विषयवस्तु

शीर्षक अनुसार नै स्पष्ट रूपमा विषयवस्तु निबन्धमा आएका छन् । नेपाली समाजको विभिन्न कालखण्डको परिवेशको चित्रण सङ्क्षिप्त रूपमा व्यक्त भएको छ । सोझा जनतामाथि राणाहरूको अन्याय-अत्याचारदेखि लिएर भ्रष्ट राजनेता र जमिन्दारहरूको भ्रष्ट चरित्रले नेपाली जनता बन्धनमा फँसेको विषय प्रारम्भमा व्यक्त भएको छ । आ-आफ्नो अहम् पनि मानिसलाई बन्धनमा राख्ने एक प्रकारको साङ्लो भएको छ भन्दै गरिबी, अशिक्षा र रोगको साङ्लो प्रत्येक नेपालीमा लागेको र त्यसबाट मुक्ति पाउनुपर्छ भन्ने मूल भाव यस निबन्धको रहेको देखिन्छ । यस भावलाई पुष्टि गर्ने अंश यस प्रकार रहेको छ-

> "साङ्लो भनेको बाँध्ने वस्तु हो, बन्धन हो । बन्धन थरी-थरीका हुन्छन् । मनको बन्धन, समाजको बन्धन, नमाजको बन्धन, धर्मको बन्धन, दर्पको बन्धन, नियमको बन्धन जस्तो भए पनि त्यो बन्धनै हो । बन्धनमा परेपछि मान्छे पिँजराको सुगा बन्दछ । दिएको खाने, अह्राएको गर्ने आफ्ना पाखुरा आफ्नै बन्धनमा !"

**ख)   उद्देश्य**

'मानिस बाँध्ने साङ्लाहरू' निबन्ध नेपाली समाजकै चित्रणमा आधारित भएर लेखिएको हो । यसमा नेपालका अधिकांश मानिसले भोग्नुपरेका पीडा, व्यथा र मर्मको कथा लेखिएको छ । प्रस्तुत निबन्धको भाव नेपाली समाजलाई उद्धृत गर्दै विश्व परिवेशमा नै देखापरेका समस्याको उद्घाटन गर्नु रहेको देखिन्छ । मानिस नाम, काम, यश, श्रीसम्पत्ति आदिको बन्धनमा आफै पर्दछ र दुःख भोग्ने गर्दछ । साथै मानिसलाई गरिबी, अशिक्षा र रोग महादुःख हो जसका बन्धनमा प्रायः जसो मानिस फँसेकै पाइन्छ । अविकसित राष्ट्र यहाँका मानिस यस प्रकारका बन्धनमा परेका नै देखिन्छन् । तसर्थ यस्तो बन्धन र समस्यालाई बुझेर तिनको समाधान गर्दै आफ्नो र देशको उन्नतिको पथमा सबै नेपाली हिँड्नुपर्छ भन्ने सन्देश दिने उद्देश्य प्रस्तुत निबन्धको रहेको छ ।

**ग)   भाषाशैली**

बाह्र अनुच्छेदमा संरचना गरिएको प्रस्तुत निबन्ध आत्मपरक शैलीमा लेखिएको छ । सरल भाषाशैलीको प्रयोग गरिएको निबन्धलाई आकर्षक बनाउन विभिन्न स्रोतका शब्दहरूको प्रयोग पनि भएको पाइन्छ । तत्सम, तद्भव, झर्रा नेपाली र आगन्तुक शब्दहरूको प्रयोगले निबन्धको भाषाशैली आकर्षक देखिएको छ । मल्ल युद्ध, अंश, वंश ताडना आदि तत्सम शब्द, किसान, छोरो, सुन, आदि तद्भव डाँडा, साङ्ला, नाम्लो टर्रो आदि झर्रा नेपाली शब्दका साथै निमोनिया, मुकाबिला, चेन, टाइफाइड, गजब आदि आगन्तुक शब्दहरूको प्रयोग भएको छ ।

**४.५.३ ढल्कासन शास्त्र : एक नवीनतम् खोज**

प्रस्तुत निबन्ध विष्णु प्रभातको 'खुलैखुला कुरा' हास्यव्यङ्ग्य सङ्ग्रहको तेस्रो क्रमाङ्कमा रहेको निबन्ध हो । ढल्कासन शास्त्र : एक नवीनतम् खोज शीर्षक नै रोचक छ । यस निबन्धमा ढल्कनु भनेको कुनै पक्षतिर झुक्नु हो । यहाँ आसनको कुरा पनि गरिएको छ । यो आसन पनि आफ्नो शारीरिक, आर्थिक, स्वस्थता प्राप्त गर्नका लागि नेताहरूले गरेको कुरा लेखकले स्पष्ट गरेका छन् । ढल्कासनले धेरै हदसम्म स्वार्थपूर्ति र सत्ता प्राप्तिमा सहायता पुऱ्याउने भएकाले योगदर्शन वा आफ्नो जीवनका लागि एउटा नवीनतम् खोज वा उपलब्धि भएको कुरा निबन्धमा व्यक्त भएको छ ।

## क) विषयवस्तु

प्रस्तुत निबन्धमा हास्यव्यङ्ग्य प्रबलरूपमा प्रस्तुत भएको छ । राजनीति र योगासनका आसनहरूसित अन्तर्सम्बन्ध गराएर लेखकले राजनेता र कर्मचारीहरूप्रति व्यङ्ग्य प्रहार गरेको पाइन्छ । आफ्नो स्वार्थपूर्ति गर्न नेता तथा कर्मचारीहरूले गर्ने भ्रष्ट आचरणहरूबारे एक-एक गरेर प्रत्येकको भण्डाफोर गरेका छन् । गुटबन्दी, कुटपिट, लुट, घुसखोरी, सुन्दरीको भोग आदि चरित्र भएका नेताहरूको चित्रण राम्रोसँग भएको छ । भोट, नोट र ओठको राजनीति गर्ने राजनेता र लुटालुट, कुटाकुट र खुसखुसको व्यवहार गर्ने कर्मचारी प्रतिकडा आलोचना भएको छ । नेताहरू आफ्नो सत्ता बचाई राख्न विभिन्न हतकन्डा अपनाउँछन् । साधारण देशवासी सधैँ पिरोलिएको पिरोलिएकै छन् । नेताहरू आफ्नो सत्ता टिकाउनकै निम्ति विभिन्न देशी तथा विदेशी व्यक्ति र शक्तिको चाकरी गर्न उद्दतछन् । यस्तो विषयवस्तु वा भावको पुष्टि गर्ने अंश यसप्रकार छ-

> “नेताहरूले सैद्धान्तिक आवरणमा आ-आफ्ना ढल्कासन सिँगारेका भए पनि कोही पश्चिम, कोही दक्षिण, कोही उत्तर ढल्किएर आफ्नो आधार आसन बनाएका छन् ।”

यिनै विषयवस्तु प्रस्तुत निबन्धमा रहेको छ ।

## ख) उद्देश्य

प्रस्तुत निबन्धमा नेताहरूका अनेक चरित्रबारे टिकाटिप्पणी गरिएको छ । नेताहरू एउटा सिद्धान्त लिएर समाजमा उपस्थित हुन्छन् तर तिनले आफ्नो स्वार्थपूर्तिको सिद्धान्त मात्रै आफ्नो जीवनका व्यवहारमा लागू गरेका छन् । यस प्रकारको राजनीतिले देशलाई अन्यौलग्रस्त बनाएर जनतालाई मर्कामा पार्ने काम गरेको छ । अतः यस्ता भ्रष्ट आचरणलाई त्यागी सही सिद्धान्तमा अडिग भएर देशका लागि नेतृत्व गर्नुपर्छ भन्ने उद्देश्य प्रस्तुत निबन्धमा रहेको देखिन्छ ।

## ग) भाषाशैली

चार अनुच्छेदमा संरचना गरिएको ‘ढल्कासन शास्त्र : एक नवीनतम् खोज’ निबन्धमा हास्यव्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरिएको छ । यस निबन्धलाई रोचक र आकर्षण बनाउन ‘बडाले जो गऱ्यो काम हुन्छ त्यो सर्वसम्मत’ जस्ता उखान टुक्काको प्रयोग गरिएको छ । गुटासन, कुटासन, कुटकुटासन, झुटासन, फुटासन, लुटासन, खुसखुसासन, कोटासन जस्ता अनुप्रासमय व्यञ्जनात्मक शब्दले

निबन्ध उत्कृष्ट बनेको छ । यस निबन्धमा हिन्दी भाषा (देखल बात यही छे !) को प्रयोगले निबन्ध आकर्षण बनेको मात्र नभै भाषिक मिश्रणको विषेशता पनि प्रकट गरेको छ ।

### ४.५.४ येकनकेन प्रकारेण सत्ता रमणी बैभव

प्रस्तुत निबन्ध प्रभातको खुलैखुलाकुरा हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको चौथो क्रमाङ्कमा रहेको निबन्ध हो । 'येनकेन प्रकारेण सत्ता रमणी बैभव' शीर्षकको निबन्ध समसामयिक युगका प्रतिनिधि नेताहरूको कार्य व्यवहारप्रति व्यङ्ग्य गरेर लेखिएको हो । पूरै संस्कृत भाषामा अङ्कित शीर्षकको नेपाली अनुवाद यस प्रकार हुन्छ "जुनसुकै तरिकाले होस् सत्ता सुन्दरी र धन प्राप्ति गर्नु पर्छ" । लेखकले आजको समयमा जनताद्वारा जनताका हितका लागि चुनिएका नेताहरू आफ्नो स्वार्थपूर्तिमा मात्रै निर्लिप्त भएका छन् । ती नेताहरू जनताको हित सोच्नुको सट्टा सत्ता रमणी बैभवकै प्राप्तिको बाटोमा हिँडेका छन् । पार्टी भित्र गुट बनाएर हुन्छ कि नयाँ पार्टी खोलेर हुन्छ कि सरकार ढलाएर हुन्छ केवल आफ्नै लागि मात्र सोच्ने नेताको उद्‌भवले देश र देशवासीलाई रसातलतिर धकेलेको देखिन्छ भन्ने मूलभाव प्रस्तुत निबन्धमा रहेको देखिन्छ । येनकेन प्रकारेण सत्ता रमणी बैभव" को भावलाई लेखकले यसप्रकार चरितार्थ गरेको देखिन्छ ।

> दलीय राजनीतिको किचाधानमा यतिबेला भट्टराई-गिरिजा झै-झगडा होस् अथवा बाझवादी र माखवादीको एमाले कचिङ्गल होस् सत्ता प्राप्तिको होड, सुन्दरीको भोग र सम्पत्ति बटुल्ने रोग पनपिइ रहेको छ । ……….. त्यसैले वर्तमानको आदर्श जो छ, त्यो मैले हैन, शाहजहाँपुरको गौरवले भने झैँ एउटै छ-येनकेन प्रकारेण सत्ता रमणी बैभव !

यसमा प्रयुक्त वाझवादीको तात्पर्य वामदेव र झलनाथ भए झैँ माखवादीको अर्थ पनि माधव नेपाल र खड्ग ओली भन्ने वक्रवाणी बुझिन्छ । संस्कृत भाषाको मिश्रण संगै वक्रभाषाको प्रयोगले यसलाई थप रोचक बनाएको छ ।

### ४.५.५ खुलैखुला कुरा

'खुलैखुला कुरा' विष्णु प्रभातको 'खुलैखुला कुरा' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको पाचौँ क्रमाङ्कमा रहेको निबन्ध हो । प्रस्तुत निबन्ध राजनीतिप्रति व्यङ्ग्य गरेर लेखिएको छ । यहाँ देशको राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतितर्फ व्यङ्ग्य गरेर निकै कुरा लेखिएको छ । शीर्षक अनुसार खुला अर्थात् खुले आम सबैको आँखा

सामुन्नेप्रत्यक्ष घटिरहेका कार्यहरूको वर्णन प्रस्तुत निबन्धको विषयवस्तु हो । देशमा भ्रष्टाचार बढ्दै गइरहेको कुरा लेखकले प्रस्तुत गरेका छन् । कुनै कुरा खुला रूपमा गरिन्छ तर त्यसको परिणाम अदृश्य रूपमा अन्य कसैले भोग्नुपर्ने हुन्छ । नेता हाकिम र कर्मचारीले गुप्त रूपमा भ्रष्टाचार गर्छन् तर त्यसको प्रतिफल जनता र राष्ट्रले चुकाउनुपर्ने हुन्छ । उक्त प्रकारको विषयवस्तुमा राजनेता हाकिम कर्मचारीलाई व्यङ्ग्य गरिएको छ । नाङ्गो संस्कारप्रति पनि यहाँ व्यङ्ग्य गरिएको छ । मानिसहरू पहिला नाङ्गो सभ्यताका थिए बाँदरबाट मान्छेमा आएका थिए । खानपान, बसाइ, हिँडाइ, बोलीभाषा र सभ्यतामा ठूलो प्रगति भएको छ तर पनि नाङ्गो सभ्यताको जङ्गली आचरण छाड्न सकेका छैनन् । मनपरेन बदनाम गऱ्यो, कुरा मिलेन, कुटपिट गऱ्यो, आफू सप्रिन अरूलाई बिगाऱ्यो । हास्यव्यङ्यात्मक शैलीमा निबन्धको भाषाशैली विन्यास भएको छ । तत्सम, तद्भव र झर्रा नेपाली शब्दहरूको संयोजन छ र निबन्धमा हास्यव्यङ्ग्यात्मक तर विद्रोही भाव सिर्जना भएको छ ।

### ४.५.६ बुद्धिको खेती

'बुद्धिको खेती' प्रभातको 'खुलैखुला' हास्यव्यङ्ग्यमा निबन्ध सङ्ग्रहको छैटौं क्रमाङ्कमा रहेको निबन्ध हो । प्रस्तुत निबन्धमा खेती भन्नाले कुनै वस्तुको उत्पादनगरी त्यसलाई प्रयोग गरेर सुख प्राप्ति गर्नु भन्ने बुझिन्छ । तसर्थ बुद्धिको प्रयोग गरेर धन, मान, ऐश्वर्य र सुख भोग प्राप्त गर्ने कामलाई वुधिको खेती भनेको बुझिन्छ । अतः 'बुद्धिको खेती' शीर्षक सार्थक रहेको देखिन्छ ।

प्रस्तुत निबन्धमा मानिसकै बुद्धिबाट उत्पन्न नीति नियम, परम्परा र संस्कृति सङ्कटमा परेका मानिसको चित्रण गरिएको छ । अनेक जात-जाति, धर्म-संस्कृतिको रुढिवादी परम्परामा जेलेर मानिसबाट प्रशस्त फाइदा लिनेहरू यस संसारमा देखिएका छन् । त्यसैगरी सीधा सोझा जनतालाई आन्दोलन र क्रान्तिमा आत्म बलिदान गर्न उक्साउने, आफूले राज्य सत्ताको दुरूपयोग गर्ने नेताहरूको बुद्धिको खेती फस्टाएको छ भने तस्कर, दलाल र भन्सारका कर्मचारीले पनि सक्दो बुद्धिको खेती गरिरहेका छन् । एनजीओ, आइएनजीओ खोलेर महिला, बालबालिका तथा अपाङ्गहरूको सुरक्षा गर्ने नाउँमा विदेशी डलरको खेती गर्ने बुद्धिमानहरूको पौरख पनि कम रहेको देखिँदैन । परापूर्वकालदेखि नै चलिआएको बुद्धिको खेती समयानुसार फरक फरक रूपमा देखापरेको छ । जसले साधारण तथा सीधा जनमानसलाई कहिल्यै सहयोग पुऱ्याएको देखिँदैन । ईश्वरबाट प्रदत्त मानिने बुद्धि वा प्रतिभालाई सत्कर्ममा प्रेरित गर्दै समाजको भलो गर्नुपर्छ भन्ने भाव वा विषयवस्तु प्रस्तुत

निबन्धको रहेको देखिन्छ । सरल भाषा शैलीमा लेखिएको निबन्ध आफ्नो विधामा सफल देखिन्छ । तत्सम, तद्भव झर्रा नेपाली र आगन्तुक शब्दहरूको संयोजन र सरल वाक्य गठनको प्रयोग भएकाले साधारण पाठकले पनि बुझ्न सक्दछन् र आनन्द लिन सक्छन् ।

### ४.५.७खाओवाद जिन्दावाद

'खाओवाद जिन्दावाद' प्रभातको 'खुलैखुला कुरा' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको सातौँ क्रमाङ्कमा रहेको निबन्ध हो । 'खाओवाद जिन्दावाद' हास्यव्यङ्ग्यात्मक निबन्धको शीर्षक प्रतीकात्मक छ । 'वाद' भनेको सिद्धान्त वा मान्यता हो, त्यस शब्दससँग 'खाओ' शब्द जोडिएर आएको छ । जसको अर्थ हुन्छ खाने वाद अथवा खुब खानुपर्छ भन्ने मान्यता र त्यसलाई जय जयकार गर्ने अर्थ बाहक शीर्षक रहेको छ । खाओवादले अर्काको भाग लुटेर खाने प्रवृत्तितर्फ सङ्केत गरेको हुनाले उक्त शीर्षक प्रतीकात्मक रहेको पुष्टि हुन्छ ।

आजको युग अर्काको बलिदानबाटप्राप्त फलको चाहना राख्ने वा फल भोग गर्ने व्यक्तिको हुकूम बढेको युग हो । अघि पुर्खाहरूले बलिदान गरे राष्ट्र र समाजका लागि ! तर आज बलिदानको नाममा नेतृत्व वर्गले आफै सुख भोग्ने गरेको देखिएको छ । हाकिम कर्मचारी पनि घुसखोरी कार्यमा निर्लिप्त भएका छन् । पूर्वीय मिथहरूको पनि व्यङ्ग्यात्मक टिप्पणीहरू गरी खाओवादीसँग जोड्ने प्रयत्न गरिएको छ । नेता, हाकिम र कर्मचारीहरूको भ्रष्ट चरित्रको व्यङ्ग्यात्मक प्रस्तुति निबन्धमा भएको छ । 'समाजमा लामो परम्पराबाट स्थापित बनेका नैतिकता र मर्यादाहरू ध्वस्तबन्दै गएको र राजनीतिलाई आर्थिक वितण्डाले खरानी बनाइरहेको स्थिति 'खाओवाद जिन्दावाद' शीर्षकको निबन्धले प्रस्तुत गरेको छ ।

सरल भाषा र व्यङ्ग्यात्मक शैलीमा निबन्धको विषयवस्तु समेटिएको छ । निबन्धका बीचबीचमा 'हाम्रा बाजेका पालामा, रुपियाँ गन्थे डालामा', 'उहिलेका कुरा खुइले' जस्ता कवितात्मक अभिव्यक्ति र उखान टुक्काको प्रयोगले निबन्ध रोचक बनेको छ । आलु, ठालु, गमखानु, रमखानु जस्ता अनुप्रयासमय शब्दले निबन्धलाई उत्कृष्ट बनाएको छ ।

### ४.५.८. सबै ईश्वरका सन्तान

प्रस्तुत निबन्ध प्रभातको 'खुलैखुला कुरा' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको आठौँ क्रमाङ्कमा रहेको निबन्ध हो । यो निबन्धमा व्यङ्ग्यात्मकता प्रबल भएर

आएको छ । वैज्ञानिक युगमा पनि मानिस परम्परित र रुढिवादी परम्पराप्रति विश्वास गरिरहेकोप्रति व्यङग्यात्मक प्रहार निबन्धमा रहेको देखिन्छ । कुनै एउटा अदृश्य शक्तिलाई सर्वज्ञ र सर्वस्व मान्ने परम्परावादी विचारप्रति व्यङ्ग्यात्मक टिप्पणी गरिएको छ । गीतामा भनिएको "ममैगंशो जीवलोके जीवभूतः सनातनः" वाक्यको नेपाली भावानुवाद नै प्रस्तुत निबन्धको शीर्षक रहेको छ । शीर्षकमा नै रुढिवादी मानसिकताप्रतिलेखकले व्यङ्ग्यात्मकता प्रयोगगरेका छन् । यस ब्रह्माण्डमा देखापरेका जीवजन्तु सबै ईश्वरका सन्तान हुन् र ईश्वरले सबै माथि समान भाव राख्दछन् भने मानिसमा भेदभाव किन ? मानिसहरू स्वार्थी भएको कुरा लेखकलाई अपाच्य लाग्दछ । आहार, भय, निद्रा, मैथुन जस्ता स्वभाव सबै पशु र मानिसमा पनि समान रहेको छ । तर मानिसमा रहेको बुद्धिले यी सबै गुण मध्ये केही यथाथोग्य उपयोग गर्दछ। आफ्नो स्वार्थपूर्तिका लागि अरू प्राणीको हत्या गर्न पनि पछि पर्दैन पहिला ईश्वर भन्दै पुज्दै गरेको जीवको हत्या गरी आफ्नो रसनाको सन्तुष्टि पूरा गर्न पनि मान्छे पछि नपर्ने उदाहरण प्रस्तुत गर्दै लेखकले प्रकृति नै ईश्वर हो र अन्य कुनै सर्वशक्ति सम्पन्न कुनै तत्व छैन, केवल मानिसले आफू र आफ्नो वंशका लागि कमाई खाने नीति नियमद्वारा ईश्वर बनाएको कुरा व्यक्त गरेको देखिन्छ । यस क्रममा लेखकले विभिन्न धर्ममा रहेका विकृतिहरूको भण्डाफोर गर्ने प्रयत्न गरेका छन् र सांस्कृतिक विसङ्गति माथि प्रहार गरेका छन् । सरल वाक्य गठनमा संरचित निबन्धमा तत्सम, तद्भव र झर्रा नेपाली शब्दहरूको प्रयोगले हास्य व्यङ्ग्यात्मकता सिर्जना गरेको छ । पूर्वीय दर्शनको अध्यात्मिक प्रत्ययवादी धारामा प्रयुक्त हुने जीवात्मा, परमात्मा, नश्वर, ईश्वर जीव निर्जीव जस्ता शब्दहरूको प्रयोग गरेर हास्यव्यङ्ग्यात्मक भाषा सिर्जना भएको छ । शीर्षक ,विषयवस्तु र उद्देश्यका लागि उपयुक्त भाषाशैलीको प्रयोग भएको छ ।

### ४.५.९ सान्त्वनाको स्वस्थानी

प्रस्तुत निबन्ध प्रभातको 'खुलैखुला कुरा' निबन्ध सङ्ग्रहको नवौं क्रमाङ्कमा रहेको निबन्ध हो । 'सान्त्वनाको स्वस्थानी' शीर्षकको निबन्ध प्रतीकात्मक रूपमा लेखिएको छ । शीर्षकले स्वस्थानी ब्रतकथाको मात्रै चर्चा नगरी सबै धर्मका गुरु ग्रन्थहरूपट्टि सङ्केत गरेको छ । आधुनिक युगमा विज्ञानको अविष्कारसँगै मानिसको भावना मस्तिष्क र बुद्धि तत्व पनि यन्त्रवत् सञ्चालन भइरहेको र मानवमा हुनुपर्ने मानवता हराउँदै गइरहेको कुरा प्रस्तुत निबन्धमा व्यक्त भएको छ । स्वार्थपूर्तिका लागि मानिसले मानिसलाई यन्त्र सरह देख्न थालिसकेको छ र न्यायको अनुपालन नभइरहेको कुराप्रति व्यङ्ग्य गरिएको छ । हिन्दू, मुस्लिम, क्रिस्चियन जुनसुकै धर्ममा

पनि कोरा काल्पनिकता रहेको र ऐतिहासिक सत्य तथ्य प्राय फेला पर्दैन तर पनि मानिसद्वारा तिनै रुढिगत मान्यताले आफूलाई सान्त्वना दिइरहेका छन् । पत्याउनै नसकिने कुरालाई आफ्नो आदर्श बनाउँछन् र जुन सत्य तथ्य हो त्यसलाई चिन्न सक्दैनन् । दिनप्रतिदिन भत्किँदै गएको ईश्वरीय आस्थाको यथार्थ अङ्कन गर्दै धार्मिक विसङ्गति माथि यस निबन्धले सहज ढङ्गले व्यङ्ग्य गरेको छ । त्यस्तै स्वस्थानीक नाममा विकसित भएको धार्मिक स्वैरकल्पनाको श्रृङ्खला स्वरूप समाजमा जरा गाड्नु सफल बनेका अन्धविश्वासप्रति व्यङ्ग्य गरेका छन् । मानिसले आफ्नो अस्तित्व स्वीकार गर्नुपर्दछ । अदृश्य, काल्पनिक र तथ्यरहित कुरामा फस्नु हुँदेन भन्ने उद्देश्य राखेर यो निबन्धको रचना भएको देखिन्छ ।

सरल सुबोध भाषाको प्रयोग एवं सरल वाक्यगठनमा निबन्धको भाषाशैली विन्यास गरिएको छ । उखान टुक्काहरूको प्रयोगले निबन्धमा हास्य-व्यङ्ग्यात्मकता प्रखर रूपमा प्रकट भएको छ । त्यसैगरी तत्सम तद्भव र झर्रा नेपाली शब्दहरूको प्रयोगले निबन्धमा सरसता आएको छ । मिथकीय भाषाको प्रयोग भएको छ, जसले पौराणिक विषयवस्तुको वर्णनमा स्वाभाविकता ल्याएको छ ।

### ४.५.१० ओम् स्वाहा ! ओ म ! स्वः हा ‼

प्रस्तुत निबन्ध प्रभातको 'खुलैखुला कुरा' हास्यव्यङ्ग्य सङ्ग्रहको दसौँ क्रमाङ्कमा रहेको निबन्ध हो । 'ओमस्वाहा ओम ! स्व : हा ‼' शीर्षकको निबन्ध धर्मान्धताप्रति कटु आलोचनामा केन्द्रित छ । शीर्षक नै द्विअर्थी देखिन्छ । हिन्दु धर्मको कर्मकाण्डमा प्रयुक्त हुने भाषा 'ॐ स्वाहा' लाई निबन्धको शीर्षक बनाइएको छ । द्विअर्थी वा श्लेषार्थक ॐ स्वाहा वाक्यको दुवै प्रकारको अर्थको व्याख्या निबन्धमा पाइन्छ आफैलाई संबोधन गरी आफ्नै दुर्दशा प्रति हा ! भनिएको झलक पाइन्छ । विश्वमा हिन्दु, मुश्लिम, क्रिश्चियन, बौद्ध आदि धर्मका अनुयायीहरू पाइन्छन् । ती सबैमा विकृति र विसङ्गति रहेको कुरा यसमा व्यक्त भएको छ । यस निबन्धमा जुनसुकै धर्माबलम्बी भए पनि ती अदृश्य ईश्वरको पूजा गर्दछन् तर दुःख पाइरहेका ती दृश्य प्राणीहरूको सहायता गर्न सक्दैनन् भन्ने कुरा व्यक्त गर्नुका साथै धर्मको नाममा हुने अन्य व्यभिचारहरूको पनि खुलासाभएको छ । धर्मका कारणले नै कतिपयराष्ट्रमा द्वन्द चर्किएको छ । सामन्त्री पूँजीवादी शासनमा शोषण र अत्याचार हुने भएकाले धर्म नकारात्मक पक्षमा रहेको कुरा व्यक्त भएको छ ।

सरल भाषामा नै गहन र गम्भीर कुराहरू व्यक्त भएका छन् । सरल शब्द र वाक्य गठनले हास्यव्यङ्ग्यात्मकता प्रखर रूपमा व्यक्त भएको छ । तत्सम, तद्भव

र झर्रा नेपाली शब्दहरूको संयोजनले हास्यव्यङ्ग्य प्रबल रूपमा प्रकट भएको छ । दर्शन तथा मिथकीय विश्वास प्रति व्यङ्ग्य प्रकट गर्न सफल सिद्ध भएको छ ।

## ४.५.११ कवि भानुभक्तलाई मरणोपन्त पनि कैद

प्रस्तुत निबन्ध प्रभातको 'खुलैखुला कुरा' हास्यव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहको एघारौँ क्रमाङ्कमा रहेको निबन्ध हो । यस निबन्धमा नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको शालीकलाई विषयवस्तु बनाइएको छ । भानुभक्तको सम्मान हुन नसकेको कुरालाई मुख्य विषयवस्तु बनाएर राष्ट्रका पावन गतिविधि देशको राजधानी काठमाडौंमा नै केन्द्रीकृत गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । काठमाडौं र नेवार जातिमाथि नै देशको  बजेट खर्च गर्ने गरेको र दुर्गम जिल्लाहरूमा कुनै भौतिक सुख सुविधा उपलब्ध गराउन नसक्नु सरकारको कमजोरी भन्दै त्यस प्रकारको कार्यनीतिको आलोचना गरिएको छ । आदिकविप्रति लेखकको सहानुभूति रहेको छ । किनकी उनले नेपाली भाषामा काव्य लेखेका छन् । भानुभक्तलेपरम्परावादी र अदृश्य शक्तिको काल्पनिक कथा लेखेको र गरिब जनताका बारेमा कविता नलेखेको भन्दै व्यङ्ग्य गरेका छन् । काठमाडौं नै सबैको लक्ष्य हुने गरेकोमा लेखकलाई कष्ट अनुभूति भइरहेको देखिन्छ । केवल काठमाडौंलाई मात्र हेर्न होइन देशका अन्य भूभागमा पनि सम्भावनाको खोजी गर्नुपर्छ र त्यहाँ विकासका कार्यक्रम चलाउनुपर्छ भन्ने भाव प्रस्तुत निबन्धको रहेको देखिन्छ ।

सरल भाषाशैलीमा लेखिएको निबन्धमा तत्सम, तद्भव, झर्रा नेपाली र आगन्तुक भाषाका शब्द-संयोजन रहेको छ । नेवारी भाषाका पदावली र सिङ्गै वाक्य पनि निबन्धमा भेटिन्छन् । लेखकले ती शब्द, पदावली र वाक्यको अनुवाद नगरिदिएकोले काठमाडौं बाहिरका पाठकलाई पूर्णरूपमा निबन्धको भाव बुझ्न अलि कठिनाई पर्छ । जे भए पनि शीर्षक विषयवस्तु र उद्देश्यलाई स्पष्ट र प्रभावित गर्ने भाषा शैलीको प्रयोग भएको छ ।

## ४.५.१२ लम्पसारवाद र छुचुन्द्रोवाद

'लम्पसारवाद र छुचुन्द्रोवाद' शर्षिक प्रतीकात्मक रूपमा रहेको छ । लम्पसारवाद भनेको कुनै पनि व्यक्तिसँग शरणमा पर्नु हो र छुचुन्द्रोवादले कुनै पनि व्यक्तिलाई मन्त्रणा गर्ने कार्यलाई सङ्केत गर्दछ। यसरी हेर्दा प्रतीकात्मक शीर्षकमा आधारित रहेको यो निबन्धमा आजका नेता, कर्मचारी र हाकिमको विकृत कार्यप्रणालीप्रति व्यङ्ग्य गरिएको छ । कैकेयी मन्थराको प्रसङ्ग र गणेश-छुचुन्द्राको

प्रसङ्गल्याई आजका नेताहरूको स्वार्थी चाप्लूसी प्रवृत्तिहरूको आलोचना गरिएको छ । छुचुन्द्रो चारवटा खुट्टालाई कारको चारवटा पाङ्ग्रा र उसको दुर्गन्धलाई ती मानिसको कुव्यवहारसँग तुलना गरेर छुचुन्द्रोको मन्त्रणा-व्यवहार र नेता हाकिम र कर्मचारीको चापलुसी-चुक्लीको व्यवहारसँग तुलना गरिएको छ । लम्पसारवाद र छुचुन्द्रोवाद परा पूर्वकालदेखि नै चल्दै आएको र यसले एकजनालाई फाइदा हुने र धेरैलाई नोक्सानी हुने गरेको मुख्य भाव प्रस्तुत निबन्धमा रहेको देखिन्छ ।

सरल भाषामा निबन्ध लेखिएको छ । शीर्षकबाट नै उत्पन्न भएको हास्यव्यङ्ग्य शैली निबन्धका वाक्यैपिच्छे व्यङ्ग्यात्मकता पाइन्छन् । पौराणिक कथावस्तुलाई वर्तमान परिप्रेक्ष्यको विषयवस्तुसँग जोडिएको हुँदा मिथकीय प्रयोग भएको छ । तत्सम, तद्भव, झर्रा नेपाली र आगन्तुक भाषाका शब्दहरूको संयोजन गरिएको छ । शीर्षक, विषयवस्तु र उद्देश्य प्राप्तिका लागि उपयुक्त शैलीको प्रयोग भएको छ ।

### ४.५.१३ पिँडालु समीक्षा

'पिँडालु समीक्षा' निबन्ध प्रभातको 'खुलैखुला कुरा' निबन्ध सङ्ग्रहको तेह्रौं क्रमाङ्कमा रहेको निबन्ध हो । यो निबन्धको शीर्षक प्रतीकात्मक रहेको छ । पिँडालु एउटा निडर स्वाभिमानी व्यक्तिको प्रतीकका रूपमा निबन्धमा देखपरेको छ । पिँडालुको समीक्षा गर्ने क्रममा पिँडालुको विभिन्न अर्थहरू लगाइएको छ । पिँडालुका गुणहरूको बखान एउटा मिलनसार व्यक्तिका रूपमा गरिएको छ । पिँडालुका गुणहरूको रहस्य बारेमा समीक्षा गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्मा देखापरेका गुप्त रहस्यको चर्चा गरेका छन् । पिँडालु कुक्याउने र नकुक्याउने दुवै गुण भएका पाइन्छन् । त्यसैगरी मानवमा पनि स्वाभिमानी र चाप्लुसी जस्ता गुणहरूअवगुण भेटिन्छन् । पिँडालुलाई क्रान्तिकारीको संज्ञा पनि दिइएको छ । जसले पिँडालुलाई समाज सुधारको लागि क्रान्ति गर्ने व्यक्तित्वसँग तुलना गरेको पाइन्छ । पिँडालु जसरी माटामुनि लुकेर रहेको हुन्छ त्यसैगरी हाम्रो समाजमा पनि कति गोप्यकुराहरू रहस्यको संसार मै हराउन पुगेका छन् । पिँडालुको अवगुणको चर्चा गर्ने क्रममा पौरख हराएका पुरुषहरूप्रति व्यङ्ग्य प्रहार गरेको पाइन्छ । नेता र देश हाँक्ने मानिस आफ्नो बुद्धिभन्दा अर्काको गलत मन्त्रणामा चल्ने गरेको कुरा उल्लेख भएको छ । यस्ता कुराले त्यस्ता व्यक्ति स्वयम्को र देशको हानी भइरहेको हुन्छ । स्वाभिमानी निश्छल, निस्कपट भावनाको विकास प्रत्येक व्यक्तिमा हुनुपर्छ भन्ने भाव उक्त निबन्धमा रहेको पाइन्छ ।

सरल भाषाशैलीमा लेखिएको निबन्धमा हास्यव्यङ्ग्य उत्पन्न हुने अनेक प्रसङ्ग रहेका छन् । सरल प्रकृतिका वाक्य गठन र शब्द संयोजनले निबन्धमा सरसता ल्याएको छ । तत्सम, तद्भव र झर्रा नेपाली शब्दहरूको संयोजन भएको छ ।

### ४.५.१४ गोजेरो भर्ने पजेरो गफ

प्रस्तुत निबन्ध प्रभातको हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह 'खुलैखुला कुरा' को चौधौँ क्रमाङ्कमा रहेको निबन्ध हो । 'गोजेरो भर्ने पजेरो गफ' शीर्षकको निबन्ध प्रतीकात्मक निबन्ध हो । गोजेरो पशुहरू आफूलाई चाहिने आहारा जम्मा गर्ने शरीर भित्रको भण्डार हो । गोजेरो कमाउ र सञ्चित गर तर त्यो आफ्नै लागि भन्ने मान्छेको प्रवृत्तिप्रति सङ्केत गरिएको शब्द पनि हो । लेखकले उक्त सम्बन्धमा आडम्वरी धार्मिक गुरु अर्थात् धर्मका कथित ठेकेदारहरूप्रति व्यङ्ग्य गरेका छन् । विभिन्न अवतार आत्मा परमात्माको काल्पनिक कुरा गरेर आफ्नो गोजेरो भने गरेका धर्मगुरुका कार्यप्रति व्यङ्ग्य व्यक्त भएको छ । धार्मिक प्रवचनले सुन्ने मान्छेका लागि क्षणिक सन्तुष्टि प्राप्त होला तर पछि कुनै फाइदा नभएकाले बोल्ने कलाको माधुरीमा सर्वसाधारण फँसेर त्यस्ता धर्मगुरुहरूको गोजेरो भर्ने पजेरो चढ्नेका लागि श्री सम्पत्ति व्यवस्था गरिदिने काम अवस्य पनि दिएको देखिन्छ । त्यसैगरी नेताहरू पनि आफ्नो वाक्चातुरीका कारण जनताबाट भोट प्राप्त गरी गोजेरो भर्ने र पजेरो चढ्ने सपना पूरा गरिरहेका छन् । धर्मका नाममा र देश विकासका नाममा गफ बिकिरहेका छन् । त्यसबाट कुनै प्रतिफल प्राप्त भइरहेको छैन भन्ने यथार्थ अङ्कित छ र सामाजिक विसङ्गति नङ्ग्याउन निबन्धकार सफल छन् ।

सरल भाषा शैलकिो प्रयोग गरिएको छ । यस निबन्धमा हास्यव्यङ्ग्य उत्पन्न गर्नका लागि सरल प्रकृतिका वाक्य गठन र शब्द संयोजन गरिएको छ  तत्सम, तद्भव, झर्रा नेपाली र आगन्तुक शब्द प्रयोग भएको छ ।

### ४.५.१५ सलाई कोर्ने रहर

'सलाई कोर्ने रहर' निबन्ध प्रभातको 'खुलैखुला कुरा' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको पन्ध्रौं क्रमाङ्कमा रहेको निबन्ध हो । सलाई कोर्नु भनेको आगो बाल्नु हो । आगो के-कति कारणले मानिसको जीवनमा प्रयोग हुन सक्छ भन्ने विषयवस्तु निबन्धमा व्यक्त भएको छ । निबन्धमा रहरकै व्याख्या बढी भएको छ । रहर भनेको इच्छा हो तर त्यो अत्यावश्यक नभई मनोरञ्जन वा आत्मसन्तुष्टिका लागि गरिने इच्छा हो । रहरहरू समय परिस्थिति अनुसार फरक फरक हुने गर्दछन् । कुनै रहर लाभदायक हुन्छन् भने कुने हानिकारक । अतः रहर राख्ने मानिसहरू आफूलाई मात्र

फाइदा हुने रहर गर्न भन्दा समाजलाई फाइदा हुने रहर राख्नुपर्दछ भन्ने भाव प्रस्तुत निबन्धमा रहेको छ । आगो बाल्ने कुराले पनि दुई अर्थ प्रतीत हुन्छन् - एउटा विद्रोह अर्को शन्ति अर्थात आरभ र अवसान ।

सरल भाषामा लेखिएको यस निबन्धमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूका साथै झर्रा नेपाली शब्दहरूको प्रयोग भएको छ ।

### ४.५.१६ चड्कन च्यूरा

'चड्कन च्यूरा' निबन्ध प्रभातको 'खुलैखुला कुरा' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको सोह्रौं क्रमाङ्कमा रहेको निबन्ध हो । यस निबन्धमा राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा देखापरेका विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । 'चड्कन च्यूरा' दुःखको प्रतीक हो यातना प्राप्तिको वेदना हो । यस विश्वमा दुःख दिने र दुःख पाउने दुई वर्ग रहेका छन् । चड्कनको अर्थ भ्रष्टाचारको रूपमा यस निबन्धमा प्रयोग भएको छ । राजनीति, न्याय, कर्मचारीतन्त्र, शिक्षातन्त्रमा व्यापक रूपमा भइरहेको भ्रष्टाचारप्रति व्यङ्ग्य गरिएको छ । यस रचनाबाट प्रभावित भई नवोदित एक रचनाकारले आफनो सङ्ग्रहको नामै यही शीर्षकलाई बनाएको पनि पाइन्छ ।

### ४.५.१७ गोरख पाण्डे र भैरव अर्याल

प्रस्तुत निबन्ध प्रभातको 'खुलैखुला कुरा' निबन्ध सङ्ग्रहमा सङ्कलित अन्तिम निबन्ध हो । यस निबन्धमा प्रभातले गोरख पाण्डे र भैरव अर्यालको जीवनको बारेमा तुलना गरी व्यङ्ग्यहीन निबन्ध लेखेका छन् । गोरख पाण्डे र भैरव अर्याल दुवै आत्महत्या गरेर मर्दछन् । किन यी दुई प्रतिभाले आत्महत्या गर्नुपर्‍यो भन्ने कुरा यस निबन्धको विषयवस्तु रहेको छ । गोरख पाण्डे भारतको राजधानी दिल्लीमा जवाहरलाल नेहरू विश्वविद्यालयमा कार्यरत थिए र भैरव अर्याल गोरखापत्र संस्थानमा । दुवै लेखनकर्मसँग जोडिएका थिए र दुवैको वर्गनिष्ठा श्रमजीवी वर्गप्रति थियो । सामाजिक अन्यायका प्रति दुवै खडा थिए । दुवै कम्युनिष्ट विचारधाराबाट प्रभावित थिए । भावुक चेतनामा कविता कोर्ने, दार्शनिक सोचलिएर समालोचना लेख्ने, व्यङ्ग्यप्रहार गर्दै नयाँ चेतना भर्ने र सर्वसाधारण जनताको हितका कामकुराहरू गर्ने समान पक्षसँगै दुई पृथक प्रतिभा, एउटाले हिन्दी, भोजपुरी भाषामा कलम चलाउने अर्कोले नेपालीमा । गोरख पाण्डे मार्क्सवादी जीवनदृष्टिमा खडा तर भैरव अर्याल प्रगतिशीलतामा स्थिर थिए र यी भिन्नताहरू पनि सँगसँगै थिए । एउटा क्रान्तिकारी थिए भने अर्का सुधारवादी । दिल्ली शहर होस् वा

काठमाडौं दुवैमा पैशा हुनेहरूको रजाइँ छ र अरूले तिनको कज्याइँमा काम गर्नुपर्छ । स्नेहको अभाव मानवमा जीवनको यात्रा अघि बढ्दैन । माया ममता र स्नेहको अभावले मानिसको मानसिकतालाई नै आघात पुऱ्याउँछ । गोरख पाण्डे र भैरव अर्यालको आत्महत्या भित्र रहेको असीम पीडा द्वन्द्वात्मक छ । आत्मसम्मानको अभावमा मानिस छटपटाउँछ, कामको उचित मूल्याङ्कन नहुँदा मान्छे सुस्ताउँछ, त्यसैले परस्परको सम्मान आवश्यक हुन्छ । भोका मान्छेप्रति अघाएका मान्छेको व्यवहार कस्तो हुन्छ भन्ने तीतो यथार्थ धेरैले भोगेका छौं । अभाव, निरन्तर अभाव र प्रत्येक पक्ष अभाव भइदिएपछि मान्छेलाई सामाजिक प्राणी भन्नुको कुनै अर्थ रहँदैन र उसले जिजीविषा कुल्चन थाल्छ । सायद यही निर्ममताामा मान्छेले सिङ्गो जगत्सँगै आफूलाई हरण गर्छ । यस्तै परिस्थिति र अभावका कारण कसैले कसैको भावना नबुझ्ने भएकाले गोरख पाण्डे र भैरव अर्याल दुवैले आत्महनन गर्न पुगे ! यिनै विषयवस्तुहरू प्रस्तुत निबन्धमा रहेका छन् ।

यस 'खुलैखुला' निबन्ध सङ्ग्रह भित्रका सम्पूर्ण निबन्धलाई हेर्दा यस निबन्धमा पनि अरू सङ्ग्रहमा जस्तै प्रभातले सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक, समसामयिक विकृति र विसङ्गति प्रति चोटिलो तर शिष्ट व्यङ्ग्य प्रहार गरेका छन् । हाम्रो देशको फोहरी राजनीति, धर्मको नाममा गरिने विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् ।  ठूलाबडाहरूले सानाहरूलाई हेप्ने प्रवृत्ति आफू उच्च ओहदामा पुग्नको लागि जे पनि गर्ने आफू सत्तामा पुगेपछि अरूको मतलब नगर्नेजस्ता यिनै विषयवस्तु प्रभातका निबन्धमा पाउन सकिन्छ ।

### ४.६ 'खुराक' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको विश्लेषण

'खुराक' (२०६०) प्रभातको हास्यव्यङ्ग्य निबन्धतर्फको पाँचौं प्रकाशित कृति हो । यस निबन्ध सङ्ग्रहमा उनका ४४ वटा निबन्धहरू सङ्गृहीत छन् । ती हुन्- (१) बुढो नहुने सजिलो तरिका, (२) जिलिङ्गासँग जम्का भेट, (३) भिखमङ्गाको देशमा, (४) टाउका र पेटको झगडा, (५) जसो जसो पुरेत भन्छन् उसै उसै स्वाहा, (६) हिंसा संस्कृतिको बात, (७) तुलेगाँडाको महान्वाणी, (८) बाँदरलाई चढाएको बिन्तीपत्र, (९) अनुमानका हनुमानहरू, (१०) ईश्वरको निजीकरण, (११) उडा भाई उडा ! लऊडा, (१२) भेडा बनाउन खोज्दा कुखुरा पो बन्यो, (१२) संसदीय गोदागोद, (१३) दोस्रो जङ्गबहादुरको विदेश यात्रा, (१४) महिला कमसल च्यान्टी सङ्घ, (१५) हाउस चलेन, (१६) याकू-याहू तुर्राह, (१७) पुरेतको  अनिकाल, (१८) आत्माको खोजी, (१९) खुरापाती दर्शन, (२०) सुन्नस् त हजुर !, (२१) आचार सिद्धान्त, (२२) स्वर्गको गफ, (२३) मूर्खताको साइनो, (२४) अक्षरहको आह्वान, (

२५) झुकाइ कलाको महत्व, (२६) फुरे पो फुरफुर, (२७) उत्सव, (२८) विचारको बन्धन, (२९) खुबी सुबी माले बन्नुपर्ने आले, (३०) दामसिंह र हामसिंहको मितेरी, (३१) तन्काउनुमा तन्कँदा, (३२) जय बम भोला, (३३) हल्लनदासको हाल खबर, (३४) थुतुनो महात्म्य, (३५) अम्रिकाने गफ, (३६) पतिपत्नीको गफ, (३७) मन भुलाउने बाटाहरू, (३८) मन भुलाउने बाटाहरू, (३९) पेट्रोल डान्स, (४०) तानाशाहीगफ र मनको मोहनी र जीवन । यस कृतिको प्रकाशक विवेक सिर्जनशील प्रकाशन प्रा.लि. अनामनगर काठमाडौं रहेको देखिन्छ ।

खुराकमा सङ्कलित ४४ वटा निबन्ध मध्ये शोधार्थीलाई उत्कृष्ट लागेका तीन निबन्धहरू (जसो जसो पुरेत भन्छन् । उसै उसै स्वाहा, जङ्गबहादुरको विदेशयात्रा, फुरे पो फुरफुर) लाई निबन्धगत तत्वका आआधारमा विश्लेषण गरिएको छ भने अरू सङ्ग्रहमा सङ्कलित सबै निबन्धलाई शीर्षक दिएर विश्लेषण गरिएको छ ।

## ४.६.१ जसो जसो पुरेत भन्छन् उसै उसै स्वाहा !

'जसो जसो पुरेत भन्दछन् उसै उसै स्वाहा !' प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहको पाँचौ क्रमाङ्कमा रहेको निबन्ध हो । प्रस्तुत निबन्धमा धर्मका नाममा गरिने विकृतिप्रति तिखो व्यङग्य गरेका छन् । धर्मका नाममा ठगेर, झुक्याएर झुट्टा व्याख्यान र प्रवचन दिएर आफूलाई ठूलो बनाउने प्रति यस निबन्धमा तिखो व्यङ्ग्य गरिएको छ । अवैज्ञानिक र जड आदर्शलाई धर्मको संज्ञा दिने मूल्यका स्वरूपहरूको निरूपण गरेर निराकरण गर्न सक्ने विकृतिलाई ठम्याउनु पर्ने आवश्यकता 'जसोजसो पुरेत भन्दछन् उसै उसै स्वाहा !' शीर्षकको निबन्धले प्रस्तुत गरेको छ ।

### क) **विषयवस्तु**

हास्यव्यङ्ग्य निबन्धकार विष्णु प्रभातको 'खुराक' निबन्धसङ्ग्रहमा सङ्कलित एक उत्कृष्ट हास्यव्यङ्ग्य निबन्ध हो- 'जसोजसो पुरेत भन्छन् उसैउसै स्वाहा' । नेपाली समाजमा विद्यमान विभिन्न धर्मगत विभेद र धर्माधिकारीहरूको सामन्ती तथा अन्धविश्वासी सोचलाई नै मुख्य विषयवस्तु बनाइएको छ । धर्मका नाममा पूजारी तथा गुरुहरूद्वारा हाम्रो नेपाली समाज शोषित पीडित छ, प्रताडित छ भन्ने यथार्थ तथ्यलाई हास्यव्यङ्ग्यात्मकता भर्दै तीखो व्यङ्ग्य प्रहार गरेका छन् । सोझासीधा निर्धा जनताहरूलाई धर्म र पापका कथा बुन्दै स्वर्ग र नरक जस्ता काल्पनिक लोकको निर्माण गर्दै शोषण गर्ने धर्मगुरुहरू हाम्रो नेपाली समाजमा प्रशस्त छन् । हिन्दु धर्मका पुरोहितहरू, बुद्धधर्मका बुदिष्ट-लामाहरू इसाई-मुसाई सम्प्रदाय हाम्रा समाजमा-नेपाली जनताको आँखामा छारो हाल्न व्यस्त छन् । न त

ती गुरु महात्मा, विद्वान् भनाउँदाहरूले नै कुनै स्वर्ग र नर्कको दर्शन गरेका छन्, न त उनीहरूद्वारा निर्दिष्ट कर्म गरेर कोही पुगेरै आएका छन् । केवल ती गुरु पुरोहितले आफ्नो पेट भरेका छन् । अभ्र त्यसभन्दा बढ्ता ठूलाठूला बौद्ध गुम्बा, चर्च र मन्दिरमा चढाइएका दक्षिणा द्रव्य विदेशमा गएका छन् । यहाँका मूल पुरोहित सामु प्रश्न छ मन्दिर-गुम्बाहरूआम्दानी कहाँ छन्? प्रश्नको उत्तर उनीहरूसँग छैन । धर्मका नाममा ईश्वरका नाममा देश विभाजित छ, विश्वबन्धुत्वको भावना टुक्रिएको छ । मनुष्यसमेत आफ्नो प्रभुत्व जमाउनका लागि आफू ईश्वर बन्नका लागि कयौंको ज्यान मारिरहेको छ । जो अर्काको ज्यानको बलि खान्छ-प्राण लिन्छ, त्यो कसरी ईश्वर हुन्छ ? प्रश्न चिन्ह खडा हुन्छ तर बिडम्बना हाम्रा माभ्र त्यही छ । जसलाई जुनकुराको कमी छ, त्यही प्राप्तिलाई स्वर्गको रूपमा बयान गरिएको छ । एकातिर यो संसार र जीवन मिथ्या हो भ्रुटो हो भन्ने व्याख्या चल्छ भने अर्कोतिर क्षणभङ्गुर जीवन वा संसारमा ईश्वरको होड किन चल्छ ? यसैले पुरेत-गुरु महात्माहरूको क्षणभङ्गुरतासम्बन्धी व्याख्यापनि क्षणभङ्गुर नै भएकाले यसका पछि लाग्न नहुने विचार समेत व्यक्त गरी अशिक्षा र अज्ञानको पृष्ठभूमिमा परम्परादेखि प्रचलित पुरेतवाद वा धर्म-सम्प्रदायको आलोचनागर्दै पुरेतहरूको व्याख्यानमा विश्वास गर्न नहुने निचोड यस निबन्धको विषयवस्तु बनेको छ ।

### ख) उद्देश्य

प्रगतिवादी हास्यव्यङ्ग्य निबन्धकार विष्णुप्रभातको 'जसोजसो पुरेत भन्छन् उसैउसै स्वाहा !' शीर्षक निबन्ध प्रगतिवादी उत्कृष्ट निबन्ध हो । हाम्रो नेपाली समाजमा व्याप्त विभिन्न प्रकारका शोषकहरूमध्ये धर्मका आडमा गरिने शोषण पनि एक हो । हिन्दू, मुस्लिम, बुद्ध, इशाई जुनसुकै धर्म वा धर्मग्रन्थहरू सबै सामन्ती सोच र धारणामा आधारित छन् । कसरी जनतालाई भ्रुक्याएर, ठगेर, भ्रुट्टा-व्याख्यान र प्रवचन गरेर, काल्पनिक स्वर्ग र नरक जस्ता लोकहरू रचेर धर्मगुरु पुरोहितहरू ठूलाबडा कहलाइएका छन् भन्ने तीतो सत्यलाई उदाङ्ग पार्न यो निबन्ध सफल छ । धर्म र ईश्वरका नाममा चढेको पैसा देशमा लगानी हुनुपर्ने कुरा गर्दै विदेशी ढुकुटी भरिएको कटुसत्यलाई समेत यस निबन्धले छर्लङ्ग पारेको छ । धर्म र धर्मशास्त्रका व्याख्याता गुरु, महात्माहरूलाई नै शास्त्रको तात्पर्य ज्ञान नभएको, भ्रुटो कथा र लोक कल्पना गर्न लागि परेको र उनीहरूको प्रवचन समेत भ्रुटो भएकाले उनीहरूका भनाई र उपदेशका पछि लागुञ्जेल देश र समाजको उन्नति र प्रगति नहुने हुँदा राम्रो समाजको निर्माण लागि धर्म र धर्मगुरुहरूको

भनाइलाईविश्वास गर्नु पूर्व विश्लेषण गर्न आग्रह गर्नु नै निबन्धकार प्रभातको मूल उद्देश्य देखिन्छ ।

**ग) भाषाशैली**

तीन अनुच्छेद तथा तीन पृष्ठ आकारको संरचनात्मक आयाम लिएको 'जसोजसो पुरेत भन्छन् उसैउसै स्वाहा !' निबन्धको भाषासरल, सहज र आकर्षक छ । तृतीय पुरुषशैलीमा रचिएको यस निबन्धका वाक्यगठन सबै छोटा छरिता छन् । प्रश्नात्मक, विश्मयादिबोधक वाक्यगठन भएको यस निबन्धमा अनुप्रासात्मक वाक्य ढाँचाले भाषामा मिठास थपेको छ । चटक-चमत्कार, मठ-मन्दिर, विधि-व्यवस्था जस्ता आद्यानुप्रास र चढायो, लगायो, थन्क्यायो जस्ता अन्त्यानुप्रास तथा मध्यानुप्रासात्मक शब्दहरूको विन्यासले निबन्धको भाषा रोचक बनाएको छ व्यङ्ग्यात्मक प्रस्तुतिले पनि उत्तिकै रोचकता थपेको छ । तत्सम, तद्भव, आगन्तुक र झर्रा सबैखाले शब्दहरूको प्रयोग आलङ्कारिक तथा अनुप्रासात्मक भाषाको समुचित प्रयोगले गर्दा निबन्धको भाषा उत्कृष्ट रहेको छ ।

### ४.६.२ दोस्रो जङ्गबहादुरको विदेशयात्रा

'दोस्रो जङ्गबहादुरको विदेशयात्रा' विष्णु प्रभातको 'खुराक' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको पाँचौ क्रमाङ्कमा रहेको निबन्ध हो । यो निबन्ध राजनीतिप्रति व्यङ्ग्य गरेर लेखिएको निबन्ध हो । जनताका इच्छा विरुद्ध काम गरेर आफ्नो मात्र स्वार्थ हेर्ने नेताप्रति व्यङ्ग्य गरिएको छ ।

**क) विषयवस्तु**

हास्यव्यङ्ग्य निबन्धकार, विष्णुप्रभातको 'दोस्रो जङ्गबहादुरको विदेशयात्रा' निबन्धले नेपाली राजनीतिलाई विषयवस्तु बनाएको छ । अर्थात् नेपालको शासनसत्ताको वागडोर सम्हालेका प्रधानमन्त्री गिरिजाप्रसादको विदेशयात्रालाई विषय बनाई लेखिएको छ । यस निबन्धमा देश र जनतालाई छलेर विदेशभ्रमण गरी रमाउने तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई दोस्रो जङ्गबहादुरको संज्ञा दिइएको छ । पहिलेको जङ्गबहादुर राणा खलकको भएको र अहिलेको दोस्रो जङ्गबहादुर कोइरालाबन्न पुगेको उल्लेख छ । समय परिवर्तित छ, परिस्थिति फरक छ तर नियम र नीति, बानी र प्रवृत्ति सबै उस्तै छन् । त्यतिबेलाको जङ्गबहादुर पनि आफ्नो शासन टिकाउनका लागि विरोधी पक्षलाई कोतपर्व आदिका माध्यमले सखाप पार्द भने अहिलेको जङ्गबहादुर पनि आफ्नो शासनसत्ता टिकाइ राख्न अरूलाई

पन्छ्याउँछ, अर्को व्यक्ति प्रधानमन्त्री नबनोस् बन्ने मनशायले आफूभन्दा ठूला र वरिष्ठ नेतालाई पाखा लगाउने काम गरेका छन् । प्रजातन्त्रको नाममा समाजवादका नारा फलाक्छ, विरोध गर्नेहरूलाई सेना प्रयोग गरेर भए पनि विदेश उड्न पछि पर्दैन । पहिलो जङ्गबहादुरको बेलायत यात्राको ऐतिहासिक महत्व गाइए जस्तै दोस्रो जङ्गबहादुरको यात्राले देश र जनताका लागि उपलब्धिपूर्ण केही कदम नचालेपनि विदेशी सुन्दरीको रमझमको उपभोग प्रधानमन्त्रीले गर्नेछन्, उनको यस यात्राले समेत ऐतिहासिक महत्व पाउनेछ, उनको नाम र कामले विदेशमा खासै प्रभाव नपारेपनि उनको यो विदेशयात्रा इतिहासको पानामा अङ्कित हुनेछ भन्ने व्यङ्ग्यात्मक अभिव्यक्तिका साथ यो निबन्ध टुङ्गिएको छ ।

## ख) उद्देश्य

तत्कालीन प्रधानमन्त्रीको विदेशयात्रालाई विषयवस्तु बनाइएको यस निबन्धमा नेपाली विकृत राजनीतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । चाहे राणाशासनका शासक वा प्रधानमन्त्री हुन् चाहे राजतन्त्रका राजा हुन्, चाहे प्रजातन्त्रका शासक प्रधानमन्त्री हुन्, ती सबै स्वार्थी सामन्ती र शोषक चरित्रका रूपमा रहेका छन् भने यथार्थ पक्ष खोतल्नु नै यस निबन्धको मूल उद्देश्य हो । जनताका आवश्यकता र चाहना विपरीत राष्ट्रका जलसम्पदा या वनसम्पदा या भूसम्पदा नै बेच्न पछि नपर्ने, नातावाद र कृपावादको परम्परा नतोड्ने, आफ्ना विरोधी र प्रतिस्पर्धीलाई पाखा लगाई आफ्नो शासन दीगो बनाउने । आफू सरहका सम्भावित प्रधानमन्त्री नेताहरूलाई आफ्नो सङ्गठनबाटै निष्काशन गर्ने गिरिजा प्रवृत्तिको भण्डाफोर गर्दै उनको विदेश यात्रा देश र जनताको फाइदाका लागि नभई उनकै मात्र भलाइका लागि हुने कुराको जानकारी पाठक समक्ष अभिव्यक्त गर्नु निबन्धको उद्देश्य रहेको छ र त्यसमा योसफल छ ।

## ग) भाषाशैली

सरल, सहज र आकर्षक भाषाको प्रयोग छ । तृतीयपुरुष दृष्टिविन्दुमा निबन्ध संरचित छ । छोटा, छरिता वाक्यहरूको प्रयोगले निबन्ध बोध्य छ । अन्य निबन्धहरूमा जस्तै यस निबन्धको भाषा पनि अनुप्रासात्मक नै छ । करकमल, वृतान्त, आलिङ्गन जस्ता प्रचलित केही तत्सम शब्दहरूको साथै आगन्तुक र मौलिक शब्दहरूको समेत प्रयोग भेटिन्छ । गरिबक्स्यो, टिकाइसिन्थ्यो, खेलिसिन्थ्यो जस्ता उच्च आदरार्थी क्रियापद पनि केही मात्रामा प्रयोग गरिएको पाइन्छ ।

### ४.६.३ फुरे पो फुर्फुर्

'फुरे पो फुर्फुर्' विष्णु प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहको उन्तिसौं क्रमाङ्कमा रहेको निबन्ध हो । साहित्य सिर्जना गर्नका लागि श्रष्टाले देश, विदेश, गाउँ, समाज, जात-जाति, धर्म-संस्कृति, कला, साहित्य, विज्ञान, प्रविधि आदि बारेमा प्रशस्त ज्ञान लिनुपर्छ अनि साहित्य फुर् छ भन्ने विषयवस्तु यस निबन्धमा रहेको छ ।

**क) विषयवस्तु**

हास्यव्यङ्ग्य निबन्धकार विष्णुप्रभातको उत्कृष्ट निबन्ध सङ्ग्रह 'खुराक' मा सङ्कलित एक हास्यव्यङ्ग्य निबन्ध हो 'फुरे पो फुर्फुर्' । 'फुर्नु न जुर्नु त्यसै कथर्नु' भन्ने अभिव्यक्तिबाट सुरु भएको यस निबन्धको विषयवस्तु साहित्यसिर्जनाका क्रममा श्रष्टाका मानसपटलमा नयाँ नयाँ विचार उत्पन्न हुनुपर्ने कुरासँग सम्बन्धित छ । नयाँ विचार उत्पन्न नभई नयाँ कल्पनाका ज्वारभाटाहरूको तछाड-मछाड नभई साहित्य सिर्जना गर्नु भनेको जबरजस्ती हो, साहित्य माथिको हैकमा हो । कुनै प्रतिभा छैन, कुनै नयाँ ज्ञान छैन, कुनै नयाँ भावनाको फुराइ छैन, त्यो साहित्य वास्तवमा साहित्य हुँदैन । वस्तु घटनालाई मनमा राखी कल्पना तथा भावनामा डुबुल्की लगाइ रङ्गाएर अभिव्यक्ति दिन सकेमा नै त्यसले भावकको/पाठकको मन मस्तिष्क छुन सक्छ । तर हाम्रो समाजमा फुर्नुलाई भन्दा जुर्नुलाई महत्व दिइँदैछ । जुर्नु भनेको प्रकाशक भेटियो, राम्रो समालोचक पाइयो भने त्यो श्रष्टा त्यतिकै चर्चित भईदिन्छ । अर्को अर्थमा लेखकको समय समेत जुर्नुपर्छ, कसैलाई विहानको समय जुर्छ भने कसैलाई बेलुकाको समय जुर्छ । कसैलाई मध्यान्हको अनि कसैलाई कुनै पनि समय नजुर्न सक्छ, अनि कसैलाई सबै समय जुर्न पनि सक्छ । सबै समय जुरेर पनि विचार वा भावना फुरेन भने त्यसबाट सिर्जना हुन नसकेझैं विचार त फुरेको छ तर समय जुरेन भने पनि सिर्जना हुन नसक्ने विचार प्रस्तुत भएको छ । हाम्रा समाजमा फुरेर भन्दा पनि जुरेर अर्थात् प्रतिभा नभएपनि चाकडी चाप्लुसीका भरमा ठूला बन्न पुगेका उदाहरणहरू प्रशस्त छन् ।

त्यसैले जुर्नका लागि फुर्नु पर्दैन, दगुर्नुपर्छ, सोर्स फोर्सले माथि पुग्नुपर्छ भन्दै हाम्रो नेपाली समाजमा व्याप्त विसङ्गतिलाई विषयवस्तु बनाए र व्यङ्ग्य गरेकाछन् ।

### ख) उद्देश्य

फुर्नुलाई भन्दा जुर्नुलाई मान्यता दिने परिपाटी विरुद्ध हास्यात्मक रङ्गघोली व्यङ्ग्यात्मक प्रहार गर्नु यस निबन्धको मूल उद्देश्य हो । जुर्नुलाई कर्म, कर्मलाई धर्मसँग जोडेर सत्यमर्मलाई उल्टोपार्ने समाज मित्रका बकम्फुसे मानिसहरूलाई उडाउँदै कर्म इलम धन्दा वा श्रम सँग छ भन्ने वस्तुतथ्यलाई खुलस्त पार्ने उद्देश्य समेत निबन्धकारको रहेको देखापर्छ । कुनै नभोगेका नदेखेका तथा नजानेका विषयवस्तुमा साहित्य सिर्जना गर्न गाह्रो पर्ने भएकाले देश-विदेश, गाउँ-समाज, जात-जाति, धर्म-संस्कृति, कला-साहित्य, विज्ञान-प्रविधि आदिबारेमा प्रशस्त जानकारी लिनुपर्छ अनि मात्र साहित्यले पाठकमा प्रभाव पार्न सक्छ भन्ने विचार प्रस्तुत गर्नुपनि यस निबन्धको उद्देश्य हो ।

### ग) भाषाशैली

सरल सहज भाषाशैलीको प्रयोग निबन्ध 'फुरे पो फुर्फुर्' शीर्षकबाटै यसको भाषा अनुप्रासात्मक रहेको जानकारी दिन्छ । "कुथुरे काकाको कुरा", 'भुर्र भुर्र फुर्र', 'फुरे पो फुर्फुर् !', 'नफुरे ताल न सुर !! ढुकुर कुर !!', जस्ता अन्तर्लयात्मक शब्द तथा वाक्यहरूको प्रयोगले भाषा काव्यात्मक तथा आलङ्कारिक बनेको छ । आकस्मिकता, उपदान, स्वच्छन्द, विचरण आदि तत्सम शब्द । प्रयोग भएका छन् र भाषा शैली रसिलो र व्यञ्जनात्मक छ ।

## ४.६.४ मनको मोहनी र जीवन

विष्णु प्रभात 'मनको मोहनी र जीवन' निबन्धमा शरीरको शीर्ष स्थानमा स्थित मन र मस्तिष्कको सहसम्बन्ध तथा जीवनको सार्थकतामा मनका भाव, संवेदना तथा अभिव्यक्तिलाई सरलतातर्फ उन्मुख गराउने अभिप्रायको केन्द्रविन्दुमा यो निबन्ध रचिएको देखिन्छ । मस्तिष्कलाई जीवनका हरेक पक्ष र मोडमा कम्प्युटरको रिमोट जस्तै रहेर सञ्चालन गर्न सक्रियता रोख्ने, गति वेग र प्रतिवेगलाई खुम्च्याउने र तन्काउने, रबरको धागो जसतो रूपमा मनको सार्थक सरल र उत्कृष्ट जीवन मार्गमा लम्काउन सफल रहेका कुरा व्यङ्ग्यात्मक शैलीमा अभिव्यक्त गर्न सफल भएका छन् । हावाको वेग मनको वेग र सामुन्द्रिक छालको वेग जस्ता पर्खालहरूलाई नाह्ने र नियन्त्रण गर्ने मानसिकतालाई विभिन्न सम्मोहन शास्त्रका व्याख्याताको उदाहरण रूप मनको प्राकृतीय विशेषतामा अडिग रहेर विपरीत लैङ्गिक वासनाका प्रतीकको प्रसङ्ग संगै सिङ्गमण्ड फ्रायडको विसङ्गती वोधक मान्यतालाई पनि औँल्याएका छन् ।

मनका कोमलता र कठोरताका, दम्भ र साहसका, गति र यतिका, आरोह र अवरोहका असिमित भावनालाई प्रतिबिम्बमा पोख्न सफल भएका छन् । जीवन र मन, मन र मस्तिष्कको असिमित सम्बन्धको चर्चालाई प्राथमिकता दिने प्रभातले विभिन्न लेखक, धर्मावलम्बी, शारीरिक र बौद्धिक, सामाजिक र भौतिक जगतलाई संवाहन गर्ने क्रियात्मक प्रतिरूप मस्तिष्कलाई लिन्छन् । तनलाई साधन र मनलाई साध्य परिचालकका रूपमा रहेको मस्तिष्कको संयोगात्मक रूप नै जीवन हो भनी मनका आशात्मक तरङ्गलाई मस्तिष्ककै गुणधर्म मानेर जीवनको चर्चा गर्न सफल भएका छन् । काल्पनिक रूपमा आशात्मक लहरामा भुण्डिएको मानिस प्राप्तिमा अवरोध उत्पन्न भएपछि उसका मनमा आउने भावना नै नैराश्य पूर्ण जीवन र दुःखको अनुभूति हो भन्ने धारणा विष्णु प्रभातको मनको मोहनी र जीवन निबन्धमाछ ।

### ४.६.५ पेट्रोल डान्स

'पेट्रोल डान्स' प्रभातको व्यङ्ग्यात्मक निबन्ध मध्येको एक निबन्ध हो । प्रभातले यस निबन्धमा नेपालको प्राकृतिक, सांस्कृतिक, आर्थिक र राजनीतिक पक्षमा देखापर्दै आएका विकृति र विसङ्गतिलाई उठान गर्दै, देशीय पहिचान र राष्ट्रियतालाई बिसर्ने विदेशी भुत्रोस्वरूपको अवलम्बन गर्ने राष्ट्रको पहिचान र नेपालीत्वलाई लत्याई जन्मभूमिका भाखाहरू भुल्ने सुपुत्र कहलाउनु पर्ने अवस्थालाई परित्याग गरी केवल सामाजिक रमझम र मनोरञ्जनका भावनाले ओतप्रोत भई जन्मभूमिकै भार बन्न पुगेका व्यक्ति प्रवृतिमाथि कुट प्रहार गरेका छन् ।

इन्जिनलाई इन्धनको साहारा चाँहिए जस्तै आजका मानिसको राष्ट्रिय खोक्रोपनलाई पनि राष्ट्रियताको इन्धन चाहिएको छ । मद्यपानले विदेशी इशारामा नाचेर देशीय र राष्ट्रिय खतरा जन्माउने स्वदेशी रङ्गमञ्चमा विदेशी ताल, स्वर र सङ्गीतको अभ्यास गर्ने आजका बुद्धिजीवी, नेता, पत्रकारहरूले आफ्नोपनलाई खोक्राएका छन् भनी तीखो व्यङ्ग्य प्रहार गरेका छन् । अपारजलस्रोतको खानी पवित्र स्थलमा जन्मलिएर पनि कृत्रिमताको खोल ओढी राष्ट्रियताका कुरा गर्ने नेता व्यापारी उद्योगपति, शिक्षक कर्मचारी, किसान र सिङ्गो राष्ट्रका लगाम तान्ने नेताको मनोरञ्जनात्मक अभिव्यक्ति राष्ट्रिय अस्थिरता र अराजक भावनाले व्याप्त भएको कुरा उल्लेख छ ।

आफ्नो मौलिकता र राष्ट्रियतालाई बिर्सेर गोर्खाली र नेपालीको वीरतालाई माया मारेर मानिसलाई कृत्रिम ऊर्जाको बलमा नचाउने, छल, बल र अनैतिकताको

भासमा गाडिँदै गएको मानिसले आफूलाई उठाउन नसकेको कुरा उल्लेख छ । निबन्धका माध्यमबाट राजनीतिक एवम् आर्थिक विसङ्गतिलाई सहज र सम्बेद्य किसिमले व्याख्या गरेका छन् । आफ्नोपनको सत्यतालाई प्रस्तुत गर्ने श्रृजना र चेतनशून्य बन्दै गएको मानिसले मुलुकलाई राजनीतिक र सांस्कृतिक प्रदुषणमा धकेलेको कुरा प्रभात प्रस्ट पार्दछन् ।

### ४.६.६ अम्रिकाने गफ

निबन्धकार विष्णु प्रभातले 'अम्रिकाने गफ' भन्ने निबन्धमा सामाजिक, आधुनिकीकरण चरण सिमामा पुगेको अहिलेको एक्काइसौं शताब्दीको मान्छेका मनमा उब्जेका अमानवीय संस्कार, विकृति र परिवेशलाई उल्लेख गर्दै अम्रिकाका मानिसका बारेमा व्यङ्ग्यप्रहार गर्दछन् । सर्वहारा वर्गको नेतृत्वमा लागेका क्रान्तिका आवाजको विगुल फुक्नेहरू व्यक्तिगत स्वार्थ र अवसर प्राप्तिका बेला सुकुम्बासी नभई हुकुम्बासी बन्न पुग्दा रहेछन् । आफ्नो सर्वस्व लुटाएर, निस्वार्थ स्नेह दिने बाबु आमालाई आफ्नो सुख, सयल र आनन्दले बिर्साइ दिए जस्तै आफ्नो मातृभूमिलाई पनि बिर्सन सक्दछन् । मातृभूमिप्रति बफादार योग्यपुत्रको अभावमा धरतीमाताको रोदनमा मर्माहित हुने व्यक्तिको अभाव देखाउँछन् । मुखमा मानवअधिकार र राष्ट्रियताको कुरा गर्ने तर व्यवहार र जीवनशैलीमा कठोरता अँगाल्ने अमेरिकीहरू प्रति घृणा व्यक्त गर्दै । पश्चात्य संस्कृतिको देखासिकीमा आफ्नोपनलाई बिर्सने मान्छे जुन ठाउँमा अवसर पायो त्यहीँ कुम्लाउने र व्यक्तिगत स्वार्थ हेर्ने जस्ता सामाजिक, राजनीतिक, सांस्कृतिक विकृतिलाई व्यङ्ग्यप्रहार गर्न पुगेका छन् ।

अमेरिकी शासन सत्ताको ढोंगी व्यवहार विश्व प्रभुत्वका लागि गरेको थियो मिचो सँगै पाशविक मान्छेको रूपमा व्यक्त हुन आएको व्यवहारलाई सांसारिक होडबाजी र प्रतिस्पर्धालाई चित्रण गर्दै राजनीति नै विकृतितिर ढल्केको देखाउँछन् । 'गोहीको आँशु माछाको काल, तल्सिङको माया मोहीलाई जाल' जस्ता नयाँ उखानलाई प्रयोग गर्दैसामाजिक परिवेशमा लुकेका विसङ्गतिलाई व्यङ्ग्यात्मक शैलीमा उल्लेख गरेका छन् ।

### ४.६.७ मन भुलाउने बाटाहरू

विष्णु प्रभातले 'मन भुलाउने बाटाहरू' निबन्धमा यस संसारमा मानिस आफ्नो स्वार्थका लागि अगाडि बढेका छन् । मृगतृष्णाका लागि लम्किएको मानिसले आफ्नो वर्तमान र विगतलाई तुलनात्मक रूपले हेर्दैन । मौकामा चौका हान्ने प्रवृत्तिका कारण मानिस सुखी, दुखी दुवै हुन सक्छ । पीडा कसैले लिन चाहँदैन

केवल दिन मात्र चाहन्छ । सुखको बेला आफ्नो मात्र स्वार्थ हेर्छ दुःखमा अरूको सहारा चाहन्छ । लौकिक तर्क अलौकिक उदाहरण प्रस्तुत गर्दै प्रभातले जति भाषण दिए पनि र पाषण मन बनाएपनि आफ्नो मन, भुलाउनै पर्छ भन्ने कुरा गर्दै मन भुलाउने पाँचवटा कुरामा लिङ्ग, नशा, खेल, धर्म र प्रेम भन्दैव्यङ्गात्मक शैलीमा व्यक्त गरेका छन् ।

नर होस वा नारी, देव होस वा राक्षस, राजा होस वा रैति आखिर जो सुकै पनि माथिका पाँचकुरामा वञ्चित हुँदैनन् र आफ्नो मनलाई आ-आफ्नै किसिमले भुलाएका हुन्छन् भन्ने कुरालाई आत्मिक तथा भौतिक दुवै पक्ष समेटेर व्यङ्ग्य गरेका छन् । संसार खेलको रचना हो जसको भुमरीमा मानिस सुख दुखको अनुभूति गर्दछर आफूलाई केवल जीवनयापनको पक्षमा उभ्याउँछ । गर्नको लागि बाँच्न भन्दा बाँच्नका लागि गरेको काम सार्थक हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । मानिसका जीवनयापनको शैली भिन्न भिन्न हुन्छ भन्दै प्रत्येकका आफ्नोपनलाई स्वीकार्दै लेखकले मनभुलाउने बाटाहरूको, व्यङ्ग्यात्मक व्याख्या गरेका छन् ।

### ४.६.८ तानाशाही गफ

विष्णु प्रभाले 'तानाशाही गफ' भन्ने निबन्धमा देशको सामाजिक, राजनैतिक, आर्थिक, व्यापारिक हरेक क्षेत्रमा तानाशाही प्रवृतिको बोलवाला छ भन्दै जतिसुकै स्वतन्त्रताका कुरा गरे पनि प्रजातन्त्रको खोल भित्र तानाशाही प्रवृत्ति सवार छ । नेताका मुखले स्वतन्त्रता र प्रजातन्त्रको मन्त्र जपेपनि व्यवहारमा पटक्कै परिवर्तन देखिँदैन । तानाशाहका नाममा हिटलरलाई मात्र होइन आफ्ना क्षेत्रमा कब्जा जमाउने हैकमवादलाई अवलम्बन गर्ने व्यक्ति नै तानाशाहका द्योतक हुन् । नेपालमा जनआन्दोलन २०४६ मा प्रजातन्त्रको स्थापना भए पश्चात पनि जनताले शन्तिको सास फेर्न सकेका छैनन् । देशको सार्वभौमसत्ता जनतामा हस्तान्तरण गर्ने उद्देश्यलेनिर्माण भएका कानुन पनि निकम्मा भएका छन् । विधिका व्याख्याता र विश्लेषकको दोहोरो मनोवृत्तिका कारण देशमा जुनसुकै शासन व्यवस्था स्थापना भए पनि कार्यान्वयनको पक्ष ज्यादै कमजोर देखिएको कुरा व्यङ्ग्यात्मक अभिव्यक्ति पोख्छन् ।

प्रजातन्त्रको नाममा तानाशाहको मनोबल जहाँसुकै प्रबल छ । घर देखि मन्त्रालयसम्म समाजदेखि राष्ट्रसम्म राष्ट्रिय राजनीतिको निरङ्कुश तानाशाही प्रवृत्तिलाई कठोर प्रहार गरेका छन् । एकदलीय होस् वा बहुदलीय, निर्दलीय होस् वा दलीय, जातीय होस् वा धार्मिक होस्, सैनिक होस् वा वर्गीय आखिर ती सबै तन्त्र

जो छन् शासन सञ्चालनका मन्त्र मात्र हुन् भन्ने कुरा उल्लेख छ । यसबाट के प्रष्ट हुन्छ भने हरेक क्षेत्रमा तानाशाही प्रवृत्ति सवार छ ।

### ४.६.९ बूढो नहुने सजिलो तरिका

'बूढो नहुने सजिलो तरिका' निबन्ध विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह 'खुराक' भित्रको पहिलो निबन्ध हो । लेखकले यस निबन्धमासमाजमा रहेका विभिन्न प्रवृत्ति भएका मान्छेहरूको मनोदशालाई चित्रण गरेका छन् । निबन्धकार प्रभातले 'बूढो नहुने सजिलो तरिका' शीर्षकबाट नै आम पाठकहरूलाई खुल्दुलीपूर्ण तरिकाले अध्ययन गर्न हौस्याएका छन् । यस निबन्धमा मान्छेको जीवनलाई युवा र बुढ्यौली वर्गमा छुट्याएको पाइन्छ । निबन्धकारले मान्छे बूढो नहुन धेरै उपायहरू अबलम्बन गर्ने गरेका भए पनि दारी जुँगाको प्रसङ्गलाई बढो रोचकतापूर्ण बनाएका छन् । लोग्ने मान्छेहरू आफूलाई बूढो नदेखियोस् वा सधै युवा नै रहिरहोस् भनेर आफ्ना दारी जुँगालाई फालेर चिटिक्क पर्ने गरेको पाइन्छ । सधै युवा नै देखिरहोस् भनेर रविन्द्र नाथ टैगोरले आफूलाई सिंगारपटार गर्न खुबै समय खर्च गर्थे भन्ने प्रसङ्गद्वारा रचना रमाइलो बनाएको छ ।

शीर्षकमा भनिएझैँ बूढो नहुने धेरै प्रसङ्गहरू आए तापनि मानिस एक दिन बूढो हुन्छ नै ! भन्ने यथार्थलाई निबन्धकार प्रभात सहज स्वीकार्दछन् । वास्तवमा मानिस जति चिन्तित हुन्छ, त्यति नै छिटो बूढो हुन्छ । डर, पीर, दुःख चिन्ताले गर्दा मानिस छिटो बूढो हुन्छ । त्यसैले निबन्धकार प्रभात मानिसहरूलाई बूढो नहुन के अनुरोध गर्दछन् भने पीर, पछुतो, दुःख, त्रासलाई छोड्नु नै बूढो नहुने सजिलो तरिका हो भनी बताएका छन् । यसबाट प्रकृतिलाई मानिसले चुनौती दिन सक्दैनन् भन्ने तथ्य पनि स्पष्ट हुन्छ । वस्तुपरक शैलीमा लेखिएको यो निबन्ध बूढ्यौली हुनबाट भाग्न खोज्ने अथवा सदै ठिरो बन्न खोज्ने रसिक प्रवृत्तिलाई व्यङ्ग्य गरिएको छ ।

### ४.६.१० जिलिङ्गासँग जम्काभेट !

'जिलिङ्गासँग जम्काभेट !' निबन्ध निबन्धकार प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्कलित दोस्रो निबन्ध हो । यस निबन्धमा मानव आकृतिको नरकटे जिलिङ्गाको माध्यमबाट मानिसमा भएको कमजोरी पक्षलाई व्यङ्ग्य गरिएको छ । सजीव प्राणी मान्छेले भन्दा निर्जीव मानव आकृति जिलिङ्गाले मानवीय कार्य गरेको र मान्छे भित्रको काँतर स्वभावलाई पनि प्रष्टाएको छ । मान्छेसँग सबै आवश्यक भौतिक साधनहरू भएर पनि शीर ठाडो पारेर हिँड्न नसक्नु तर कुनै अस्तित्व

नभएको एउटा सामान्य जिलोङ्गो सधैं शीर ठाडो पारेर खडा रही रहने र कुनै कुराको पनि पर्वाह नगर्ने जिलिङ्गासँग शीर ठाडो पार्ने जुक्ति सोधेका कविको माध्यमबाट मानवीय लाचारीपन, काँतरपनलाई व्यङ्ग्य गरिएको छ । यस निबन्धमा निबन्धकारले आफ्नो वास्तविकतालाई भूल्ने र अर्काको अवास्तविकतालाई वास्तविक देख्ने मानवीय कमजोरी हर्ष्यालु प्रवृत्तिलाई व्यङ्ग्य गरिएको छ ।

### ४.६.११ भीखमङ्गाको देश

प्रस्तुत 'भीखमङ्गाको देश' निबन्ध विष्णु प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत तेस्रो निबन्ध हो । यसमा निबन्धकारले भैरव अर्यालसँग संवाद गर्दै अनुदानबाट सञ्चालित देशलाई 'भीखमङ्गाको देश' भन्ने संज्ञा दिएका छन् । यसमा हास्य पक्ष र व्यङ्ग्य पक्षको संयोजन गरी व्यङ्ग्य पक्षमा सबल रहेका भैरव अर्याललाई वासुदेव लुइँटेलले मर्नबाट बचाएको प्रसङ्ग कोट्याइएको छ । नेपालीलाई आफ्नो कुरा मन नपर्ने, आफ्नो जयजयकार र प्रशंसा गर्नेलाई रुचाउने ज्ञानको द्वन्दात्मकतालाई विश्वास नगर्ने प्रवृति देखाइएको छ । यसमा नेपाललाई भीखमङ्गाको देशका रूपमा चर्चा गर्दै महादेव र महाबुद्धलाई पनि भीखमङ्गा भन्दै व्यङ्ग्य गरेको र उनीहरूकै जयजयकार भएको बताएका छन् । धनी भएर पनि कुबेरको जयकार नभएको उल्लेख गरेका छन् । निबन्धकारले यस निबन्धमा आफ्नो पेट भर्नु अध्यात्मिक कर्म ठान्ने र उत्पादन कार्यलाई भौतिकवाद मान्ने साधु सन्तदेखि ऋषिमुनि, गरिब, राजा महाराजा, पुरानो परम्परा, मूर्ति, कलाकृति तथा नेपाल र नेपालीको मूलवृत्ति नै भीखमङ्गा प्रवृत्तिको भएको भनेर व्यङ्ग्य प्रहार गरेको पाइन्छ ।

निबन्धकार विष्णुप्रभावले यस निबन्धमा श्रम नगर्ने तर श्रमको उत्पादन उपभोग गर्ने पुराना नयाँ सबै महात्मादेखि महात्मा गान्धी सम्मलाई भिखारीका रूपमा हेरेका छन् । 'मागी मागी घ्यू खानू' भन्ने मगन्ते उखान प्रस्तुत गर्दै हाकिमदेखि मन्त्रीसम्मलाई भीखमङ्गाहरूको कोटीमा राखेका छन् । सडक पेटीका दरिद्रहरू भीख नमाग्लान् तर भद्र भलाद्मीहरू नै विभिन्न बहानामा दान होस् या अनुदान नाम परिवर्तन गरेरै विभिन्नवहानामा भीखमाग्न पछि नपरेको विचार छ । निबन्धकारले यसमा अनुदान होस् या चन्दा सबै भीखकै प्रकार हुन् । भीख मागेरै राज्य पाउने वामनदेखि भीम माग्नेले ढुकुटी रित्याउने कुबेर कथा जस्ता प्रसङ्ग ल्याएर, जीवन सबैको भीखारीकै जस्तो हात थापेर बितेकोमा निबन्धकार उपहास गर्छन् । मन्त्रीदेखी राजा महाराजासम्म जनताले चढाएको भीख स्वीकार्न पछि नपरेकोमा निबन्धकार खिल्ली उडाउँछन् । यस निबन्धमा भीख माग्न नचाहेर आफ्नै

कर्म गर्नेलाई विष पिलाइन्छ, फाँसी चढाइन्छ भन्दै निबन्धकारले कृष्ण, गौतमबद्ध, मञ्जुश्री, अरनिको, पशुपतिनाथ तथा नेपाल र नेपाली सबै भीखमङ्गा भएको उल्लेख गरेका छन् । यसमा निबन्धकारले नेपाल र नेपालीको परम्परामा प्राप्त भीख माग्ने र काम चलाउने प्रवृत्तिको घोर विरोध गरेका छन् ।

### ४.६.१२टाउका र पेटको झगडा

टाउका र पेटको झगडा निबन्ध विष्णु प्रभातको खुराक निबन्ध संग्रहमा सङ्कलित चौथो निबन्ध हो । यस निबन्धमा टाउको र पेटको झगडा मार्फत निबन्धकारले आजसम्म जतिपनि भ्रष्टाचार घुसखोरी गरेर मान्छेले पेट भऱ्यो त्यो टाउकाकै कारणले गरेको हो । यहाँ पेटको भन्दा बढी समस्या टाउकामा रहेको देखाइएको छ । प्रस्तुत निबन्धमा निबन्धकार भैरुकाका अर्थात भैरव अर्याल सँग गफ गर्दै हामीमा रहेको गलत सोच र स्वार्थीपना प्रति प्रहार गरेका छन् । आवश्यकता भन्दा बढी महत्वकाङ्क्षा राखी भ्रष्ट हुने प्रवृति निबन्धकार र भैरुकाकाको बीच संवाद रचना गरी पेट र टाउकाको पक्ष विपक्षमा तर्कवितर्क गराई हास्यव्यङ्ग्य सिर्जना गरिएको छ । यस निबन्धमा हाम्रो देशमा रहेको भ्रष्टाचार, अनियमितताको समस्या पेटबाट नभइ टाउकाको खराब प्रवृत्तिका कारण भएको हो अर्थात माथिल्ला निकायहरू नै बढी अनैतिक र भ्रष्ट भएको तथ्य दर्शाइएको छ । मान्छेको मस्तिष्कमा सत् विचारको सिर्जना हुन सकेमा भ्रष्टाचार र स्वार्थीसंस्कार समाप्त हुने र आवश्यक पर्ने जति मात्र ग्रहण गर्ने गरिएमा टाउकाले निम्त्याएको पेटको समस्या र पेटले निम्त्याएको टाउकाको समस्या समाप्त हुने छ भन्ने कुरामानिबन्धकार विस्वस्त रहेको जानकारी यस निबन्धमा व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

### ४.६.१३ हिंसा-संस्कृतिको बात

प्रस्तुत निबन्ध विष्णु प्रभातको 'खुराक' निबन्धसङ्ग्रहमा सङ्कलित छैठौं निबन्ध हो । यसमा निबन्धकारले हिँसात्मक संस्कृतिको बोलाबाला रहेको यस संसारमा हिंसा र शान्तिलाई जन्म र मृत्युको पर्याय ठानेका छन् । यसमा उनले युद्ध र शान्तिका विषयलाई उठाएर आफ्नो हास्यव्यङ्ग्यात्मक विचार प्रस्तुत गरेका छन् । मान्छे जन्मन्छ र मध्यस्थकर्ताको स्याहार पाएर ऊ हुर्कन्छ र सामाजिक जीवन प्राप्त गर्दछ । यहाँ निबन्धकारको भनाईमा शान्ति र युद्ध पनि यस्तै मध्यस्थकर्ताको भूमिबाट अघि बढेको देखिन्छ । निबन्धकार प्रभात हाम्रा हरेक धार्मिक, संस्कृतिक परिपाटी भित्रका विषय उठाउँदै प्रत्येक जाति, धर्म संस्कृतिको थालनी हिंसावृत्तिबाट

भएको देखाउँछन् । हाम्रो संस्कृतिमा रहेको बलिप्रथाबाटै हामीमा हिंसावृत्ति शुरु भएको हो भन्ने लाग्छ निबन्धकारलाई पुरोहितवादी धर्म-दर्शनमा पुरुष प्रधानताको सोचले देवता पुजेको छ र महिला माथि हिंसात्मक व्यवहार गरेको छ । आजको युगमा निर्मित हाइट्रोजन बम होस् या एटमबम सबै हिंसा संस्कृतिका उपज हुन् ।

प्रस्तुत निबन्धमा हिंसा संस्कृतिका विरुद्धमा बुद्ध, महावीर, पैगम्वर, माओ आदिले होहल्ला गरे पनि कृष्ण, गान्धी, ईसाइले शान्तिको उद्घोष गरे पनि हिंसा संस्कृतिमा कुनै परिवर्तन देखिएन । हिंसा संस्कृतिमा कुनै परिवर्तन देखिएन । हिंसा वृत्तिमा मानिस नै भागीदार भएकोले यस खराब संस्कृतिको निराकरण मानिसबाटै हुनुपर्छ भन्ने निबन्धकारको विचार छ । सरल भाषामा व्यङ्ग्यात्मक शैली अपनाइएको प्रस्तुत निबन्धमा हिंसा संस्कृतिको विरोध गरिएको पाइन्छ ।

### ४.६.१४ आजको युग : सङ्कटको युग

'आजको युग : सङ्कटको युग' निबन्ध 'खुराक' निबन्धसङ्ग्रहमा सङ्कलित सातौँ निबन्ध हो । यस निबन्धमा निबन्धकारले आजको युग विज्ञान र प्रविधिले सन्त्रास फैलाएर सङ्कट सिर्जना गरेको युग हो भन्ने विषय प्रस्तुत गरेका छन् । पुरानो युग ढुङ्गे युग, तामे युग या स्वर्ण युग भनिए पनि यस युगलाई चित्त बुझ्दो नाम दिन नसकेकोले निबन्धकारले यस युगको न्वारन गर्न खोजिरहेका छन् । निबन्धकार यस युगमा रहेका हरेक क्षेत्रका सङ्कटहरूलाई सम्बोधन गर्दै सङ्कट मोचनका उपाय बताउँछन् । यस निबन्धमा सङ्कट मोचनका प्रयास गर्नेहरूलाई दिइएका दण्ड सजायहरूको पनि चर्चा गरिएको छ र यो हिजो पनि थियो, आज पनि छ र भोली पनि रहने छ । यसमा वर्ग सत्ताले निम्त्याएको सङ्कटमा वर्गदेखि वाणिज्य द्वन्द्वसम्मका कुरा र अन्य विभिन्न क्षेत्रमा सङ्कटको चर्चा गरिएको छ । प्रस्तुत निबन्धमा यो सङ्कटको युगलाई परिवर्तन गर्न पहिले अविश्वासलाई विश्वासमा बदल्नु पर्छ र नयाँ युगको सिर्जना हुन सक्छ । समग्रमा विश्वव्यापी सङ्कट र सङ्कटमोचनको उपायलाई हास्यव्यङ्ग्य भन्दा पनि वस्तुगत यथार्थको वर्णनमा यो निबन्ध सिर्जना भएको पाइन्छ । सरल सहज भाषाशैलीमा निबन्धकारले आफ्ना विचार प्रस्तुत गरेको यो निबन्ध रोचक बनेको देखिन्छ ।

### ४.६.१५ रुन्चेगफको गन्थनमन्थन

निबन्धकार विष्णु प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्कलित 'रुन्चेगफको गन्थनमन्थन' आठौँ क्रमाङ्कमा रहेको निबन्ध हो । यस निबन्धमा प्रभातले आफ्नै गन्थन प्रस्तुत गरेका छन् । उनलाई गन्थनमन्थन प्रस्तुत गर्दा रुन्चे गन्थन मन

नपरे पनि रुन्चेगन्थन नै प्रस्तुत गरेर निबन्ध समाप्त गरेका छन् । यसमा उनले रुन्चे-पिन्चे गन्थनका प्रसङ्ग कोट्याउदै आफूले रोएर शुरु गरेको जीवन हाँस्न निकै समय पर्खनु परेको विषय प्रस्तुत गरेका छन् । निबन्धकारले आफ्नो बहिनीको मृत्युमा निकै रोएपनि पछि बिर्सदै गएको र आफ्ना जीवनमा रमाइला रसिला क्षण नभए पनि हाँस्ने कुरा लेख्न मन पराउने गरेका छन् । तर यहाँ रुन्चे गफ गर्न रुचाएको बेला परेकाले रुन्चेहरूको राम-कहानी प्रस्तुत गरेका छन् । प्रभातले यस निबन्धमा रुन्चेहरूको प्रसङ्ग कोट्याएका छन् । यसमा कोही प्रेमीका भेट्न नपाउँदा रोएको, कोही देशको स्थिति देखेर रोएको र कोही कसैले फाँसीको सजाए पाउँदा रोएको प्रसङ्ग उल्लेख गरिएको छ । निबन्धकारले हर्षमा रोए पनि शोकमा रोए पनि यसै लोकमा रुने हो तर कतिले त परलोकको डर देखाएर निर्धालाई रुवाई रहेको पनि उल्लेख गर्दछन् । उनी भगवानका सामु हात जोडेर रुन निकै सजिलो भए पनि स्वाभिमानका साथ हाँसेर बाँच्न निकै कठिन रहेको विचार प्रस्तुत गर्दछन्। समग्रमा रुन्चे गफलाई सरल र स्वाभाविक भाषाशैलीमा प्रस्तुत गरी यस निबनधमा प्रभातले सामान्य कुरालाई विशिष्ट बनाएर प्रस्तुत गरेका छन् ।

### ४.६.१६तुलेगाँडाको महावाणी

प्रस्तुत निबन्ध खुराक निबन्ध सङ्ग्रहमा सङ्ग्रहित नवौं निबन्ध हो । यसमा निबन्धकारले तुलेगाँडाको माध्यमबाट सम्वादात्मक विचारहरू प्रस्तुत गरेका छन् । उनले मजदुर वर्गको पीडाको विषय खोतल्दै माथिल्लो वर्गले मोज-मस्ती गरेको र तल्लो वर्गले सास्ती भोगेको विषय-विश्लेषण गरी प्रस्तुत गरेका छन् । यस निबन्धमा तुलेगाँडाका माध्यमबाट गाउँ र ठाउँ दुईवटा विषयमा चर्चा गर्दै हत्या, हिंसा, पाप र भ्रष्टाचार जस्ता विषयको ढाकछोप गर्न मान्छेले धर्म र सनातज जस्ता कुराहरूमा बढी ध्यान दिएको देखाइएको छ । अर्को प्रसङ्गमा विष्णु प्रभातले देशमा विद्यमान पुरानै समय देखिका राणाहरू र सामन्ती प्रवृत्तिले आफ्नो प्रार्थना र प्रशंसाका लागि भाँटतयार गरेको प्रसङ्ग प्रस्तुत गरेका छन् । यसमा त्रासबाट शुरु भएको बिन्तीपत्र चढाउने परम्पराले साँड र भाँडहरूको ऐतिहासिक विकासक्रममा टेवा पुऱ्याएको देखाएका छन् । यस राणा साँड प्रवृत्तिमा कृष्ण, गोपिनी, जङ्गबहादुर हुने या आजका सन्धिकर्ता, महासचिवदेखि प्रधानमन्त्रीसम्म सबैमा साँड र भाँड प्रवृत्ति पाइन्छ । यसै प्रवृत्तिले हाम्रो देशको सिङ्गो राजनीति भाँडिन पुगेकोमा पनि प्रभातले व्यङ्ग्य गरेका छन् । उनले अन्त्यमा यस प्रवृत्तिको भण्डाफोर गर्न अक्कल लगाउनु पर्ने र समाजमा दिगो शान्तिका निम्ति साँड र भाँडको रजाइँ अन्त्य गर्न मोह र लोभ त्याग्नुपर्ने कुरामा जोड दिएका छन् । समग्रमा हिजोदेखि चलेर आएको

हैकमवादी प्रथाको विरोध गर्दै अवसरवादी प्रवृत्ति त्याग्नुपर्ने विचार निबन्धकारको रहेको छ ।

### ४.६.१७बाँदरलाई चढाएको बिन्तीपत्र

प्रस्तुत निबन्ध विष्णु प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत दसौं निबन्ध हो । यस निबन्धमा निबन्धकारले राजनीतिक विकृति प्रति व्यङ्ग्य प्रहार गरेका छन् । निबन्धकारले मानिसमा बाँदरीय प्रवृत्ति रहेको कुरा व्यक्त गरेका छन् । हामी सबै बाँदरका अंश हौं हामीमा बाँदरको गिदी छ । हाम्रो कोश कोशिका सबैमा बाँदरको गन्ध छ, मन मष्तिष्कमा बाँदर संस्कार छ । 'बाँदरले आफ्नो घर पनि बनाउँदैन अरूको घर पनि बन्न दिँदैन' भन्ने उखान हाम्रो देशका राजनीतिक दलहरूमालागुहुने कुरा गरेकाछन् । यहाँ एक दलले गर्न लागेको काम अर्को दलले विगार्ने खुट्टा तान्ने प्रवृत्ति रहेको छ । एउटाले गर्न लागेको राम्रो काममा समेत अर्कोले बाधा पुऱ्याउँछ कसरी देशमा विकास हुन्छ? भन्ने कुरा निबन्धकारले व्यक्त गरेका छन् । हाम्रो देशमा बाँदरकै नक्कल गर्नेहरूमा वुद्धिजीवी र चलाक नेताहरूपर्दछन् । जसरी एउटा रुखबाट अर्कोमा हाम फाल्न अथवा हामफाल्ने कलाको जुन परम्परा बानर बीच पाइन्छ, त्यही कला ठ्याक्कै सिकेर हाम्रा कतिपय सांसदहरू एउटा दलबाट अर्कोमा हामफाल्छन् बाँदर आफ्ना-आफ्ना बगालको सीममा रहन्थे आफ्ना-आफ्ना बगाल भुल्दैनथे तर हाम्रा नेताहरू त आफूलाई फाइदा हुने भो भने बाँदर कला मात्र हैन भाले संस्कारलाई पनि आफ्नै रीतिथिति मानेर स्वीकार्छन् । हुन त हजारौँ वर्ष अघि पुच्छर बिलायो र हात, खुट्टा, मुख, नाकमा फेरबदल भयो तर भित्री चुरो जो छ, त्यो अर्थात् जीवन प्रवृति अहिले पनि बाँदरमय भएको छ । पुच्छर हुनु र नहुनुले बाँदरे प्रवृत्ति हट्दैन । हाम्रो देशका नेताहरू आफ्नो स्वार्थको लागि दल बदल्न पछि पर्दननअरूको इच्छा विरुद्ध काम गर्दछन् । देश र जनताका लागि के गर्नुपर्छ भन्ने कुरा स्वात्तै भुलेर आफ्नो निजी स्वार्थ मात्र हेर्दछन् ।

सरल भाषाशैलमिा लेखिएको यो निबन्धमा बाँदरीय प्रवृत्तिका माध्यमबाट हाम्रो देशका राजनीतिक दलहरूलाई निबन्धकारले व्यङ्ग्य प्रहार गर्दछन्। लामा छोटा, गरी तीन अनुच्छेदमा संरचना गरिएको निबन्धमा बाँदरको पुच्छर लौरो न हतियार, जस्ता उखान टुक्काले निबन्ध रोचक बनेको छ ।

### ४.६.१८ अनुमानका हनुमानहरू

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्कलित एघारौँ क्रमाङ्कमा रहेको निबन्ध हो । यस निबन्धमा 'अनुमानका हनुमान' भनेको हावादारी मान्छे हो भनेका छन् । ज्ञान, बुद्धि, विवेकको प्रयोग गर्नुको सट्टा अनुमानका भरमा काम गर्ने प्रवृत्ति प्रति यस निबन्धमा व्यङ्ग्य प्रहार गरिएको छ । अनुमान जीवनको यथार्थतामा भन्दा मनको लखमा रहेको हुन्छ भनेका छन् । यसो हुन सक्छ, उसो हुन सक्छ, नहुन पनि सक्छ जस्ता कुरा सँगै तर्कको भऱ्याङचढेर अनुमानले आकाश चाहार्छ । कामभन्दा कुरा अगाडि हिँड्ने गर्छ । विज्ञान जस्तो चमत्कारपूर्ण आविष्यकारमा समेत अनुमानको हनुमान हावी छ भने हामी हँसन्ताहरूको हालखबरमा यस्तो उपस्थिति नहुने कुरै भएन भन्ने कुरा निबन्धकारले निबन्धमा व्यक्त गरेका छन् । आज प्रत्येक, दल, जाति र समाजमा अनुमानका हनुमान रहेका छन् । पहिले रामायण कथामा जुन पवनपुत्र हनुमान भनेर बाँदरको अनुहारमा एउटा वलवान व्यक्ति बनाइएको थियो । त्यो पात्र पनि हावादारी गफकै नमुना बनेको छ । ऊ कहिले पर्वत बोक्छ, कहिले लङ्का जलाउँछ, कहिले छाती च्यातेर मालिक रिझाउँछ, यी सबै हावादारी भएको कुरा प्रभात निबन्धमा व्यक्त गर्दछन्। प्रभातले अनुमानलाई दुई भागमा विभाजन गरेका छन्, बोधित र अबोधित । एउटा अनुभवका आधारमा अर्कोतर्फ मोडिनुलाई बोधित अनुमान भन्न सक्छौँ भने अनुभवहीन आस्थाका तर्कनालाई अबोधित अनुमान भनिन्छ । अबोधित अनुमान बोधित अनुमानको नजिक रहेको हुन्छ र निष्कर्ष ठीक निकाल्न सक्दैन । आज जे जति मानिसहरू अनुमानका भरमा हनुमान बन्दै हिँडिरहेका छन् । तीसब लङ्का जित्ने सपनामा रामनाम जप्ने बाँदर मात्र हुन्, जसले आफ्नो घर पनि बनाउँदैनन् र अरूको घर पनि बन्नदिँदैनन् । त्यसैले अनुमानका हनुमान बन्न छोडेर विवेकवान् बन्नु नै हाम्रा लागि हितकर छ भन्ने कुरा यस निबन्धमा रहेको छ ।

### ४.६.१९ ईश्वरको निजीकरण

प्रस्तुत निबन्ध 'खुराक' सङ्ग्रहमा सङ्गृहीत बाह्रौँ क्रमाङ्कमा रहेको छ । यस निबन्धमा हाम्रो समाजमा रहेका धार्मिक विकृतिहरूलाई व्यङ्ग्य प्रहार गरिएको छ । मानिसहरू ईश्वरलाई निजी पेवा सरह बाँडेर सहस पारेको कुरा निबन्धकारलेउल्लेख गरेका छन् । सबै जातिको अलग-अलग मन्दिरमस्जिद, चर्चविहार, गुम्बा गुरुद्वारासबै अलग-अलग भएको छ । मान्छेको मनले सृष्टि गरेको ईश्वर अहिले मूर्त भएको छ । सबैले आफ्ना-आफ्ना किसिमले भगवान् मान्दछन् । सबैले ईश्वरलाई निजी बनाएका छन् भन्ने विचार निबन्धकारको रहेको छ । ईश्वरलाई ठगी खाने भाँडो बनाएका छन् । मूर्ति, चित्र, धर्मग्रन्थ र कर्मकाण्ड व्यवसायले फरक फरक मालिक निर्माण

गरेर ईश्वरलाई अन्तर्राष्ट्रिय बजारमापुऱ्याए पनि उनीहरूको धन्दाले ईश्वरको निजीकरणलाईनै टेवा पुऱ्याइरहेका छन् र लौकिक छायाँकै मायामा आफूलाई उडाएका छन् भन्ने विचार यस निबन्धमा रहेको छ । हिन्दु सनातनी ३३ करोड देवताको कथा संगै जाति, कुल र समुदाय विशेषका अलग देवताको कल्पना र कर्मकाण्ड प्रति मज्जाले व्यङ्ग्य गर्दै मूर्ति चोरलाई समेत प्रहार गरेका छन् ।

### ४.६.२० उडा भाइ उडा ! ल उडा !!

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत तेह्रौं क्रमाङ्कमा रहेको निबन्ध हो । यस निबन्धमा प्रभातले राजनीतिप्रति चोटिलो व्यङ्ग्य गरेका छन् । नेपालका जनता भनेका जन्ती जस्तै लक्ष्यवादी नभएर खन्ती जस्तै अर्कोले उचालेपछि मात्र डोब खन्ने औजार सरह छन् भनेर हाम्रो देशका राजनीतिज्ञहरूलाई व्यङ्ग्य गरेका छन् । यस निबन्धमा उडा भनेको केटाले केटीलाई उडाएर अथवाभगाएर लैजानु नभई यहाँ नेताले लाउडा विमान उडाएको कुरालाई निबन्धमाव्यक्त गरेका छन् । गिरीजाप्रसाद कोइरालाले लाउडाविमान उडाएको र त्यसबाट कमिशन खान नेताहरू पनि दगुरेको प्रसङ्ग यस निबन्धमा रहेको छ । नेताहरूले जे गरे पनि हुने उनीहरूलाई कुनै अख्तियार नलग्ने, लेखा समितिले हिसाब-किताब जाँच्नै नपर्ने स्थिति प्रति प्रभात व्यङ्ग्यगर्दछन् । पनि हाम्रो देशमा भ्रष्टाचारको सनाखत हुँदैन भन्ने कुरामा प्रभात चिन्ता व्यक्त गर्दछन्। देशका ठूलाबडाहरू जो छन् उनैले राष्ट्रको ढुकुटी उडाएर हुन्छ कि के गरेर हुन्छ आफ्नो पेट भर्न मात्र जानेका छन् । तल्लो वर्ग भने जहाँको ताहीँ रहन्छ, नेताहरूलाई देश र जनताको बारेमा केही चासो छैन भन्ने कुरा यस निबन्धमा व्यक्त गर्दछन् ।

### ४.६.२१ हाउस चलेन

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्ध हो । यस निबन्धमा राजनीतिक व्यङ्ग्य गरिएको छ । हाउस चलाउनका लागि मानिसले दिनभरी भोकभोकै पसिना बगाएरपत्रिका बेच्दछ, पत्रिकाको कमिशनले घर गृहस्थी चलाउन दुई/चार रुपियाँ बचाउनु, रोगव्याधी र बसभाडाको खर्च, बच्चाको स्कूलको फिस तिर्न पत्रिका बेचेर कति सम्भव हुन्छ र ? पत्रिका बेच्दा कसैले किन्दैनन् यहाँ तल्लो वर्गको मानिसलाई हाउस अर्थात घर चलाउन धेरै गाह्रो छ भन्ने कुरा प्रभातले व्यक्त गरेका छन् । हाउस चलाउने सङ्कट सर्वसाधारणदेखि सत्तावाला सभामुखसम्म व्याप्त छ । कुनै पनि कुरा नचल्नु भनेको त्यो वस्तु अथवा व्यवहार जीवन गतिशीलताको पथमा छैन भन्ने हो । घरले व्यक्तिका आवश्यकता

आकाङ्क्षाहरू र आनन्दहरू आपूर्ति गरेन, सफलिभूत बनाउन मद्दत गरेन, व्यवस्थित गरेन भने, यो टिक्दैन विखण्डन हुन्छ, विनासतर्फ लम्कन्छ । आज हाम्रो देशमा भ्रष्टाचार तथा घोर अनैतिकता बढेको छ, कुनै पनि क्षेत्रले जिम्मेवारीपूर्ण ढङ्गबाट काम गर्ने र जवाफदेही पालना गरेका छैनन् । प्रत्येक घरहरू अर्थात् हाउसहरू चाहे ती दलीय हुन् अथवा औद्योगिक पूँजीजीवि हुन् अथवा श्रमजीवी झोपडिया हुन् अथवा महलिया हुन् सबका सब निजी स्वार्थमा चुर्लुम्म डुबेका छन् । एउटा जिल्ला हाकिमले हरेक वर्ष घर-घडेरी जोडेकोमा कुनै भ्रष्टाचारको गन्ध चल्दैन, कम्तीमा पनि उसको आफ्नो हाउस त चल्यो ! देश र जनताको हाउस नचलेपनि ! हाम्रो देशका उच्च ओहदामा बस्ने कर्मचारी र नेताहरू भ्रष्टाचार गर्ने र आफ्नो मात्र स्वार्थ हेर्ने मै डुबेका छन् उनीहरूमा म खाऊँ मै लाऊँ भन्ने प्रवृत्ति रहेको छ । तल्लो वर्गका मानिसहरूलाई दिन भरी काम गरेर साँझ विहानको छाक टार्न समस्या परेको छ । आज पनि बहुसंख्यक नेपालीहरूको हाउस चलेको छैन । माथि बस्नेहरू भ्रष्टाचार गरेर आफ्नो मात्र दुनो सोझ्याउँछन् भन्ने कुरा प्रभातले यस निबन्धमा व्यक्त गर्दछन्।

### ४.६.२२ भत्ता खाने देवता

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्धसङ्ग्रहमा सङ्गृहीत बाइसौं निबन्ध हो । भैरुकाकाको सम्वादका माध्यमबाट प्रभातले 'भत्ता खाने देवता' निबन्ध सुरु गरेका छन् । यस निबन्धमा भत्ता खाने देवता गणेश र कुमारीलाई माध्यम बनाएर राजनीतिक ठूला-ठालू व्यक्तिहरूलाई व्यङ्ग्य गरेका छन् र हाम्रो देशका सबै हसुर्दास भएका छन्, आफ्नो पेट भर्न मात्र जानेका छन् मान्छेले त भत्ता खान्थे-खान्थे खेतालेपनि भत्ता भन्दै व्यङ्ग्य गरिएको छ । देवतालाई चढाउने भत्ता सबै मनुष्यका खल्तीमा त छ । मान्दिर गुम्बामा अथवा चचार्मा चढाइने धन-दौलत कुनै देवताको पेटमा हैन सबका सब यहीँका लौकिक मनुष्यका पेटमा जान्छ, भत्ता खाने देवता, सांसद-सरकार, घरवार-दरवार सबैतिर भेटिन्छन् भन्ने कुरा निबन्धमा व्यक्त भएको छ । यहाँ भत्ता खाने गणेश वा कुमारी देवता मात्र नभएर हाम्रो देशका ठूला व्यक्ति राजनीतिज्ञहरूले देव देवीका भत्तासमेत आफ्नै पेटमा हाल्छन् भन्ने कुरा देखाइएको छ ।

### ४.६.२३ भेडा बनाउन खोज्दा कुखुरा पो बन्यो !

प्रस्तुत निबन्ध प्रभातले 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत गरेको तेइसौं निबन्ध हो । यस निबन्धमा प्रभातले राजनीतिक व्यङ्ग्य गरेका छन् । हाम्रो देशका

नेताहरूले जनतालाई ढाँटेर छलेर म यस्तो गर्छु जितेर उस्तो गर्छु भन्ने प्रलोभन देखाएर जित्ने गर्दछन् । जितेपछि गाउँलाई फर्केर हेर्दैनन् जनतालाई भेंडा बनाइरहेका छन् भन्ने कुरा निबन्धमा व्यक्त गरेका छन् । राजनेताहरूले मान्छेलाई भेंडा नबनाउँदासम्म शान्त, आज्ञाकारी र उपकारी समाज बनाउन सकिँदैन भन्ने व्यङ्ग्य व्यक्त गर्दछन्। मान्छेलाई भेंडा बनाउँदा उसको बुद्धि विवेक र सिर्जनात्मकतालाई नै समाप्त पारिदिनु पर्छ भन्दछन् । मानिसलाई सुखभोगको लालसा दिँदै पद, पैसा र समानले छोपेर भेडा बनाउने प्रयास गर्दछन् । नेताका नित्य प्रवचन र विचित्र व्यवहार लोभ देखाएर जनतालाई भेडा बनाउन खोज्छन् भेडा बनाउन खोज्दा चार हात खुट्टा सिङ उम्रिएन ! उनीहरूको पुच्छर पनि उम्रिएन बरु कुखुरा पो बनेर कुखुरी काँ ! गऱ्यो अनि त बल्ल नेताहरूको घैँटामा घाम लाग्यो । नेताहरू आफूले जे मन लाग्यो त्यही गर्ने जनताहरू चुप लागेर भेडो जस्तै बन्ने भन्ने सोच्दछन्, त्यसको लागि जनतालाई अनेक प्रलोभन देखाउन पनि पछि पर्दैनन आजका जनता बाठा भइसकेका छन्, नेताको इशारामा नाच्दैन् । उनीहरूले जे गरे पनि सहेर बस्दैनन् आवाज उठाउँछन् भन्ने विषयवस्तु यस निबन्धमा प्रभात व्यक्त गर्दछन्।

### ४.६.२४ पुरेतको अनिकाल

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत चौबीसौं निबन्ध हो । यस निबन्धमा प्रभातले धर्मका नाममा गरिने ढोङलाई व्यङ्ग्य गरेका छन् । धर्मका नाममा विरोध जसले गर्दछ, त्यसलाई नास्तिक, धर्मआँडा बिग्रेको भन्ने गर्दैथे । हाम्रो समाजमा मान्छे-मर्दा, यात्रा-गर्दा, आगो-भर्भराउँदा, पशुपन्छी कराउँदा, शुभ-अशु, सकुन-अपसकुन बताउँछन् ज्योतिषीहरू । रोगीलाई निको पार्न भूत पन्छाउने र बोक्सी मार्ने सल्लाह दिईन्छ । रहस्यमा डुबाएर मानिसलाई डरछेरुवा अज्ञानी र अन्धविश्वासी बनाउने गरिन्छ । तर्क, बौद्धिकता र तथ्यको कुरा उनीहरूका निम्ति नास्तिक कर्म बन्दछ । पुरेतहरूले आजका ज्ञान, विज्ञानका पक्ष लिनेहरूलाई सत्तुर मान्दछन् । पुरेतवर्गको स्वाँग र जजमानी विश्वासमा भ्वाङ पर्दै गएको हुँदा आजभोली धेरैतिर पुरेतहरू घट्दै गएको कुरा निबन्धकारले यस माध्यमबाट निबन्धको व्यक्त गर्दछन्। आजकाल पुरेतहरू जजमानी तर्फ नलागेर अरूकाम तर्फ लाग्न गर्दछन् । त्यसैले निबन्धकार पुरतको अनिकाल भएको भन्दै व्यङ्ग्य व्यक्त गर्दछन् ।

### ४.६.२५ खुराफपाती दर्शन

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्ध हो । यस निबन्धमा प्रभातले एउटा चङ्खमान भन्ने व्यक्तिका माध्यमबाट हाम्रो समाजमा हुने घटनाहरूलाई व्यङ्ग्य प्रहार गरेका छन् । यस निबन्धमा चङ्खमान भन्ने व्यक्ति धेरै खुराफाती हुन्छ उसले अरूलाई लडाएर, चुक्ली लगाईकन बझाएर केटाकेटीहरूलाई चकलेट दिएर कुदाउन धेरै रमाउँथ्यो ! ऊ अरूलाई बझाउने र आफूले दुनो सोझ्याउनमा धेरै खप्पिस थियो । उसले एक दिन टुँडिखेल खुलामञ्चमा पुराण लगाएको देख्छ ऊ पनि त्यहीँ गएर पुराण सुन्छ, त्यहाँ गीताको सार व्याख्या गर्दै थिए "आत्मा न जन्मन्छ, न मर्छ त्यसैले सुन ! जे भयो राम्रै भयो, जे भइरहेको छ राम्रै भइरहेको छ र जे हुनेछ राम्रै हुनेछ । अतीतको पश्चाताप नगर, भविष्यको कुनै पनि चिन्ता नलेऊ । खाऊ पिउ, रमाऊ ! जे छ यही धर्तीको उब्जा हो । यहीं रहन्छ सिद्धिन्छ ।" ऊ रमाउँछ भगवान् पनि त खुराफाती हुँदारहेछन् भन्दै आफूले गरेको कामप्रति कुनै दुःखी हुँदैन बरु खुसी भएर आउँछ । निबन्धकारले यस निबन्धमा हाम्रो समाज, देशमा हुँदै गरेका कुरालाई चङ्खमानको उदाहरण दिएर निबन्धमा प्रस्तुत गरेका छन् । हाम्रो देशमा खुराफाती काम नगरी केही कुरा हुँदैन व्यापारीले चामलमा ढुङ्गा, चोकर हालेर नोकर हपार्छ । घिउमा तरुल मिसाएर बेपार सपार्छ । मन्त्रीले कमिशन र मास्टरले ट्यूशनमा खुराफाती व्यवहार गर्छन् । त्यस्तै अन्य कुरामा पनि खुराफाती गर्दै जनतालाई ठग्ने काम गर्दछन्भन्ने कुरा निबन्धकारले यस निबन्धमा व्यक्त गर्दछन् । देखावटी प्रवृतिलाई व्यङ्ग्य गर्दै प्रहार गर्दछन् ।

### ४.६.२६ आत्माको खोजी

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा रहेको छब्बीसौं निबन्ध हो । यस निबन्धमा प्रभातले भैरुकाका र भतिजका सम्वादबाट निबन्ध सुरु गरेका छन् । निबन्धमा आत्माको खोजी भएको कुरा भैरुकाका र भतिज आशावादीका कुराबाट व्यक्त गराइएको छ । भैरुकाका भन्छन्- नास्तिकहरूका सामु आत्मा अगोचर हुन्छ, पृथ्वीका मानिस जतिछन्,ती सब अणु निर्मित भएर पनि आफ्नो आत्मालाई पहिचान गर्न सक्दैनन् त्यसैले शरीर भए अशरीर हुन सकेनम म यतिखेर अलौकिक छु, अशरीर छु र त्यसैले म आत्मा हुँ। आशावादी भने-आत्मा हुन्छ भनेर मान्न तयार छैन् । उनी भन्छन् "जो शरीर विनाको हुन्छ, त्यो कसरी जीवात्मा बन्छ ? जुन कुरा छैन त्यो कसरी अस्तित्वमा रहन्छ ? यदि मनको अहङ्कारलाई नै आत्मा भन्ने हो भने त्यो पनि अणुमय छैन जीवनमय छ । मान्छे मरेर सिद्धिए पछि उसको नत आत्मा हुन्छ, न शरीर रहन्छ, बाँचुञ्जेल जे गर्ने गऱ्यो मरेपछि सबै सिद्धियो !" भतिजका

तर्फबाट प्रभात स्वय निबन्धमा बोल्दछन् । भैरुकाका भने आत्मा हुन्छ भन्दछन् । यिनै संवादलाई निबन्धको विषयवस्तु बनाइएकोछ । सरल भाषाशैलीको प्रयोग एवं मिथकीय प्रयोगद्वारानिबन्ध रोचक बनेको छ ।

### ४.६.२७ सुन्नुस्त हजुर !

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङगृहीत निबन्ध हो । यस निबन्धमा प्रभातले राजनीतिक व्यङ्ग्य गरेका छन् । सुन्तुस्त हजुर !भनेर आफू भन्दा ठूला बडालाई केही भन्नको लागि सम्बोधन गरेर बोल्ने चाप्लुसी शब्दलाई लिएका छन् । हामीले हाम्रो देशका नेता अथवा ठूलाबडाहरूलाई सुन्नुस्त हजुर ! भनेर आफ्नो समस्या राख्यौं भने आफ्नो पार्टीको अथवा आफ्नो पक्षको होइन भन्ने थाहा पाए'अँ अँ भन्नुस् भन्नुस् ! मैले सुनिराख्या छु !' भन्दै सुनेझैं गर्छन् सुन्नु र सुनैझैं गर्नु फरक हुरा हुन्  साँच्चिकै सुन्नु भनेको त अरूका पीर, मर्का र दुःखहरूलाई आफ्नै ठानेर आफन्त नभएर पनि आफन्तै मानेर, सुद्धी राखेर सुन्नु हो । सुनेकाकुरामाथि सुशीलतापूर्वक गम खानु हो । त्यसो भएमा मात्र सुन्ने कुराको सार्थकता रहन्छ । सुनाउनेले सुनाई रहन्छ तर सुन्नेवाला निदाइदिन्छ भने सुनुवाइ कस्तो होला ?यही कुरा व्यक्त गर्दछन् यस निबन्धमा प्रभातले । हाम्रो देशमा चाकडी गर्दा प्रयोग हुने शब्द सुन्नुस्त हजुर ! हो ! यो शब्द प्रयोग गरिएन भने केही हुँदैन । यिनै विषयवस्तुलाई प्रस्तुत निबन्धमा प्रयोग गरिएको छ र मृदुभाषामा कटु व्यङ्ग्य प्रहार गरिएको छ ।

### ४.६.२८ थुतुनो महाकाव्य

'थुतुनो महाकाव्य' प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत अठाइसौं निबन्ध हो । यस निबन्धमा निबन्धकारले थुतुनोलाई विभिन्न प्रसङ्गमा उल्लेख गरेका छन् । मुख थरीथरीका हुन्छन् चिल्ला मुख र खस्रा मुख । चिल्ला मुखले आलु खाएर पेडाको धाक दिने मात्र हो । यस किसिमको मुखले सबथोक हसुर्छ चिल्लो लगाई लगाई सबैथोक आफ्नै मात्र स्वार्थ हेर्दछ । रोटी चिल्ला मिठा, मान्छे खस्राफुस्रा मिठा ! चिल्ला चिप्लाहरूको मुखध्रुवले भन्दा खस्रा मुखध्रुवले समाजलाई सतमार्गमा लगाउँछन् । मुख हेरी भाग लगाउने चलनको उल्टा कसैको मुख मार्न नहुने नीति अँगाल्छन् । 'दूधको दूध पानीको पानी' गर्ने बानी बसालेका हुन्छन् । बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल त्यसै भनेर मुखको बखान गर्ने उखान बनेको छ । बोल्नेहरू यो समाजमा आफ्नो मात्र मुख भरेर बसेका छन्, जो बोल्न सक्दैनन् निमुखा छन् उनीहरूको दुर्गति भएको कुरा प्रभातले यो निबन्धमा व्यक्त गर्दछन् ।

सरल भाषाशैलीको प्रयोग भएको प्रस्तुत निबन्धमा धेरै उखान टुक्काको प्रयोगले निबन्ध निकै रोचक बनेको छ ।

### ४.६.२९ स्वर्गको गफ

'स्वर्गको गफ' निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्ध हो । यस निबन्धमा प्रभातले भैरुकाका र आशावादीको सम्वादका माध्यमबाट निबन्ध सुरु गरेका छन् । यहाँ भैरुकाका जो मरिसकेका छ । न् उनले आशावादीलाई स्वर्गको गफ लगाउँछन् । उनले यो धरती सब झुट्टा, मायाजाल हो यहाँका प्राणी सबै परमात्माका लीला हुन् तिमी झुट्टा, तिम्रो संसार झुट्टा मर्नैपर्छ भने स्वर्गको चाहना राखेर काम गर भन्छन्, आशावादी भने सुखभोगको लोभले जन्माएको झुट र कल्पनामा सिंगारिएका झल्लरीले कथेको स्वर्गभन्दा त मनुष्यका पसिनाले सिञ्चन गरेको यो धरती नै सुन्दर छ, दिव्य छ भन्दछन् । भैरुकाकाल भने ज्ञानी मनुष्य जो छ ऊ पृथ्वीको झुटो अस्तित्वमा रमाउँदै उसका लागि जन्म र मृत्यु छैन, जीवन नै अन्तिम झूट हो धर्ती तिम्रो घर-आँगन होइन, यो त यात्रा गर्दागर्दै बास बसेको पाटी हो । स्वदेश होइन परदेश हो भनेर स्वर्गको गफ लगाइरहन्छन् आशावादी भने मान्न तयार छैनन् । यिनै विषयवस्तु प्रभातले यस निबन्धमा देखाउन खोजेका छन् र पुरोहितवादी प्रवृति माथि व्यङ्ग्य प्रहार गरेका छन् । भाषा रोचक छ र प्रस्तुतीकरण मीठो लाग्दछ ।

### ४.६.३० उत्सव

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्धसङ्ग्रहमा सङ्गृहीत छोटो निबन्ध हो । यस निबन्धमा प्रभातले विभिन्न उत्सवहरूको विश्लेषण गरेका छन् । परापूर्वकालदेखि नै मान्छेहरू विभिन्न उत्सवहरू मनाउँदै आइरहेका छन् । शनी उत्सव, हनी उत्सव, हलो उत्सव, पितृ उत्सव, बलो उत्सव, शरद उत्सव, वसन्त उत्सव आदि । जात्रा पनि हाम्रो देशमा विभिन्न खालका छन्, घोडेजात्रा, गाई जात्रा, गोरु जात्रा, भोटो जात्रा । यस्ता विभिन्न खालका जात्राले हाम्रो समाजलाई जात्रै पारेको छ । भोज-भतेर, पूजा-प्रसाद, भक्कल-नक्कल र खानपिनका आडम्वरमा कसरी फँसाइ दिएको छ भने त्यसबाट उम्कन मान्छेलाई हम्मे-हम्मे पर्छ भन्ने कुरा यस निबन्धमा प्रभातले व्यक्त गर्दछन् । उत्सवको समय जहिले पनि छोटो हुन्छ । खुसी र सुखमा डुबेका बखत समय छोटो हुनु स्वाभाविक हो । उदासीका बेला दुःखका बेलाछोटो समय पनि लामो बनिदिन्छ । एउटै समय कसैको लागि दुःखको भइदिन्छ भने कसैलाई खुसीको भइदिन्छ । प्रत्येक व्यक्तिका लागि समय अलग-

अलग अनुभूति, अलग-अलगआनन्द अथवा उत्सव अलग-अलग हुन्छ भन्ने कुरा निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् । आज हाम्रो देशमा अरूको सिको गर्दै धेरै उत्सवहरू मनाउने प्रथा रहेको छ । मानिसको बुद्धिहीनताले पैदा गरी प्रचलनमा रहेका थुप्रै अन्धविश्वास, मान्यता र संस्कारहरूका सहारामा आजपनि कतिपय उत्सवहरू मनाइँदैछन् जसको अन्त्य हुनु जरुरी छ भन्ने कुरा प्रभात यस निबन्धमा व्यक्त गर्दछन् ।

### ४.६.३१ पतिऽपत्नीका गफ

'पतिऽपत्नीका गफ' निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत एक उत्कृष्ट निबन्ध हो । यस निबन्धमा प्रभातले पतिऽपत्नीको कुरालाई धेरै विश्लेषण गरेका छन् भने पति भनेर यहाँ कसैको पोई नभएर अरबपति, खरबपति, मोजपति आदिका बारेमा विश्लेषण गरेका छन् । पतिऽपत्नीको सम्बन्ध भनेको 'गाइनो' समस्या मात्र बुझ्नु हुँदैन । पतिऽपत्नीको बीचमा कहिलेकाँही गृहयुद्ध चलेको हुन्छ । आगो बाल्न फुक्नु पर्छ, जीवन समाल्न झुक्नुपर्छ । परस्पर झुक्न सिकेपछि एक अर्कोलाई आपसमा थुक्नुपर्दैन भन्ने कुरा प्रभातले यस निबन्धमा व्यक्त गर्दछन् । पति भनेर प्रभातले ठूला व्यक्तिको कुरा गरेका छन्, यहाँ कोही अरबपति, खरबपति, खोजपति, मोजपति सामान्य टुकटुके मिलपतिदेखि संसार निल्न तम्सिएका नीलपतिसम्मका सन्तान जोछन्, ती सब मोजपतिमा पर्दछन् । उनीहरूका मोजमस्तीमा करौडौं करोडका भोज चल्छन् । निर्धनपतिहरू निमोठिन्छन् र पतिको संसारमा मति समाप्त हुन्छ । हाम्रो देशमा सानातिना पतिहरूको केही चल्दैन । जो ठूला छन्, उनीहरूले दिनमा करोडौं करोडको भोज गर्दछन् । साना निर्धनपतिहरूका घरमा साँझ विहानको समस्या हुन्छ । यस्तै छ हाम्रो देशको हाल भन्ने कुरा प्रभातले प्रस्तुत निबन्धमा प्रस्तुत गर्दछन् ।

### ४.६.३२ संसदीय गोदागोद

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङगृहीत निबन्ध हो । यस निबन्धमा प्रभातले राजनीतिक व्यङ्ग्य गरेका छन् । हाम्रो देशमा जसले जे गरेपनि हुन्छ भन्दै कोही टुक्काबाज छन् भने कोही मुक्काबाज हुन्छन् । को भन्दा को कम ? मन्त्रीहरूको पाखुरा यति दह्रा दर्बिला छन् कि बोइङ्ग जेट विमानलाई पनि च्याखुरा च्याँपे जस्तै झ्याप पार्न सक्छन् । संसद महोदयले पनि सदन ठप पार्न सक्छन् । कहिले चक्काजाम कहिले बिना काममा बजेट झ्वाम् । हाम्रो देश नै विचित्रको छ । संसदीय गोदागोद तगडा छ भन्ने कुरा प्रभात व्यक्त गर्दछन् ।

प्रभातले यस निबन्धमा सङ्कटकालको कुरा पनि व्यक्त गरेका छन् । प्रचण्डपथका भक्तहरूले नयाँ सभ्यताको निर्माणका लागि संसदीय कुस्तीबाजी गरेका छन् । गोदागोदको लहर शहर-शहरमा सीमित छैन । गाऊँ-कन्दरामा फैलँदो छ ।कसले कतिवेला कहाँ काटकुट पार्छ केही भन्न नसक्ने परिस्थितिमा मानवीय मन्तरी र माननीय सन्तरी बीच गोदागोद चल्नु संसदीयसदाचारको संस्कृति बन्न पुगेको छ । कहिले कुर्सी टेबुलका हातखुट्टा भाँचेर माइकको बङ्गारा खुस्काइन्छ कहिले रोस्टमलाई रोस्ट बनाएर बेलको सेल चपाइन्छ । यस्तै छ हाम्रो देशको संसदीय गोदागोद भन्ने कुराद्वारा प्रभातले यस निबन्धमा संसदीय व्यवस्थाको विकृतिमाथि गजपसंगै व्यङ्ग्य गरेका छन् ।

### ४.६.३३ मैला कमसलच्यान्टी संघ

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत तेंत्तीसौं निबन्ध हो । बोलीचालीको भाषामा मैला शब्दले फोहर होइन, ध्वनिका धर्ममा नारी जातिलाई बुझाउँछ । मैला दिवश भनेको नारी दिवश पनि होइन सारी दिवश पनि होइन एउटा नयाँ संस्थाका बारेमा प्रभात यस निबन्धमा व्यङ्ग्य गर्दछन्। कमसल च्यान्टी भनेको कमजोर खराब प्रवृतिका महिलालाई भनिएको बुझिन्छ । महिला भनेकै कमसल ट्यान्ट पाल जस्तै हुन् । मैला भन्नाले फोहर ठाने पनि अनैतिक आय, भ्रष्टाचार, घुसखोरी र जनहत्या मानेपनि देश र जनता ढाँट्ने काम जाने पनि वास्तवमा ती सप्पै नै राष्ट्रभक्तिका सन्दर्भमा मैला नै हुन् । पुरुष हैकमका विरुद्धमा बोल्ने हुँदा, पुरुष उत्पीडनबाट मैलिएकाहरूको हित गर्ने हुँदा र महिलले महिलालाईबचाउन बढाउन संगठित भएको संस्थाका रूपमा रहेको हुँदा यसलाई मैला कमसलच्यान्टी संघ भनिएको भए पनि वक्रभाषामा महिलाहरूको असल संगठन प्रति समर्थन जनाएको बुझिन्छ । यिनै विषयवस्तु यस निबन्धका गुटी कुरा बनेका छन् ।

### ४.६.३४मूर्खताको साइनो

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्धसङ्ग्रहमा रहेके चौतीसौं निबन्ध हो । यस निबन्धमा प्रभातले समस्त मानव जाति जसमा विद्वान् भन्न रुचाउनेहरूप्रति अझ व्यङ्ग्यात्मक ढंङ्गले मूर्खको उपनाम दिएका छन् ।

समस्त मानव र विद्वान् भनिएकाहरूलाई मूर्ख भन्दै, परोपरकारमा लाग्ने दानी मूर्ख, राष्ट्रवादी स्वभिमानी मूर्ख, आफै मात्र जान्ने छु भन्ने अभिमानि मूर्ख अमेरिका खोज्ने कोलम्बस मूर्ख, देवताको देवता भनिने महादेव मूर्ख, विद्वान्भनिएका

मूर्ख भन्दै समस्त जान्ने बुझ्ने पढेका, विद्वान्, पण्डित, वैज्ञानिक दाशर्निक विचारक अन्वेषक सबैलाई मूर्ख देखाएका छन् तर वक्रवाणीमा

मार्क्सवादबाट प्रभावित निबन्धकार पूँजीवादी सोचबाट भएको वर्तमान विकास र प्रगतिमा जहाँ तहीँ मूर्खतानै मूर्खता देख्दछन् । सज्जनताको उल्टोधारालाई मुर्खता देख्दा मानवीय पनको उपासना उनको ध्येक देखिन्छ ।

### ४.६.३५जु अक्षरको आह्वान

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' सङ्ग्रहमा सङ्ग्रहित निबन्ध हो । यस निबन्धमा प्रभातले 'जु' शब्द एक सामन्तवादी शब्द हो । 'जु' शब्द बाट जुका आओस वा जुम्रा दुवै रक्त-चुसक हुन् भन्दै अरूलाई चुस्ने दबाउने अरूको परिश्रम लुट्नेनै हुन् भन्ने बताएका छन् । 'जु' बाट सुरुहुने जुँगा होस् वा जुत्ता दुवै सामन्त र पूँजीवादी सोचको उपज हो भन्ने बताएका छन् । नेपाली आर्थिक इतिहासको जुट मिल र जुद्धसमसेर पनि मज्दुर वर्गको शोषण गर्ननै आएका हुन्भन्ने भनाइ प्रभातले व्यक्त गरेका छन् । यसरी 'जु' शब्दले शोषण अत्याचार अन्यायमा चलाएको एक छत्र राजलाई अब तोड्नु पर्छ । मजदुर श्रमजीवी वर्ग एक हुनु पर्छ । 'जु' को अर्थ जुटौमा खोज्नु पर्छ भन्ने आह्वान् प्रभातले प्रस्तुत निबन्धमा गरेका छन् ।

सरल भाषा रोचक शैलीमा लेखिएको प्रस्तुत निबन्धमा प्रभातले कतैकतै अनुप्रासमय शब्द तथा उखान टुक्काको प्रयोग गरी निबन्धलाई रोचक बनाएका छन् ।

### ४.६.३६ झुकाइ कलाको महत्व

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्ग्रहित एक व्यङ्ग्यात्मक निबन्ध हो । यस निबन्धमा प्रभातले झुकाइलाई विभिन्न अर्थमा व्यङ्ग्य गरेर लेखेका छन् । प्राचीन समयदेखि झुकाइ कलाको विकास हुँदै आएको छ । झुक्नु भनेको खुसीराजीको झुकाई हो, तर झुकाउनु भन्नासाथ अर्को कुनै पक्षद्वारा साम दाम दण्ड भेदको प्रयोग गरी झुकाउने क्रियालाई बुझाउँछ । यस निबन्धमा प्रभातले अरूलाई झुकाएर आफ्नो शिर ठड्याएका त्यस्तो वर्गका मानिसहरूप्रति व्यङ्ग्य गरेका छन् जसले अरुको श्रम र पशिनाको रोहन गरेका छन् ।प्रभातको के ठम्याई छ भने ठूलो बडा धनी मानिसहरू सामु निर्धानिमुखा, गरीब-स्वाभिमानीहरूको शिर झुकाइनु अन्याय हो । प्रभात यस निबन्धमा यस्तै भाव व्यक्त गर्दछन्।

झुक्नुको महिमा अलग-अलग छ ! भनेर पनि प्रभात यस निबन्धमा व्यक्त गर्दछन्। आमासँग-मामासँग, पितासँग-पतिसँग प्रेमीसँग-प्रेमिकासँग, नेतासँग-अभिनेतासँग, सज्जनसँग-दुर्जनसँग, स्वदेशीसँग-विदेशीसँग, जोसँग झुके पनि बिना मतलब नझुक ! भन्ने कुरालाई प्रभातले निबन्धमा व्यञ्जनात्मक प्रस्तुतिद्वारा व्यक्त गर्दछन्। मान्छेले नाम कमाउन होस् वा दाम कमाउन होस सबैभन्दा पहिलो सिक्नुपर्ने सीप भनेको झुकाई कला हो भनेर प्रभात यस निबन्धमा मिहिन व्यङ्ग्य गर्दछन्। सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा अनुप्रासमय शब्दका प्रयोगले निबन्ध रोचक बनेको छ भने विषयवस्तु सामाजिक विसङ्गति केन्द्रित छ ।

**४.६.३७विचारको बन्धन**

प्रस्तुत निबन्ध प्रभातको ‘खुराक’ हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहमा सङ्ग्रहित एक व्यङ्ग्य रचना हो । यस निबन्धमा प्रभातले-मानिसहरू विचारको वैशाखी टेकेरमात्र दानी-नादानी अथवा अभिमानी व्यवहार गर्दछन् । मान्छेले जेजे काम गर्छ सबै विचारले मात्र गर्दछ। विचार विनाको मान्छे नै हुँदैन । यदि कसैले हुन्छ भन्ठान्छन् भने त्यो असम्भव कल्पना मात्र हो । मानिसको विचार मानिसको समाजद्वारा निर्धारित हुन्छ । विचारको बन्धन स्वेच्छिक र बाध्यात्मक हुन्छ । विचारले बाँधिएका मानिस पनि विविध हुन्छन् । विचारको बन्धनलाई प्रायःबन्धन मानिदैन तर यो सबैभन्दा जब्बर बन्धन हो । संसारका सबै मानिसहरू कुनै न कुनै विचारमा बाँधिएका छन् । मानिस जन्मदा ऊ कुनै जाति, धर्म र भाषाको ज्ञान लिएर जन्मन्न । जब ऊ हुर्कँदै जान्छ तब विचारले घेरिँदै जान्छ र जाति, सम्प्रदाय, भूगोल र संस्कृतिका विविध विचार-बन्धनद्वारा बाँधिन्छ । सचेत ढङ्गले ग्रहण गरिने विचार बन्धन स्वेच्छिक हुन्छ, तर असचेत ढङ्गले स्वीकार्ने बन्धन बाध्यात्मक सिन हन्छ । जाति, धर्म र भूगोलको परिपञ्चमा परेर स्वीकार्ने विचार हुन्छ । बाधात्मक कतिपय विचार सकारे झै गरिन्छ तर अन्तरमनले नस्वीकार्दनस्वीकार्दै देखावती स्वीकारद्वारा मान्छेले आफ्ना विचार प्रकट गर्ने र लुकाउने पनिगर्दछन् भन्ने विचार व्यक्त गरेका छन् ।

मानिसहरूलाई विचारले बाँधेको हुन्छ । तर विचार व्यवहारद्वारा निर्माण हुन्छ र व्यवहार विचारद्वारा निर्देशित रहन्छन् यिनै विषयवस्तुको सेरोफेरोमा यो निबन्ध लेखिएको छ ।

### ४.६.३८खुबीसुबी माले, बन्नुपर्ने आले

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्ध हो । यस निबन्धमा प्रभातले खुबी मानिसको पहिचान हो । खु र वि सँगै लेख्दा क्षमता, सीप, कला वा कुशलता बुझिन्छ भन्ने कुरा देखाएका छन् । प्रभातले आफ्नो जीवनकै खुबीलाई यस निबन्धको विषयवस्तु बनाएका छन् । प्रभातले आफूलाई भन्छन् यात्राको उकाली ओराली माझ खुबाट खुराफात फैलिए पछि भने म अस्लिक विनाको अक्कलची बन्न पुगेँ । अक्कल जो छ त्यो खुराफातमा थिग्रिएपछि मैले खुरुखूरु पाँचवटा पुस्तक खुबाटै शीर्षक राखेर लेख्दै गएको छु । प्रभात भन्छन् न त खुराफाती कर्ममा मन गयो न त विचारकै ढिंडोले पेट भर्न सक्यो । कहिलेकाही त लाग्छ खु भनेको खुइलन्ताम् हो र वि भनेको विपथन हो । यिनै आफ्ना प्रसङ्गका विषयवस्तुलाई प्रभात निबन्धमा व्यञ्जना मूलक अभिव्यक्तिद्वारा व्यक्त गर्दछन्।

### ४.६.३९ हल्लनदासको हालखबर

विष्णुप्रभातको 'हल्लनदासको हालखबर' शीर्षकको निबन्ध 'खुराक' सङ्ग्रहमा समावेश एक राजीतिक व्यङ्ग्यप्रधान निबन्ध हो ।तत्कालीन समयमा नेपाली राजनीतिमा चलेको मारकाट जहाँ एक नेपालीले अर्को नेपालीको हत्या गर्नेकाम हुन्थ्यो र मृत्युवरण गर्नु वीरता प्राप्त गर्नुहुन्थ्यो त्यस समयमा प्रजातन्त्रको दुवाही दिँदै पञ्चायत ढाल्ने काङ्ग्रेस र कम्युनिष्टहरू सत्ता चलाउन नजानेर देश बिगारेको यथार्थलाई यस निबन्धमा प्रभातले तीखो व्यङ्ग्य गरेका छन् । जसका विरुद्ध लडेर प्रजातन्त्र ल्याइयो उसैलाई बुइ चढाउने तमासाको विरोध गर्नु र भारतीय प्रभुलाई सिमाना मिच्न हौस्याउनु जस्ता कुराको व्यङ्ग्य पनि निबन्धमा रहेको छ । प्रजातन्त्रको आगमन पछाडि त्यागीकार्यकर्ताले पाएको दुःख र अवसरवादी चैतेहरूको दबदबालाई पनि यस निबन्धमा व्यङ्ग्य गरिएको छ ।

सरल, सहज भाषामा लेखिएको यस निबन्धमा अनुप्रास युक्त भाषाशैलीको प्रयोगले निबन्धलाई श्रुतिमधुर बनाएको छ ।

### ४.६.४० जय बम भोला !

विष्णुप्रभातको 'जय बम भोला !' शीर्षक निबन्ध तत्कालिन कालखण्डको सजीवचित्र उतारिएको एवं सामाजिक व्यङ्ग्यले भरिएको निबन्ध हो । यो निबन्ध उहाँको 'खुराक' सङ्ग्रहमा सङ्गृहित चालीसौं रचनाको रूपमा रहेको छ ।

त्यसबेलाको नेपालको सामाजिक परिवेश जहाँ त्रासैत्रासमा जीवन बाँचेको थियो । बम, बारुद, गोला, बन्दुक, खानतलासी र अनुसन्धान जस्ता शब्दले र प्रक्रियाले समाज त्रस्त थियो । सानो सानो वस्तुसँग पनि डराउनु पर्ने, खुलेर बोल्न नपाइने जस्तो त्रासदी अवस्थामा एउटा रातो माटोको पोको पारेको डल्लोले सम्पूर्ण शहरलाई त्रसित बताउँथ्यो । हाम्रो आत्मीयता र भातृत्वको संस्कृति हराएको थियो । सबैले सबैलाई शंङ्का गर्नुपर्ने बाध्यात्मक अवस्थामा समाज विवश भएर बाँचेको कटु सत्यलाई यस निबन्धमा प्रभातले व्यङ्ग्य गरेका छन् ।

सहज सरल भाषाशैलीको, उखान टुक्काको सरल र सहज प्रयोग भएको र अनुप्रास युक्त वाक्य गठनले व्यङ्ग्यात्मकतामा हार्दिकता थपेको छ ।

### ४.६.४१ दामसिङ र हामसिङको मितेरी

प्रस्तुत निबन्ध प्रभातको खुराक निबन्ध सङ्ग्रहमा सङ्गृहीत एकचालीसौं निबन्ध हो । यस निबन्धमा प्रभातले दाम भनेको सम्पत्तिको नाम, धन दौलतको नाम, पूँजीको नाम भनी औल्पाएका छन् । यस निबन्धमा दाम सिङ् भनेको धनवादी पक्षछ भने हामसिङ भनेको पञ्चापती पक्ष पनि बुझिन्छ । दामसिङको पछि लाग्नेहरूलाई समेत हामसिङ भनेका छन् ।

यस निबन्ध प्रभातले दामसिंह भन्नाले दामका बलमा नाम कमाएका विना कामका बदनाम बन्धुहरू हुन् मात्र नभनी दामसिङ भनेको दाम राखेर ढोगेपछि पाउने दर्जानी पनि हो भन्न सकिन्छ । दामै पछि लागेर कमिशनको काममा लाग्नेहरूलाई दामसिङ भनिन्छ भन्दै पैसाको पछि लाग्ने, घुस खाने,अरूलाई कजाएर आफू रमाउनेलाई यस निबन्धमा प्रभात दामसिङ भनेका छन् । हामसिङ भनेको दामसिङको पछिलाग्ने, न बोलीको ठेगान न टोलीको ठेगान भएकालाई हामसिङ भनेका छन् । दामसिङ र हामसिङको गल्तीले गर्दा अनेकौ विकृति आएको छ देशमा भन्नेकुरा पनि प्रभातले यस निबन्धमा व्यक्त गर्दछन्।

सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा ‘अचार खानु मूलाको साथ दिनु ठूलाको’, जस्तो व्यङ्ग्यात्मक उखान संगै ‘छन् गेडी सबै मेरा छैन् गेडी सबै टेडा’ जस्ता परम्परागत उखान टुक्काको प्रयोगले निबन्ध रोचक बनेको छ ।

### ४.६.४२ याकू याहू तुर्राह !

प्रस्तुत निबन्ध प्रभातको ‘खुराक’ निबन्धसङ्ग्रहमा सङ्गहीत व्यङ्ग्यहीन निबन्ध हो । यस निबन्धमा प्रभातले पहिलेका मिथकीय कुराहरूलाई व्यक्त गरेका

छन् । याहू भनेर यहाँ खुशी र हर्षको, आनन्द र उपभोगको मजा लिँदै गर्व गर्दै मान्छे भौतिक संसारमै कुर्लन्छ । याहू ! क्या मजा !! त्यसैलाई यस निबन्धमा प्रभात व्यक्त गर्दछन् । 'याकू' भनेको सरल र सहज अर्थमा ए ! कुरा त्यसो रहेछ ! भन्ने भावमा पनि भन्न थालिएको छ । भन्नेले कुन अर्थमा कसरी प्रयोग गरेको छ । त्यसरी बुझ्नु पर्दछ भन्ने कुरा प्रभातले व्यक्त गर्दछन् । याकु एकातर्फ इसाइ मतमा पाइने याकुबको पूर्वरूप जस्तो पनि भान हुन्छ भने अर्कोतर्फ भोजपुर जिल्लाको एउटा गाऊँ पनि हो । तुर्राह भनेको धेरैजसो नेपालीले तुर्राह भन्दा टुर्रा बुझ्नु स्वाभाविकै हो । झाडा-पखाला र आउँको रोगले वर्षेनी सयौं नागरिक मर्ने देशमा यो कुरा बुझ्नु नराम्रो होइन भन्दै तुर्राहको तात्पर्य त बनदेवी वा देवताका रूपमा रहेको मानिने प्रेतात्मा उतार्दै धामी, झाँक्रीहरूले आफूलाई 'तोरे', 'तोर्रा' र 'तुर्राह' को  रूपमा प्रस्तुत गरिने प्राचीन अफ्रिकाली मानव विश्वासको सूचक बताउँछन् । त्यसैले शब्दकलाको संसारमा भावकलाको संयोजन खोतल्दा याकु, याहु र तुर्राहका प्रकार प्रयोग र परम्परामा ज्यादै रोचकता भेटिन्छ । यिनै विषयवस्तु प्रस्तुत निबन्धमा रहेको छ र यो विल्कुलै नयाँ पाराको निबन्ध देखा पर्दछ ।

### ४.६.४३ अचार-सिद्धान्त

प्रस्तुत निबन्ध प्रभातको खुराक निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्ध हो । यस निबन्धमा प्रभातले अचार-सिद्धान्तको अर्थ यसरी लगाएका छन् । पहिलो 'अ' अरूको हुन्छ । अरूबाटै आफ्नो जीवन पाउने र हुर्काईने हुँदा "पैला म" भन्ने होइन भन्दै प्रत्येक कुरा अरूबाटै सिकिन्छ । जीउन होस् या पिउन, बोल्न होस् वा मोल्न, पढ्न, होस् वा सड्न जुन पाटो सम्झे पनि यो अरूबाटै सिकेर आफ्नो बनाइन्छ । दोस्रो 'अ' आफ्नो हुन्छ । जब अरूको भाग, माग र राग पूरा हुन्छ, तब आफ्नो शुरु हुन्छ । आफ्नो पालो आउनासाथ अरूको कुरा भसाम्-भुसुम् हुन्छ । 'आफ्नै हात जगन्नाथ' भएपछि नियुक्तिमा होस या निसाफमा "आफ्नो मान्छे आफ्नो हित, आफ्ना कुरा आफ्नै गीत !" भन्ने मूल-मन्त्रका बलमा प्रत्येक क्षेत्रका काम अघि बढ्छन् । देशका कुरामा हुन् वा जातिका कुरामा, काइदाको कुरामा होस् कि फाइदाको कुरामा त्यहाँ अचार-सिद्धान्त उपस्थित भइहाल्छ । यसोक्क अलिकता अचार-चखाएपछि काम नबन्ने अड्डा कुन छ ? तेस्रो 'अ' औसतमा आधारित हुन्छ । औसतलाई नै आधुनिक ज्ञानशास्त्रको आधार मानेर अनेक योजनाहरू बनाइन्छ । चौथो 'अ' अनुभवको 'अ' हो र यो निकै खतरापूर्ण हुन्छ । गणितज्ञको अनुभव जस्तो अथवा नोकरको अनुभव जस्तो । अनुभव कम भएकाले आजसम्म कतै कुनै काम नपाएको

कुरा प्रभातले यस निबन्धमा अचार सिद्धान्त भनेर व्यङ्ग्यपूर्ण प्रस्तुति दिई आफनो निबन्धको विषयवस्तु बनाएका छन् ।

यस निबन्धमा प्रभात जताततै घुसखोरी छ कतै अलिकति प्रचार नचटाई कामै नहुने कुरा यस निबन्धका माध्यमबाट प्रभात व्यङ्ग्य गर्दछन्।

### ४.६.४४ तन्काउनुमा तन्कँदा

प्रस्तुत निबन्ध प्रभातको 'खुराक' निबन्ध सङ्ग्रहमा सङ्गृहीत शब्द केन्द्रित निबन्ध हो । यस निबन्धमा प्रभातले 'तन्काउनु' शब्दको अर्थ विभिन्न रूपमा लगाएर बहुपक्षीय व्यङ्ग्य गर्ने काम गरेका छन् ।

यहाँ तन्काउनुको अर्थ आँखा, जीऊ, कान नभएर घुस तन्काउनु अथवा खानुलाई समेत प्रभातले व्यङ्ग्य प्रहार गरेका छन् । प्रभात भन्दछन् "अफिस पुग्ने कर्मचारीहरू कुर्चीमा बस्न नपाई चिया तन्काउन थालिहाल्छन् । कसैले काम बनाइदिने नाममा घुस तन्काउँछन् त कसैले मुद्दाको तारिख तन्काएर सर्वसाधारणलाई दुःख दिन्छन् । कतिपय विर्तावालहरू जग्गा तन्काउँछन् र साँध सिमाना नै सार्दछन् । राजनीतिका मान्छेहरू विस्तारवादको विरोध किन गर्छन् ? उनीहरूले मुलुकै तन्काउने कुरा गर्छन् ।"प्रभातले प्रस्तुत निबन्धलाईतन्काएका छन् ।

विष्णुप्रभातको प्रस्तुत 'खुराक' निबन्ध सङ्ग्रहभित्र रहेका चवालीस निबन्धहरूमा नेपालको वर्तमान समाज, मान्छे, मानवीय दुस्प्रवृत्ति, घुसखोरी असङ्गत व्यवहार स्वार्थी भनो वृत्तिले समाजमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा पारेका प्रभावको सजीव चित्रण गर्नु सँगै ती विसङ्गति माथि प्रहार गर्ने धनेय अँगालेको पाइन्छ । प्रस्तुत निबन्ध सँगालोमा हास्य र व्यङ्ग्य दुवै रहेको छ । रमरम हास्यका सहायताले विभिन्न रचनाहरूमा विविध विषयलाई समेट्दै सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक र मानवीय विषय क्षेत्रका अनेकौ खराव प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै निबन्धहरू रचिएका छन् । राष्ट्रलाई अधोगतितर्फ लैजान नहुने चिन्ता उनका निबन्धहरूमा पाइन्छ । सरल भाषा शैलीमा उनका निबन्ध रहेका छन् । विभिन्न उखान टुक्काको प्रयोगले उनका निबन्ध रोचक बनेकाछन् ।

## ४.७ 'खुलदुली' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको विश्लेषण

'खुलदुली' (२०६०) प्रभातकोनिबन्ध तर्फको छैठौं हास्यव्यङ्ग्य कृति हो । यस निबन्ध सङ्ग्रहमा उनका बत्तीसओटा निबन्धहरूसम्मेलछन् । ती हुन (१) क माने

कसरी बाँच्ने ?(२) ख माने खसाल्नु ! (३) गजब छ बा ! (४) सच्चिदानन्द ! (५) जमानाकाबात है जी ! (६) दक्षिणपन्थी जयनेपाल (७) मन्त्रीको गुनासो (८) जीवनको तेस्रो आयाम खरानी (९) गाइको छाला र गायत्री पाठ (१०) राष्ट्रियचर्पी निर्माण अभियान (११) एक्काइसौँ सदीका बामपन्थी मागहरू (१२) भाडाको जुलूस (१३) सिनोखाने गफ (कथा) (१४) रक्सी पुराण (१५) प्रधानमन्त्रीलाई स्वर्गको चिठ्ठी(१६) नर्कको ढोका खुल्ला छ (१७) भीडतन्त्र जीन्दावाद (१८) क्याप्सुल थट र तानतुन विचारधारा (१९) नक्कलबमोजिम सक्कल (२०) खुक्केड गर्फ (२१) सङ्कटकालको माल (२२) भकुन्डो हुनुभन्दा त ..... (२३) हाम्रो परम्परा (२४) चापलुली कथा (२५) दन्तपुराण (२६) खेल-खेलाँची (२७) बोल-कबोल प्रथा (२८) डाक्टर हसुर दास (२९) थपडी वाल (३०) ढोका खोल्ने गफ (३१) हुतिहारा वंश र (३२) थुतुनाको हक । यस कृतिको प्रकाशक कल्पवृक्ष प्रकाशन काठमाडौं रहेको देखिन्छ ।

'खुलदुलीमा' सङ्कलित बत्तीसओटा निबन्ध मध्ये शोधार्थीलाई उत्कृष्ट लागेका तीन निबन्धहरू (क माने कसरी बाँच्ने ?, ख माने खसाल्नु !, गजब छ बा ! लाई निबन्धगत तत्वका आधारमा विश्लेषण गरिएको छ भने सङ्ग्रहमा सङ्कलित अरु सबै निबन्धलाई शीर्षक दिएर विश्लेषण गरिएको छ ।

### ४.७.१ क माने कसरी बाँच्ने ?

प्रस्तुत निबन्ध प्रभातको 'खुलदुली' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको पहिलो क्रमाङ्कमा रहेको निबन्ध हो । क माने कसरी बाच्ने ? निबन्धकार प्रभातले प्रश्न चिन्हको प्रयोग गरेका वाक्यात्मक शीर्षकको चयन प्रस्तुत निबन्धका लागि गरेका छन् । 'क' वर्ण बाट विभिन्न शब्दहरूको निर्माण गरी जनमानसले आफ्नो लक्ष्यमा कुन शब्दलाई प्रयोग गर्दछन्भन्ने देखाई धेरै जसो मानिसहरूको लक्ष्य 'क माने कसरी बाँच्ने' ? रहेको कुरालाई स्पष्ट गर्दै निबन्धकार प्रभातले निबन्धको रचना गरेको देखिन्छ ।

#### क) विषयवस्तु

निबन्ध लेखनका निश्चितविषयवस्तु किटान गर्न सकिँदैन । आत्मपरक लेखन भएको हुनाले निबन्धमा जुनसुकै विषयवस्तुलाई प्रसङ्ग अनुसार उठाउन सकिन्छ । लेखकले प्रस्तुत निबन्धमा विश्वमा रहेका अत्यधिक जनसङ्ख्याको जीवनयापनको यथार्थलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रभातले बहुसङ्ख्यक जनता 'क माने कसरी बाँच्ने?' को सूत्रलाई नै याद गरेका देखिन्छन् । शोषक र

सामन्तहरूको लागि मात्र 'क' वर्णको अर्थ भिन्न भिन्न रहेको छ । कलहचर, कचिङ्गल, काटमार, कपट आदि विभिन्न अर्थ जानेका शोषकहरूश्रमजीवीजनताको शोषण गरिरहेका छन् । जे जति प्रकारका सिद्धान्तको आडमा पार्टीको स्थापना भए पनि सर्वहारा र श्रमजीवीको पक्षमा कुनै पनि नेता सकारात्मक भएको पाइँदैन । नेताहरू जनताको भोट माग्नका लागि मात्र सिद्धान्तका कुरा गर्दछन्तर कुर्सी पाउनासाथ जनताका कुरा बिर्सिएका देखिन्छन् । यस्तै प्रकारका, विकृति र विसङ्गतिको पर्दाफास प्रस्तुत निबन्धमा भएको छ ।

**ख) उद्देश्य**

प्रस्तुत निबन्धको विषयवस्तु तत्कालीन राजनैतिक र सामाजिक विसङ्गतिको चित्रण रहेको छ भने विषयवस्तुको चित्रणगर्दागर्दै लेखकले निबन्ध लेखनको उद्देश्य पनि दर्शाएको देखिन्छ । तत्कालीन समयमा राष्ट्रमा व्याप्त अराजक राजनीतिक तत्वको चित्रण गर्नु दलीय तानातानबाट राष्ट्रको अहित भइरहेको कुरा उल्लेख गर्नु र ती विसंगतिबाट मुक्ति खोज्ने सन्देश दिनु प्रस्तुत निबन्ध लेखनको उद्देश्य रहेको देखिन्छ ।

**ग) भाषाशैली**

विष्णुप्रभातद्वारा लेखिएको प्रस्तुत निबन्ध समकालीन घटनाचक्रमा केन्द्रित भई लेखिएको छ । सरल भाषाशैली प्रयोग भएको यस निबन्धमा लामा छोटा गरी तीन अनुच्छेदमा सम्रचना गरिएको छ । निबन्धलाई रोचक बनाउन तत्सम, तद्भव र आगन्तुक शब्दहरू प्रयोगका साथै झर्रा नेपाली शब्दको पनि प्रयोग गरेका छन् । शान्ति, युद्ध, प्रष्ट, द्वन्द्व, आस्था, प्रभुत्व आदि तत्सम शब्द आँखा, तीज आदि तद्भव शब्दहरू पाइन्छन् भने भाइचारा, कमान्डर, फौजी, म्हःपूजा, कल्चर आदि आगन्तुक शब्दको प्रयोग गरेको पाइन्छ । त्यसैगरी ध्याम्पा, कचिङ्गल, हुर्किनु, पुर्ख्यौली, आफन्त आदि झर्रा नेपाली शब्दहरूको प्रयोग रहेको पाइन्छ ।

### ४.७.२ ख माने खसाल्नु

विष्णु प्रभातद्वारा लिखित 'खुल्दुली' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको दोस्रो निबन्धको शीर्षक "ख माने खसाल्नु" रहेको छ । समसामयिक विकृतिको चित्रण गर्दै व्यङ्ग्यात्मक प्रस्तुति रहेको यो निबन्धको शिर्षक व्यञ्जनापूर्ण रहेको छ । 'ख' को अर्थ खसाल्नु नै हो भन्ने आजका मानिसहरूको वैचारिकता बनिसकेको छ भन्ने मूल भाव रहेको निबन्धको शीर्षक उचित छ ।

## क) विषयवस्तु

प्रस्तुत निबन्धमा आजका मानिसहरूको विचारमा उब्जेको बैमनस्यता इर्श्यालुपना जस्ता विकृत मनःस्थितिको चित्र कोर्दै व्यङ्ग्य गरिएको छ । 'ख' वर्णबाट सुरु हुने विभिन्न शब्दमध्ये खसाल्नु शब्दलाई मूल मन्त्र बनाएर आजका मानिसहरू हिँडिरहेका छन् भन्ने विषय लिएर निबन्धको रचना भएको छ । खसाल्ने तरिकाहरूको वर्णन निबन्धमा भएको छ । कोही मान्छे आफ्नो उद्योगका माध्यमबाट अग्रगमनका दिशामा छन् भने तिनीहरूलाई कुन तरिका अपनाएर हुन्छ सफल हुनबाट रोक्न खोज्नेहरूको जमात लागेको देखिन्छ । आजका नेताहरू आपसमा एक अर्कोलाई कुर्सीबाट खसाल्न व्यस्त छन्, ठूला बडाहरू सानालाई माथि उठ्न नदिन साना जहाँ पुगेका छन् त्यही देखि खसाल्नमै व्यस्त छन् । जात भातका कुरा ल्याएर पिछडिएका जातिलाई माथि उठ्न नदिने चाल खेल्ने मानिसहरूको कमी पनि देखिदैन । लेखकले यस्तै प्रकारले समाजमा व्याप्त विसङ्गतिहरूको पर्दाफास गर्ने काम प्रस्तुत निबन्धमा गरेका छन् ।

## ख) उद्देश्य

निबन्धकार विष्णुप्रभातले समाजको यथार्थ स्थितिको वर्णन आफ्ना हास्य व्यङ्ग्य रचनामा गरेको देखिन्छ । समाजमा विकसित भइरहेको अर्काको खुट्टा तान्ने प्रवृत्तिको उदाङगो चित्र प्रस्तुत गरेका छन् । यही खुट्टा तान्ने प्रवृत्तिले गर्दा समाजमा हुनसक्ने प्रगति पनि हुन नसकेको कुरा प्रति ध्यानाकर्षण गराई मेलमिलापको सन्देश दिन खोजेकाछन् । त्यसैगरी यही प्रवृत्तिका कारण सामाजिक अवस्थाको सुधार हुन नसक्नुका साथै राष्ट्रको उन्नति पनि नभएको हो भन्ने विचारद्वारा पाठकहरूलाई प्रभावमा लिने उद्देश्य लेखकले राखेकाछन् ।

## ग) भाषाशैली

निबन्धकार प्रभातले हास्यव्यङ्ग्यात्मक शैलामा आफ्ना मनका विचारहरू व्यक्त गरेका छन् । सरल, सहज भाषाको प्रयोग र व्यङ्ग्यात्मक शैलीले निबन्ध रोचक बनेको छ । तत्सम, तद्भव झर्रा नेपाली र आगन्तुक भाषाका शब्द भण्डारको सहायताले निबन्धकोप्रस्तुतीकरण समेटिएका छन् । अट्टहास, उपहास, भूमिपति, पूँजीपति, खाना-नाना-छाना, जस्ता शब्द युग्महरूको प्रयोगले पनि निबन्धमा काब्यिाक आनन्द प्राप्त हुन्छ ।

### ४.७.३गजब छ बा !

विष्णुप्रभातद्वारा लिखित खुल्दुली हास्यव्यङ्ग्य सङ्ग्रहको तेस्रो निबन्धको शीर्षक 'गजब छ बा !' रहेको छ । कुनै पनि लुकेका वा अदर्शनीय तथ्यहरूको उद्घाटन वा ज्ञान भएपछि आश्चार्यजनक वाक्यमा 'गजब छ बा !' भनिन्छ । यस्तो आश्चर्ययुक्त निपातप्रधान वाक्य नै प्रस्तुत निबन्धको शीर्षक बनेको छ । निबन्धमा विभिन्न परिवेशमा घटिरहेका घटनालाई विषयवस्तु बनाइएको छ । विभिन्न जातजातिको सांस्कृतिक परम्परामा रहेका तथ्यहरूलाई एक साथ उपस्थित गर्दा आश्चर्ययुक्त रहस्यहरू खुलेका छन् । यस अर्थमा हेर्दा प्रस्तुत निबन्धको शीर्षक 'गजब छ बा !' सार्थक र सफल रहेको देखिन्छ ।

#### क) विषयवस्तु

हिन्दु, बौद्ध, इस्लाम, इसाई, यहुदी आदि विभिन्न विश्वास परम्पराका कुराहरूलाई विषयवस्तु बनाइएको छ । विभिन्न विश्वासका विभिन्न धार्मिक संस्कृतिहरूछन् । ती संस्कारहरू एक आपसमा बाझ्दछन् । कोही गाईलाई देवता मानेर पूजा गर्छन् र गोहत्या गर्ने कल्पना पनि गर्न सक्दैन् भने कोही गाईको मासु खानु नै धर्म मान्दछन् ! त्यसैगरी कोही षोडष संस्कार मान्दछन् भने कोही पट्संस्कार आदि मान्दछन् । एउटै मानवजाति भएर पनि विभिन्न विश्वास, रीतिथिति र धार्मिक संस्कारमा विखण्डित भएका छन् । यस्तो कुरा ठिक नभएको विचार प्रभातले व्यक्त गर्दछन्। त्यसैगरी धर्मान्धतामा फँसेर मानिसहरू एक आपसमा युद्ध गर्नु पनि ठिक नरहेको कुरा उनले व्यक्त गरेका छन् । कोही मानिस आफ्नो संस्कृतिको भक्त छन् भने कोही आफ्नो पुरानो परम्परा छोडेर धार्मिक परम्परा विपरीत कार्य गर्दै हिंडेका कसमहरू खाइरहेका पनिछन् । यस प्रकार आजको समसामयिक परिवेशमा विकृतिहरू बढ्दै गइरहेको कुरालाई निबन्धको विषयवस्तु बनाएको देखिन्छ ।

#### ख) उद्देश्य

लेखकले निबन्धमा धार्मिक परम्पराहरूको कुरा उठाएका छन् । मानवहरू विभिन्न विश्वासका परम्परामा विभाजित हुन पुगेका छन् । जसले गर्दा परस्परमा वैमनस्यता, विरोधाभास जस्ता दुर्गुणहरू विकसित हुन पुगेको कुरा निबन्धमा व्यक्त भएको छ । धर्मका केही ठेकेदारहरूले मानव धर्मको वास्तविक रूपलाई लुकाएर ढोंगी र आडम्बरी नियमहरू बसाले जसले गर्दा मानव जाति एक अर्काको विरोधी हुन पुग्यो भन्ने कुरा पनि निबन्धमा व्यक्त भएको छ । मानव विभिन्न संस्कारमा

होइन मूलत जन्म, विवाह र मृत्यूको तीन संस्कारमा आबद्ध भई जीवन जीउनपर्छ भन्ने सन्देश प्रस्तुत निबन्धबाट प्राप्त हुन्छ । वास्तवमा मानवका सबै धर्ममा संस्कारहरूमा पाइने समानता यिनै तीनवटामा मात्र भेटिन्छन् । विभिन्न संस्कारका झमेलामा फँस्नु भन्दा मूल तीनवटै संस्कारमा आबद्ध रहेर आफ्नो जीवन सञ्चालन गर्नुपर्छ । बाह्यआडम्बरमा फँसेर मूल मानव धर्मको परित्याग गर्नु नै अहिलेको जीवन चर्या भएकोमा लेखक दुखित भएको देखिन्छ । सबै धर्मभन्दा मानव धर्म नै उत्तर धर्म हो र यसैको पालना गर्दै परोपकारी भावना जागरित गर्नुपर्छ भन्ने सन्देश दिनु निबन्ध लेखनको उद्देश्य रहेको देखिनछ ।

### ग) भाषाशैली

लेखकले धर्म, संस्कृति तथा दर्शनमा प्रतिपादित भएका विषयवस्तुलाई सरल, सरस भाषा र व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्दै विकल्प सोच्न अभिप्रेरित गरेका छन् । हास्यव्यङ्ग्य उत्पन्न गर्नका लागि भाषिक चमत्कारिकताको आवश्यकता पर्दछ । त्यसपक्षमा पनि लेखकले आफ्नो कलमलाई निकै खप्पिस बनाएका छन् । विभिन्न संस्कृतिको चर्चा भएकाले त्यहाँ प्रयुक्त हुने शब्दहरूको पनि प्रयोग गरिएको छ । त्यसक्रममा तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोग भएको छ । जस्तै बोध, अबोध, षोडश संस्कार, पीडा, क्रिडा, अश्वमेध, सहजीवन, पाशविक आदि तत्सम शब्द हुन् भने पहाड, मान्छे आदि तद्भव र पैरवी, वकील, तिलक, अदालत, बेइन्साफी, आदि आगन्तुक र बुढयौली, तामा, खलक, आदि झर्रा नेपाली शब्दहरू हुन् । यिनको प्रयोगले निबन्धमा मिठास थपेको छ ।

## ४.७.४ सच्चिदानन्द

प्रस्तुत निबन्ध प्रभातको 'खुलदुली' निबन्ध सङ्ग्रमा सङ्ग्रहित दार्शनिक निबन्ध हो । यस निबन्धमा सत्, चित, र आनन्दको संयुक्त रूप सच्चिदानन्द हो र जसको पर्यायवाची अर्थ, सत्य, चिन्तन र सुख भन्ने हुन्छ र त्यसको अर्को अर्थ एउटा भगवान वा ईश्वर हुन्छ । सत्य, ज्ञान र आनन्दको तीनवटा स्वरूप हुनु नै ईश्वर हो । लेखकले इश्वरको बारेमा विचारहरू व्यक्त गर्दै प्रस्तुत निबन्ध लेखेका छन् । प्रस्तुत निबन्धमा व्यङ्ग्यात्मक तत्व प्रबल भएको छ । लेखकले हिन्दु, मुस्लिम, इसाई, बौद्ध आदि धर्मावलम्बीहरूको इश्वरीयोपासनाको ढङ्गबाट चर्चा गरेका छन् । संसारमा देख्दै नदेखिने अलौकिक वस्तुको खोजिमा मानिसहरू सत्यको खोजी गर्ने क्रममा अलौकिक, भ्रम र झूठको उपासनामा समय खर्चन पुगेका छन् । जबकी प्रत्यक्ष आफ्ना सामु उभिएका सत्य र यथार्थ जीवहरूको सेवा गर्न छोडेका

छन् । यसरी मानिसहरू वास्तविकताको खोजी भन्दा काल्पनिकताको भरमा बाँच्न खोजेको कुरामा लेखकको विमति रहेको छ । लेखकको विचारमा स्वर्ग, नर्क, धर्म, ईश्वर र आत्मा सबै यही धरतीमानछन् । यिनको खोजी गर्न अन्यत्र कतै जानुपर्दैन भन्ने रहेको देखिन्छ ।

तार्किक भाषाशैलीको प्रयोगद्वारा रोचक प्रसङ्गहरू निबन्धमा उपस्थित भएका छन् । लेखकले व्यङ्ग्यात्मक शैलीमा विभिन्न धर्ममा देखा परेका विकृति विसङ्गतिहरूलाई चिरफार गरेका छन् । खासगरी हिन्दु धर्मका धार्मिक मान्यतामा रहेका विकृतिहरूलाई कोट्याउने प्रयत्न गरेका छन् ।

### ४.७.५ जमानाका बात है जी !

प्रस्तुत निबन्ध प्रभातको 'खुलदुली' निबन्ध सङ्ग्रमा सङ्ग्रहित निबन्ध हो । यो निबन्धमा हिन्दी भाषा मिश्रित वाक्यलाई शीर्षकीकरण गरिएको छ । निबन्धमा समसामयिक मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो दुनो मात्रै सोझ्याउन खोज्ने अमानवीय प्रवृत्ति माथि प्रहार गर्न र व्यङ्ग्यलाई बुझाउन विभिन्न भाषाका शब्दहरूको सङ्कलन गरी शीर्षक जुराइएको देखिन्छ । जसमा शोषक राष्ट्र तर्फ भाषाका माध्यमले सङ्केत गरिएको छ । युरोपेली राष्ट्रले एसियाली राष्ट्रमाथि गर्ने गरेको दादागिरीप्रति पनि व्यङ्ग्य गरिएको छ । आफ्नो स्वअस्तित्व नभएका एसियाली मुलुकमा नीति निर्माता तिनै विकसित राष्ट्रहरू बन्न पुगेका छन् । तिनैले चलाएको नीति नियम कानुन शिक्षा आदि लागू भइरहेको छ । तिनै राष्ट्रहरूको सिखो गर्दै छिमेकी राष्ट्रहरूमा अलि बलिया राष्ट्रले आफ्नो दादागिरी देखाउने गरेको र काममा लगाई शोषण गरिरहेको परिप्रेक्ष्यलाई निबन्धमा व्यक्त गरिएको छ । त्यसैगरी अर्काको उपलब्धिहरूलाई पनि आफूले गरेको भन्ने संस्कार गइरहेकोमा लेखक चिन्तित रहेको देखिन्छ । लेखकले समसामयिक परिस्थितिको चित्रण गर्दा यसमा राजनेताहरूको कमजोरी र लाचारीपनालाई पनि विषयवस्तु बनाएका छन् । सरल, सरस भाषाको प्रयोगका साथै व्यङ्ग्यात्मक शैलीको प्रयोग गरी निबन्धको रचना गरेका छन् ।

### ४.७.६ दक्षिणपन्थी जयनेपाल

प्रभातद्वारा लिखित 'खुलदुली' निबन्ध सङ्ग्रहको पाँचौ निबन्धका रूपमा 'दक्षिणपन्थी जयनेपाल' शीर्षकको हास्यव्यङ्ग्य रहेको छ । पुरानै सोच र व्यवहार अंगाल्ने बाटोलाई अग्रगामी चिन्तन र व्यवहार न अँगाल्ने व्यक्ति वा समूहलाई दक्षिणपन्थी भनिन्छ । लेखकले प्रस्तुत निबन्धमा नेपालका राजनेताहरूको दक्षिण

तर्फको अनुसरणलाई समेत सङ्केत गर्दै पुरातनपन्थीहरूलाई दक्षिणपन्थी जयनेपाल भनेको बुझिन्छ । लेखकले भूपरिवेष्ठित राष्ट्रले भोग्नुपर्ने बाध्यात्मक परिस्थितिको चित्रण व्यङ्ग्यात्मक तरिकाले गरेका छन् । आफूमा निहित शक्तिको उजागर हुन छोडेर अर्काको मात्रै भरोसा गर्ने नेपाली राजनेताहरूका व्यवहारप्रतिको व्यङ्ग्य प्रखर रूपमा प्रकट भएको छ । नेपाल राष्ट्रको राजनीतिमा दक्षिणतिर रहेको भारतेलीको विरोध प्रच्छन्नरूपमा प्रकट भएको छ । नेपाल राष्ट्रको राजनीतिमा निर्दलीय पञ्चायतवादी तŒवलाई पनि दक्षिण पन्थी भनिन्छ । प्रभुŒव समाज विकासमा दक्षिणपन्थी प्रवृतिले अवरोधककोभूमिका खेलेको हुन्छ भन्ने कुरा प्रस्ट्याउन खोजेको देखिन्छ । नेपालमा निर्वाचन हुनु नहुनुको केही अर्थ छैन । चुनावको परिणाम जे भए पनि भारतको सहमतिमा मात्रै नेपाल सरकारको गठन हुन्छ । त्यसैगरी लेखकले धर्मका नाममा पनि नेपालीहरू दक्षिण तिरैलागेको कुराप्रति पनि व्यङ्ग्य गरेका छन् । धार्मिक नेताहरू जनताका सामुन्ने स्वच्छ छविका देखिए पनि आन्तरिक रूपमा पथभ्रष्ट रहेका देखिन्छन् । लेखकले यसरचनामा नेपाली समाजमा देखापरेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

सरल भाषा शैलीमा निबन्धको लेखन गरिएको छ । तत्सम, तद्भव, आगन्तुक शब्दको प्रयोग गर्नुका साथै सिर्जना भएको छ । दामपन्थी, कामपन्थी, नामपन्थी, हामपन्थी शब्दहरूको एउटै वाक्यमा प्रयोग गरी अलङ्कार सिर्जना गरिएको छ ।

### ४.७.७ मन्त्रीको गुनासो

प्रस्तुत निबन्ध प्रभातको खुलदुली हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहमा संङकलित निबन्ध हो । यस निबन्धमा लेखक आफ्नी श्रीमतीसँग हिँड्दै गर्दा घटेका घट्ना र मनमा उठेका तरङ्गहरूका आधारमा विषयवस्तु निर्माण भएको छ । लेखकले आजको युग एक्काइसौं शताब्दीमा प्रवेश गरिसकेको छ । आजका मानिस आधुनिक देखिन्छन् भन्ने कुरा चित्रण गरेका छन् । आजका मानिस आधुनकि भनाउँदा छन् तर तिनमा पारम्परिक रितिथितिले जरा गाडेर बसेको कुरापनि उल्लेख गरेका छन् । उनले ठूला समाजवादी नेताहरू मन्दिरमा गई धूप बाल्न नछोडेको नडाक्टरले बोक्सीले गर्दा आफूलाई दुःख परेको भनेको भौतिकशास्त्रीले टुप्पीमा सिक्का पारेर गायत्री जप गरेको दर्शनशास्त्रमा पारङ्गत शिक्षिकाले बुद्धको पुजा गरेका आदि प्रसङ्ग देखाएर समाजबाट अझैपनि रुढिवादी परम्परा हटीनसकेको कुरा यस निबन्धमा देखाएका

छन् । प्रभातले यस रचनामा अन्धविश्वासी परम्पराले गर्दा नै व्यक्ति र राष्ट्रको उन्नति हुन नसकेको भन्ने विचार व्यक्त गरेका छन् ।

लेखकले सरल भाषाशैलीको विन्यास गरेर आजका समाजमा व्याप्त विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । धार्मिक परम्परा र समसामयिकताको आधुनिक परिवेशका बीचमा उभिएका सामाजिक व्यक्तिहरूको मानसिक अवस्थाको चित्रण गर्दा विभिन्न शब्द भण्डारबाट आगन्तुक, तत्सम र यसरी शब्दहरूको समायोजन गरेका छन् ।

### ४.७.८ जीवनको तेस्रो आयाम खरानी

विष्णु प्रभातद्वारा लेखिएको 'खुलदुली' निबन्ध सङ्ग्रहको एउटा हास्यव्यङ्ग्य निबन्ध हो । 'जीवनको तेस्रो आयाम खरानी' । तेस्रो आयाम भनेको सत्यको नजिकबाट हेर्ने दृष्टि हो । कुनै पनि वस्तुलाई लम्बाई र चौडाइ मात्र हेरेर त्यसको यथार्थ स्थिति थाहा हुँदैन त्यसको गहिराइमा पनि हेर्नु पर्छ भन्ने मान्यता नै तेस्रो आयामको सामान्य सिद्धात हो । लेखकले पनि मानिसको जीवनलाई तीन अवस्थामा विभक्त गरि हिँडेका छन् जन्म, मृत्यू र बचाई । त्यो भन्दा पहिला जन्म र मृत्यूलाई मात्र हेर्ने गर्थे । लेखकले जीवन भोगाइलाई पनि एउटा आयाम मानेका छन् । लेखकले वेश्यावृत्ति, बजार र घाट जीजीविषाको महत्वपूर्णतीनवटा केन्द्रबिन्दु मानेका छन् । उनको यो तीनवटा शब्दभित्र मानिसका जीवनको आरम्भदेखि अन्तिम सम्मको अवस्थालाई व्याख्या गरेका छन् । उनकाअनुसार वेस्यावृति गर्भाधानको सूचक हो जुन मानव शरीर धारण गर्नुको मूल कारण हो । त्यसैगरी बजार भनेको जन्मेर संसारमा सङ्घर्ष गर्नु हो र घाट भनेको अन्तिम अवस्थामा गएर पार्थिव शरीर पृथ्वीमा नै मिल्ने स्थान हो । यस प्रकारको त्रैआयामिक चित्रण गरेर लेखकले मानिसको ध्रुवसत्य कुरालाई व्यञ्जनात्मक तरीकाले छर्लङ्ग्याउने काम गरेका छन् । मानिसलाई एकदिन मरेर जानुपर्छ केही बोकेर लैजान मिल्दैन भन्ने थाहा भैकन पनि उसले सम्पत्ति कमाउने नाममा अर्काको शोषण गर्न छाड्दैन भन्ने कुरा व्यङ्ग्य निबन्धमा गरेका छन् । सरल भाषाशैलीको प्रयोग गरेर लेखिएको प्रस्तुत निबन्धमा तत्सम तद्भव र आगन्तुक शब्दहरूको प्रयोग भेटिन्छ ।

### ४.७.९ गाईको छाला र गायत्री पाठ

'गाइको छाला र गायत्री पाठ' शीर्षकको निबन्ध 'खुलदुली' सङ्ग्रहमा सङ्ग्रहित एउटा रमाइलो रचना हो । प्रस्तुत निबन्धमा लेखकले विभिन्न धर्ममा देखापरेका विभिन्न विकृतिहरूलाई उजागर गर्ने काम गरेका छन् । खासगरी गाईको

छाला र गायत्री पाठ हिन्दु धर्मसित सम्बन्धित छ । गाईको छाला भिर्नु भनेको हिन्दु धर्मावलम्बीहरूको लागि महापाप हो । आजका पुरेतहरू गाईको छालाबाट निर्मित वस्तुहरू लगाउन थालेका छन् र गायत्री जप पनि गर्दछन् । यो महारोग हिन्दुधर्ममा मात्र नभएर मुस्लिम, इसाइ, बौद्धमा पनि पाइएको छ । पण्डितहरूले जति पाप गरेको भए पनि ईश्वरको नाममा प्रार्थना गरेर क्षमा पाउने विश्वास दिलाउँछन् । मान्छे कसरी धार्मिक नेताहरूको आश्वासनलाई मान्दै पापाचार तर्फ बढ्दै गएका होलान्?भन्दै मानिसलाई धर्मवादी धारणाबाट हटाएर कर्मवादी बन्न तर्फ लम्काइरहेको कुरालाई पनि लेखकले देखाएका छन् । सब भगवानको सृष्टि हो उनीले नै पालन गर्नुहुन्छ भन्ने विचार मानवजातिमा विकास गराएर कर्म गर्नबाट पन्छाउने काम धार्मिक नेताहरूले गरेका छन् भन्दै आजको वैज्ञानिक युगमा मानिसले वास्तविकताको ज्ञान नगरी काल्पनिक वस्तुको खोजीमा लागेकोमा खेद प्रकट गरेका छन् ।

लेखकले सरल भाषामा धर्मान्धताका कुराहरू प्रति प्रश्न उठाएका छन् । उनले विभिन्न धर्मसम्बन्धी कुराहरूमा रहेका वेमेलप्रति व्यङ्ग्य गरी प्रश्न उठाएकाले उनको लेखनका आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । स्थान स्थानमा उखानहरूको प्रयोग पनि गरेका छन् जस्तै 'दिनभरी बाहुन रातभरि डाउन' जस्ता उखान टुक्काको प्रयोगले निबन्ध रोचक बनेको छ ।

### ४.७.१० 'राष्ट्रिय चर्पी निर्माण अभियान'

लेखक विष्णु प्रभातद्वारा लिखित 'राष्ट्रिय चर्पी निर्माण अभियान' शीर्षकको हास्यव्यङ्ग्यमा आजको आधुनिक र विकसित समाजमा अव्यवस्थित शहरीकरणमा हुने फोहरीकरणको व्यवहारप्रति व्यङ्ग्यगरिएको छ । लेखकले प्रत्येक जीवले जीवन भोगाइका क्रममा अत्यन्त महत्वपूर्ण पक्षहरू (आहार, निद्रा, भय, मैथुन) मध्ये आहार पक्षमा विशेष जोड दिएका छन् । आहार शरीरमा प्रवेश गरी सकेपछि शरीरलाई चाहिने भन्दा बढी रहेका अनावश्यक वस्तुलाई बाहिर निष्कासन गरी व्यवस्थित ठाँउमा राखिन्छ त्यहीँ ठाँउलाई चर्पी भनिन्छ । लेखकलाई नेपालमा नेपालीहरूले आफूले प्रयोग गर्ने चर्पी पनि व्यवस्थित गर्न नसकेकोमा दुःख लागेको देखिन्छ । नेपालीहरूको अर्काको भरमा बाँच्ने बानीप्रति व्यङ्ग्य गरेका छन् । उनले नेपालको फोहोर मैलाको व्यवस्थापन गरिदिन पनि वैदेशिक सहायताको अपेक्षा गरिएकोमा दुःख व्यक्त गरेका छन् । नेपालको राजनैतिक अवस्थाको चित्रण गर्दै कर्तव्यमार्गबाट विमुख अवस्थामा पुगेका नेताहरूको कार्यशैलीप्रति पनि व्यङ्ग्य गरेका छन् ।

सरल भाषाशैलीमा निबन्ध लेखिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दका साथै झर्रा नेपाली भाषाका शब्दको प्रयोगले निबन्ध रोचक बनेको छ ।

### ४.७.११ एक्काइसौं सदीका बामपन्थी मागहरू

लेखकले राजनीतिक सिद्धान्तलाई आधार बनाएर 'एक्काइसौं सदीका बामपन्थी मागहरू' शीर्षकको हास्यव्यङ्ग्य निबन्ध लेखेका छन् । बामपन्थी भनेर नेपालको राजनैतिक सन्दर्भमा कम्युनिष्टहरूलाई चिनिन्छ । कम्युनिष्ट पार्टीको सिद्धान्त सर्वहारा वर्गको हकहितलाई ध्यान दिने र तिनको जीवनस्तरको उन्नपन गर्ने रहेको छ । आजका वामपन्थीहरू आफ्नो सिद्धान्त विरुद्ध गइरहेको कुरा उठाई ती वामपन्थीहरूको कार्यशैलीप्रति मर्मस्पर्शी व्यङ्ग्य गरिएको छ । लेखकले उच्च स्तरका बामपन्थीहरूको इच्छा के कस्ता रहेका छन् तिनको चर्चा यस प्रकार गरेका छन् - "जनसम्पर्कमा बाधा नपरोस् भनी यातायात र सञ्चारका लागि एक थान हेलिकप्टर, मोबाइल, फोन, फ्याक्स, इन्टरनेट, कम्प्युटर जरुरी हुनेछ । सेवा शुल्क स्वरूप कम्तीमा पच्चीस हजार रुपियाँ तलब र आरामदायी २१ कोठे घर सुसारे र श्रीमती दुवैको व्यवस्थासँगै नीला निर्मलजलको समुचित प्रबन्ध हुनुपर्छ ।" यसप्रकार लेखकले आजका नेताको आवश्यकतालाई व्यङ्ग्यात्मक रूपमा दर्शाएर नेताहरू कृतघ्न बन्दै गएको कुरा उठाएका छन् । लेखकले प्रस्तुत निबन्धमा गौतम बुद्धलाई सच्चा कम्युनिष्ट ठह-याएका छन् र उनको बाटो प्रत्येक कम्युनिष्टहरूले अपनाउनु पर्ने कुरा पनि उल्लेख गरेका छन् । साथै बुद्धलाई कम्युनिष्ट नमानेर आजका लोभी-लालची नेताहरूलाई कम्युनिष्ट भन्न परेकोमा खेद प्रकट गरेका छन् । सरल सरस भाषामा निबन्ध लेखेर वर्तमान युगको विकृत राजनीतिलाई उदाङ्गो गराउने काम गरेका छन् ।

### ४.७.१२ भाडाको जुलुस

प्रभातले प्रस्तुत निबन्धमा राजनैतिक विषयवस्तुलाई आधार बनाएर निबन्ध लेखेका छन् । यस निबन्धमा नेताहरूले आफ्नो सैद्धान्तिक निष्ठा छोडेर पैसामुखी राजनीतिमा लागेका कुरालाई व्यङ्ग्यात्मक प्रस्तुति दिएका छन् । नेपालीहरू आफ्नो देशमा उद्योगको कुनै उपाय नभएकोले विदेसिनु परेको कुरालाई उठाएका छन् । ब्रिटिस, भारत, सिङ्गापुर लगायत विकसित मुलुकहरूले नेपालबाट भाडाका फौजहरू लिएर आफ्नो बर्चस्व देखाउने गरेका छन् भन्ने कुरालाई पनि व्यक्त गरिएको छ । यी सबै कुरालाई हेर्दा नेपालको कार्यशैली समुचित नरहेको देखिन आउँछ । नेताहरू आफ्नो रबाफ देखाउन पैसा खर्च गरिगरी जुलुस जम्मा गर्दछन्। पैसा खर्च गरेर

भोट किन्दछन् । चुनाव जित्छन् र आफूले चुनाव जित्नको लागि खर्च गरेको सम्पत्तिको व्याज सहित उठाउन तल्लीन हुन्छन् । यस्तो अवस्थामा देशको विकास र उन्नतिको कुरै उठ्दैन । रचनाले देशको राजनेताहरूको कार्यशैली र तिनको कृतध्नतालाई पर्दाफास गरेको पाइन्छ ।

सरल भाषाको प्रयोग गरेर लेखकले कडा व्यङ्ग्य प्रस्तुत गरेका छन् । यहाँ लेखकले उखान टुक्काको प्रयोग ठाँउ ठाँउमा गरेर निबन्धलाई रोचक बनाएका छन् । जस्तै 'जता ज्याला बढी उतै लडीपडी', 'सरकारी काम कहिले जाला घाम' जस्ता थुप्रै नयाँ उखान टुक्काको पनि प्रयोग गरिएको छ ।

### ४.७.१३ सिनो खाने गफ

'सिनो खाने गफ' भन्ने निबन्ध प्रभातको 'खुलदुली' निबन्ध सङ्ग्रमा सङ्ग्रहित निबन्ध हो । यस निबन्धमा प्रभातले राजनीतिक कार्यशैलीको व्यङ्ग्यात्मक टिप्पणि गरेका छन् । सिनो खाँदै गर्दा पात्रहरूका बीचमा भएको संवादका आधारमा निबन्ध तयार भएकोले शीर्षक 'सिनो खाने गफ' राखिएको छ । यस निबन्धमा सिनु खानु नै मुख्य कार्य घटना र सिनोकै व्याख्या गरिएको भएकाले यसको शीर्षक सार्थक छ । अभिधा अर्थमा शीर्षक सार्थक रहेको छ । अभिधा अर्थमा सार्थक रहेको शीर्षकले व्यञ्जनागम्य अर्थ पनि बहन गरेको छ । सिनो भनेको मरेको जीव हो ! जसमा चेतना हुँदैन, त्यसलाई सिनो भनिन्छ । प्रभातले ज्यूँदो सिनो र मरेका सिनो भनी दुईथरी सिनोको चर्चा गरेका छन् । ज्यूँदा सिनोले जीवित मानिस तर तिनमा चेतनाको अभाव रहेको अवस्थालाई जनाउँछ बाठा भनाउँदाहरू विभिन्न आइ.एन.जि.ओ र एन.जि.ओ खोलेर गरिब मानिसहरूको नाममा पैसा खाइरहेका छन् । सोभ्रा गरिब मानिसहरूलाई आफ्नो बारे ज्ञान नै भइरहेको छैन । नेपाली राजनीति र राज्य सञ्चालनका व्यवस्थाहरूमा देखिएका त्रुटिपूर्ण कार्यशैलीप्रति व्यङ्ग्य गरिएको छ । परिवारवाद र फरियादवादबाट माथि उठन नसकेका नेताहरूको तीब्र आलोचना रहेको छ । सरल भाषाशैलीको प्रयोग भएको प्रस्तुत निबन्धको विषयवस्तुको प्रस्तुति नाटकीय शैलीमा भएको छ । भैरव अर्याल र आशावादीको संवादमा सम्पूर्ण निबन्धको रहेको छ ।

### ४.७.१४ रक्सी पुराण

रक्सीलाई विषयवस्तु बनाएर लेखिएको 'रक्सी पुराण' शीर्षकको निबन्धमा राज्यको ऐन नियममा देखिएको अनियमितता माथि व्यङ्ग्य गरिएको छ । रक्सीले मानिसका जीवनका के कस्ता प्रभाव पार्दछन् भन्ने चर्चा गर्दै नेपालमा रक्सीजस्तो

मादक पदार्थको बेच-विखन सम्बन्धी नीति नल्याइएकोमा व्यङ्ग्य प्रकट गरिएको छ । परापूर्व कालदेखि नै मानिस विभिन्न मादक पदार्थमा लागेकोत्यसले परम्परा विपरीत कार्य गर्दै गएको कुरालाई उल्लेख गर्दै आजका मानिस पनि मादक पदार्थमा लागेर विवेक नष्ट गरिरहेको कुरा व्यक्त गरेका छन् । महाभारतको युद्ध होस् वा पर्सियाको युद्ध सबै नसा र मादकता चढेको बेला भएको हो । सुरा-सुन्दरीको भोगमा लागेका हैकमवादीहरूले देशको शासन व्यवस्था राम्रो सँग सञ्चालन गर्न सकेका छैनन् जसले गर्दा देशको समुचित उन्नति हुन सकेको छैन । त्यसैगरी जहाँ पनि जुनठाँउमा पनि मदिराजन्य पदार्थको बेच-विखनमा छुट दिनाले जसले पनि जहिले पनि उपभोग गर्न पाउँदा मानिसहरूको बौद्धिक चेतना र शक्तिको ह्रास भएकाले आपसमा झगडा कलह हुने गरेको, समुचित विकासको सोच पलाउन नसकेको कुरा व्यक्त गर्दै लेखकले रक्सी सेवन कुनै पनि अवस्थामा उचित नरहेको देखाएका छन् ।

सरल भाषाशैलीमा निबन्धको लेखन कार्य सम्पन्न भएको छ । मिथकका प्रसङ्गहरूलाई उठाएर मादक पदार्थको सेवनले निम्त्याउने परिणामलाई स्पष्ट्याउने कार्य प्रस्तुत निबन्धमा भएको छ ।

### ४.७.१५ प्रधानमन्त्रीलाई स्वर्गको चिठ्ठी

विष्णु प्रभातद्वारा लेखिएको 'प्रधानमन्त्रीलाई स्वर्गको चिठ्ठी' शीर्षकको निबन्ध देशको प्रमुख कार्यकारी व्यक्तिको कार्यशैलीको चर्चा गर्दै लेखिएका छ । यसमा प्रधानमन्त्री भइसकेपछि देश विकासमा सही कदम चाल्न नसकेको कुरालाई व्यङ्ग्यात्मक प्रस्तुति दिइएको छ । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई नै साङ्केतिक रूपमा सम्बोधन गरिएको बुझिन्छ । वी.पी कोइरालाले आफ्नो भाई जी.पी. कोइरालालाई चिठी पठाएको जस्तो प्रसङ्ग निकाली असल शासन बन्न नसकेको कुरा इङ्गित गरिएको छ । देशमा जतातत्तै अत्याचार, लूट, घुसखोरी बढ्दैगएको, गरिब साधारण जनता सधै मारमा परिरहेको आदि कुराहरूलाई देखाई सफल नेतृत्व दिन नसकेको कुरा व्यक्त गरिएको छ । नेता भएर आफ्नो मात्रै हेर्ने होइन सारा देशवासीका लागि हेर्नु पर्छ भन्ने सन्देश पनि दिएका छन् । स्वर्गबाट चिठ्ठी पठाउनु भनेकोस्वैरकल्पनाको प्रयोग हो र त्यसले यो संसारबाट सबै एक पटक विलिन हुनुपर्छ भन्ने सन्देश पनि हो । जे-जति गरी आफ्नो दूनोसोझो गराए पनि एक दिन सबै छाडेर पार्थिव शरीरलाई त्याग्नुपर्छ भने किन जालझेल गरेर अर्काको हक छिन्ने? जस्ता सन्देश पनि दिइएको छ । यसकारण

सबै खुशी रहौँ कसैलाई पनि दुःख नदिऊँ भन्ने सन्देश यस निबन्धमारहेको छ । सरलभाषा शैलीको प्रयोग गरिएको यो निबन्ध राजनीतिक व्यङ्ग्य प्रधान छ ।

### ४.७.१६ नर्कको ढोका खुल्ला छ

'नर्कको ढोका खुल्ला छ' निबन्ध पूर्वीय धार्मिक धारणामा नारी र यौन प्रति रहेको रुढिवादी मान्यताको प्रतिकारमा लेखिएको जस्तौ लाग्द छ । पूर्वीय धार्मिक मान्यताअनुसार यो सांसारिक शरीर क्षणभरको मात्र छ र यसले गर्ने उपभोग पनि क्षणिक छन् । माया र मोहले मानिसलाई ब्रह्मान्दको साक्षात्कार हुनबाट रोक्दछ त्यसकारण कसैले पनि मोह र मायामा नपरिकन जीवन जीउनु परमात्माको प्राप्ति गर्नुपर्छ भन्ने मान्यता रहेको छ । लेखक जीवनवादी सिद्धान्त प्रस्तुत गर्दछन्र यथार्थतालाई अँगाल्दै मनुष्य जीवनको प्रारम्भ मायाबाट हुन्छ र मायामै जीउँछ भन्दछन् । लेखकको विचारमा परमात्मा, स्वर्ग, नर्क सब काल्पनिक कुरा हुन् जहाँ हामी छौँ त्यहीँ आफ्नो जीवन सुन्दर बनाउन तर्फ लाग्नुपर्छ झुट्टा आडम्बरतिर लाग्नु हुँदैन भन्ने देखिन्छ । मानिसको जन्म माया-प्रेमबाट नै हुन्छ र उसले ममतामा जकडिनु जस्ता कार्यलाई किन शास्त्रले नर्कको ढोका भन्यो होला भन्ने प्रश्न लेखकको रहेको देखिन्छ । लेखकले नारी पुरुष दुवै समान हुन् यो जीवनलाई सही र सन्तुलित बनाउनु छ र यसकामका लागि नर नारीको आपसमा प्रेम र सहयोग आवश्यक छ भन्दै लेखकले यथार्थवादी र मानवतावादी विचारको वकालत गरेका छन् । लेखकले सरस भाषाको प्रयोगका साथै सरल शैलीको प्रयोग गरेका छन् । अनेक मिथकीय बिम्बहरूको उदाहरण दिंदै पौराणिक कथाहरूको सांतिक प्रयोग पनि गरेका छन् । यसक्रममा उनले तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली भाषाका शब्दहरूको प्रयोग गरेका छन् । कथ्य विषयवस्तुलाई सजीव तुल्याउन उपयुक्त भाषिक प्रयोग गरेका छन् ।

### ४.७.१७भिडतन्त्र जिन्दावाद !

भिड र तन्त्र दुई शब्दको योगबाट भिडतन्त्र शब्द बनेको छ । भिड भन्नाले धेरै मानिस वा जीवहरूको समूहलाई जनाउँछ र तन्त्र भन्नाले कुनै पनि विशेष परिचालन व्यवस्थालाई जनाउँछ । यति ठूलो संसारमा विभिन्न जात-जाति, धर्म, सम्प्रदाय, राजनीतिक निष्ठा आदिका नाममा भीडहरू एकट्ठा हुने गर्दछन्। ती भीडमा एकट्ठा भएका मानिसहरू कुनै यन्त्र सरह सञ्चालित हुन्छन् । लेखकले तिनलाई टाउको नभएका मानिस भनी सङ्केत गरेका छन्  त्यसैले भीडमा जम्मा नहुने, आफ्नो स्वविवेक प्रयोग गर्ने मानिस मात्रै असल हुन् भन्ने धारणा लेखकको

रहेको छ । नेपालको परिवेशमा हेर्दा राजनीतिक पार्टीहरूले अनेक भ्रम प्रचार गरी भीड जम्मा गर्ने गरेका देखिन्छन् । तिनले केवल भोट प्राप्त गर्नका लागि मात्र तिनलाई प्रयोग गर्ने र बेलाबखत हिंसा भड्काउन भीडलाई प्रयोग गर्ने गरेको देखिन्छ । आफूले पनि केही नगर्ने र कसैलाई पनि केही गर्न नदिने मानसिकताले भीड जम्मा हुने गरेको देख्दा लेखकको हृदय दुखेको देखिन्छ । त्यस्तो भीडले समाजसेवा गरेर देशको उन्नति गरेमा राम्रो हुने थियो भन्ने विचार प्रभात राख्दछन् । सरल भाषा सरस शैलीको प्रयोग गर्दै निबन्धको गठन गरेका छन् । भीडमा लगाउने नाराहरूको समेत प्रयोग गरेर निबन्धलाई यथार्थिक धरातलमा उभ्याएका छन् ।

### ४.७.१८ क्याप्सुल थट र तानतुन विचारधारा

विष्णु प्रभातद्वारा लिखित खुल्दुली हास्यव्यङ्ग्य सङ्ग्रह भित्र 'क्याप्सुल थट र तानतुन विचारधारा' शीर्षकको निबन्ध पनि रहेको छ । दुईवटा शब्द रहेको शीर्षकको यो निबन्धमा आजका साहित्यकारहरूको कृत्रिम रचनाधर्मिताप्रति व्यङ्ग्य गरिएको छ । अर्काको पुरानो रचनालाई आफ्नो बोली दिएर छपाउने लेखकहरूको सङ्ख्या बढी भएको कुरालाई 'क्याप्सुल थट' ले इङ्गित गरेको छ । अरूले निर्माण गरेको क्याप्सुललाई आफ्ना ढाँचाको खोल हालेर बेच्नेहरू धेरै भए झैँ लेखकहरू पनि अरू कसैको लेखलाई भिन्न भाषामा अनुवाद जस्तै गरेर आफ्नो नाम दिन थालेकोमा लेखकले दुःख प्रकट गरेका छन् । त्यसैगरी लेखकले नेताहरूले अरूकसैको सिद्धान्तलाई नयाँ नाम दिएर आफ्नो सिद्धान्त बनाउने गरेको कुरा पनि व्यक्त गरेका छन् । यसका साथै प्रतिभा नभएकाले यताउताबाट केही विचारहरूको तानतुन गरेर एउटा निश्चित आयाम दिएकामा पनि असन्तुष्टि देखाएका छन् । वर्तमानमा केवल देखावटीतन्त्र चलिरहेको वास्तविकतासँग साक्षात्कार पाएका छन् भन्दै सबैले लेखकले सुन्दर सरस भाषामा यी कुराहरूलाई वर्णन गरेका छन् । संवादशैलीको आयोजना गरिएको छ र भैरव अर्याललाई नै उपस्थित गराएर देशको यस्तो परिपाटीमाथि टिकाटिप्पणी गराइएको छ ।

### ४.७.१९ नक्कल बमोजिम सक्कल

विपरीतार्थक पदावलीको प्रयोग गरी लेखिएको यो निबन्धको शीर्षक 'नक्कल बमोजिम सक्कल' सूत्रात्मक रहेको छ । सरकारी कार्यालयमा प्रमाण पेश गर्नुपर्दा सक्कल बमोजिम नक्कल सही छ भनी पेश गर्नुपर्ने हुन्छ तर यहाँ नक्कल बमोजिम सक्कल शीर्षक रहेको छ । आज देशको परिस्थिति त्यस्तै उल्टो पाल्टो छ, कहीँ न कहीँ कतै न कतै विब्ल्याँटोपन आइहाल्छ र कुनै पनि कुराको नक्कल गरिएको

पाइन्छ । त्यही नक्कलको फोटोकपी गर्दा प्राप्त परिणामलाई 'नक्कल अनुसारको सक्कल' भन्न खोजेको भान हुन्छ । नेपाली नेताहरूको कार्यशैली आफ्नो मौलिक छैन-कोही भारतबाट, कोही चीनबाट, कोही अमेरिकाबाट, कोही बेलायतबाट प्रभावित छन्, तिनले ल्याउने नीति त्यही ठाउँको नक्कल हुन जान्छ । त्यसबाट प्राप्त हुने परिणाम नक्कलको पनि नक्कल हुन् जान्छ भन्दै देशमा नवीन नीति नियमको खोजी गर्न सक्ने सक्षम नेताहरूको कमी हुँदै गएको र नक्कल गर्ने प्रवृत्ति बढ्दै गएकोमा लेखक दुःखित देखिन्छन् । नक्कली प्रमाण ल्याएर जागिर खाने प्रणालीप्रति कडा व्यङ्ग्य गरेका छन् । उनी नक्कल बमोजिम सक्कल लेख्दा सामाजिक विकृतिप्रति निकै प्रहारक बनेका छन् । नेपाल सरकारले पनि सक्कली प्रमाणपत्र हो वा होइन भनी छानबीन गर्नु पर्ने कुरामा ढिलासुस्ती गरेको त्यस्तै नक्कली कर्मचारीलाई ठाउँ दिएकोमा व्यङ्ग्य प्रहार गरेका छन्

### ४.७.२० खुस्केड-गफको गफ

'खुस्केड-गफको गफ' शीर्षकको निबन्ध खुल्दुली हास्यव्यङ्ग्य सङ्ग्रहभित्र सङ्ग्रहित छ । खुस्केडको गफ भन्नाले मति ठिक ठाउँमा नरहेका मानिसको गफलाई बुझिन्छ । त्यसैगरी त्यस्तो गफबारे यहाँचर्चा गरिएकाले 'खुस्केड-गफको गफ' शीर्षक राखिएको देखिन्छ । लेखकले हावादारी गफ अर्थात् विना तर्क प्रमाणको कुरा गर्ने प्रवृतिका मानिसहरूलाई खुस्केड भनेको बुझिन्छ । समाजमा आज त्यस्तैको भीड बढेको देखेका छन् । उनका विचारमा आजका मानिसहरू कुनै न कुनै नशामा लागेर आफ्नो चेतना गुमाइरहेका छन् र बिनासित्ति गफ गरिरहेका छन् भन्ने देखाइएको छ । यस क्रममा उनले नेता, कर्मचारी, नर, नारी सबै आ-आफ्नो चेतना गुमाएर व्यर्थका गफ गर्ने काम गरिहेको देखिएको विषय उठाएका छन् । लेखकले खुस्केडको गफ गर्ने तरिकामै निबन्धको प्रबन्धन गरेका छन् । भाषाशैली सरल देखिन्छ । लेखकले विभिन्न उखान-टुक्काको पनि प्रयोग गरेरनिबन्धलाई रोचक बनाएका छन् ।

### ४.७.२१ सङ्कटकालको माल

अप्ठेरो आपतविपत र डरमर्दो परिस्थितिलाई सङ्कटकाल भनिन्छ । राज्यले पनि यस्तै अवस्थामा सङ्कटकाल घोषणा गर्दछ। माल भनेको काम लाग्ने वस्तु हो । लेखकले कुनै पनि फल प्राप्तिका लागि कार्यकलाप जरुरी छ भन्ने विचार व्यक्त गर्दै 'सङ्कटकालको माल' शीर्षकको निबन्ध लेखेका छन् । शाक्य गणराज्य र कोलीय गणराज्यमा सङ्कट परेको बेलामा गौतमबुद्धको यहाँ प्रस्थान हुनु, सङ्कटकै घडीमा

येशुको जन्म हुनु, महाभारत चलिरहेकै बेला गीताको उपदेश हुनु, जस्ता महान कार्यहरूसङ्कटकै बेलामा भएको कुरा उल्लेख गर्दै एउटा निश्चित परिवर्तनकारी कार्यका लागि विशेष परिस्थितिको आवश्यकता पर्दछ भन्ने विचार व्यक्त गर्दछन्। लेखकले सङ्कटकाल फलदायक हुने गरेको भए पनि हाल आएर केवल सङ्कट उत्पन्न गराउने काम मात्र भएको छ भन्दै सङ्कटकालमा माल समानको महँगी बढेको हुन्छ। सबैभन्दा बढी विकृत रूप भने मानिसको ज्यान जाने परम्परालाई मान्न सकिन्छ। सङ्कटकालमा मानिसहरू अनाहकमा मारिने गर्छन्। जुन अति नै दुःखपूर्ण हुन्छ। यस प्रकारको अवस्थाका लागि सरकार नै दोषी रहेको कुरा स्पष्ट हुन्छ। त्यसकारण सरकारले सङ्कटकालको अवस्था आउन नदिने प्रयत्न गर्नुपर्छ भन्ने विचार व्यक्त गरेको पाइन्छ। सरल भाषाशैलीको प्रयोग छ भने बीचबीचमा उखान टुक्काको प्रयोगले निबन्धमा रोचकता थपेको छ।

### ४.७.२२ भकुन्डो हुनुभन्दा त !

लेखकले विश्व चर्चित खेल फुटबललाई विषयवस्तु बनाएर 'भकुन्डो हुनुभन्दा त !' शीर्षकको निबन्ध रचना गरेका छन्। भकुण्डो र मानव जीवनका बीच सम्बन्ध देखाउँदै मानिसहरूको स्वार्थीपनाप्रति व्यङ्ग्य गरिएको छ। भकुन्डोलाई हावा भर्ने गुडाउने कुनै अन्य शक्तिले गर्दछर आफ्नो विजय प्राप्तिका लागि त्यसलाई उपभोगमा ल्याउँछ। त्यसैगरी साधारण जनता पनि कुनै अन्य शक्तिशाली पुरुषका आज्ञा अनुसार आफ्नो कर्तव्यपथलाई अग्रगति दिइरहेका हुन्छन्। फुटबल खेलमा झुक्याउने र गोल गर्ने गरिन्छ। त्यसरी नै शक्तिशाली भनिनेहरूले पनि साधारण जनतालाई झुक्याएर आफ्नो लक्ष्य पूरा गर्दछन् भन्दै लेखकले नेताले कार्यकर्तालाई, हाकिमले जनतालाई महाजनले आसामीलाई झुक्याएर ठगिरहेको, कुरा व्यक्त गरेका छन्। लेखकले यसरी एक अर्कालाई झुक्याएर ठग्ने प्रवृत्ति बढ्दै गएकाले त्यस्तो प्रवृतिलाई रोक्नु पर्ने विचार व्यक्तगर्दछन्। अति भएपछि ती झुक्किएकाहरूले उल्टो जवाफ दिन पनि सक्छन् र त्यस्तो जवाफ शक्तिशालीहरूका लागि अति नै दुःसहय हुन जानेछ भन्ने कुरा पनि उल्लेख गरेका छन्। व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरेर निबन्धको आयाम तयार गरेका छन्।

### ४.७.२३ हाम्रो परम्परा

'हाम्रो परम्परा' शीर्षकको रचनासामाजिक परम्परामा देखिएका विकृति-विसङ्गतिप्रति व्यङ्ग्य गरी लेखिएको छ। परम्परामा हाम्रो विशेषण लगाइएको छ, जसले नेपालीहरूलाई भन्ने बुझिउँछ। नेपालीहरूको परम्परामा देखापरेका विकृति

र विसङ्गतिको विस्तृत चर्चा निबन्धमा पाइन्छ । नेपालीहरूको धार्मिक अन्धविश्वासमा देखापर्ने कुराका साथै विदेशीहरूको अगाडि नतमस्तक हुने परिपाटीप्रति व्यङ्ग्य गरिएको छ । सही र वास्तविकताको ज्ञान नगरिकन त्यसै होहल्लाको पछाडि लाग्ने प्रवृत्तिप्रति प्रहार देखिन्छ । यसले विदेशी शक्तिहरूले नेपालीहरूको वीरताको फाइदा आफ्ना कामका लागि लिने गरेको कुरा पनि उठाएको छ । त्यसैले हामी नेपालीहरू सोच विचार गरेर मात्र कुनै काममा लागौं त्यसै होहल्लाको पछाडि नलागौं र धार्मिक अन्धविश्वासमा पनि नलागौं भन्ने विचार निबन्धका माध्यमबाट व्यक्त गरेको पाइन्छ । नेपालीहरूलेअरूको निमित्त पसिना बगाउन छाडेर आफ्नै निम्ति पसिना बगाएमा देशको विकास हुने थियो भन्ने विचार लेखकको रहेको देखिन्छ । सरल, सुबोध र व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरिएको छ । यसले निबन्धमा सरसता र मधुरताका साथै ज्ञानका कुराहरूको पनि बोध गराएको छ । अनेक उखान टुक्काहरूको प्रयोग र हास्यात्मक संवादले निबन्ध रोचक बेनेको छ ।

### ४.७.२४ चापलुसी कला

कुनै पनि व्यक्तिलाई रिझाउन प्रयोग गरिने नेहोसलाई चापलुसी कला भनिन्छ । लेखकले ‘चापलुसी कला’ शीर्षकको निबन्धमा चापलुसीकलाले मानिसलाई भ्रमपूर्ण जीवन बिताउन बाध्य गराएको कुरालाई व्यङ्ग्यात्मक प्रस्तुति दिएका छन् । लेखकले चापलुसीकला आजको मात्रै देन होइन यो परापूर्व कालदेखि नै चल्दै आएको उल्लेख गरेका छन् । ठूलाबडाको लागि चापलुसी गरेर अयथार्थ र भ्रमको व्याख्या गरेको देखिन्छ । पौराणिक कथाहरूको प्रसङ्ग ल्याएर लेखकले चापलुसी कलाको व्याख्या गरेका छन् र चापलुसीकलाको विरोध पनि जनाएका छन् । नेपालको राज्यसत्तामा चाकडी चापलुसी निकैहुने जनाएका छन् । नेताहरूको गति मति त्यही नै हो-जसले नेताहरूको चाकरी गर्छ उसले जागिर धन, सम्पत्ति, ऐश्वर्य प्राप्त गर्दछ भन्दै व्यङ्ग्य गर्दछन् । नेताहरू सही र यथार्थको खोजीमानलागि तिनै चाकरीबाजहरूको अयथार्थ कुरालाई सत्य ठानेर सही कदम चाल्न नसक्दा देशको समुन्नत विकास हुन नसकेको विचार व्यक्तगरेका छन् । सरल भाषामा निबन्धको गठन भएको छ । ठाउँ-ठाउँमा उखान टुक्काको प्रयोग र शब्द चातुर्ययुक्त प्रयोगले गर्दा निबन्धमा व्यङ्ग्यात्मकता र हास्यात्मकताको समुद्घाटन भएको छ ।

### ४.७.२५ दन्त-पुराण

दन्त-पुराण शीर्षकको निबन्धमा दाँतका कार्यहरूलाई उजागर गर्दै व्यङ्ग्यात्मक प्रस्तुति दिइको छ । दाँतले मानिसलाई सुन्दर देखाउनेदेखि लिएर बलियो रहेकोसम्मका कुराको पहिचान गराउँदछ । लेखकले दाँतलाई बलको प्रतीकको रूपमा प्रयोग गरेका छन् । जसरी दाँतले खाने कुरा चपाएर शरीरलाई आवश्यक परेको शक्ति उत्पादन गर्ने कार्यमा मद्दत गरेको हुन्छ, त्यसैगरी शक्तिशाली राष्ट्रले पनि आफ्नो बल प्रयोग गरेर साना राष्ट्रहरूलाई दबाएर तिनलाई चुस्नेकाम गरेका छन् भन्ने कुरा प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । लेखकले हिंस्रक पशुहरूले दाह्रा वा दाँतका सहाराले अन्य जीवको शोषण गर्छन् भन्ने उदाहरण दिँदै यस कुरालाई पुष्टि गरेका छन् । खरायो र सिंहको प्रसङ्ग देखाउँदै-बल मात्रै ठूलो कुरा होइन भन्ने तर्क राख्दै, यसरी ठूला राष्ट्रले साना राष्ट्रलाई दबाउने र शोषण गर्ने पपिरपाटी बन्द हुनुपर्छ भन्ने विचार दिनु लेखकको ध्येय रहेको देखिन्छ । लेखकले यस्तो महत्वपूर्ण कुरालाई सरल शैलीमा पाठक सामु प्रस्तुत गर्नु निबन्ध कलाकारिताको राम्रो उदाहरण मानिन्छ । ठाउँ-ठाउँमा सूक्ति र उखान टुक्काहरूको प्रयोग गरेर हास्य-व्यङ्ग्य उत्पन्न गराउन सफल भएका छन् ।

### ४.७.२६ खेल-खेलाँची

जिन्दगी खेल हो र यहाँ गरिने व्यवहारहरू खेलाँची हो भन्ने विचार व्यक्त गर्दै 'खेल-खेलाँची' शीर्षकको निबन्ध रचना गरिएको छ । जीवनलाई खेलसँग जोड्दै यहाँ गरिने प्रत्येक क्रियाकलापलाई खेल भनिएको छ । साहित्य सिर्जना गर्नु, चित्र बनाउनु, कुनै वैज्ञानिक अविष्कार गर्नु, कलाको विकास गर्नु आदि कार्यहरू खेल हुन् । खेलमा खेलाडी भए जस्तै रचनाकार खेलाडी हुन् र तिनले गर्ने सृजन कार्य चाहिँ खेल हो । लेखकले यी उपर्युक्त खेलहरू सामान्य खेल हुन् र जसमा कसैलाई कुनै हानी नोक्सानी हुँदैन तर राजनीतिको खेल र कर्मचारीतन्त्रको खेलमा भने साधारण मानिसको भलो हुँदैन भन्ने कुरा व्यक्त गरेका छन् । यी खेलहरूमा कोही खेल्ने हुन्छ र कोही खेलाउने हुन्छ, खेलाउनेले सधैं खेल्नेलाई शोषण गरिरहेको हुन्छ, जसले गर्दा खेल्नेहरूको कहिल्यै उन्नति हुनसकेको छैन । त्यसैगरी सामाजिक परम्परामा पनि खेलाउने र खेलिने प्रथा रहेको देखिन्छ । तिनलाई जति, धर्म, वर्ण, लिङ्गका आधारमा खेल्नुपर्ने हुन्छ । जसले गर्दा तल्लो वर्ग र दर्जामा परेका मानिसहरू सधैं थिचोमिचोमा परेका छन् । त्यसैले लेखकले यस्ता विभिन्न प्रकारका खेल-खेलाँचीहरूमा सुधार हुनुपर्छ भन्ने सन्देश यस रचनामा व्यक्त गरेका छन् । सरल र सहज भाषाशैलीमा निबन्ध लेखन गरिएको छ भने ठाउँ-ठाउँमा उखान टुक्काको

प्रयोग भएको छ । समग्रमा निबन्ध हास्यव्यङ्ग्य उत्पन्न गरेरसूचना दिन समेत सफल रहेको देखिन्छ ।

### ४.७.२७ बोल-कबोल प्रथा

'बोल-कबोल प्रथा' शीर्षकमा लेखिएको निबन्धमा मानिसको बोलीमा हुँदै गरेको दासतापूर्ण स्थितिप्रति व्यङ्ग्य गरिएको छ । लेखकले बोलीको महत्ता परम्परामा कति थियो भन्ने कुरालाई उठाएर आजका मानिसले बोलीको ठेगान नराख्ने गरेकोमा दुःख व्यक्त गरेका छन् । पौराणिक र ऐतिहासिक पात्रहरूको बोली तथा घटनाहरू याद गराएका छन् । दशरथ, राम, भीष्म आदि पौराणिक पात्र र अमरसिंह थापा, बलभद्र कुँवर, भक्ति थापा आदि ऐतिहासिक पात्रका बोली र वचनमा देखापरेका कर्तव्य निष्ठा र प्रामाणिकताको चर्चा गरिएको छ । आज बोल-कबोललाई टेन्डर भर्ने जस्तो कार्यमा प्रयोग गरिन्छ । सबभन्दा बढी चुनावका बेलामा नेताहरूले बोल कबोल गर्दछन्र कुनै पनि बाचा कबोल पूरा गर्दैनन् । यसरी लेखकले आजको मानव जातिमा बोलीको महत्ता घट्दै गएको विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । सरल भाषाशैलीको प्रयोग गरेर निबन्ध रचना गरिएको छ ।

### ४.७.२८ डाक्टर हसुरदास

'डाक्टर हसुरदास' शीर्षकमा लेखिएको निबन्धमा आजका डाक्टरहरूले अवैधानिक तरिकाबाट धन कमाउने गरेको कार्यप्रति व्यङ्ग्य गरिएको छ । डाक्टरका लागि हसुरदास विशेषण लगाइएको छ । हसुर्नु भनेको खानु हो तर पूरै सिनित्तै केही पनि बाँकी नराखीखाने प्रक्रियालाई हसुर्नु भनिन्छ । त्यसैगरी आजका डाक्टरहरूले पनि रोग उपचार गर्ने नाममा मानिसहरूको धन लुट्ने गर्दछन्। त्यसैले डाक्टरलाई हसुरदास भनिएको छ । डाक्टरहरू सरकारी अस्पतालमा राम्रोसँग काम गर्दैनन् तर आफ्नो निजी क्लिनिक र नर्सिङ होममा भने राम्रो काम गरेर मोटो रकम आर्जन गर्ने गरेको पाइन्छ । डाक्टरहरूले यसरी सरकारी अस्पतालमा काम गर्न छाडेकाले गरिब गुरुवाहरूको राम्रो उपचार हुन सकेको छैन र घरेलु उपचारमै बाध्य हुनु परेको छ र उनीहरूको जीवन रक्षा हुन सकेको छैन् । महँगा-महँगा नर्सिङ होमहरू खोलेर मनग्ये धन कमाउने काम डाक्टरहरूले गरेका छन् । भगवानका रूप मानिने डाक्टरहरूले मृगौला आदि अङ्गहरूको बेचबिखन गरेर पनि धन कमाउने गरेका छन् । यस प्रकारको क्रियाकलापले साधारण जनताको कुभलो भइरहेको र डाक्टरहरू महाजन भएका छन् भन्ने कुरा निबन्धमा व्यक्त गरेका छन् । डाक्टरले आफ्नो मुख्य कर्तव्य छाडेर पैसामुखी बन्दै गएको कुरालाई लिएर लेखकले व्यङ्ग्यात्मक प्रस्तुति

गरेका छन् । सरल भाषाशैलीमा कठोर व्यङ्ग्य प्रस्तुत गरिएको छ । लेखकले सामान्य जनताका कथनहरूको उद्धरण दिँदै निबन्धलाई सजीव गराएका छन् ।

### ४.७.२९ थपडी वाल

'थपडी वाल' शीर्षकको निबन्धमा आजका मानिसहरूमा हराउँदै गएको चेतनाप्रति व्यङ्ग्य गरिएको छ । 'थपडी' भन्नाले दुवै हात परस्पर ठोकी कुनै कुराको समर्थन गर्नु भन्ने बुझिन्छ । आजका मानिसहरू शक्तिशालीपक्षको कुरामा थपडी बजाएर समर्थन गर्दै आफ्नो दुनो सोझ्याउने गर्दछन्। लेखकले थप्पड शब्दको पनि प्रयोग गरेका छन् । जसको अर्थ हुन्छ ठोक्नु । शक्तिवान जहिले पनि शासन सत्तामा हुन्छ र ऊ सधैं आफ्नो गलत वा सही जुनसुकै कार्यका लागि अरुलाई नेक्छ ! थपडीको आवश्यकता महसुस गर्दछ। राणाशासन र पञ्चायत शासनमा तीनै शक्तिको विरुद्धमा थपडी बजाउनेहरूको सर्वस्व नै हरण गरियो र हालमा पनि शक्तिशालीहरूको कुरामा थपडी नबजाउने हो भने गास, बास र कपासको समस्या पर्न जाने अवस्था देखिन आउँछ । आजका नेताहरूले पनि आफ्ना समर्थकहरूलाई मात्र सहयोग गर्ने भएका छन् । जसले गर्दा समर्थन गर्न नपाउने वा नसक्नेहरू मारमा परिरहेका छन् । यसरी लेखकले आजका शासकहरू प्रशंसामुखी बन्दै गएको,स्वार्थी बन्दै गएको र सही र गलतको विचार गर्न नसक्ने भएका कारण देश र जनताको समुचित विकास हुन नसकेको धारणा व्यक्त गर्दछन्। यसका लागि लेखकले हास्यव्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरेका छन् । पौराणिक घटना, अन्तर्राष्ट्रिय घटना र समसामयिक घटनाहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरेका छन् ।

### ४.७.३० ढोका खोल्ने गफ

'ढोका खोल्ने गफ' शीर्षकको निबन्धमा लेखकले समसामयिक परिस्थितिलाई विषयवस्तु बनाएका छन् । नेपाल जस्तो भूपरिवेष्ठित राष्ट्रले आफ्नो सीमानाको ढोका खोल्दा देखिएको परिणामप्रति व्यङ्ग्य गरिएको छ । ढोका खोल्नुको अर्थ कसैलाई आफूसित नजिक गराउन आफूसित मेल गराउनु र उसका केही कुरालाई सार्वजनिक गराउनु हो । दुवै पक्षको सहमति विना ढोका खोल्न सकिँदैन । त्यसैले सहमतिको अर्को कार्य ढोका खोल्नु हो । उदार हृदय भएकाले ढोका खोल्ने काम गर्दछन्। नेपालले पनि आफ्नो सीमानामा ढोका बन्द गरेको छैन खुला राखेको छ । जसका कारण धेरै मात्रामा राष्ट्रलाई नोक्सानी सहनु परेको र थोरै मात्रामा मात्र नाफा भएको देखिन्छ । लेखकले यसरी विचारहरू प्रकट गर्दै घुमाउने तरीकालेनेपाल

सरकारले सही परराष्ट्र नीति लागू गर्न नसकेको कुराप्रतिव्यङ्ग्य गरेका छन् । सरल भाषाशैलीको प्रयोग गरिएको यस निबन्धमा उखान-टुक्काको प्रयोग गरी निबन्धलाई रोचक बनाइएको छ ।

### ४.७.३१ हुतिहारा वंश

'हुतिहारा वंश' शीर्षकको निबन्धमा अर्ज्याल वंश परम्परामा जन्मिका प्रतिभाहरूका कार्यको चर्चा गरिएको छ । लेखकले अर्ज्याल वंशीय विद्वानहरूले नेपालमा साहस र शक्तिको प्रदर्शन गर्नुका साथै दानी, यशस्वी रहेको कुराको चर्चा गरेका छन् । पृथ्वीनारायण शाहका पालामा उदाएका कवि र वीरहरू अर्ज्याल रहेको कुरा चर्चा गरेका छन् भने नेपाली साहित्यको प्रारम्भिक रचनाहरूमा छरिएका आदि कथाकार शक्तिवल्लभ र आदिमहाकवि उदयानन्द अर्ज्यालको चर्चा संगै पछिल्लाकालका भैरव अर्याल आदिको नेपाली साहित्यमा रहेको योगदानको चर्चा गरिएको छ । द्रव्य शाहलाई राजा बनाई दिने नारायण अर्ज्यालको कुरा पनि उठाएका छन् । लेखकले पहिला इतिहासमा देखापरेका अर्ज्यालहरू हाल नेपालको कुनै पनि क्षेत्रमा माथि उठ्न नसकेकोमा हुतिहाराको संज्ञा दिएका छन् । उनले व्यङ्ग्य भाषा प्रयोगगर्दै हुतिहारा नभई महान् हुन् भन्ने कुरा दर्शाएको बुझिन्छ । राज्य सत्तामा पुगेकाहरू चापलुसी भएकाले चापलुसी प्रवृतिका नगर्नेलाई राज्यको उच्चस्थानमा राख्न नसकेका हुन् । अर्ज्यालहरूले कहिल्यै चापलुसी नगर्ने भएकाले उनीहरू पनि उच्च स्थानमा पुग्न सकेका छैनन् भन्ने धारणा पनि निबन्धमा पाइन्छ । यस प्रकारको तथ्यलाई उजागर गर्दै लेखकले कर्तव्यनिष्ठ मानिसहरूको सराहना गरेको देखिन्छ । चापलुसी गरेर देशको उच्च सेवामा पुग्न नसकेको भएर हुतिहारा वंश मानेका छैनन् । लेखकले यसरी देशमा विद्यमान चापलुसी र चाकरीतन्त्रप्रति व्यङ्ग्य गरेका छन् । सरल सरस भाषामा निबन्ध रचना गरिएको छ । यस निबन्धमा उखान टुक्काको प्रयोगले निबन्ध रोचक बनेको छ ।

### ४.७.३२ थुतुनाको हक

'थुतुनाको हक' शीर्षकको निबन्धमा वाकस्वतन्त्रता लगायत अन्य स्वतन्त्रताको नाममा देखापरेको विकृति र विसङ्गति माथि व्यङ्ग्य गरिएको छ । थुतुनो ठेट नेपाली भाषा वा झर्रो नेपाली शब्द हो । जसले मुख भन्ने अर्थ दिन्छ । मुखले बोल्ने काम गर्दछ। बोल्न पाउनु भनेको वाकस्वतन्त्रता हो । नियम कानुन सम्मत आफ्ना मनमा उठेका भावनाहरू र विचारहरू व्यक्त गर्न पाउनु वाक स्वतन्त्रता हो । वाक् स्वतन्त्रता प्रत्येक नागरिकले पाउनु पर्छ भन्ने मान्यता नै वाक्

स्वतन्त्रताको हक हो । स्वतन्त्रताको नाममा मानिसहरू आफ्नो स्वतन्त्रता अझ बढी गुमाउन पुगेका छन् । कर्मचारीहरूमा घुस्याहातन्त्रको प्रवृत्ति बढ्नु, नेताहरूमा स्वार्थीपना बढनु, सेना प्रहरीमा ढिलासुस्तीपना बढ्नु जस्ता प्रवृत्तिले मानिसले स्वतन्त्रता गुम्न पुगेका छन् । देशको फितलो राजनीति र कर्मचारीहरूको मनमौजी प्रशासनले मानिसहरूले आफ्नो हक प्राप्त गर्न सकेका छैनन् । देशमा स्वतन्त्रताका नाममा चोर, लुटाहा र घुस्याहाको बिगबिगी बढेको छ । त्यसमा प्रशासनको नियन्त्रण हुन सकेको छैन । लेखकले यस प्रकार देशको स्वतन्त्रता र प्रजातन्त्रको प्राप्ति भइसक्दा पनि साधारण जनताले स्वतन्त्रता पाउन सकेका छैनन् भन्ने गुनासो यस निबन्धमा व्यक्त गरेका छन्। लेखकले श्लील-अश्लील शब्दहरूको प्रयोग गर्नुका साथै उखान-टुक्काको प्रयोगले निबन्ध रोचक बनाएका छन् ।

यसरी 'खुलदुली' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहलाई समग्रमा हेर्दा यो निबन्धमा पनि हास्य र व्यङ्ग्य दुवै रहेको छ । रमरम हास्यका सहायताले विभिन्न रचनाहरूमा विविध विषयलाई समेट्दै अरु व्यङ्ग्य सङ्ग्रहहरूमा झैं यस सँगालोमा पनि सामाजिक, राजनैतिक, धार्मिक, आर्थिक, सांस्कृतिक र मानवीय विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ यसले राष्ट्रलाई उधोगतितर्फ लैजाने हो कि भन्ने चिन्ता प्रकट गरिएको छ । उनका रचनामा समाजमा देखिएको अरूलाई झुक्काएर वा ठगेर माथि जाने परम्परा, चाकडी, चाप्लुसी, खराब प्रवृत्ति र हरेक वस्तुलाई आफूमा निहित गर्ने स्वार्थी परम्पराप्रति व्यङ्ग्य गर्दै देश विकास गर्ने शपथ लिएका आम नेपाली जनताहरूले व्यक्तिगत स्वार्थ र खराब प्रवृत्तिलाई त्यागेर समाज र राष्ट्रको उन्नतिका निम्ति लड्नु पर्छ भन्ने सन्देश दिन खोजेको पाइन्छ ।

## ४.८ निष्कर्ष

विष्णु प्रभात नेपाली साहित्यको क्षेत्रमा हास्यव्यङ्ग्य निबन्ध लिएर देखापरेका प्रगतिवादी निबन्धकार हुन् । उनका हालसम्म छ ओटा हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । उनका सबै निबन्ध सङ्ग्रहलाई समग्रमा हेर्दा उनका निबन्धहरूमा सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक र मानवीय दुस्प्रवृत्तिप्रति व्यङग्य गरेको पाइन्छ । समाजमा भएका र देखापरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यात्मक पाराले सुधारको अपेक्षा वा आग्रह गरिएको छ भने कतै कतै सोझै व्यङ्ग्य गर्ने काम पनि उनका निबन्धमा पाइन्छ । उनका रचनाहरूमा समाजमा देखिएको अरूलाई झुक्याएर वा ठगेर माथि जाने परम्परा चाकडी, चाप्लुसी, खराब प्रवृत्ति, हरेक वस्तुलाई आफूमा निहीत गर्ने स्वार्थी परम्पराप्रति व्यङ्ग्य गर्दै देश विकास गर्ने शपथ लिएका आम नेपाली जनताहरूले व्यक्तिगत

स्वार्थ र खराब प्रवृत्तिलाई त्यागेर समाज र राष्ट्रको उन्नतिका निम्ति लड्नुपर्छ भन्ने अभिव्यक्ति दिँदै सम्पूर्ण नेपालीहरूलाई आफ्ना कमी कमजोरीहरू सुधार्न आग्रह गरेका छन् । राजनैतिक अस्थिरताले राष्ट्रलाई पुऱ्याउन सक्ने खतराप्रति कुनै पनि व्यक्तिले चासो नलिई व्यक्तिगत स्वार्थका निम्ति कुर्सी तानातान गर्ने प्रवृत्तिको अन्त्य गरेर निस्वार्थ भावले देश र जनताको हित हुने कार्य गर्न एक्लै सम्भव नहुने हुँदा सबै एक जुट भएमा सहजै राष्ट्रको उन्नति हुने कार्य गर्न सकिन्छ भन्ने दह्रो अठोट उनका रचनाहरूमा पाइन्छन् । उनका रचनामा समाजका हरेक क्षेत्रमा संलग्न मानवहरूलाई व्यक्तिगत स्वार्थबाट कोही पनि टाढा नरहेको र आफूलाई फाइदाहुने काममा हरेक क्षेत्रका मानिस लागेको कुरा व्यक्त गर्दै समाजमा चलेको खराबी नातावाद र कृपावादको अन्त्यका निम्ति पनि सबै पक्षसँग आग्रह गरिएको छ ।

उनका रचनाहरू सरल भाषाशैलीमा लेखिएका छन् । निबन्धहरूमा कतै कतै अङ्ग्रेजी, संस्कृत शब्दहरू पाइन्छ । निबन्धको बीचबीचमा आएका सुन्दर र मार्मिक उखान टुक्काको प्रयोगले उनका निबन्धहरू रोचक बनेका छन् ।

# अध्याय पाँच

## हास्यव्यङ्ग्य निबन्धकारका रूपमा
## विष्णु प्रभातको मूल्याङ्कन

नेपाली वाङ्मयको विविध विधामा कलम चलाउने प्रभात नेपाली प्रगतिवादी साहित्यकारका रूपमा प्रख्यात छन् । उनले विविध विषय र विधामा कलम चलाए तापनि विशेषगरी हास्यव्यङ्ग्य निबन्धकारका रूपमा चिनिएका छन् । भैरव अर्याल, केशवराज पिँडाली, नरेन्द्रराज पौडेल, श्याम गोतामे, रामकुमार पाँडे, जस्ता थुप्रै लेखकहरूको समूहमा क्रियाशील प्रभातले नेपाली हास्यव्यङ्ग्य निबन्धको इतिहासमा आफूलाई सक्षम व्यक्तिŒवमा उभ्याउन सफल भएका छन् । उनका हालसम्म छओटा हास्यव्यङ्ग्य सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । वर्तमानमा उभिएर वर्तमानलाई नै निबन्धको विषयवस्तु बनाउने निबन्धकारका रूपमा प्रभात प्रख्यात छन् । उनका रचनाहरू सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक क्षेत्रप्रति लक्षित छन् । समाजमा देखापरेका विकृति-विसङ्गतिप्रति व्यङ्ग्यात्मक पाराले सुधारको अपेक्षा गरेका छन् । समाजभित्र विद्यमान् अन्धविश्वासी मानसिकता, शोषक सामन्तीको शासन, पुरुषकेन्द्री व्यवहार वर्गीय बेइज्जतीपन र स्वार्थ उनका निबन्धकोप्रहार विन्दु बनेका छन् । देशको अस्तित्व मेटाउन खोज्ने व्यक्तिको मानसिक दुर्बलताको चित्रण, प्रतिकात्मक अभिव्यक्तिद्वारा सामन्ती समाजको विरोध र आफ्नो हैसियत उच्च पार्न अनैतिकतातर्फ मोडिने व्यक्तिप्रति कठोर व्यङ्ग्य छ । बाह्य व्यवहार र भित्री मानसिकतामा पृथकता देखाउने मानिसप्रति व्यङ्ग्य प्रभातका व्यङ्ग्यको विषयवस्तु देखापर्छन् । २०४७ सालपछि सिङ्गै मुलुकको राजनीतिक चरित्रलाई व्यवसायका रूपमा उपयोग गर्ने, राजनीति गरेर शाश्वत मानवीय मूल्यहरूको विनाश गर्ने, आर्थिक सांस्कृतिक र राजनीतिक विकृतिलाई प्रभातका निबन्धले प्रहार गरेका छन् । पछिल्लो चरणका निबन्धहरूमा राजनीतिक भ्रष्टाचार र आर्थिक भ्रष्टाचार गरेर यस समाजका नेताहरू परावलम्बी र वैदेशिक दासतामा धसिन पुगेको कुरा प्रभातका निबन्धले प्रस्तुत गरेका छन् । तत्कालीन आर्थिक, सामाजिक, धार्मिक र राजनीतिक क्षेत्रमा देखिएका खोक्रा आडम्बर ढोंगी प्रवृत्ति र मानवीय कमजोरीलाई आफ्ना रचनाको विषयवस्तु बनाई तीखो रूपमा व्यङ्ग्य प्रहार गर्न सफल देखिन्छन् ।

प्रस्तुतीकरणको भाषाशैली सरल, सुबोध रहेका उनका हास्यव्यङ्ग्य निबन्धहरूमा ठाउँठाउँमा प्रयोग गरिएकाउखान टुक्का, गाउँखाने कथाले गर्दा रोचक

र सफल छन् । नेपाली भाषाका प्रचलित अति स्वाभाविक शब्दहरू, अनुप्रासमय शब्द, अङ्ग्रेजी, हिन्दी शब्दहरू, छोटो र सरल वाक्यहरूले लेखन क्षेत्रलाई थप गति प्रदान गरेको छ । नेपाली हास्यव्यङ्ग्यको क्षेत्रमा विष्णु प्रभात एक सफल निबन्धकारका रूपमा उभिएका छन् । समकलीन यथार्थका विकृतिहरूलाई समातेर तिनलाई निडरताका साथ भित्तो पुग्ने गरी प्रहार गर्नमा प्रभात सक्षम छन् र अन्य प्रगतिशील साहित्यकारका सापेक्षतामा कुशल, प्रखर र निडर देखिन्छन् । साधनाका यात्रामा गतिवान् बनेका स्रष्टा प्रभात नेपाली निबन्धको भण्डारका एक अथक साधक बनेर देखिएका छन् । यसरी समग्रमा हेर्दा प्रभात प्रगतिवादी साहित्यिक फाँटका समकालीन साहित्यकारहरू उत्कृष्ट रचनाधर्मीको सापेक्षतामा आफूलाई स्थापित गराउन सफल प्रतिभाकोरूपमा देखापरेका छन् ।

# अध्याय छ

# उपसंहार

आधुनिक नेपाली साहित्यको हास्यव्यङ्ग्य सिर्जना कलम चलाउने विष्णु प्रभातको साहित्यलेखन औपचारिक रूपमा वि.सं. २०२९ सालबाट शुरु भएको हो । उनको पहिलो प्रकाशित रचना कविता विधाको 'म जगत हेर्दै थिएँ' हो यो कविता पाल्पाबाट प्रकाशित 'श्रीनगर पत्रिका' (२०२९) मा प्रथम पटक छापिएको थियो । प्रस्तुत "विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धको अध्ययन" शीर्षकको प्रथम अध्याय शोधपत्रको परिचय रहेको छ । यसमा शोधपत्रको शीर्षक देखि लिएर शोधपत्रको उद्देश्य यसको रूपरेखा कस्तो हुन्छ । शोधपत्र लेख्दा के गर्नुपर्छ सबै शोधपत्रको परिचयमा लेखिएको हुन्छ ।

दोस्रो अध्याय हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक परिचय र नेपाली निबन्ध साहित्यमा हास्यव्यङ्ग्यकोअवस्था विवेचनमा केन्द्रित रहेको छ । यसमा हास्य र व्यङ्ग्यको सैद्धान्तिक पक्ष, हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय पाश्चात्य र नेपाली मान्यता, हास्य र व्यङ्ग्यको भिन्नता, हास्यव्यङ्ग्य निबन्धका तत्वहरू, पृष्ठभूमि र विकास प्रक्रिया रहेको छ । तिरस्कारपूर्ण, घृणास्पद तथा रोषपूर्ण कुरालाई हाँसो उठ्दो तथा घुमाउरो पाराले भनिने वा लेखिने कलालाई व्यङ्ग्य भनिन्छ । हास्यले हाँस्ने हसाउनेतिर जोड दिएको हुन्छ भने व्यङ्ग्यले छेड हानेर मर्ममा कटु प्रहार गर्ने काम गर्दछ। हास्यव्यङ्ग्य निबन्धका तत्वहरू निर्माण गर्दा धेरै विद्वान्हरूले आफ्नो-आफ्नो धारणा व्यक्त गरेका छन् । यहाँ गोपीकृष्ण शर्माले व्यक्त गरेका निबन्ध तत्वहरू राखिएको छ- क) विषयवस्तु, ख) उद्देश्य, ग) भाषाशैली । कुनै पनि निबन्ध लेख्दा कुन विषयवस्तुमा लेखिएको छ, त्यो प्रष्ट हुनु पर्दछ । कुन उद्देश्यका लागि निबन्ध लेखिएको छ । विना उद्देश्य निबन्ध निर्माण हुँदैन । निबन्धको भाषाशैली सरल सहज सबैले बुझ्ने खालको हुनुपर्दछ । यसको पृष्ठभूमि हेर्दा खेरी वि.सं. १८५५को हास्यकदम्व देखि सुरु हुन्छ । त्यसका स्रष्टा शक्तिबल्लभ हुन् । त्यसपछि मात्र वेदनिधि शर्माको 'जातिय रोगको अचुक औषधि' तथा विद्यावतीका 'तरुण औ तरुणी कुन्न छन्ने' र निबन्धबाट हास्यव्यङ्ग्य सुरुवात भएको मानिन्छ । संक्षेप नेपाली हास्यव्यङ्ग्यको चर्चा समावेश छ ।

तेस्रो अध्याय "विष्णु प्रभातको हास्यव्यङ्ग्य निबन्धकारिताको अध्ययन" रहेको छ । यसमा नेपाली हास्यव्यङ्ग्य निबन्धमा विष्णु प्रभातको आगमन र प्रभातको हास्यव्यङ्ग्य निबन्धकारिताको चरण विभाजन रहेको छ । विष्णु प्रभात

विभिन्न विधामा तीसको दशकदेखि कलम चलाइरहेका छन् । हास्यव्यङ्ग्य निबन्ध विधामा भने पचासको दशकमा आएर मात्र 'खुर्सानी पुराण' (२०५१) हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह देखापर्दछ । फुटकर रूपमा फाटफुट देखापरे पनि सङ्ग्रहकै रूपमा २०५१ सालमा 'खुर्सानी पुराण' निबन्ध सङ्ग्रह देखापर्दछ । यसै सङ्ग्रहबाट प्रभातको हास्यव्यङ्ग्य निबन्धमा आगमन भएको मानिन्छ । यसपछि उनको लगातार पाँच ओटा हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह देखापर्दछ । 'खुच्चिङ' (२०५३), 'खुलदुली' (२०५६), 'खुलैखुला कुरा' (२०५७), 'खुराक' (२०६०), 'खुसखुस कम्पनि' (२०६०) । कविता लेखनबाट नेपाली साहित्यमा प्रवेश गरेका हास्यव्यङ्ग्य निबन्धकार प्रभातको निबन्धयात्रा 'खुर्सानी पुराण' (२०५०) बाट सुरुवात भई आजसम्म निरन्तर अघि बढिरहेको छ । उनको हास्यव्यङ्ग्य निबन्धको लेखनयात्रालाई दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ । यी दुई भाग मध्ये वि.सं. २०५१ देखि वि.सं.२०६१ सम्म पूर्वाद्धचरण र वि.सं. २०६१ देखि यता उत्तरार्द्ध चरण । पहिलो पूर्वार्द्ध चरणमा उनका छओटा हास्यव्यङ्ग्य सङ्ग्रह प्रकाशित भएका छन्, 'खुर्सानी पुराण', 'खुच्चिङ', 'खुलदुली', 'खुलैखुला कुरा' र खुराक । पाँचओटा निबन्ध सङ्ग्रहहरूको अध्ययन गर्दा उनका निबन्धमा नेपाली समाज, धर्म, संस्कृति, राजनीतिक आदि क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिहरूको चित्रण गर्दै तीखो व्यङ्ग्य प्रहार गरेको पाइन्छ । उत्तरार्द्ध चरणमा हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह प्रकाशित भएका छैनन् । फुटका रहेका निबन्धसङ्ग्रहहरूको अध्ययन गर्दा यस चरणका हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहहरूको प्रवृत्ति प्रथम चरणका प्रवृत्ति सँगै साम्य राख्दछन् ।

चौथौं अध्याय "विष्णु प्रभातका हास्यव्यङ्ग्य निबन्धको विश्लेषण" रहेको छ । यसमा विष्णु प्रभातका छ ओटा निबन्धसङ्ग्रहहरूको विवेचना रहेका छन् । जसमा प्रत्येक सङ्ग्रहका तीनओटा निबन्धलाई निबन्धगत तत्वका आधारमा र बाँकी निबन्धलाई शीर्षक दिएर विश्लेषण गरिएको छ । 'खुर्सानी पुराण' (२०५१) सङ्ग्रहमा सत्र ओटा निबन्धहरू रहेका छन् । यस सङ्ग्रहका निबन्धहरूमा प्रभातले त्यसबेलाको राजनीतिक परिवेश, मानवीय प्रवृत्ति, सामाजिक विकृति, धार्मिक ढोङ आदिलाई शिष्टतापूर्वक घोचपेच गर्दै विकृति र विसङ्गतिलाई औंल्याउँदै व्यङ्ग्य प्रहार गरेका छन् । उनका निबन्धमा सरल भाषाशैलीको प्रयोग गरिएको छ भने ठाउँठाउँमा उखान टुक्काको प्रयोगले 'खुर्सानी पुराण' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह रोचक बनेको छ । यसैगरी प्रभातका 'खुच्चिङ' निबन्धसङ्ग्रह जसमा बाइसओटा निबन्ध रहेका छन् । अर्को 'खुलदुली' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहमा बत्तीस ओटा निबन्धहरू रहेका छन् । 'खुलैखुला कुरा' हास्यव्यङ्ग्य सङ्ग्रहमा सत्र ओटा निबन्धहरू रहेका छन् । 'खुराक' हास्यव्यङ्ग्य सङ्ग्रह जसमा चौवालीस ओटा

निबन्धहरू रहेका छन् र 'खुसखुस कम्पनी' निबन्धसङ्ग्रहमा बाइस ओटा निबन्धहरू रहेका छन् । छ ओटा सङ्ग्रह भित्रका निबन्धहरूमा पनि प्रभातले समाजमा देखिएका विभिन्न विकृति र विसङ्गतिहरूलाई उदाङ्गो पार्ने काम गरेका छन् । देश विकास गर्ने आकाङ्क्षा लिएका आम नेपाली जनताले व्यक्तिगत स्वार्थका निम्ति नभएर समाजका निम्ति लड्नुपर्छ भन्ने अभिव्यक्ति दिँदै उनले आफ्ना कमी-कमजोरीहरूलाई सुधार्न सबैलाई आग्रह गरेका छन् । राजनैतिक क्षेत्रमा देखापरेका असामान्य गतिविधिले राष्ट्रलाई पुऱ्याउन सक्ने खतराप्रति कुनै पनि व्यक्तिलेचासो नलिई व्यक्तिगत स्वार्थका निम्ति कुर्सी तानाताना गर्ने राजनेताहरूको गलत प्रवृत्ति अन्त्य गरी निःस्वार्थ भावले देश र जनताको हित हुने कार्य गर्न सम्पूर्ण नेपाली जनता एक हुनुपर्छ भन्ने दह्रो अठोट उनका रचनाहरूमा पाइन्छ । राजनीति कसैको पेवा नभएर देशभक्त इमान्दार प्रगतिशील नागरिकहरूको देश विकास गर्ने मुख्य थलो हो भन्दै यस भित्र देखापरेका खराब पक्षहरूलाई केलाएर त्यसको अन्त्य गरिनु पर्छ भन्ने सुधारात्मक अभिव्यक्ति प्रस्तुत सङ्ग्रहभित्रका निबन्धहरूमा पाइन्छ । उनका निबन्धहरू सरल सुबोध भाषाशैलीमा लेखिएका छन् ।

पाँचौँ अध्याय "हास्यव्यङ्ग्य निबन्धकारका रूपमा विष्णु प्रभातको मूल्याङ्कन" का रूपमा रहेको छ । नेपाली हास्यव्यङ्ग्य क्षेत्रमा विष्णु प्रभात एक सफल निबन्धकारका रूपमा उभिएका छन् । समकालीन यथार्थका विकृतिहरूलाई समातेर तिनलाई निडरताका साथ मर्म पुग्नेगरी प्रहार गर्नमा प्रभात खप्पीस छन् । उनी प्रगतिशील साहित्यकारहरूको सापेक्षतामा पनि निकै प्रखर र निडर देखिन्छन् । रचनामा दार्शनिक बौद्धिकता हुँदा हुँदै पनि हास्यव्यङ्ग्य निबन्धविधामा आफूलाई सरल अभिव्यक्ति दाताको उभ्याउन सफल चिन्हारीमा रहेका छन् ।

प्रभातले साहित्ययात्राको प्रारम्भदेखि हालसम्म एउटै प्रवृत्ति प्रगतिशील प्रवृति अँगालेको पाइन्छ । उनको मूल निष्ठा प्रगतिवादी हो । विविध विधामा कलम चलाएर पनि हास्यव्यङ्ग्य निबन्ध विधामा नै उनको बढी सक्रियता पाइन्छ । प्रगतिवादी साहित्यकारहरूमा गोविन्द भट्ट, मोदनाथ प्रश्रित, राजेन्द्र सुवेदी,निनु चापागाई, खगेन्द्र संग्रौला, रामहरि पौडेल, नारायण ढकाल, विमल निभा, मीनबहादुर विष्ट, जिवेन्द्रदेव गिरी, रुद्र खरेल आदि देखापर्दछन् । यसै क्रममा देखापरेका विष्णु प्रभात प्रगतिशील लेखनको क्षेत्रमा उत्कृष्ट प्रमुख दश भित्र पर्दछन् भने हास्यव्यङ्ग्य विधामा चोटिला शब्द प्रहार गर्न सफल मानिन्छन् । प्रस्तुतीकरणमा भाषाशैली सरल र सुबोध रहेका उनका रचनामा ठाउँ-ठाउँमा प्रयोग गरिएका उखान टुक्का, गाउँ खाने कथा तथा लोक आहानले निबन्धमा थप

रोचकता प्रदान गरेको छ । उनका कुनै निबन्धमा प्रतीकात्मक अभिव्यक्ति पनि प्रस्तुत भएका छन् । आफ्ना विगत्का अनुभवहरूलाई स्मरण गर्नु तथा वास्तविक यथार्थलाई चित्रण गर्नु र समसामयिक घटनाहरूलाई व्यङ्ग्य गर्नु उनका रचनाको वैशिष्ट्य हो ।

अतः नेपाली साहित्यको प्रगतिवादी फाँटमा वि.सं. २०३३ देखि प्रवेश गरेर हालसम्म साधनारत प्रभात एक सफल हास्यव्यङ्ग्य निबन्धकार बन्न पुगेकोछन् ।

**सम्भाव्य शोधशीर्षक**

१) विष्णु प्रभातको निबन्धकारितामा दर्शिनक चिन्तन ।

२) खुराक हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन ।

३) प्रगतिवादी साहित्यकारका रूपमा विष्णु प्रभातको मूल्याङ्कन ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, ललितकुमार (२०६०), **मोहनराज शर्मका हास्यव्यङग्य निबन्धको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, रोचक (२०३५), 'हास्यव्यङ्ग्य परिचर्चा', **रचना,** वर्ष १५, अङ्क ४, पृ. ३९-४६ ।

चालिसे, शिवराज (२०६२), **हास्यव्यव्यङ्ग्यकार : लाटो साथी,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर।

प्रधान, कृष्णचन्द्रसिंह (२०५४), 'नेपाली साहित्यमा हास्यव्यङ्ग्य प्राप्ति र पर्यवेक्षण', **मधुपर्क,** वर्ष ३०, अङ्क ४, पूर्णाङ्क ३३९, पृ. ५-१० ।

पाण्डे, ताराकान्त (२०५९), 'समकालीन प्रगतिवादी निबन्ध लेखन र त्यसका प्रवृतिहरू', **प्रलेस,** वर्ष ७, पूर्णाङ्क १३, पृ. २१९-२३५ ।

पोखेल बालकृष्ण (२०५८), **नेपाली बृहत शब्दकोश,** काठमाडौं : ने.रा.प्र.प्र., पाँचौ सं., पृ. १३४२ ।

प्रभात, विष्णु (२०५१), **खुर्सानी पुरण,** काठमाडौं : भैरव प्रकाशन ।

................ (२०५३), **खुच्चिङ,** काठमाडौं : कल्पवृक्ष प्रकाशन ।

................ (२०५७), **खुलदुली,** काठमाडौं : कल्पवृक्ष प्रकाशन ।

................ (२०५७), **खुलैखुला** कुरा : प्रकाशन श्रीमती जनथ चालिसे ।

................ (२०५७), **खुराक,** काठमाडौंः विवेक सिर्जनशील, प्रकाशन प्रा.लि. ।

.................. (२०६०), **खुसखुस कम्पनी,** काठमाडौं : साझा प्रकाशन ।

................ (२०६१), **एघारौं अवतार** - सिस्नो पानी, नेपाल ।

प्रधान, प्रमोद (२०६४), 'नेपाली हास्यव्यङ्ग्य निबन्ध : इतिहास देखि वर्तमानसम्म', **मधुपर्क,** वर्ष ४०, अङ्क १, पृ. ६-१५।

बराल, कृष्णहरि (२०५९), **कवि भूपि : विश्लेषण र मूल्याङ्कन,** ते.सं., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

भण्डारी, गणेश (२०५१), 'नेपाली हास्यव्यङ्ग्य साहित्यको उठान' **मधुपर्क,** वर्ष २७, अङ्क ११, पूर्णाङ्क ३१०, पृ. ५३-५६ ।

भाउपन्थी (२०६०), **आधुनिक निक नेपाली हास्य व्यङ्ग्य,**काठमाडौं : ने.रा.प्र.प्र. ।

भट्टराई, रमेश प्रसाद (२०५९), 'समकालीन प्रगतिवादी निबन्ध लेखन र त्यसका प्रवृतिहरू', **प्रलेस,** वर्ष ७, पूर्णाङ्क १३, पृ. ६६ ।

भट्टराई, भरतकुमार (२०४४), **हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

मिश्र, विष्णुप्रसाद (२०५५), **मनोरञ्जन कवितासङ्ग्रहको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

लुइँटेल, नरनाथ (२०५८), **नेपाली हास्यव्यङ्ग्य,** काठमाडौं : सिस्नोपानी नेपाल, पृ. ।

शर्मा, गोपीकृष्ण (२०५४), **नेपाली निबन्ध परिचय,** काठमाडौं : रत्नपुस्तक भण्डार, ।

शर्मा, पञ्चप्रसाद (२०४४), **भैरव अर्यालका निबन्धमा हास्यव्यङ्ग्य,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, राजेन्द्र (२०४३), **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,** काठमाडौं : साझा प्रकाशन, ।

सुवेदी, राजेन्द्र र हीरामणि शर्मा (२०५१) (सम्पा.), **नेपाली हास्यव्यङ्ग्य निबन्ध,** दो.सं., ललितपुर : साझा प्रकाशन ।

सुवेदी, सागरमणी (२०५७), **इतिश्री हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।